नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन: ०१-४२११३२६
epad@mof.gov.np
www.mof.gov.np

मुद्रक: मुद्रण विभाग, सिंहदरबार, काठमाडौं

नेपाल सरकार
अर्थ मन्त्रालय

आर्थिक सर्वेक्षण २०८०/८१

आर्थिक सर्वेक्षण २०८०/८१

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

आर्थिक सर्वेक्षण २०८०/८१

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

प्राक्कथन

मुलुकको समग्र आर्थिक-सामाजिक स्थिति प्रतिविम्बित गर्ने आर्थिक सर्वेक्षण, २०८०/८१ सार्वजनिक गरेको छु। यस सर्वेक्षणमा मुख्यतः गत आर्थिक वर्षको पूरा अवधि र चालु आर्थिक वर्षको आठ महिनासम्मको संघ, प्रदेश र स्थानीय तहको समग्र आर्थिक-सामाजिक गतिविधि र क्षेत्रगत विकास तथा सुशासनको अवस्था चित्रण एवं विश्लेषण गरिएको छ। साथै, दीर्घकालीन विकास लक्ष्य र जलवायु परिवर्तन जस्ता समसामयिक विषय र नागरिकको जीवनस्तर, औद्योगिक उत्पादन र रोजगारीसँग सम्बन्धित सर्वेक्षणको नतीजालाई समेत समेटिएको छ।

चालु आर्थिक वर्षको प्रारम्भमा मागमा सङ्कुचन आएको भएता पनि अधिकांश समष्टिगत आर्थिक-सामाजिक परिसूचकमा क्रमशः सुधार हुँदै गएको छ। उत्पादनमूलक उद्योग र निर्माण क्षेत्रको उत्पादनमा आएको सङ्कुचनको बावजुद कृषि र सेवा क्षेत्रमा भएको विस्तारको कारण मुलुकको अर्थतन्त्र ३.८७ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्षमा अन्तर्राष्ट्रिय बजारमा उच्च रहेको इन्धनको मूल्य क्रमशः घट्दै गएको र विश्व आपूर्ति श्रृङ्खलामा हुँदै गएको सहजताको कारण चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीति लक्षित सीमाभित्र रही मूल्य स्थायित्व कायम भएको छ।

राजस्व परिचालन क्रमशः सुधार हुँदै गएको भए पनि लक्ष्यभन्दा सङ्कलन न्यून छ। पुँजीगत खर्चमा अपेक्षित सुधार हुन सकेको छैन। तथापी समग्र खर्च बढेको छ। राजस्व, अनुदान र अन्य प्राप्तिको तुलनामा समग्र खर्च उच्च रहेको छ। फलस्वरुप, सार्वजनिक ऋण माथिको निर्भरता बढ्दै जाने हुँदा वित्त घाटालाई उपयुक्त आकारमा राख्ने कार्य चुनौतीपूर्ण छ। वित्तीय क्षेत्रमा सुधार हुँदै गएको छ। निक्षेप एवं कर्जाको ब्याजदर घट्दै गएको छ। बैङ्क तथा वित्तीय क्षेत्रमा लगानीयोग्य रकम पर्याप्त रहेको छ। लगानीसम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थामा गरिएको सुधारको फलस्वरुप लगानीको समग्र वातावरणमा सुधार भएको छ। वस्तु पैठारीमा आएको कमी, विप्रेषण आयमा भएको उल्लेख्य वृद्धि लगायतको कारण मुलुकको शोधनान्तर स्थिति हालसम्मकै उच्च बचतमा रही बाह्य क्षेत्र थप सुदृढ बन्दै गएको छ।

पर्यटन क्षेत्र कोभिड-पूर्वकै अवस्थामा पुगेको छ। जलविद्युत उत्पादन बढ्दै गएसँगै भारततर्फको विद्युत निकासी बढेको छ। औसत आयु बढेको छ। निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ। मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ। जनसङ्ख्या वृद्धिदर घट्दै गएको र औसत प्रजनन दर प्रतिस्थापन दर भन्दा न्यून रहेकोले भविष्यमा जनसाङ्ख्यिक सन्तुलन कायम गर्नेतर्फ जनसङ्ख्या नीति केन्द्रित गर्नुपर्ने देखिन्छ। आर्थिक-सामाजिक क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत एवं सुदृढ बनाउँदै लैजान सरकार अग्रसर रहेको छ। यस सर्वेक्षणले औंल्याएका विषयलाई सरकारले बजेट तथा कार्यक्रम र क्षेत्रगत नीतिमार्फत सम्बोधन गर्दै जानेछ।

प्रस्तुत आर्थिक सर्वेक्षण संघीय एवं प्रदेश संसदका माननीय सदस्यहरू, स्थानीय तहका पदाधिकारी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, पेशाविद्, शोधकर्ता, शिक्षक, विद्यार्थी, व्यवसायी तथा अर्थतन्त्रको बारेमा अभिरुची राख्ने सबैका लागि उपयोगी स्रोतको रुपमा रहने विश्वास लिएको छु।

अन्त्यमा, आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालयका पदाधिकारी विशेषतः आर्थिक नीति विश्लेषण महाशाखाका सम्पूर्ण कर्मचारी धन्यवादका पात्र हुनुहुन्छ। यस कार्यको लागि आवश्यक पर्ने तथ्याङ्क, सूचना एवं विवरण उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने संघीय र प्रादेशिक मन्त्रालय एवं निकाय, संवैधानिक निकाय र अन्य संघ संस्थालाई समेत धन्यवाद दिन चाहन्छु।

जेठ, २०८१

वर्षमान पुन 'अनन्त'
अर्थमन्त्री

आर्थिक सर्वेक्षणका सम्बन्धमा

मुलुकको आर्थिक सामाजिक अवस्था चित्रण गर्ने दस्तावेजको रूपमा रहेको आर्थिक सर्वेक्षण विगतदेखि नै व्यवस्थापिका संसदमा पेश हुँदै आएकोमा नेपालको संविधान जारी भएपश्चात वार्षिक बजेट पेश गर्नु अगावै सङ्घीय संसदमा पेश गर्नुपर्ने कानूनी दायित्व समेत रहेको छ।

आर्थिक सर्वेक्षण २०८०/८१ मा प्रयोग भएका विवरण, तथ्याङ्क एवं सूचना सङ्घीय र प्रादेशिक मन्त्रालय तथा निकाय, संवैधानिक निकाय, विभिन्न संघ/संस्था र सरोकारवाला निकायबाट प्राप्त भएका हुन्। सार्वजनिक वित्त र वैदेशिक व्यापारसँग सम्बन्धित तथ्याङ्क अर्थ मन्त्रालय वा अन्तर्गतका निकायबाट र अन्य तथ्याङ्क एवं सूचनाहरू अन्य सम्बन्धित निकाय तथा सरोकारवालाबाट प्राप्त भएका हुन्।

विगतमा जस्तै चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षणमा पनि गत आर्थिक वर्षको पूर्ण अवधिको आर्थिक सामाजिक स्थिति र चालु आर्थिक वर्षको आठ महिनासम्मको समष्टिगत तथा क्षेत्रगत उपलब्धिलाई तुलनात्मक रूपमा विश्लेषण गरीएको छ। विभिन्न स्रोतबाट आधिकारिक रूपमा प्राप्त सूचना एवं तथ्याङ्कको आधारमा उपलब्धिको समीक्षा तथा विश्लेषण गरिएको छ। पछिल्लो दशकको समष्टिगत आर्थिक परिसूचक र सामाजिक क्षेत्रका केही प्रमुख परिसूचकलाई समेत आर्थिक सर्वेक्षणमा राखिएको छ। यसभन्दा अघिका आर्थिक सर्वेक्षणमा राखिएका केही तथ्याङ्क एवं सूचना अद्यावधिक गरी राखिएको हुँदा यस अघिका तथ्याङ्कसँग केही फरक पर्न सक्नेछ।

चालु आर्थिक वर्षको सर्वेक्षणलाई यथार्थपरक र विश्लेषणात्मक बनाउन केही अध्यायमा थप परिमार्जन गरिएको छ। गत आर्थिक वर्षमा बढी समय सापेक्ष देखिएको "जनसाङ्ख्यिक बनोट र लाभ" लाई छुट्टै अध्यायको रूपमा राखिएकोमा हाल सम्बन्धित अध्याय भित्र राखिएको छ। विषयवस्तुको गहनतालाई दृष्टिगत गरी **"नेपाल जीवनस्तर सर्वेक्षण, (२०७९/८०)"**, **"राष्ट्रिय कृषि गणना, २०७८"**, **"वितरणात्मक व्यापार सर्वेक्षण, २०७८/७९"** र **"राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६"** का प्रमुख नतिजालाई मञ्जुषा बक्समा राखी प्रस्तुत गरिएको छ।

तथ्याङ्कको प्रकृतिबमोजिम हुने गरी प्रस्तुतीकरणलाई मिलाइएको छ। निश्चित समय (दिन विशेष) मा मापन हुने नेप्से सूचाकाङ्कजस्ता तथ्याङ्कलाई महिनाको मसान्तको रुपमा **-जस्तै "२०८० फागुनमसान्तको"-** प्रस्तुत गरिएको छ। आर्थिक वर्षको ८ महिनाको तथ्याङ्कलाई **"आर्थिक वर्ष ..... को फागुनसम्म"** वा **"..... आर्थिक वर्षको फागुनसम्म"** को रूपमा प्रस्तुत गरिएको छ। शुरुदेखि हालसम्मको तथ्याङ्कलाई वर्षको महिनासम्म **-जस्तै "२०८० फागुनसम्म"-** को रूपमा प्रस्तुत गरिएको छ। त्यसैगरी, **"प्रादेशिक तथ्याङ्क"** ले सबै प्रदेशको समष्टिगत तथ्याङ्क र **"प्रदेशगत तथ्याङ्क"** ले प्रदेश विशेषको तथ्याङ्कलाई जनाउँछ।

आर्थिक सर्वेक्षण २०८०/८१ तयार गर्दा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्रसंघ जस्ता अन्तर्राष्ट्रिय निकायका प्रकाशनमा उल्लेख भएका विषय तथा विश्वसनीय स्रोत एवं अध्ययन/अनुसन्धानबाट पुनर्पुष्टी भएका तथ्याङ्कलाई समेत आधार लिइएको छ।

अर्थ मन्त्रालय

जेठ, २०८१

विषय सूची

प्राक्कथन

आर्थिक सर्वेक्षणका सम्बन्धमा

तालिका सूची

चार्ट सूची

छोटकरी रूप

कार्यकारी सारांश

१.	समग्र आर्थिक स्थिति	१
२.	सार्वजनिक वित्त	३१
३.	मूल्य	६४
४.	वित्तीय क्षेत्र	६७
५.	बाह्य क्षेत्र	९२
६.	गरिबी निवारण र रोजगारी	९८
७.	कृषि, वन तथा भूमिसुधार	१०९
८.	उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति	१३९
९.	सहरी विकास, आवास तथा ऊर्जा	१६४
१०.	भौतिक पूर्वाधार, यातायात तथा सञ्चार	१७२
११.	सामाजिक क्षेत्र	१८२
१२.	सुशासन र प्रशासन	२२५
१३.	प्रदेश तथा स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति	२३४
१४.	जलवायु परिवर्तन	२५६
१५.	दीर्घकालीन विकास लक्ष्य	२६२

समष्टिगत आर्थिक परिसूचकहरू

अनुसूचीहरू

तालिका सूची

तालिका १(क)	:	विश्व आर्थिक वृद्धिदर	२
तालिका १(ख)	:	दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर	४
तालिका १(ग)	:	विश्वको मुद्रास्फीति	४
तालिका १(घ)	:	दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति	५
तालिका १(ङ)	:	विश्व व्यापारको आयतन	७
तालिका १(च)	:	दक्षिण एशियाली मुलुक तथा चीनको चालु खाता सन्तुलन	७
तालिका २(क)	:	सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण	३२
तालिका २(ख)	:	आर्थिक वर्ष २०७९/८० मा आय र खर्चको तुलनात्मक स्थिति	३४
तालिका २(ग)	:	सङ्घीय सञ्चित कोषको अवस्था	३६
तालिका २(घ)	:	सार्वजनिक वित्तका सूचक	३७
तालिका २(ङ)	:	सङ्घीय सरकारको वित्तको स्थिति	४२
तालिका २(च)	:	सङ्घीय सरकारको चालु खर्चको कार्यात्मक संरचना	४४
तालिका २(छ)	:	सङ्घीय सरकारको पुँजीगत खर्चको कार्यात्मक विवरण	४५
तालिका २(ज)	:	पुँजीगत खर्चको भुक्तानी प्रवृत्ति	४६
तालिका २(झ)	:	व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण	५०
तालिका २(ञ)	:	सरकारी आय सरंचना	५०
तालिका २(ट)	:	सङ्घीय आय संरचना	५१
तालिका २(ठ)	:	सङ्घीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात	५२
तालिका २(ड)	:	विगत ३ वर्षको सङ्घीय राजस्व संरचना	५२
तालिका २(ढ)	:	आन्तरिक र पैठारीमा आधारित कर राजस्व संरचना	५३
तालिका २(ण)	:	सङ्घीय विभाज्य/ सङ्घीय सञ्चित कोषमा सङ्कलित राजस्व	५४
तालिका २(त)	:	बाँडफाँट पछिको राजस्व विवरण	५४
तालिका २(थ)	:	रोयल्टी सङ्कलनको विवरण	५५
तालिका २(द)	:	भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा सावाँ फिर्ता र ब्याज खर्च	५९
तालिका २(ध)	:	अन्तर सरकारी वित्त हस्तान्तरण	६२
तालिका ३(क)	:	सबैभन्दा उच्च र न्यून मूल्य वृद्धि भएका वस्तु तथा सेवा	६५
तालिका ४(क)	:	वित्तीय क्षेत्र सबलताका प्रमुख सूचकहरू	७०
तालिका ४(ख)	:	विद्युतीय भुक्तानी कारोबार	७१
तालिका ४(ग)	:	प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन	७३
तालिका ४(घ)	:	बैकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात	७४
तालिका ४(ङ)	:	व्याजदरको प्रवृत्ति	७५
तालिका ४(च)	:	सहुलियतपूर्ण कर्जाको स्थिति	७८
तालिका ४(छ)	:	धितोपत्र केन्द्रीय निक्षेपसम्बन्धी अवस्था	८६
तालिका ४(ज)	:	धितोपत्र बजार सहभागीहरूको अवस्था	८७
तालिका ४(झ)	:	बीमा कम्पनीको स्वामित्व संरचना	८८
तालिका ४(ञ)	:	जीवन तथा निर्जीवन बीमासम्बन्धी विवरण	८८
तालिका ४(ट)	:	निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था	९०

तालिका ५(क)	:	विप्रेषण आप्रवाहको अवस्था	९६
तालिका ६(क)	:	गरिबीसम्बन्धी प्रमुख सूचकहरू	९८
तालिका ६(ख)	:	गरिबीको दर	९९
तालिका ६(ग)	:	उपभोगमा आधारित गरिबी र असमानतासम्बन्धी सूचक	१००
तालिका ६(घ)	:	गिनी सूचकाङ्कको प्रवृत्ति	१००
तालिका ६(ङ)	:	प्रदेशगतरूपमा गरिबीको स्थिति	१००
तालिका ६(च)	:	मानव विकाससम्बन्धी सूचकाङ्क	१०१
तालिका ६(छ)	:	श्रम स्वीकृति लिने गैर नेपाली नागरिकको सङ्ख्या	१०२
तालिका ६(ज)	:	प्रदेशगत रुपमा सूचीकृत र न्यूनतम रोजगारीमा खटिएका बेरोजगारको विवरण	१०३
तालिका ६(झ)	:	प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण	१०३
तालिका ६(ञ)	:	वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिनेको विवरण	१०५
तालिका ६(ट)	:	वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेहरूको सङ्ख्या	१०६
तालिका ६(ठ)	:	वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेको सङ्ख्या	१०६
तालिका ६(ड)	:	सामाजिक सुरक्षा कोषमा आवद्ध रोजगारदाता	१०७
तालिका ६(ढ)	:	सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध श्रमिकको विवरण	१०८
तालिका ६(ण)	:	दावी भुक्तानीसम्बन्धी विवरण	१०८
तालिका ७(क)	:	उखु उत्पादक किसानलाई प्रोत्साहन अनुदान वितरण अवस्था	११३
तालिका ७(ख)	:	विगत पाँच वर्षको बाली तथा पशुपन्छी तर्फको बीमा अवस्था	११४
तालिका ७(ग)	:	जोन/सुपरजोनको उत्पादन र उत्पादकत्वको तुलनात्मक स्थिति	११६
तालिका ७(घ)	:	समग्र कृषि बालीको तीन वर्षको उत्पादन स्थिति	११८
तालिका ७(ङ)	:	माछा र पशुपन्छीजन्य वस्तुको उत्पादन, उपलब्धता र न्यूनतम आवश्यकता	१२३
तालिका ७(च)	:	नक्ष सुधारको विवरण	१२५
तालिका ७(छ)	:	विगत छ वर्षको मत्स्य बीज उत्पादन	१२६
तालिका ७(ज)	:	स्रोत बीउ उत्पादन र पञ्जीकरण/उन्मोचनको विवरण	१२७
तालिका ७(झ)	:	कृषिजन्य वस्तुको निकासी पैठारीको अवस्था	१३०
तालिका ७(ञ)	:	सिँचाइ सुविधाको विस्तार	१३१
तालिका ७(ट)	:	छिमेकी मुलुकको वन क्षेत्रको स्थिति	१३३
तालिका ७(ठ)	:	वन्यजन्तुको सङ्ख्याको स्थिति	१३५
तालिका ७(ड)	:	नमूना परीक्षणको सङ्ख्या	१३६
तालिका ७(ढ)	:	रजिष्ट्रेशन शुल्क तथा पुँजीगत लाभकर सङ्कलन सम्बन्धी	१३८
तालिका ८(क)	:	पछिल्ला ५ आवधिक योजनामा उत्पादनमूलक उद्योगको उपलब्धि	१४०
तालिका ८(ख)	:	उद्योगमा कुल स्वीकृत लगानी	१४२
तालिका ८(ग)	:	२०८० फागुनसम्म दर्ता भएका उद्योगको विवरण	१४३
तालिका ८(घ)	:	२०८० फागुनसम्म उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी	१४३
तालिका ८(ङ)	:	विदेशी लगानी स्वीकृत भएका उद्योगको विवरण	१४५
तालिका ८(च)	:	देशगतरूपमा स्वीकृत विदेशी लगानी	१४६
तालिका ८(छ)	:	आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षणसम्बन्धी विवरण	१५१
तालिका ८(ज)	:	खाद्यान्न ढुवानी तथा मौज्दातको विवरण	१५१
तालिका ८(झ)	:	पेट्रोलियम पदार्थको आयात एवं विक्रीको विवरण	१५२
तालिका ८(ञ)	:	कम्पनी दर्ताको क्षेत्रगत विवरण	१५४
तालिका ८ (ट)	:	औद्योगिक सर्वेक्षण, २०७६ का प्रमुख नतीजाहरू	१५५

तालिका ८(ठ)	:	नागरिक उड्डयन सम्वद्ध प्रमुख सूचकहरू	१६२
तालिका ९(क)	:	नयाँ सहर आयोजना अन्तर्गतको उपलब्धि	१६६
तालिका ९(ख)	:	प्रादेशिक र स्थानीय सडक सञ्जालको विवरण	१६८
तालिका ९(ग)	:	भौगोलिक क्षेत्रानुसार प्रादेशिक र स्थानीय सडक विस्तार	१६८
तालिका ९(घ)	:	क्षेत्रगत विद्युत खपत (गिगावाट घण्टामा)	१७१
तालिका १०(क)	:	संघीय सरकारबाट गरिएको सडक विस्तार (किलोमिटरमा)	१७२
तालिका १०(ख)	:	पछिल्लो ५ वर्षको सडक सञ्जालको स्थिति	१७३
तालिका १०(ग)	:	रेलमार्गसम्बन्धी विवरण	१७७
तालिका १०(घ)	:	ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको विवरण	१७७
तालिका १०(ङ)	:	दर्ता भएका पत्रपत्रिकाको विवरण	१७८
तालिका १०(च)	:	श्रव्य-दृष्यसम्बन्धी इजाजत (सङ्ख्या)	१७९
तालिका १०(छ)	:	टेलिफोन सेवा विस्तार (सङ्ख्या हजार)	१८०
तालिका १०(ज)	:	डाटा/इन्टरनेट सेवा प्रयोगकर्ता (सङ्ख्या हजारमा)	१८०
तालिका १०(झ)	:	मोबाइल र इन्टरनेटसम्बन्धी विवरण	१८१
तालिका ११(क)	:	स्वास्थ्य सम्बन्धी सूचक	१८३
तालिका ११(ख)	:	स्वास्थ्य संस्था, शैया र सरकारी सेवामा रहेका जनशक्तिको विवरण	१८५
तालिका ११(ग)	:	स्वास्थ्य सेवाबाट लाभान्वित विवरण (पटक हजारमा)	१८६
तालिका ११(घ)	:	राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप प्राप्त गर्ने बालबालिका तथा महिला	१८६
तालिका ११(ङ)	:	विपन्न नागरिक औषधि उपचार कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या	१८७
तालिका ११(च)	:	नेपाल मेडिकल काउन्सिल तथा नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मी	१८९
तालिका ११(छ)	:	स्वास्थ्य बीमामा आवद्ध लक्षित वर्ग	१९२
तालिका ११(ज)	:	स्वास्थ्य बीमा दावी र शोधभर्ना	१९३
तालिका ११(झ)	:	शैक्षिक सूचक	१९४
तालिका ११(ञ)	:	विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण	१९७
तालिका ११(ट)	:	विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयको सङ्ख्या	१९७
तालिका ११(ठ)	:	सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०८०	१९८
तालिका ११(ड)	:	तहगत विद्यालय विद्यार्थी र शिक्षक अनुपात	१९८
तालिका ११(ढ)	:	विगत पाँच वर्षको तहगत विद्यार्थी सङ्ख्या	१९९
तालिका ११(ण)	:	सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेका पन्ध्र सामुदायिक विद्यालयको विवरण	२००
तालिका ११(त)	:	३० प्रतिशत भन्दा बढी विद्यार्थीले जिपिए ३.२ र सोभन्दा माथि हासिल गरेका सामुदायिक विद्यालय	२००
तालिका ११(थ)	:	शैक्षिक सत्र २०८० मा तहगत विद्यार्थी भर्नादर	२०२
तालिका ११(द)	:	शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा(कक्षा १२) विवरण	२०४
तालिका ११(ध)	:	वैदेशिक अध्ययन अनुमतिपत्र विवरण	२०७
तालिका ११(न)	:	वैदेशिक अध्ययन अनुमतिपत्रको आधारमा प्रमुख १० गन्तव्य मुलक	२०७
तालिका ११(प)	:	हालसम्म भएका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको विवरण	२०८
तालिका ११(ब)	:	उद्दार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण	२१२
तालिका ११(भ)	:	उद्धार, संरक्षण र पुनर्स्थापनाको विवरण	२१३
तालिका ११(म)	:	नेपालमा लैङ्गिक उत्तरदायी बजेट (संघीय बजेट)	२१३
तालिका ११(य)	:	पछिल्लो दशकको व्यक्तिगत घटना दर्ताको विवरण	२१६

तालिका ११(र)	:	सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण	२१७
तालिका ११(ल)	:	सामाजिक सुरक्षातर्फको बजेट र खर्च स्थिति	२१९
तालिका ११(व)	:	सामाजिक सुरक्षा खर्च वृद्धिको प्रवृत्ति	२२०
तालिका ११(श)	:	सामाजिक सुरक्षा भत्ता लाभग्राही र खर्च प्रक्षेपण	२२१
तालिका ११(ष)	:	राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ताको अवस्था	२२४
तालिका १२(क)	:	उजुरी विवरण	२२६
तालिका १२(ख)	:	प्रदेशगत आधारमा उजुरी विवरण	२२७
तालिका १२(ग)	:	तीन तहको सरकारका निकाय विरूद्धको उजुरी विवरण	२२७
तालिका १२(घ)	:	क्षेत्रगत/निकायगत उजुरीको विवरण	२२८
तालिका १२(ङ)	:	हालसम्मको सेवागत सङ्घीय दरवन्दी विवरण	२२८
तालिका १२(च)	:	सेवाको आधारमा पुरूष/महिला निजामती कर्मचारी विवरण	२२९
तालिका १२(छ)	:	समावेशी तथा खुला विज्ञापनबाट सिफारिश भएका उम्मेदवार	२३०
तालिका १२(ज)	:	विगत पाँच वर्षमा वितरण भएको राहदानीसम्बन्धी विवरण	२३२
तालिका १२(झ)	:	वित्तीय जानकारी इकाइमा प्राप्त भएका प्रतिवेदनको स्थिति	२३३
तालिका १३(क)	:	प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक	२३७
तालिका १३(ख)	:	प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति	२४०
तालिका १३(ग)	:	प्रदेश सरकारको खर्च अवस्था	२४०
तालिका १३(घ)	:	प्रदेश सरकारको खर्च अवस्था	२४१
तालिका १३(ङ)	:	आर्थिक वर्ष २०७९/८० मा प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानीको विवरण	२४१
तालिका १३(च)	:	स्थानीय तहको खर्च अवस्था	२४२
तालिका १३(छ)	:	प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा	२४३
तालिका १३(ज)	:	प्रदेशगत जीवन, निर्जीवन बीमकहरू शाखा सङ्ख्याको विवरण	२४४
तालिका १३(झ)	:	बीमालेख र बीमाशुल्क संकलनको प्रदेशगत विवरण	२४५
तालिका १३(ञ)	:	लगत कट्टा गरी अद्यावधिक गरिएको लघु, घरेलु तथा साना उद्योग	२४५
तालिका १३(ट)	:	प्रदेशगत लघु, घरेलु तथा साना उद्योगहरूको कुल लगानी	२४६
तालिका १३(ठ)	:	लघु घरेलु तथा साना उद्योगको नयाँ दर्ता विवरण	२४६
तालिका १३(ड)	:	फागुनसम्मको प्रदेशगत नयाँ तथा जम्मा कम्पनी दर्ताको विवरण	२४७
तालिका १३(ढ)	:	प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता	२४७
तालिका १३(ण)	:	राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या	२४८
तालिका १३(त)	:	प्रदेशगत विद्युत उत्पादन क्षमता	२४९
तालिका १३(द)	:	प्रदेशगत वन क्षेत्रको स्थिति	२५०
तालिका १३(ध)	:	स्थानीय तह अनुसार वनक्षेत्र	२५१
तालिका १३(न)	:	प्रदेशअनुसार विभिन्न तहका विद्यालयको विवरण	२५१
तालिका १३(प)	:	सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण	२५२
तालिका १३(फ)	:	प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण	२५३
तालिका १३(ब)	:	प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर	२५४
तालिका १३(भ)	:	माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०७९ को नतिजा विवरण	२५४
तालिका १३(म)	:	अस्पताल सुविधा लिएको प्रदेशगत विवरण	२५५
तालिका १४(क)	:	विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने दश मुलुक	२५८
तालिका १४(ख)	:	वार्षिक बजेटमा जलवायु परिवर्तन बजेटको अनुपात	२६०
तालिका १५(क)	:	विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था	२६३

तालिका १५(ख)	:	दिगो विकास लक्ष्यको उपलब्धि	२६५
तालिका १५(ग)	:	गरिबीको अवस्था	२६६
तालिका १५(घ)	:	भोकमरीको अवस्था	२६७
तालिका १५(ङ)	:	सबैका लगि स्वास्थ्यमा पहुँचको अवस्था	२६८
तालिका १५(च)	:	सबैका लागि गुणस्तरीय शिक्षाका प्रमुख सूचकको अवस्था	२६९
तालिका १५(छ)	:	लैङ्गिक समानता, सशक्तीकरण, यौन हिंसा र मानव बेचबिखनको अवस्था	२७०
तालिका १५(ज)	:	स्वच्छ खानेपानी तथा सरसफाइको अवस्था	२७०
तालिका १५(झ)	:	किफायती र स्वच्छ ऊर्जाको अवस्था	२७१
तालिका १५(ञ)	:	मर्यादित काम र आर्थिक वृद्धिको अवस्था	२७१
तालिका १५(ट)	:	उद्योग, नवप्रवर्तन र पूर्वाधारको अवस्था	२७२
तालिका १५(ठ)	:	असमानताको अवस्था	२७३
तालिका १५(ड)	:	दिगो सहर र समुदायको अवस्था	२७३
तालिका १५(ढ)	:	जिम्मेवारीपूर्ण उपभोग र उत्पादनको अवस्था	२७४
तालिका १५(ण)	:	जलवायुसम्बन्धी कार्यको अवस्था	२७४
तालिका १५(त)	:	जमिन माथिको जीवनसम्बन्धी सूचकको उपलब्धि अवस्था	२७५
तालिका १५(थ)	:	शान्ति, न्याय र सशक्त संस्थाको अवस्था	२७६
तालिका १५(द)	:	दिगो विकासको लागि विश्वव्यापी साझेदारीको अवस्था	२७६

चार्ट सूची

चार्ट १(क)	:	विश्व आर्थिक वृद्धिदर	३
चार्ट १(ख)	:	नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण	६
चार्ट १(ग)	:	कुल गार्हस्थ्य उत्पादन वृद्धिदर	९
चार्ट १(घ)	:	कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान	१०
चार्ट १(ङ)	:	उपभोगको प्रवृत्ति	११
चार्ट १(च)	:	सरकारी, निजी तथा गैरनाफामूलक संस्थाको उपभोग	१२
चार्ट १(छ)	:	आर्थिक वर्ष २०८०/८१ मा निजी क्षेत्रको उपभोग संरचना	१२
चार्ट १(ज)	:	कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत	१३
चार्ट १(झ)	:	लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति	१४
चार्ट १(ञ)	:	स्थिर लगानी संरचना	१४
चार्ट १(ट)	:	कुल गार्हस्थ्य बचत-लगानी अन्तर	१५
चार्ट १(ठ)	:	कुल राष्ट्रिय बचत-लगानी अन्तर	१६
चार्ट १(ड)	:	प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर	१६
चार्ट १(ढ)	:	प्रतिव्यक्ति राष्ट्रिय आय	१७
चार्ट १(ण)	:	कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर	१८
चार्ट १(त)	:	कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान	१८
चार्ट १(थ)	:	कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान र वृद्धिदर	२०
चार्ट १(द)	:	कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर	२०
चार्ट १(ध)	:	कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको योगदान र वृद्धिदर	२१
चार्ट १(न)	:	कुल गार्हस्थ्य उत्पादनमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर	२२
चार्ट १(प)	:	कुल गार्हस्थ्य उत्पादनमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान र वृद्धिदर	२३
चार्ट १(फ)	:	कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर	२४
चार्ट १(ब)	:	कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर	२४
चार्ट १(भ)	:	कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर	२५
चार्ट १(म)	:	कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान र वृद्धिदर	२६

चार्ट १(य)	:	कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान र वृद्धिदर	२७
चार्ट १(र)	:	कुल गार्हस्थ्य उत्पादनमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर	२७
चार्ट १(ल)	:	कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)	२८
चार्ट १(व)	:	कुल गार्हस्थ्य उत्पादनमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको योगदान र वृद्धिदर	२९
चार्ट १(श)	:	कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर	२९
चार्ट १(ष)	:	कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर	३०
चार्ट २(क)	:	तीन तहका सरकारको एकीकृत खर्चको स्थिति	३४
चार्ट २(ख)	:	बजेट र राजस्व सन्तुलन	३६
चार्ट २(ग)	:	सङ्घीय सरकारको खर्चको प्रवृत्ति	३८
चार्ट २(घ)	:	राजस्वको प्रवृत्ति	३८
चार्ट २(ङ)	:	खुद सार्वजनिक ऋणको प्रवृत्ति	३९
चार्ट २(च)	:	आन्तरिक ऋण निष्काशनको प्रवृत्ति	४०
चार्ट २(छ)	:	ऋण सेवा खर्चको प्रवृत्ति	४०
चार्ट २(ज)	:	अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन	४१
चार्ट २(झ)	:	सङ्घीय सरकारी खर्चको संरचना	४३
चार्ट २(ञ)	:	सङ्घीय पुँजीगत खर्चको प्रवृत्ति	४६
चार्ट २(ट)	:	एकीकृत पुँजीगत खर्च अवस्था	४७
चार्ट २(ठ)	:	विनियोजित बजेटमा पुँजीगत बजेटको अंश	४८
चार्ट २(ड)	:	पुँजीगत बजेटमा पुँजीगत खर्चको अंश	४८
चार्ट २(ढ)	:	कुल खर्चमा पुँजीगत खर्चको अंश	४९
चार्ट २(ण)	:	वैदेशिक अनुदान तथा ऋण प्रतिवद्धता	५६
चार्ट २(त)	:	सङ्घीय सरकारी खर्च व्यहोर्ने स्रोत	५७
चार्ट २(थ)	:	अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको संरचना	५८
चार्ट २(द)	:	विनिमय दर उतारचढावको कारण वैदेशिक ऋण दायित्वमा परेको प्रभाव	६०
चार्ट २(ध)	:	वैदेशिक ऋण र अनुदान प्राप्तिको प्रवृत्ति	६१
चार्ट ३(क)	:	समग्र तथा क्षेत्रगत उपभोक्ता मुद्रास्फीति दर	६४
चार्ट ३(ख)	:	पेट्रोल तथा डिजेल र मट्टीतेलको मूल्य (रूपैयाँमा)	६६
चार्ट ४(क)	:	२०८० पुस मसान्तमा वित्तीय प्रणालीको सम्पत्ति र	

		दायित्वको संरचना	६८
चार्ट ४(ख)	:	व्याजदरको प्रवृत्ति	७५
चार्ट ४(ग)	:	बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन संरचना	७६
चार्ट ४(घ)	:	बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जा संरचना	७७
चार्ट ४(ङ)	:	धितोपत्रको प्राथमिक बजार मार्फत कुल पुँजी परिचालनको स्थिति	८२
चार्ट ४(च)	:	नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क	८३
चार्ट ४(छ)	:	धितोपत्रको बजार पुँजीकरणको प्रवृति	८४
चार्ट ५(क)	:	कुल व्यापारमा निकासी र पैठारीको अंश	९२
चार्ट ५(ख)	:	बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू	९३
चार्ट ५(ख)	:	निकासी र पैठारी एकाइ मूल्य सूचकाङ्	९४
चार्ट ५(घ)	:	अमेरिकी डलर एकको नेपाली रूपैयाँसँग खरिद विनिमय दर	९७
चार्ट ७(क)	:	कृषक परिवारको विवरण	१११
चार्ट ७(ख)	:	न्यूनतम समर्थन मूल्य तोकिएका वस्तु	११३
चार्ट ७(ग)	:	चालु आर्थिक वर्ष कृषि बाली लगाइएको क्षेत्रफलको संरचना	११९
चार्ट ७(घ)	:	प्रतिव्यक्ति प्रतिवर्ष दूध (लिटर) र अण्डा (गोटा) को उपलब्धता	१२४
चार्ट ७(ङ)	:	पछिल्लो ५ वर्षको ऊनको उत्पादन र वृद्धिदर	१२६
चार्ट ८(ख)	:	वार्षिकरूपमा कुल स्वीकृत विदेशी लगानी	१४५
चार्ट ८(ग)	:	पछिल्लो ५ दशकको पर्यटक आगमन	१५७
चार्ट ८(घ)	:	पर्यटक आगमन र वृद्धिदर	१५८
चार्ट ८(ङ)	:	पछिल्लो दशकको भ्रमण आय र भ्रमण खर्चको प्रवृत्ति	१५९
चार्ट ८(च)	:	भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन	१५९
चार्ट ८(छ)	:	सन् २०२३ मा देशगत रूपमा पर्यटक आगमन	१६०
चार्ट ९(क)	:	स्रोतगत विद्युत उत्पादनको विवरण	१६९
चार्ट १०(क)	:	पछिल्लो ५ वर्षको सडक निर्माणको स्थिति	१७५
चार्ट १०(ख)	:	रेडियो नेपालको प्रसारण पहुँचको अवस्था	१८०
चार्ट ११(क)	:	नेपालमा मात्रृ मृत्युदरको अवस्था	१८३
चार्ट ११(ख)	:	मातृ मृत्युदरको प्रदेशगत स्थिति	१८४
चार्ट ११(घ)	:	स्वास्थ्य बीमाको उपयोग	१९३
चार्ट ११(ङ)	:	बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थी	१९७
चार्ट ११(च)	:	शैक्षिक सत्र २०८० मा प्रारम्भिक बालविकास कक्षामा विद्यार्थी भर्ना प्रतिशत	१९७
चार्ट ११(छ)	:	विद्यालयमा कार्यरत शिक्षकको लैङ्गिक समता सूचकाङ्क	२००
चार्ट ११(ज)	:	शैक्षिक सत्र २०८० मा कुल विद्यार्थी भर्नामा तहगत लैङ्गिक समता सूचकाङ्क	२०२

चार्ट ११(झ)	:	विगत ५ वर्षको खुद भर्नादर	२०२
चार्ट ११(ञ)	:	विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत	२०३
चार्ट ११(ट)	:	विगत ५ वर्षमा कक्षा ५ र कक्षा ८ को टिकाउ दर	२०४
चार्ट ११(ठ)	:	२०७९ को माध्यमिक शिक्षा परीक्षा	२०४
चार्ट ११(ड)	:	विभिन्न विषयमा सिकाइ सक्षमता	२०९
चार्ट ११(ढ)	:	सीप परीक्षणतर्फको उत्तीर्ण प्रतिशत	२१०
चार्ट ११(ण)	:	चालु खर्चको अनुपातमा सामाजिक सुरक्षातर्फको खर्च स्थिति	२१९
चार्ट ११(त)	:	सामाजिक सुरक्षा भत्ताको समुहगत मासिक भत्तादर	२२३
चार्ट ११(थ)	:	बाल अनुदान र जेष्ठ नागरिक भत्ता खर्चको प्रक्षेपण	२२४
चार्ट १३(क)	:	राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान	२३५
चार्ट १३(ख)	:	प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर	२३६
चार्ट १३(ग)	:	प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना	२३६
चार्ट १३(घ)	:	कृषि उत्पादनमा प्रदेशगत अंश	१३७
चार्ट १३(ङ)	:	उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा	२३७
चार्ट १३(च)	:	चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन	२३८
चार्ट १३(छ)	:	प्रदेशगत खर्च र राजस्व स्थिति	२३९
चार्ट १३(ज)	:	स्थानीय तहको खर्च संरचना	२४०
चार्ट १३(झ)	:	स्थानीय तहको खर्च संरचना	२४३
चार्ट १३(ञ)	:	बीमकको प्रदेशगत शाखा सङ्ख्या	२४५
चार्ट १३(ट)	:	प्रदेशगत ग्यास उद्योगीको सङ्ख्या र सोको भण्डारण क्षमता	२४९
चार्ट १३(ठ)	:	प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण	२५४
चार्ट १४(क)	:	विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति	२५८
चार्ट १४(ख)	:	नेपाल र विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति	२५९
चार्ट १४(ग)	:	क्षेत्रगत हरित ग्यास उत्सर्जन	२६०
चार्ट १५(क)	:	पाँच वर्ष मुनिका बाल तथा नवजात शिशुको मृत्युदर	२७०

मञ्जुषा बक्स सूची

मञ्जुषा बक्स ४(क)	:	हरित ऋणपत्र (ग्रीन बण्ड) सञ्चालनका लागि कानुनी व्यवस्था	८७
मञ्जुषा बक्स ५(क)	:	शोधनान्तर स्थितिमा आएको सुधार	९५
मञ्जुषा बक्स ६(क)	:	नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०)	९९
मञ्जुषा बक्स ६(ख)	:	प्रधानमन्त्री रोजगार कार्यक्रम	१०२
मञ्जुषा बक्स ७(क)	:	राष्ट्रिय कृषि गणना, २०७८	११०
मञ्जुषा बक्स ७(ख)	:	मकै बालीमा सिड ड्रिल प्रविधिको प्रयोगसम्बन्धी अध्ययन	११७
मन्जुषा बक्स ७(ग)	:	बीउविजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन प्रणाली कार्यान्वयन मार्फत बीउविजन क्षेत्र सुदृढीकरण	१२२
मञ्जुषा बक्स ७(घ)	:	राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको उपलब्धि	१३२
मञ्जुषा बक्स ८(क)	:	उद्योग क्षेत्रका पछिल्ला गतिविधि	१४१
मञ्जुषा बक्स ८(ख)	:	औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्र	१४७
मञ्जुषा बक्स ८(ग)	:	नेपाल व्यापार एकीकृत रणनीति, २०८०	१४९
मञ्जुषा बक्स ८(घ)	:	वितरणात्मक व्यापार सर्वेक्षण, २०७८/७९	१५३
मञ्जुषा बक्स ८(ङ)	:	राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६	१५५
मञ्जुषा बक्स ८(च)	:	तेस्रो लगानी सम्मेलन, २०८१	१५६
मञ्जुषा बक्स ११(क)	:	सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण	२००
मञ्जुषा बक्स ११(ख)	:	विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण	२०८

छोटकरी रूप

AML	Anti Money Laundering
APG	Asia Pacific Group
ART	Anti- Retro Treatment
ARV	Anti -Retro Viral
BCG	Bacille Calmette-Guerin
CDS	Central Depository System
CGAS	Computerize Government Accounting System
COPOMIS	Co-operative and Poverty Management Information System
DESES	Digitally Enabled Seed Management System
DPR	Detailed Project Report
DPT	Diphtheria-Pertussis-Tetanus
EU	European Union
FATF	Financial Action Task Force
FCS	Financial Corporation Survey
GACC	General Administration of Customs of China
GDP	Gross Domestic Product
GNP	Gross National Product
GPA	Grade Point Average
HI	Heifer International
IAEA	International Atomic Energy Agency
IMF	International Monetary Fund
IPCC	Inter-Governmental Panel on Climate Change
LIBOR	London Interbank Offered Rate
LMBIS	Line Ministry Budgetary Information System
MRP	Machine Readable Passport
OFCS	Other Financial Corporation Survey
PAM	Public Access Module
PAN	Permanent Account Number
PDNA	Post-Disaster Needs Assessment
PLMBIS	Provincial Line Ministry Budgetary Information System
PMTCT	Prevention of Mother to Child Transmission
QAA	Quality Assurance and Accreditation
SCADA	Supervisory Control and Data Acquisition
SEE	Secondary Education Examination
TMR	Total Mixed Ration
TPS	True Potato Seeds
UNFCCC	United Nations Framework Convention on Climate Change
UNESCO	United Nations Educational, Scientific and Cultural Organization
VMIS	Volunteer Management Information System

कार्यकारी सारांश

१. विश्व अर्थतन्त्रमा सुधार हुँदै गएको छ। सन् २०२२ को मध्यतिरबाट अधिकांश मुलुकको मुद्रास्फीति कम हुँदै गएसँगै विश्व आर्थिक क्रियाकलापमा क्रमशः विस्तार हुँदै गएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। सन् २०२३ मा समेत विश्व अर्थतन्त्र ३.२ प्रतिशतले नै विस्तार भएको अनुमान छ।

२. कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बीमा र पेशागत वैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धि १.९५ प्रतिशत रहेको थियो।

३. चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा बढ्ने अनुमान छ। कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम बाहेक अन्य प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत ३.८७ प्रतिशत भन्दा माथि रहने अनुमान छ।

४. हिउँदे बाली र नगदे बाली तथा पशुपन्छीजन्य उत्पादनमा भएको वृद्धिको फलस्वरूप कृषि क्षेत्रको उत्पादनमा सुधार हुने अनुमान छ। गैरकृषि क्षेत्रतर्फ उत्पादनमूलक उद्योग र निर्माण बाहेक अन्य क्षेत्रको उत्पादन बढ्ने अनुमान छ। फलस्वरूप, चालु आर्थिक वर्षमा कृषि क्षेत्रको उत्पादन ३.०५ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ३.७५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्षमा कृषि र गैरकृषि क्षेत्रको उत्पादन क्रमशः २.७६ प्रतिशत र २.१३ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्षमा धानको उत्पादन ४.३३ प्रतिशतले वृद्धि भएको छ।

५. कुल परिवारमध्ये कृषि कार्यमा संलग्न परिवार ६२.० प्रतिशत रहेपनि कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान पछिल्ला वर्षमा क्रमशः घट्दै गएको छ। सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०९ प्रतिशत, १३.० प्रतिशत र ६२.९० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २३.९२ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेको थियो।

६. कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोग ९२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ७.६ प्रतिशत पुग्ने अनुमान छ।

७. पुँजीगत खर्च र कर्जा प्रवाहमा सुधार हुन नसक्दा कुल लगानी अपेक्षितरूपमा बढ्न सकेको छैन। चालु आर्थिक वर्ष कुल लगानी २.८ प्रतिशतले बढेर रू.१७ खर्ब ४१ अर्ब ४८

करोड पुग्ने अनुमान छ। गत आर्थिक वर्ष कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २५.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २४.५ प्रतिशत रहने अनुमान छ।

८. प्रति व्यक्ति आय बढ्दै गएको छ। गत आर्थिक वर्षमा प्रति व्यक्ति राष्ट्रिय आय १,४०५ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १,४५६ अमेरिकी डलर पुग्ने अनुमान छ। गत आर्थिक वर्षमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३८९ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १,४३४ अमेरिकी डलर पुग्ने अनुमान छ। साथै, गत आर्थिक वर्षमा प्रति व्यक्ति कुल खर्चयोग्य आय १,७५५ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १,८४३ अमेरिकी डलर पुग्ने अनुमान छ।

९. विश्वका अधिकांश मुलुकमा मूल्यवृद्धि नियन्त्रणका लागि अवलम्बन गरिएको नीतिका कारण पछिल्ला महिनामा उपभोक्ता मुद्रास्फीति कम हुँदै गएको छ। नेपालमा समेत मूल्यवृद्धि नियन्त्रणका लागि लिइएका उपाय र घट्दो मुद्रास्फीतिको फलस्वरूप चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको वाञ्छित सीमाभित्र रही ६.०८ प्रतिशत कायम भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो मुद्रास्फीति ७.९३ प्रतिशत रहेको थियो।

१०. वित्तीय संघीयता कार्यान्वयन भएपश्चात संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण संघीय सरकारको चालु खर्चमा लेखाङ्कन भएकोले पुँजीगत खर्चको हिस्सा वार्षिक औसत १८.२ प्रतिशत मात्र रहेको छ। प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान ती तहबाट पुँजी निर्माणमा समेत खर्च हुने हुँदा वास्तविक पुँजीगत खर्चको आकार भने तीन तहको एकीकृत खर्चको करिब एक तिहाई रहेको छ।

११. आर्थिक वर्ष २०७९/८० मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च ११.१ प्रतिशतले बढेर रु.१६ खर्ब ५६ अर्ब ७ करोड पुगेको छ। यस अवधिमा तीन तहको खुद चालु खर्च ८.५ प्रतिशतले बढेर रू.९ खर्ब ३२ अर्ब ३९ करोड पुगेको छ। त्यसैगरी, पुँजीगत खर्च ७.६ प्रतिशतले बढेर रू.५ खर्ब २७ अर्ब ४५ करोड र वित्तीय व्यवस्था तर्फको खर्च ३८.९ प्रतिशतले बढेर रू.१ खर्ब ९६ अर्ब २३ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० को एकीकृत खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः ५६.३० प्रतिशत, ३१.८५ प्रतिशत र ११.८५ प्रतिशत रहेको छ। यस अवधिको कुल एकीकृत खर्चमा संघ, प्रदेश र स्थानीय तहको खर्च क्रमशः ६१.८ प्रतिशत, १०.८ प्रतिशत र २७.४ प्रतिशत रहेको छ।

१२. आर्थिक वर्ष २०७९/८० मा संघबाट प्रदेश र स्थानीय तहमा रू.३ खर्ब ९७ अर्ब ३६ करोड वित्तीय हस्तान्तरण भएको छ। प्रदेशबाट स्थानीय तहमा भएको यस्तो हस्तान्तरण रू.२६ अर्ब ३९ करोड रहेको छ।

१३. गत आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहको राजस्व सङ्कलन रू.१० खर्ब ४२ अर्ब ६४ करोड रहेको छ। यस अवधिमा तीन तहमा उपयोग भएको राजस्व तीन तहको खुद चालु खर्च (वित्तीय हस्तान्तरणबाहेक) भन्दा रू.१ खर्ब ३ अर्ब ३५ करोडले बढी छ।

१४. गत आर्थिक वर्ष राजस्व सङ्कलन न्यून रहेको र वैदेशिक अनुदान अपेक्षितरुपमा प्राप्त हुन नसकेकोले संघीय सरकारको बजेट घाटा ३.४१ प्रतिशत बिन्दुले बढेर कुल गार्हस्थ्य उत्पादनको ९.३३ प्रतिशत पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो घाटा ५.९५ प्रतिशत थियो।

१५. चालु आर्थिक वर्षको फागुनसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.९ प्रतिशतले वृद्धि भई रू.८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ। यस अवधिमा सरकारको राजस्व सङ्कलन ९.७ प्रतिशतले बढेर रू.६ खर्ब ३९ अर्ब ५ करोड पुगेको छ। यस अवधिमा बाँडफाँट पछिको संघीय राजस्व १०.२४ प्रतिशतले वृद्धि भई रू.५ खर्ब ६० अर्ब ८८ करोड पुगेको छ।

१६. २०८० फागुनसम्म कुल सार्वजनिक ऋण रू.२३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण ४९.६ प्रतिशत र बाह्य ऋण ५०.४ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारले आन्तरिक ऋण रू.१ खर्ब ६३ अर्ब ३१ करोड र बाह्य ऋण रू.५५ अर्ब ५६ करोड गरी जम्मा रू.२ खर्ब १८ अर्ब ८७ करोड परिचालन भएको छ। यस अवधिमा अनुदान र ऋण गरी जम्मा रू.१ खर्ब १ अर्ब २० करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ।

१७. बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तार, विद्युतीय माध्यमबाट हुने कारोबार र वित्तीय साक्षरता प्रवर्द्धनका कारण वित्तीय पहुँचमा सुधार भएको छ। २०८० फागुनमा बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्त समेत) का आधारमा प्रति शाखा जनसङ्ख्या २,५१५ पुगेको छ। यस्तो जनसङ्ख्या २०७९ फागुनमा २,५१० रहेको थियो। यस अवधिमा मोबाइल बैंकिङ प्रयोगकर्ता २ करोड ३७ लाख ८३ हजार र इन्टरनेट बैंकिङ सेवाका प्रयोगकर्ता १८ लाख ७४ हजार रहेका छन्।

१८. चालु आर्थिक वर्षमा बैंकिङ प्रणालीमा तरलता पर्याप्त रहेको र व्याजदर घट्दै गएको छ। २०८० फागुनमा वाणिज्य बैंकमा रहेको निक्षेपको भारित औसत व्याजदर ६.७४ प्रतिशत तथा कर्जाको भारित औसत व्याजदर १०.७८ प्रतिशत रहेको छ। २०७९ फागुनमा यस्तो व्याजदर क्रमशः ८.३७ प्रतिशत र १३.०३ प्रतिशत रहेको थियो।

१९. निजी क्षेत्र तर्फको कर्जा विस्तार पछिल्लो समय केही वृद्धि भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्र तर्फ प्रवाहित कर्जा ५.६ प्रतिशतले बढेको छ। यस अवधिमा विस्तृत मुद्राप्रदाय ७.७ प्रतिशतले बढेको छ।

२०. २०८० फागुनसम्म १ लाख ३० हजार ८ सय ४४ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.१ खर्ब ४९ अर्ब ३० करोड कर्जा लगानीमा रहेको छ। यस्तो कर्जा सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी तर्फ रु.१ खर्ब ७७ करोड लगानीमा रहेको छ।

२१. पछिल्लो समय नेप्से परिसूचकमा सुधार भएको छ। २०७९ फागुनमसान्तमा नेप्से सूचकाङ्क १९५३.०६ बिन्दु रहेकोमा २०८० फागुनमसान्तमा २१०८.७२ बिन्दु कायम भएको छ। २०७९ फागुनमसान्तमा धितोपत्र बजारको कुल बजार पुँजीकरण रु.२८ खर्ब २३ अर्ब रहेकोमा २०८० फागुनमसान्तमा रु.३३ खर्ब १४ अर्ब पुगेको छ।

२२. २०८० फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमा समेत गरी ४३.१६ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म बीमा प्रिमियम सङ्कलन ४.४ प्रतिशत वृद्धि भई रु.१ खर्ब २४ अर्ब ८९ करोड पुगेको छ।

२३. २०८० फागुनसम्म सहकारी संस्था ३१ हजार ४ सय ५० र सेयर सदस्य सङ्ख्या ७३ लाख ८५ हजार ५ सय २८ पुगेको छ। यस अवधिसम्म सहकारी क्षेत्रमा रू.४ खर्ब ७८ अर्ब ११ करोड बचत परिचालन भई रू.४ खर्ब ५ अर्ब ३ करोड कर्जा प्रवाह भएको छ।

२४. पछिल्ला वर्षमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा अमेरिकी डलरको अधिमूल्यन भएतापनि पैठारीमा आएको कमी, विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि लगायतका कारण चालु आर्थिक वर्ष बाह्य क्षेत्र सहज अवस्थामा रहेको छ। यस अवधिमा शोधनान्तर स्थिति रु.३ खर्ब २७ अर्ब ५५ करोड र चालु खाता रू.१ खर्ब ६६ अर्ब ९७ करोडले बचतमा रहेको छ।

२५. चालु आर्थिक वर्षको फागुनसम्म वस्तु निकासी रु.१ खर्ब ६२ करोड, वस्तु पैठारी रु.१० खर्ब ३० अर्ब २२ करोड र वस्तु व्यापार घाटा रु.९ खर्ब २९ अर्ब ६१ करोड रहेको छ। यस अवधिमा निकासी-पैठारी अनुपात ९.८ प्रतिशत पुगेको छ।

२६. २०८० फागुनसम्म वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५९ लाख ६९ हजार पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म विप्रेषण आप्रवाह २१.० प्रतिशतले वृद्धि भई रु.९ खर्ब ६१ अर्ब २२ करोड पुगेको छ। २०८० फागुनमसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु.१८ खर्ब ७२ अर्ब ८२ करोड (१४ अर्ब १४ करोड अमेरिकी डलर) पुगेको छ। यो सञ्चिति १४.८ महिनाको वस्तु र १२.४ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त छ।

२७. नेपालको निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ। ग्रामीण क्षेत्रमा निरपेक्ष गरिबी २४.६६ प्रतिशत र शहरी क्षेत्रमा १८.३४ प्रतिशत रहेको छ। आय असमानता मापन गर्ने गिनी सूचकाङ्क ०.३०३ छ। नेपालको मानव विकास सूचकाङ्क ०.६०१ पुगेको छ।

२८. २०८० फागुनसम्म १८ हजार ७ सय ५५ रोजगारदाता प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। यस अवधिसम्म देशभित्रका श्रमिक र विदेशमा रोजगारी गर्ने नेपालीसहित ११ लाख ९९ हजार ७ सय ११ श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन्।

२९. २०८० फागुनसम्म संघीय सरकारबाट निर्माण भएको ३४ हजार २ सय ६७ किलोमिटर सडकमध्ये कालोपत्रे ५३.२ प्रतिशत, खण्डास्मित २२.५ प्रतिशत र कच्ची सडक २४.३ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म १८९ किलोमिटर सडक कालोपत्रे र १९० किलोमिटर सडक खण्डास्मितमा स्तरोन्नति भएको छ भने २८ किलोमिटर नयाँ सडक निर्माण भएको छ।

३०. सूचना प्रविधिको निरन्तर विकाससँगै आमजनतामा यसको पहुँच विस्तार हुँदै गएको छ। २०८० फागुनसम्म रेडियो नेपालको प्रसारण पहुँच ९३.० प्रतिशत जनसङ्ख्या र डिजिटल टेलिभिजनको पहुँच ७२.० प्रतिशत घरधुरीमा पुगेको छ। इन्टरनेट ग्राहकको घनत्व १४३.८ प्रतिशत पुगेको छ।

३१. २०८० असारसम्म लगानी बोर्ड नेपाल, उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका उद्योगको रु.५० खर्ब ११ अर्ब ९६ करोड बराबरको लगानी स्वीकृत भएको छ।

३२. २०८० फागुनसम्म रु.४ खर्ब ७८ अर्ब ८५ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। यस्ता उद्योगको सञ्चालनबाट ३ लाख २२ हजार २ सय ६६ रोजगारी सिर्जना हुने अनुमान छ। चालु आर्थिक वर्षको फागुनसम्म रु.२९ अर्ब १३ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ।

३३. सन् २०२२ मा पर्यटक आगमन ६ लाख १४ हजार ८ सय ६९ रहेकोमा सन् २०२३ मा यस्तो सङ्ख्या ६५.० प्रतिशतले वृद्धि भई १० लाख १४ हजार ८ सय ८२ पुगेको छ। सन् २०२३ मा पर्यटकको औसत बसाइ १३.२ दिन र प्रति पर्यटक प्रति दिन औसत खर्च ४१ अमेरिकी डलर रहेको छ।

३४. भ्रमण आयको तुलनामा भ्रमण खर्च प्रायः उच्च रहँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म भ्रमण आय भन्दा भ्रमण खर्च रु.७१ अर्ब ४३ करोडले बढी छ। गत आर्थिक वर्षको फागुनमा यस्तो अन्तर रु.४८ अर्ब १६ करोड रहेको थियो।

३५. पछिल्ला वर्षमा अवलम्वन गरिएका नीतिगत व्यवस्थाका कारण जलविद्युत उत्पादन बढ्दै गई ऊर्जा क्षेत्रमा मुलुक आत्मनिर्भर उन्मूख भएको छ। २०८० फागुनसम्म ९७.७ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। २०८० फागुनसम्म कुल जडित विद्युत क्षमता ३,०६० मेगावाट रहेको छ।

३६. चालु आर्थिक वर्ष धान (मध्यम), धान (मोटा) र गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल क्रमशः रू.३,३६२ रू.३,१९८ र रू.३,६५० तोकिएको छ। चालु आर्थिक वर्ष पहिलोपटक चैते धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टलको रु.२७०७.२८ तोकिएको छ।

३७. कृषि बाली उत्पादन र कृषि बाली लगाइएको क्षेत्रफल दुवैमा खाद्यान्न बालीको हिस्सा उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष कुल बाली उत्पादनमा खाद्यान्न बालीको अंश ४४.६१ प्रतिशत, तरकारी १७.२४ प्रतिशत, नगदेबाली १५.४२ प्रतिशत, औद्योगिक बाली १२.९९ प्रतिशत, फलफूल ६.०३ प्रतिशत र अन्यको ३.७१ प्रतिशत रहने अनुमान छ।

३८. संकटासन्नता तथा जोखिम विश्लेषण प्रतिवेदन, २०२१ अनुसार नेपालमा हुने बालीनालीको नोक्सानी मध्ये करिब ९० प्रतिशत जलवायु परिवर्तनजन्य घटनाका कारण हुने गरेको छ। यसबाट कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १० प्रतिशत देखि ३० प्रतिशतसम्म ह्रास आएको छ।

३९. चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा ९९७ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंकमा ८,९९७ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ।

४०. चालु आर्थिक वर्षका लागि रासायनिक मलको कुल माग ६ लाख मेट्रिक टन रहेको छ। जसमध्ये युरिया ३ लाख ६० हजार, डिएपी २ लाख २० हजार र पोटास २० हजार मेट्रिक टन रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ७० हजार ६ सय मेट्रिक टन मल विक्री वितरण भएको छ।

४१. सिँचाइ सुविधामा विस्तार हुँदै गएको छ। २०७९ फागुनसम्म कुल सिँचाइयोग्य जमीन १७ लाख ६० हजार हेक्टरमध्ये ८८.५ प्रतिशत र कुल कृषियोग्य जमिन २६ लाख ४० हजार हेक्टर मध्ये ५९.० प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म थप १,६४० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ।

४२. नेपालको कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी ४५.३१ प्रतिशत वन क्षेत्र रहेको छ। प्रति व्यक्ति वन क्षेत्र ०.२ हेक्टर रहेको छ। हालसम्म वन संरक्षण क्षेत्रअन्तर्गत १ लाख ९४ हजार १ सय ५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ।

४३. २०८० फागुनसम्म डाक्टर, नर्स समेत गरी १ लाख २ हजार ६ सय ८६ स्वास्थ्यकर्मी सरकारी स्वास्थ्य प्रणालीमा आवद्ध छन्। यस अवधिमा मुलकभर २ सय १५ अस्पताल सहित कुल सरकारी स्वास्थ्य संस्थाको सङ्ख्या ७ हजार ८ सय ५८ पुगेको छ।

४४. विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ३५ हजार १ सय ४३ विपन्न नागरिकले क्यान्सर, मुटु, मृगौला लगायत गम्भीर प्रकृतिका रोगको उपचारको लागि निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका छन्।

४५. चालु आर्थिक वर्षको फागुनसम्म स्वास्थ्य बीमाको दायरामा आएको परिवार सङ्ख्या २३ लाख ९५ हजार रहेको छ भने कुल बीमित सङ्ख्या ७७ लाख २७ हजार रहेको छ। साथै, ३६ लाख २१ हजार व्यक्तिले स्वास्थ्य बीमाबाट सेवा प्राप्त गरेका छन्।

४६. दक्ष प्रसूतिकर्मीबाट सुत्केरी हुने महिलाको दर ८०.० प्रतिशत पुगेको छ। नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) क्रमशः २१ र ३३ पुगेको छ।

४७. शैक्षिक सत्र २०८० मा कक्षा १ मा खुद प्रवेश दर ९५.७ प्रतिशत, आधारभूत तह (कक्षा १-५) मा खुद भर्नादर ९५.६ प्रतिशत, आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर ९५.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर ५७.९ प्रतिशत पुगेको छ।

४८. पछिल्ला वर्षमा विद्यार्थीको टिकाउ दर क्रमशः बढ्दै गएको छ। शैक्षिक सत्र २०८० मा कक्षा ८ सम्मको टिकाउ दर ८६.२ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६९.९ र कक्षा १२ सम्मको टिकाउ दर ३७.२ प्रतिशत पुगेको छ। १५ वर्षभन्दा माथिको साक्षरता दर ७१.२ प्रतिशत पुगेको छ।

४९. २०८० फागुनसम्म आधारभूत खानेपानीको पहुँच ९६.७५ प्रतिशत र उच्च मध्यमस्तरको खानेपानीको पहुँच २७.७६ प्रतिशत जनसङ्ख्यामा पुगेको छ। आधारभूत सरसफाईको पहुँच ९५.५० प्रतिशत जनसङ्ख्यामा पुगेको छ।

५०. हालसम्म अनलाइन मार्फत व्यक्तिगत घटना दर्तासम्बन्धी कार्य गर्ने स्थानीय तहका वडाको सङ्ख्या ६,६९२ पुगेको छ। २०८० फागुनसम्म ६१ लाख ३२ हजार ६ सय ४६ व्यक्तिगत घटना दर्ता भएका छन्।

५१. सामाजिक सुरक्षामा आवद्ध नागरिकको सङ्ख्या बढ्दै गएको छ। २०८० फागुनसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सङ्ख्या ३७ लाख ६ हजार ३ सय २७ पुगेको छ। चालु आर्थिक वर्ष सामाजिक सुरक्षा भत्ताबापत रू.१ खर्ब ९ अर्ब ७१ करोड विनियोजन गरिएकोमा फागुनसम्म रू.५६ अर्ब ४४ करोड खर्च भएको छ।

५२. हालसम्म राष्ट्रिय परिचय पत्रको लागि १ करोड ४१ लाख ७१ हजार १ सय १९ नागरिकको विवरण सङ्कलन भएकोमा १ लाख ३३ हजार २५ राष्ट्रिय परिचय पत्र वितरण गरिएको छ।

५३. कानून तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ। निजी क्षेत्रको निर्णायक तहमा महिलाको प्रतिनिधित्वमा सुधार भएको छ। महिला उद्यमीको सङ्ख्या बढ्दै गएको छ। एक तिहाइ महिलाले सम्पत्तिको स्वामित्व प्राप्त गरेका छन्। पुरूषको तुलनामा महिलाको श्रम सहभागिता दर न्यून रहेको छ।

५४. सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सहभागिता १२.० प्रतिशत रहेकोमा २०८० फागुनसम्म २८.५ प्रतिशत पुगेको छ। नेपाल स्वास्थ्य सेवामा सबैभन्दा बढी महिला सहभागिता रहेको छ। यस सेवामा कार्यरतमध्ये ४९.७ प्रतिशत महिला रहेका छन्। साथै, संवैधानिक पदाधिकारी तर्फ महिलाको सहभागिता ८.५ प्रतिशत रहेको छ।

५५. २०२४ अप्रिल १ मा अफ्रिकी मुलुक टोङ्गासँग कूटनीतिक सम्बन्ध स्थापना भई द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १८२ पुगेको छ।

५६. गत आर्थिक वर्ष १४ लाख ३५ हजार ६ सय ९९ थान विद्युतीय राहदानी जारी भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ९ लाख ८० हजार ६ सय ४१ थान विद्युतीय राहदानी जारी भएको छ।

५७. संयुक्त राष्ट्रसंघले सन् २०२३ मा प्रकाशन गरेको दिगो विकास प्रगतिको अध्ययन प्रतिवेदनले उक्त अध्ययनमा समाविष्ट १६६ मुलुकमध्ये नेपाल ६६.५ प्रतिशत अङ्क सहित ९९औं स्थानमा रहेको छ।

५८. दिगो विकास लक्ष्यको प्राप्तिमा नेपालले हासिल गरेको उपलब्धि सकारात्मक छ। सन् २०२२ को लक्ष्यको तुलनामा औसत उपलब्धि ५८.० प्रतिशत र सन् २०३० सम्मको लक्ष्यको तुलनामा औसत उपलब्धि ४१.४ प्रतिशत हासिल भएको छ। हालसम्मको प्रगतिको आधारमा सन् २०३० मा लक्ष्यको ६०.० प्रतिशत उपलब्धि हासिल हुने अनुमान छ।

समष्टिगत आर्थिक सामाजिक परिसूचकमा सुधार हुँदै गएको छ। लगानीमा सामान्य वृद्धि भई अर्थतन्त्र विस्तार हुँदै गएको छ। समग्र मूल्यस्तर वाञ्छित सीमाभित्र रहेको छ। आन्तरिक स्रोत परिचालन सुधार हुन नसक्दा सार्वजनिक ऋण माथिको निर्भरता बढ्दै गएको छ। लक्ष्यअनुरूप पुँजीगत खर्च हुन सकेको छैन। डिजिटल बैंकिङको प्रयोगमा उल्लेख्य वृद्धि भएको छ। नीतिगत व्याजदर, निक्षेप र कर्जाको व्याजदर घट्दै गएकोले लगानीको वातावरण थप अनुकूल बन्दै गएको छ। बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम पर्याप्त रहेको छ। निजी क्षेत्र तर्फको कर्जा प्रवाहमा सामान्य वृद्धि भएको छ। पुँजी बजार क्रमशः सुधार हुँदै गएको छ। वस्तु पैठारीमा आएको कमीको कारण व्यापार घाटामा सुधार देखिएको छ। विप्रेषण आप्रवाह उल्लेख्य बढेकोले चालु खाता र शोधनान्तर स्थिति उच्च बचतमा रहेको छ। फलस्वरूप, विदेशी विनिमय सञ्चिति

हालसम्मकै उच्च छ। पर्यटन आगमन कोभिड-पूर्वकै अवस्थामा पुगेको छ। विद्युत उत्पादन बढ्दै गएसँगै भारतसँगको विद्युत निकासी बढेको छ। औसत आयू बढेको छ। जनसङ्ख्या वृद्धिदर घट्दै गएको र औसत प्रजनन दर प्रतिस्थापन दर भन्दा न्यून रहेकोले भविष्यमा जनसाङ्ख्यिक सन्तुलन कायम गर्ने तर्फ जनसङ्ख्या नीति केन्द्रित गर्नुपर्ने देखिन्छ।

आगामी आर्थिक परिदृष्य र जोखिम

आर्थिक परिदृष्य

- लगानी सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थामा गरिएको सुधारले लगानीको वातावरण सिर्जना भई स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि हुने,
- कर्जाको व्याजदर घट्दै गएकोले निजी क्षेत्रमा प्रवाह हुने कर्जा बढ्ने,
- लगानीको वातावरण बन्दै गएको तथा पछिल्लो समयमा अर्थतन्त्रमा सुधारका संकेत देखिएकोले लगानी र उपभोग बढ्न गई वस्तु पैठारीमा सामान्य वृद्धि हुने,
- पर्यटक आगमन र विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि हुँदै जाने देखिएकोले शोधनान्तर स्थिति बचतमा रहिरहने र विदेशी विनिमय सञ्चिति पर्याप्त रहने।

जोखिम

- चालु खर्चलाई मितव्ययी बनाउँदै लगिएको भएपनि राजस्व सङ्कलनमा अपेक्षित सुधार हुन नसक्दा वित्त घाटा बढ्न सक्ने,
- विभिन्न मुलुकबीच जारी तनाव कायम रहेमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्य बढ्न गई समग्र मूल्यस्तरमा चाप पर्नसक्ने,
- जलवायु परिवर्तनजन्य घटनामा हुने वृद्धिले सरकारको आकस्मिक दायित्व बढ्ने।

१. समग्र आर्थिक स्थिति

विश्व अर्थतन्त्र

१.१ विभिन्न उतारचढावका वाबजुद विश्व अर्थतन्त्रमा सुधार हुँदै गएको छ। सन् २०२२ को मध्यतिरबाट विश्व मुद्रास्फीति कम हुँदै गएसँगै विश्व आर्थिक क्रियाकलापमा विस्तार हुँदै गएको छ। फलस्वरूप, यस अघि सुस्त रहेको विश्व अर्थतन्त्रको वृद्धि सन् २०२३ देखि सन् २०२५ सम्म करिब स्थिर रहने र विश्व अर्थतन्त्र थप उत्थानशील बन्ने अनुमान छ।

१.२ मुद्रास्फीति घट्दै गएसँगै अधिकांश मुलुकका केन्द्रीय बैङ्कले लचिलो मौद्रिक नीति अवलम्बन गर्दै आएका कारण वित्तीय गतिविधिमा बढोत्तरी, पुँजी आप्रवाहमा वृद्धि र न्यून आय भएका देशको बजार पहुँच बढेको छ। विकसित मुलुकको ब्याजदर नियमन नीतिका कारण त्यस्ता मुलुकको बचत परिचालन बढेको छ। न्यून आय भएका मुलुकको सार्वजनिक ऋण उच्चदरमा बढ्दै गएकोले वित्तीय स्थायित्वका लागि कसिलो वित्त नीति अवलम्बन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

१.३ रुस-युक्रेन र गाजा-इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फीतिमा दबाव सिर्जना हुने अनुमान छ। फलस्वरूप, बैङ्क ब्याजदर समेत वृद्धि हुन गई सम्पत्तिको मूल्य समेत घट्ने अनुमान छ। सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजस्व परिचालनमा वृद्धि र सार्वजनिक खर्च कटौती गर्नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउन सक्ने एवं लगानीकर्ताको विश्वास कमजोर हुने जोखिम भने कायम छ। चीन-अमेरिकाबीच उत्पन्न व्यापार तनावका कारण संरक्षणवादले प्रश्रय पाउने र भू-आर्थिक धुव्रीकरणबाट वस्तु, पुँजी र श्रमिकको निर्वाध प्रवाहमा अवरोध सिर्जना हुनसक्ने जोखिम पनि उत्तिकै रहेको छ।

१.४ भविष्यमा आपूर्तिमा आउनसक्ने अवरोध कम गर्दै मानिसको जीविकोपार्जनलाई सहज बनाउन सामाजिक संरक्षण र सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, ऊर्जाको रूपान्तरण र ऊर्जा सुरक्षा क्षेत्रमा स्रोत व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। जलवायु परिवर्तन र भू-आर्थिक ध्रुवीकरणबाट सिर्जित लागत कम गर्न, हरित ऊर्जाको रूपान्तरणलाई तीव्र पार्न, भू-राजनीतिक सन्तुलन कायम राख्न एवं सार्वजनिक ऋणको पुनर्संरचनालाई सहजीकरण गर्न बहुपक्षीय समन्वय र साझेदारी अपरिहार्य रहेको छ।

विश्व आर्थिक वृद्धिदर

१.५ विश्व मुद्रास्फीतिमा देखिएको सुधारसँगै आर्थिक क्रियाकलापमा भएको विस्तारले विश्व आर्थिक वृद्धिमा सकारात्मक प्रभाव परेको छ। यद्यपि, रुस-युक्रेन युद्ध, भू-राजनीतिक तनाव, न्यून उत्पादकत्व र उच्च ऋण लागतका कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। सन् २०२३ मा समेत विश्व अर्थतन्त्र सोही दरमा विस्तार भएको अनुमान छ।

१.६ सन् २०२२ को मध्यमा उच्च रहेको विश्व मुद्रास्फीति घट्दै जानु, आर्थिक गतिविधि बढ्दै जानु, विश्व अर्थतन्त्रको वृद्धिदर पूर्वानुमान भन्दा उच्च रहनु र सरकारी खर्च तथा घरपरिवार उपभोगको वृद्धि अपेक्षा गरिए भन्दा उच्च रही समष्टिगत माग बढ्दै गएकोले सन् २०२३ पश्चात विश्व अर्थतन्त्र क्रमशः सामान्यीकरणतर्फ उन्मुख हुँदै गएको छ।

तालिका १(क): विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)

अर्थतन्त्र	२०१९	२०२०	२०२१	२०२२	२०२३	२०२४*
विश्व अर्थतन्त्र	२.८	-२.७	६.५	३.५	३.२	३.२
विकसित अर्थतन्त्र	१.८	-३.९	५.७	२.६	१.६	१.७
उदीयमान तथा विकासशील अर्थतन्त्र	३.६	-१.८	७.०	४.१	४.३	४.२
उदीयमान तथा विकासशील एशिया	५.२	-०.५	७.७	४.४	५.६	५.२
मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक	१.०	-२.७	४.३	५.२	१.९	२.७
उदीयमान तथा विकासशील युरोप	२.५	-१.६	७.५	१.२	३.२	३.१
युरोपियन युनियनका मुलुक	२.०	-५.५	६.१	३.६	०.६	१.१
न्यून आय भएका विकासशील अर्थतन्त्र	४.६	०.५	४.५	४.२	४.०	४.७

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ *प्रक्षेपण

१.७ सन् २०२४ मा विकसित मुलुकको आर्थिक वृद्धिमा सुधार हुने प्रक्षेपण रहेको छ। सन् २०२३ मा १.६ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०२४ मा १.७ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ। सन् २०२१ मा उदीयमान तथा विकासशील मुलुकको अर्थतन्त्र उच्च दरमा विस्तार भएपनि त्यसपछिका वर्षमा भने औसत आर्थिक वृद्धि ४.२ प्रतिशत रहेको छ। सन् २०२४ मा यस्ता मुलुकको अर्थतन्त्र ४.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। सन् २०२३ मा उदीयमान तथा विकासशील मुलुकको अर्थतन्त्र ४.३ प्रतिशतले विस्तार भएको अनुमान छ।

१.८ सन् २०२३ मा अन्य मुलुकको दाँजोमा उदीयमान तथा विकासशील एशियाको अर्थतन्त्र उच्च दरमा विस्तार भएकोमा सन् २०२४ मा समेत उच्च दरमा विस्तार

हुने प्रक्षेपण रहेको छ। विकसित अर्थतन्त्र, मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक, युरोपियन युनियनका मुलुक र न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि सन् २०२३ को तुलनामा बढ्ने प्रक्षेपण छ। साथै, उदीयमान तथा विकासशील अर्थतन्त्र, उदीयमान तथा विकासशील एशिया र यूरोपको आर्थिक वृद्धि सन् २०२३ को तुलनामा न्यून हुने प्रक्षेपण रहेको छ।

१.९ सन् २०१९ देखि २०२३ सम्म विश्व अर्थतन्त्रको औसत वृद्धि २.७ प्रतिशत र विकसित अर्थतन्त्रको १.६ प्रतिशत रहेको छ। सन् २०१९ देखि २०२३ सम्मको अवधिमा उदीयमान तथा विकासशील एशियाको अर्थतन्त्रको औसत वृद्धि ४.५ प्रतिशत रहेको छ। सन् २०२५ मा उदीयमान तथा विकासशील एशिया बाहेक विकसित अर्थतन्त्र र न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि बढ्ने प्रक्षेपण रहेको छ।

चार्ट १(क): विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४

१.१० विश्व आर्थिक गतिविधि बढ्दै गएको भए तापनि दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिमा यसको प्रभाव मिश्रित रहने देखिन्छ। माल्दिभ्स, नेपाल र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने र अन्य दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ। सन् २०२३ मा नेपालको आर्थिक वृद्धि ०.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ३.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ। दक्षिण एशियाली मुलुकमध्ये भारतको आर्थिक वृद्धि उच्च रहने अनुमान छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा चीनको अर्थतन्त्रमा ०.६ प्रतिशत विन्दुले कमी आई ४.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

तालिका १(ख): दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर (प्रतिशतमा)

मुलुक	२०२०	२०२१	२०२२	२०२३	२०२४*
बङ्गलादेश	३.४	६.९	७.१	६	५.७
भूटान	-२.५	-३.३	४.८	४.६	४.३
भारत	-५.८	९.७	७	७.८	६.८
मालिदभ्स	-३२.९	३७.७	१३.९	४.४	५.२
नेपाल	-२.४	४.८	५.६	०.८	३.१
श्रीलङ्का	-४.६	३.५	-७.८	#	#
पाकिस्तान	-०.९	५.८	६.२	-०.२	२
अफगानिस्तान	-२.४	-१४.५	-६.२	#	#
चीन	२.२	८.४	३.०	५.२	४.६

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ * प्रक्षेपण # प्रक्षेपण नगरेको

मूल्य स्थिति

१.११ ऊर्जाको मूल्यमा आएको गिरावट र आपूर्ति श्रृङ्खलामा भएको सुधारसँगै विश्व मुद्रास्फीति सन् २०२३ को तुलनामा सन् २०२४ मा घट्ने प्रक्षेपण छ। विकसित, उदीयमान तथा विकासशील अर्थतन्त्र र एशियाबाहेक कतिपय मुलुकमा भने दोहोरो अङ्कको मुद्रास्फीति रहने प्रक्षेपण छ।

१.१२ सन् २०२२ मा २७.८ प्रतिशत रहेको उदीयमान तथा विकासशील युरोपको मुद्रास्फीति सन् २०२३ मा १९.४ प्रतिशत रहेको अनुमान छ। सन् २०२४ मा यी मुलुकको मुद्रास्फीति १८.८ प्रतिशत हुने प्रक्षेपण छ। त्यसैगरी, सन् २०२४ मा न्यून आय भएका विकासशील अर्थतन्त्रको मुद्रास्फीति १६.३ प्रतिशत रहने प्रक्षेपण छ। सन् २०२४ मा अन्य मुलुकको मुद्रास्फीतिमा कमी आउने प्रक्षेपण रहेतापनि उदीयमान तथा विकासशील एशियाको मुद्रास्फीति भने सन् २०२३ को हाराहारीमा रहने प्रक्षेपण छ।

तालिका १(ग): विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

अर्थतन्त्र	२०२०	२०२१	२०२२	२०२३	२०२४*
विकसित अर्थतन्त्र	१.६	३.२	५.५	४.२	२.६
उदीयमान तथा विकासशील अर्थतन्त्र	५.२	५.९	९.८	८.३	८.३
उदीयमान तथा विकासशील एशिया	३.२	२.३	३.९	२.४	२.४
उदीयमान तथा विकासशील युरोप	५.४	९.६	२७.८	१९.४	१८.८
मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक	१०.७	१३.८	१४.३	१६.	१५.४
न्यून आय भएका विकासशील अर्थतन्त्र	१२.८	१४.९	१६.१	१८.१	१६.३

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ * प्रक्षेपण

१.१३ सन् २०२४ मा दक्षिण एशियाली मुलुकमध्ये पाकिस्तानको मुद्रास्फीति सबैभन्दा बढी रहने प्रक्षेपण छ। पाकिस्तान बाहेक अन्य मुलुकको मुद्रास्फीति एकल अङ्कमा कायम रहने अनुमान छ। सन् २०२३ मा २९.२ प्रतिशत रहेको पाकिस्तानको मुद्रास्फीति सन् २०२४ मा २४.८ प्रतिशत रहने प्रक्षेपण छ। नेपालको मुद्रास्फीति सन् २०२३ मा ७.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ६.३ प्रतिशत हुने प्रक्षेपण रहेको छ। सन् २०२३ मा ०.२ प्रतिशत रहेको चीनको मुद्रास्फीति सन् २०२४ मा सीमान्त वृद्धि भइ १.० प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।

तालिका १(घ): दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति

(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

मुलुक	२०२०	२०२१	२०२२	२०२३	२०२४•
बङ्गलादेश	५.६	५.६	६.१	९.०	९.३
भूटान	३.०	८.२	५.९	४.६	४.९
भारत	६.२	५.५	६.७	५.४	४.६
माल्दिभ्स	-१.६	०.२	२.६	२.६	३.८
नेपाल	६.१	३.६	६.३	७.८	६.३
श्रीलङ्का	४.६	६	४५.२	#	#
अफगानिस्तान	५.६	७.८	१०.६	#	#
पाकिस्तान	१०.७	८.९	१२.१	२९.२	२४.८
चीन	२.५	०.९	२.०	०.२	१.०

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ • प्रक्षेपण #प्रक्षेपण नगरेको

१.१४ नेपालको सन् २०१९ देखि २०२३ सम्मको औसत मुद्रास्फीति ५.७ प्रतिशत रहेको छ। यस अवधिमा चीन र भारतको औसत मुद्रास्फीति क्रमशः १.७ प्रतिशत र ५.७ प्रतिशत रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा नेपाल, भारत र चीनको मुद्रास्फीति क्रमशः ६.३ प्रतिशत, ४.६ प्रतिशत र १.० प्रतिशत रहने प्रक्षेपण गरेको छ।

चार्ट १(ख): नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण (प्रतिशतमा)

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४

१.१५ अन्तर्राष्ट्रिय बजारमा सन् २०२३ मा प्रति ब्यारल अमेरिकी डलर ८०.५९ रहेको कच्चा पेट्रोलियम पदार्थको मूल्यमा सन् २०२४ मा २.५ प्रतिशतले कमी आई अमेरिकी डलर ७८.६१ कायम हुने प्रक्षेपण रहेको छ। सन् २०२३ मा पेट्रोलियम पदार्थको मूल्य १६.४ प्रतिशतले बढेको थियो।

विश्व व्यापार

१.१६ रुस-युक्रेन युद्ध, गाजा र इजरायल द्वन्द्व तथा अन्तर्राष्ट्रिय व्यापारमा देखिएको तनावका कारण सन् २०२३ मा विश्व व्यापारको वृद्धि ०.३ प्रतिशतमा सीमित भएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व व्यापार ३.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ।

१.१७ सन् २०२४ मा विकसित र उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी र पैठारी सन् २०२३ को तुलनामा बढ्ने प्रक्षेपण छ। सन् २०२३ मा ०.९ प्रतिशतले वृद्धि भएको विकसित अर्थतन्त्रको निकासीको आयतन सन् २०२४ मा २.५ प्रतिशत वृद्धि हुने प्रक्षेपण छ। यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी सन् २०२३ मा ०.१ प्रतिशतले घटेकोमा सन् २०२४ मा ३.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

तालिका १(ङ): विश्व व्यापारको आयतन (वार्षिक प्रतिशत परिवर्तन)

विवरण	२०१९	२०२०	२०२१	२०२२	२०२३	२०२४*
विश्व व्यापार आयतन	१.३	-८.३	११.०	५.६	०.३	३.०
निकासी आयतन						
विकसित अर्थतन्त्र	१.५	-८.८	९.९	५.६	०.९	२.५
उदीयमान तथा विकासशील अर्थतन्त्र	१.०	-६.६	१३.०	४.७	-०.१	३.७
पैठारी आयतन						
विकसित अर्थतन्त्र	२.१	-८.२	१०.३	७.१	-१.०	२.०
उदीयमान तथा विकासशील अर्थतन्त्र	-०.५	-९.४	१२.१	३.९	२.०	४.९

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ * प्रक्षेपण

१.१८ सन् २०२३ मा विकसित मुलुकको पैठारी १.० प्रतिशतले घटेकोमा सन् २०२४ मा २.० प्रतिशतले बढ्ने प्रक्षेपण छ। यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको पैंठारी सन् २०२३ मा २.० प्रतिशतले वृद्धि भएकोमा सन् २०२४ मा ४.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ।

चालु खाता सन्तुलन

१.१९ दक्षिण एशियाका अधिकांश मुलुकको चालु खाता घाटामा रहेको छ। सन् २०२४ मा माल्दिभ्सको चालु खाता सबैभन्दा बढी घाटामा रहने प्रक्षेपण छ। दक्षिण एशियाका मुलुकमध्ये नेपालको चालु खाता मात्र सन् २०२४ मा बचतमा रहने प्रक्षेपण छ। सन् २०२३ मा चीनको चालु खाता कुल गार्हस्थ्य उत्पादनको १.५ प्रतिशतले बचतमा रहेकोमा सन् २०२४ मा सीमान्त कमी आई १.३ प्रतिशतले बचत हुने प्रक्षेपण छ।

तालिका १(च): दक्षिण एशियाली मुलुक तथा चीनको चालु खाता सन्तुलन

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

मुलुक	२०१९	२०२०	२०२१	२०२२	२०२३	२०२४*
बङ्गलादेश	-१.३	-१.५	-१.१	-४.१	-०.७	-०.८
भूटान	-१९.२	-१४.८	-११.२	-२८.१	-३४.५	-१२.३
भारत	-०.९	०.९	-१.२	-२.०	-१.२	-१.४
माल्दिभ्स	-२६.६	-३४.८	-८.४	-१६.१	-२२.८	-१९.४
नेपाल	-६.९	-१.०	-७.७	-१२.७	-१.४	१.५
श्रीलङ्का	-२.१	-१.४	-३.७	-१.०	#	#
पाकिस्तान	-४.२	-१.५	-०.८	-४.७	-०.७	-१.१
अफगानिस्तान	११.७	१४.०	#	#	#	#
चीन	०.७	१.७	२.०	२.३	१.५	१.३

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ * प्रक्षेपण # प्रक्षेपण नगरेको

राष्ट्रिय अर्थतन्त्र

आर्थिक वृद्धि

१.२० अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक र उत्साहजनक रहेका छन्। गत आर्थिक वर्ष न्यूनदरमा विस्तार भएको नेपालको अर्थतन्त्रमा चालु आर्थिक वर्ष केही सुधार हुने अनुमान छ। कृषि र सेवा क्षेत्रको उत्पादन बढ्ने र उद्योग क्षेत्रको उत्पादनमा सङ्कुचन आउने देखिन्छ। विप्रेषण आप्रवाह र पर्यटनबाट आर्जन हुने भ्रमण आयमा भएको वृद्धि तथा व्यापार घाटामा भएको सुधारका कारण चालु खाता बचतमा रहेको छ। फलस्वरूप, विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च रहन पुगेको छ। समग्रमा, अर्थतन्त्रको वाह्य क्षेत्र सन्तुलित र सुदृढ बन्दै स्थायित्व कायम भएको छ। विगतमा उच्च रहेको उपभोक्ता मुद्रास्फीति अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको कमी र छिमेकी मुलुक भारतको मुद्रास्फीतिमा आएको कमीका कारण घट्दै गएको छ।

१.२१ सार्वजनिक वित्त परिचालन दबावमुक्त भइसकेको छैन। समष्टिगत मागमा वृद्धि नहुँदा आन्तरिक उत्पादनका साथै निर्माणजन्य सामग्रीको आयातमा कमी आएको छ। सरकारको पुँजीगत खर्चमा आएको कमी र अर्थतन्त्रका केही क्षेत्रका गतिविधिमा आएको शिथिलताले सरकारको राजस्व सङ्कलन अपेक्षित रूपमा हुन सकेको छैन। बढ्दो सङ्घीय खर्च र अपेक्षाभन्दा न्यून राजस्व सङ्कलनका कारण स्रोत परिचालनमा दबाव पर्न गई सार्वजनिक ऋणको आकार बढ्दै गएको छ। तसर्थ, स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाई सरकारको ऋण माथिको बढ्दो निर्भरता कम गर्दै वित्तीय स्थायित्व कायम गर्नु चुनौतीपूर्ण छ। साथै, आन्तरिक स्रोत परिचालन न्यून हुँदा प्रदेश र स्थानीय तहको वित्त व्यवस्थापनमा संघीय सरकारबाट हुने हस्तान्तरणको अंश उच्च रहेको छ।

१.२२ निजी र सार्वजनिक लगानी अपेक्षाकृत रूपमा बढ्न सकेको छैन्। नीतिगत ब्याजदरमा गरेको कटौतीले निक्षेप तथा कर्जाको ब्याजदर घटे पनि निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा बढ्न सकेको छैन्। वित्तीय क्षेत्रमा लगानीयोग्य तरलता बढेको अनुपातमा लगानी बढ्न सकेको छैन्। फलस्वरूप, पुँजी निर्माण, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

१.२३ अनुकूल मौसम र उन्नत बीउ बीजनको उपलब्धतासँगै धान लगायत वर्षे बालीको उत्पादन वृद्धिका कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। पर्यटक

आगमनसँगै आवास तथा भोजन सेवामा भएको वृद्धिका कारण सामाजिक क्षेत्रमा उल्लेख्य वृद्धि हुने अनुमान छ। निर्माण तथा उत्पादनमूलक उद्योग भने सङ्कुचन हुने अनुमान रहेको छ।

१.२४ कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बीमा र पेशागत वैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि १.९५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा आधारभूत मूल्यमा ३.५४ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष अर्थतन्त्र २.३१ प्रतिशतले विस्तार भएको थियो।

१.२५ चालु आर्थिक वर्ष कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमशः ३.०५ प्रतिशत र ३.७५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन २.७६ प्रतिशतर गैरकृषि क्षेत्रको उत्पादन २.१३ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष धानको उत्पादन ४.३३ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। साथै, हिउँदे वाली तथा नगदे बालीमा भएको वृद्धि तथा पशुपन्छीजन्य उत्पादनमा भएको वृद्धिले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान रहेको छ। गैरकृषि क्षेत्रतर्फ उत्पादनमूलक उद्योग र निर्माण क्षेत्र बाहेक अर्थतन्त्रका अन्य क्षेत्रहरुको उत्पादन बढ्ने अनुमान छ।

चार्ट १(ग): कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.२६ मुलुकको अर्थतन्त्र गैरकृषि क्षेत्रतर्फ रूपान्तरण हुँदै गएको छ। कुल गार्हस्थ्य उत्पादनमा गैरकृषि क्षेत्रको योगदान बढ्दै जाँदा कृषि क्षेत्रको योगदान भने घट्दै गएको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७५.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २३.९ प्रतिशत र ७६.१ प्रतिशत रहेको थियो। पछिल्लो दशक कृषि क्षेत्रको औसत योगदान २५.९ प्रतिशत र गैर कृषि क्षेत्रको औषत योगदान ७४.१ प्रतिशत रहेको छ।

चार्ट १(घ): कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान (प्रतिशतमा)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

उपभोग

१.२७ कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसत ९१.२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष ६.५ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ६.४ प्रतिशतले बढ्ने अनुमान छ।

चार्ट १(ङ): उपभोगको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.२८ कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्रको उपभोगको अंश घट्दै गएको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्र र निजी क्षेत्रको उपभोगको अनुपात क्रमशः ६.३ प्रतिशत र ८४.२ प्रतिशत तथा गैर-नाफामूलक संस्थाको उपभोगको अंश १.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ६.६ प्रतिशत, ८४.१ प्रतिशत र १.८ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा यस्तो अनुपात क्रमशः ८.० प्रतिशत, ८१.५ प्रतिशत र १.६ प्रतिशत रहेको छ।

१.२९ कुल उपभोगमा सरकारी क्षेत्रको उपभोगको अंश घट्दै गएको छ भने निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अंश केही बढेको छ। चालु आर्थिक वर्ष सरकारी क्षेत्र, निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमशः ६.८१ प्रतिशत, ९१.१५ प्रतिशत र २.०४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ७.१८ प्रतिशत, ९०.८२ प्रतिशत र २.० प्रतिशत रहेको थियो। विगत दश वर्षको यस्तो औसत अनुपात क्रमशः ८.८ प्रतिशत, ८९.४ प्रतिशत र १.८ प्रतिशत रहेको छ।

चार्ट १(च): सरकारी, निजी तथा गैरनाफामूलक संस्थाको उपभोग (कुल उपभोगको प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३० कुल निजी उपभोगमा खाद्य वस्तु उपभोगको अंश बढी छ। चालु आर्थिक वर्ष कुल निजी उपभोगमा खाद्य वस्तु, गैरखाद्य वस्तु र सेवाको अंश क्रमशः ४८.६ प्रतिशत, १८.५ प्रतिशत र ३२.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश क्रमशः ४८.४ प्रतिशत, १८.७ प्रतिशत र ३२.९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल निजी उपभोगमा खाद्य, गैर खाद्य वस्तु र सेवाको अंश वार्षिक औसत क्रमशः ४९.० प्रतिशत, १८.५ प्रतिशत र ३२.५ प्रतिशत रहेको छ।

चार्ट १(छ): आर्थिक वर्ष २०८०/८१ मा निजी क्षेत्रको उपभोग संरचना* (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३१ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष सीमान्त वृद्धि भइ ७.६ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक

कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत वार्षिक औसत ८.८ प्रतिशत रहेको छ।

चार्ट १(ज): कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३२ कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अंश पछिल्ला दुई आर्थिक वर्ष बढेको छ। चालु आर्थिक वर्ष कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.१५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात ३३.७९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ३६.०६ प्रतिशत रहेको छ।

लगानी

१.३३ पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा समेत कमी आएको छ। आर्थिक वर्ष २०७६/७७ मा उच्चदरले घटेको कुल लगानी त्यसपछि क्रमशः बढ्दै गत आर्थिक वर्ष पुनः घटेको छ। लगानीको वातावरणमा सुधार भइ लगानीकर्ताको आत्मविश्वास क्रमशः बढ्दै जाने अनुमानका आधारमा चालु आर्थिक वर्ष कुल लगानी २.८ प्रतिशतले बढेर रू.१७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.३ प्रतिशत रहेको छ।

चार्ट १(झ): लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३४ चालु आर्थिक वर्ष कुल स्थिर लगानी ४.० प्रतिशतले बढ्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष यस्तो लगानी ७.० प्रतिशतले घटेको थियो। गत आर्थिक वर्ष कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २५.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.६ प्रतिशत विन्दुले घटेर २४.५ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल लगानी र कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत क्रमशः ३४.३ प्रतिशत र २९.१ प्रतिशत रहेको छ।

चार्ट १(ञ): स्थिर लगानी संरचना (कुल स्थिर लगानीको प्रतिशतमा)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३५ कुल स्थिर लगानीमा निजी क्षेत्रको लगानीको अंश अधिक रहेको छ। चालु आर्थिक वर्ष कुल स्थिर लगानी रू.१३ खर्ब ९४ अर्ब ९१ करोड रहने अनुमान छ। कुल स्थिर लगानीमध्ये सरकारी, निजी र सार्वजनिक संस्थानको लगानीको अंश क्रमशः

२८.७ प्रतिशत, ६४.३ प्रतिशत र ७.० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश क्रमशः २९.५ प्रतिशत, ६४.५ प्रतिशत र ६.० प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल स्थिर लगानीमा निजी क्षेत्र, सरकारी क्षेत्र र सार्वजनिक संस्थानको अंश वार्षिक औसत ६९.९ प्रतिशत, २१.८ प्रतिशत र ८.३ प्रतिशत रहेको छ।

बचत-लगानी अन्तर

१.३६ लगानीका लागि बचत अपर्याप्त रहेको छ। न्यून बचत र कमजोर पुँजीगत खर्चका कारण बचत-लगानी अन्तर कम हुन सकेको छैन। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा बचत-लगानी अन्तर २४.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो अन्तर १.४ प्रतिशत विन्दुले कमी आई २२.९ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक यस्तो अन्तर सबैभन्दा बढी आर्थिक वर्ष २०७८/७९ मा रहेको थियो।

चार्ट १(ट): कुल गार्हस्थ्य बचत-लगानी अन्तर

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३७ पछिल्ला वर्षमा लगानीको तुलनामा कुल राष्ट्रिय बचत उल्लेख्य वृद्धि भएकोले कुल राष्ट्रिय बचत र लगानीबीचको अन्तर धनात्मक बन्दै गएको छ। विप्रेषण आप्रवाह र भ्रमण आयमा उल्लेख्य वृद्धि भएकोले कुल राष्ट्रिय बचतमा वृद्धि भएको हो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचत र लगानीबीचको अन्तरको अनुपात क्रमशः २.१ प्रतिशत र ५.६ प्रतिशतले धनात्मक रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ऋणात्मक रहेको थियो।

चार्ट १(ठ): कुल राष्ट्रिय बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

प्रतिव्यक्ति आय

१.३८ गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू.१ लाख ८१ हजार ५ सय ६९ रहेकोमा चालु आर्थिक वर्ष रू.१ लाख ९१ हजार ८ सय ८८ पुग्ने अनुमान छ। चालु आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ५.७ प्रतिशतले बढ्ने अनुमान छ। पछिल्लो दशक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत वृद्धिदर ९.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३८९ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १,४३४ अमेरिकी डलर पुग्ने अनुमान छ।

चार्ट १(ड): प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.३९ प्रति व्यक्ति राष्ट्रिय आय क्रमशः बढ्दै गएको छ। चालु आर्थिक वर्ष प्रति व्यक्ति कुल राष्ट्रिय आय गत वर्षको तुलनामा ३.६ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत

आर्थिक वर्ष यस्तो आय १.० प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्ष प्रति व्यक्ति राष्ट्रिय आय १,४५६ अमेरिकी डलर पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो आय १,४०५ अमेरिकी डलर रहेको थियो। त्यसैगरी, गत आर्थिक वर्ष प्रति व्यक्ति कुल खर्च योग्य आय १,७५५ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष यस्तो आय अमेरिकी डलर १,८४३ पुग्ने अनुमान छ।

चार्ट १(ढ): प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.४० आर्थिक वर्ष २०८०/८१ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.०३ प्रतिशत, १.२० प्रतिशत र ४.५० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर क्रमशः २.७२ प्रतिशत, १.४० प्रतिशत र २.३६ प्रतिशत रहेको थियो। पछिल्लो दशक प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर क्रमशः २.८ प्रतिशत, ४.९ प्रतिशत र ४.३ प्रतिशत रहेको छ।

चार्ट १(ण): कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.४१ कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। चालु आर्थिक वर्षद्वितीयक क्षेत्रको योगदानमा भने सीमान्त कमी आएको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः २४.४२ प्रतिशत, १३.१० प्रतिशत र ६२.४८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.५६ प्रतिशत, १२.५३ प्रतिशत र ६२.९० प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत योगदान वार्षिक औसत क्रमशः २६.४ प्रतिशत, १३.६ प्रतिशत र ६०.० प्रतिशत रहेको छ।

चार्ट १(त): कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.४२ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९२ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेकोमा चालु

आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.०९ प्रतिशत, १३.० प्रतिशत र ६२.९० प्रतिशत रहने अनुमान छ।

क्षेत्रगत वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि

कृषि क्षेत्र

१.४३ चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान २४.०९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान २३.९२ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि २.७६ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर ३.०५ प्रतिशत पुग्ने अनुमान छ। धान लगायतका वर्षे बाली, दलहन, तरकारी तथा नगदे बाली, पशुपन्छीजन्य उत्पादन लगायतमा भएको वृद्धिको कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान छ।

उद्योग क्षेत्र

१.४४ गत आर्थिक वर्ष खानी तथा उत्खनन् क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ०.९८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर २.३१ प्रतिशत रहने अनुमान छ। निर्माण क्षेत्रमा गिरावट भए तापनि खानी तथा उत्खनन् क्षेत्रको रोयल्टी सङ्कलनमा वृद्धि भएकोले यस क्षेत्रको मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान छ। गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन् क्षेत्रको योगदान ०.५१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.४७ प्रतिशत रहने अनुमान छ।

१.४५ उद्योग तथा निर्माण क्षेत्रका क्रियाकलाप विस्तार हुन नसक्नु, वस्तु तथा सेवाको मागमा कमी आउनु र उत्पादनमूलक उद्योग पूर्ण क्षमतामा सञ्चालन नहुनाको कारण चालु आर्थिक वर्ष उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि (उत्पादन) ऋणात्मक रहने अनुमान छ। गत आर्थिक वर्ष उत्पादनमूलक उद्योगको उत्पादन १.९८ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा समेत १.६० प्रतिशतले ऋणात्मक रहने अनुमान छ। पछिल्लो दशक उत्पादनमूलक उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर औसत २.५९ प्रतिशत रहेको छ।

१.४६ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ५.१६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ४.८७ प्रतिशत रहने अनुमान छ। आर्थिक गतिविधिमा सुस्तता आई उत्पादनमूलक उद्योगको उत्पादनमा प्रत्यक्ष प्रभाव परेकोले उत्पादनमूलक उद्योग क्षेत्रको योगदान न्यून हुन गएको छ।

चार्ट १(थ): कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.४७ निर्माण सामग्रीको पैठारी तथा आन्तरिक उत्पादनमा आएको कमी लगायतका कारण चालु आर्थिक वर्ष निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि सङ्कुचन हुने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर १.१० प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्ष समेत २.०७ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान ५.८५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ५.४१ प्रतिशत हुने अनुमान छ।

चार्ट १(द): कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.४८ जलविद्युत उत्पादन बढेसँगै विद्युत क्षेत्रको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्ष समेत उल्लेख्यरूपमा बढ्ने अनुमान छ। गत आर्थिक वर्ष विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि १९.८९ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष १७.४४ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.६२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदानमा सीमान्त वृद्धि भइ १.८१ प्रतिशत पुग्ने अनुमान छ।

चार्ट १(घ): कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.४९ पानीको मागमा क्रमिक वृद्धि र पानी आपूर्ति गर्ने संस्थाको उत्पादनमा समेत वृद्धि हुँदै गएपनि चालु आर्थिक वर्ष पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सामान्य वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ३.२५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर २.८० प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.४६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.४४ प्रतिशत रहने अनुमान छ।

चार्ट १(न): कुल गार्हस्थ्य उत्पादनमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

सेवा क्षेत्र

१.५० वस्तु आयात तथा आन्तरिक औद्योगिक उत्पादनमा आएको कमीले थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको वृद्धिदर सामान्य रहने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर ३.२ प्रतिशतले सङ्कुचन भएकोमा चालु आर्थिक वर्ष ०.२ प्रतिशतले वृद्धि हुने अनुमान छ।

१.५१ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान १४.०९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष १३.८४ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक यस क्षेत्रको औसत वृद्धिदर ३.७५ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा औसत योगदान १५.१६ प्रतिशत रहेको छ।

चार्ट १(प): कुल गार्हस्थ्य उत्पादनमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५२ चालु आर्थिक वर्ष यातायात तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुने अनुमान रहेको छ। सवारी साधनको आयात र पर्यटक आगमनमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८०/८१ मा यातायात तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धि ११.८९ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्ष भने यस्तो वृद्धिदर १.४५ प्रतिशत मात्र रहेको थियो। विगत दश वर्षको यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको औसत वृद्धिदर ४.१५ प्रतिशत रहेको छ।

चार्ट १(फ): कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५३ विदेशी पर्यटकको आगमनमा भएको उल्लेख्य वृद्धि तथा आन्तरिक पर्यटनमा भएको विस्तार समेतको कारण आवास तथा भोजन सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि उच्च दरले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि १८.०३ प्रतिशतले विस्तार भएकोमा चालु आर्थिक वर्ष उल्लेख्य सुधार भइ यस्तो वृद्धि २१.८४ प्रतिशत पुग्ने अनुमान छ।

१.५४ चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान २.४२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान १.९६ प्रतिशत रहेको थियो। पछिल्लो दशक यस क्षेत्रको योगदान वार्षिक औसत १.९७ प्रतिशत र वृद्धिदर ५.९३ प्रतिशत रहेको छ। आन्तरिक र बाह्य पर्यटकको सङ्ख्यामा भएको उत्साहजनक वृद्धिले आर्थिक क्रियाकलाप चलायमान भइ रोजगारी सिर्जना र आय आर्जनमा सहयोग पुग्ने देखिन्छ।

चार्ट १(ब): कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५५ कम्प्युटर प्रोग्रामिङ्ग तथा सूचना सेवाका क्रियाकलापमा भएको वृद्धि र इन्टरनेट सेवा प्रदायकको कारोवार तथा ताररहित सञ्चारमा भएको वृद्धिको कारण सूचना तथा सञ्चार क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.१५ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर ४.९१ प्रतिशत पुग्ने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.९४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान १.९६ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा

यस क्षेत्रको योगदान वार्षिक औसत २.२७ प्रतिशत र वृद्धिदर ५.४१ प्रतिशत रहेको छ।

चार्ट १(भ): कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५६ बैङ्क तथा वित्तीय संस्थाको सेवा शुल्क बापत प्राप्त आम्दानीमा भएको वृद्धिका कारण चालु आर्थिक वर्ष वित्तीय तथा बीमा क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ७.२७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ७.८० प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ७.०४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ६.८२ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ६.३१ प्रतिशत र वृद्धिदर ६.७७ प्रतिशत रहेको छ।

चार्ट १(म): कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५७ घरजग्गा कारोबारको कर्जा प्रवाह न्यून भइ कारोबार विस्तार हुन सकेको छैन। घरजग्गा कारोबारमा कमी आएको भए तापनि निजी आवास तथा भाडाका क्रियाकलापमा भएको बढोत्तरीका कारण घरजग्गा कारोबार सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि २.१८ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष २.९८ प्रतिशतले बढ्ने अनुमान छ।

१.५८ चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान ८.३३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.२४ प्रतिशत रहेको थियो। पछिल्लो दशक यस क्षेत्रको योगदान वार्षिक औसत ८.७९ प्रतिशत र वृद्धिदर २.३० प्रतिशत रहेको छ।

चार्ट १(य): कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५९ अध्ययन तथा अनुसन्धानमूलक क्रियाकलापमा बढोत्तरी भएसँगै पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धि बढेको छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.९३ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ४.१५ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.९६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष सीमान्त वृद्धि भइ ०.९९ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.९८ प्रतिशत र वृद्धिदर ४.३२ प्रतिशत रहेको छ।

चार्ट १(र): कुल गार्हस्थ्य उत्पादनमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.६० प्रशासनिक सेवाका लागि विभिन्न संस्थासँग लिने सेवा, रोजगारी सेवा र पर्यटक आगमनमा भएको वृद्धि लगायतका कारण प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप बढ्दै गएका छन्। चालु आर्थिक वर्ष प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.०४ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ५.०३ प्रतिशतले विस्तार भएको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.७० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.७१ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.७० प्रतिशत र वृद्धिदर ८.०१ प्रतिशत रहेको छ।

चार्ट १(ल): कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.६१ गत आर्थिक वर्ष सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.७५ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ४.४९ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ९.९७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ९.६३ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ७.६० प्रतिशत र वृद्धिदर ५.१९ प्रतिशत रहेको छ।

चार्ट १(व): कुल गार्हस्थ्य उत्पादनमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.६२ सरकारी शैक्षिक संस्थामा विद्यार्थी सङ्ख्या बढ्नुको साथै शिक्षा क्षेत्रमा गरिने खर्च बढेपनि चालु आर्थिक वर्ष शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सामान्य वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.९३ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर २.७१ प्रतिशत पुग्ने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ८.५० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.३४ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ७.६७ प्रतिशत र वृद्धिदर ५.०१ प्रतिशत रहेको छ।

चार्ट १(श): कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.६३ स्वास्थ्य पूर्वाधार निर्माण र सेवामा भएको विस्तारसँगै स्वास्थ्य सेवामा आमनागरिकको पहुँच बढेको छ। गत आर्थिक वर्ष मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको कुल मूल्य अभिवृद्धि ६.५७ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष ५.५२ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान १.९२ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत १.६४ प्रतिशत र वृद्धिदर ६.४८ प्रतिशत रहेको छ।

चार्ट १(ष): कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.६४ सङ्घ, प्रदेश र स्थानीय तहले सामुदायिक तथा सामाजिक क्षेत्रमा गरेको खर्चमा भएको बढोत्तरी र निजी क्षेत्रबाट सञ्चालित मनोरञ्जनात्मक तथा अन्य आर्थिक गतिविधिमा भएको विस्तारका कारण **अन्य सेवाका क्रियाकलाप क्षेत्र** (कला, मनोरञ्जन तथा अन्य रोजगारदाता घरपरिवारका क्रियाकलाप र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलाप) को कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। गत आर्थिक वर्ष अन्य सेवाका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.११ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ४.१७ प्रतिशतले बढ्ने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.५७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ०.५९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.५७ प्रतिशत र वृद्धिदर ४.७४ प्रतिशत रहेको छ।

२. सार्वजनिक वित्त

२.१ चालु आर्थिक वर्ष सार्वजनिक वित्तका अधिकांश परिसूचक सुधारोन्मुख छन्। गत आर्थिक वर्षमा सङ्कुचन भएको राजस्व परिचालन चालु आर्थिक वर्षको शुरूवातदेखि नै क्रमशः बढ्दै गएको छ। राजस्व प्रशासनमा भएको सुधार एवं वस्तु पैठारीमा लगाइएको बन्देज सरकारले पूर्णरूपमा हटाएसँगै तदनुरूपको प्रभाव राजस्व परिचालनमा देखापरेको छ। राजस्व चुहावट हुनसक्ने सम्भावित क्षेत्रमा जोखिममा आधारित नियमन बढाइएको छ। यद्यपि, लक्ष्यको तुलनामा राजस्व परिचालन न्यून रहेको छ।

२.२ वस्तु पैठारीमा भएको सङ्कुचन समेतको प्रभावस्वरूप राजस्व परिचालन लक्ष्यबमोजिम हुन नसक्दा सार्वजनिक स्रोतमा चाप पर्न गई सार्वजनिक ऋण बढ्दै गएको छ। ऋणको परिमाणमा वृद्धि भएसँगै ऋणको लागत समेत बढेको छ। चालु आर्थिक वर्षको बजेटमा कुल विनियोजनको १८.९ प्रतिशत ऋण सेवा खर्चको लागि विनियोजन भएको छ। पछिल्ला वर्षमा कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा क्रमशः बढ्दै गएको छ। आन्तरिक ऋण परिचालनमा वृद्धि भए पनि सावाँ भुक्तानीमा सोहीबमोजिम खर्च भएको कारण आन्तरिक ऋण वाञ्छित सीमाभित्रै रहेको छ। बाह्य ऋण अन्तर्गत मध्यम र दीर्घकालीन अवधिको सहुलियतपूर्ण ऋणको हिस्सा उच्च रहेको छ।

२.३ वित्तीय सङ्घीयताको व्यवस्थापन र सङ्घीय इकाइको प्रभावकारिता अभिवृद्धि गर्न न्यूनतम, सूत्र र कार्यसम्पादनमा आधारित भई वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुने गरेको छ। त्यसैगरी, अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई चालु र पुँजीगत खर्च छुट्टिने गरी विनियोजन गर्ने व्यवस्था रहेको छ।

२.४ प्रदेश र स्थानीय तहको आन्तरिक स्रोत परिचालन प्रभावकारी हुन नसक्दा सङ्घीय सरकार माथिको निर्भरतामा कमी आउन सकेको छैन। संविधान प्रदत्त राजस्व अधिकारको पूर्ण उपयोग हुन नसक्नु, कुल राजस्व परिचालनमा आन्तरिक राजस्वको हिस्सा अत्यन्त न्यून हुनु र आन्तरिक ऋणको परिचालनसम्बन्धी संस्थागत व्यवस्था हुन नसक्नु जस्ता चुनौती यथावत छन्।

२.५ पुँजी निर्माणमा प्रत्यक्ष सहयोग नगर्ने प्रकृतिका चालु खर्च कटौती गरी क्रमशः मितव्ययी हुँदै जाने नीति अवलम्बन गरिएको छ। पुँजीगत खर्च बढाउन विभिन्न निकायमा रहेको एकमुष्ट बजेट असोजभित्र बाँडफाँट गर्ने र ठेक्का प्रक्रिया कात्तिकसम्म

सम्पन्न गरिसक्नुपर्ने व्यवस्था गरिएको छ। आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० लागू भएको छ। एक अर्ब रूपैयाँभन्दा बढी लागतका ठूला आयोजनाको अनुगमन गर्ने मापदण्ड तर्जुमा भई कार्यान्वयनमा आएको छ। तीन तहमा कार्यान्वयन हुने आयोजनाको दोहोरोपन हटाउन आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० तर्जुमा भई कार्यान्वयनमा आएको छ। सार्वजनिक खर्चको प्रभावकारिता र पारदर्शिता अभिवृद्धि गर्न सरकारी भुक्तानी प्रणालीमा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर लागू गरिएको छ। यस्ता प्रयासबाट सार्वजनिक वित्त व्यवस्थापनलाई थप सबल, सुदृढ र प्रविधिमैत्री बनाउन मद्दत पुगेको छ।

सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च

२.६ आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको कुल राजस्व सङ्कलन (सो आर्थिक वर्षमा तीन तहका सरकारले सङ्कलन गरेको रोयल्टीमध्ये बाँडफाँट गर्न बाँकी रहेको रू.६ अर्ब ८९ करोड ७० लाख सहित) रू.१० खर्ब ४२ अर्ब ६४ करोड रहेको छ। तीन तहका सरकारले उपयोग गरेको राजस्व रू.१० खर्ब ३५ अर्ब ७५ करोडमध्ये सङ्घ, प्रदेश र स्थानीय तहले उपयोग गरेको राजस्वको हिस्सा क्रमशः ८०.५३ प्रतिशत, ८.८८ प्रतिशत र १०.५९ प्रतिशत रहेको छ।

तालिका २(क) : सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण
(आर्थिक वर्ष २०७९/८०)

१. सङ्घ, प्रदेश र स्थानीय तहको खर्च स्थिति (रू.करोडमा)

विवरण	सङ्घ	प्रदेश	स्थानीय तह	जम्मा
खुद चालु खर्च	५९४१४.६४	५३५०.३४	२८४७४.६२	९३२३९.६०
वित्तीय हस्तान्तरण	३९७३६.०३	२६३९.४५	०.००	४२३७५.४८
पुँजीगत खर्च	२३४६२.४८	१२४१८.०७	१६८६४.१६	५२७४४.७१
वित्तीय व्यवस्था	१९५१९.५४	६०.००	४३.००	१९६२२.५४
अनुदान हस्तान्तरण सहितको कुल खर्च	१४२१३२.७०	२०४६७.८६	४५३८१.७७	२०७९८२.३३
अनुदान हस्तान्तरण बाहेकको खुद खर्च	१०२३९६.६६	१७८२८.४१	४५३८१.७७	१६५६०६.८५

२. सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व र वित्तीय हस्तान्तरण प्राप्तिको स्थिति (रू.करोडमा)

विवरण	कर	गैरकर र अन्य	वित्तीय हस्तान्तरण	जम्मा
सङ्घ	७४८४२.००	८५६३.९५	०.००	८३४०५.९६
प्रदेश	८१५४.९१	१०४६.०८	९३५९.८७	१८५६०.८६
स्थानीय तह	८९५७.८९	२००९.६९	३१९२३.२८	४२८९०.८६
जम्मा	**९१९५४.८०**	**११६१९.७२**	**४१२८३.१५**	**१४४८५७.६७**

३. सङ्घ, प्रदेश र स्थानीय तहको अन्य आयको स्थिति (रू.करोडमा)

विवरण	अनुदान	आन्तरिक ऋण लगानी फिर्ता	अन्य प्राप्ति	जम्मा
सङ्घ	२३००.८९	११८१.४१	५३३०.२५	८८१२.५६
प्रदेश	४.६८	११.११	४१४.२१	४३०.०१
स्थानीय तह	६.०५	०.४२	११६.३१	१२२.७८
जम्मा	**२३११.६२**	**११९२.९४**	**५८६०.७७**	**९३६५.३४**

४. सङ्घ, प्रदेश र स्थानीय तहको ऋण परिचालन (रू.करोडमा)

विवरण	आन्तरिक ऋण	बाह्य ऋण	अन्य	जम्मा
सङ्घ	२४८७३.८३	१२३०४.७६	०.००	३७१७८.५९
प्रदेश	०.००	०.००	०.००	०.००
स्थानीय तह	०.००	०.००	०.००	०.००
जम्मा	**२४८७३.८३**	**१२३०४.७६**	**०.००**	**३७१७८.५९**

५. सङ्घ, प्रदेश र स्थानीय तहको खर्च र प्राप्तिको विवरण (रू.करोडमा)

विवरण	सङ्घ	प्रदेश	स्थानीय तह	जम्मा
खर्च	१४२१३२.७०	२०४६७.८६	४५३८१.७७	१६५६०६.८५
कुल प्राप्ति (अनुदान हस्तान्तरण सहित)	१२९३९७.१०	१८९९०.८६	४३०१३.६३	१९१४०१.५९
खुद प्राप्ति (अनुदान हस्तान्तरण बाहेक)	१२९३९७.१०	९६३०.९९	११०९०.३५	१५०११८.४४

६. सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषको अवस्था (रू.करोडमा)

विवरण	सङ्घ	प्रदेश	स्थानीय तह	जम्मा
आर्थिक वर्ष २०७९/८० को सञ्चित कोष बचत(+)/न्यून(-)	-१२७३५.५९	-१४७७.००	-२३६८.१४	-१६५८०.७४
२०७९ असारमसान्तको सञ्चित कोषको अवस्था	-५३९१.१४	७९१८.८७	१०२३२.५८	१२७६०.३१
२०८० असारमसान्तको सञ्चित कोषको अवस्था	-१८१२६.७४	६४४१.८७	७८६४.४४	-३८२०.४३

नोटः गत आर्थिक वर्षमा आन्तरिक ऋण परिचालन रू.२ खर्ब ५५ अर्ब ९९ करोड ७७ लाखमध्ये सरकारलाई प्राप्त भएको रू.२ खर्ब ४८ अर्ब ७३ लाख ८३ हजार ट्रेजरी बिलको बट्टाकट्टा बाहेकको खुद प्राप्ति हो।

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.७ आर्थिक वर्ष २०७९/८० मा सङ्घ, प्रदेश र स्थानीय तहको खुद खर्च (एकीकृत खर्च) रू.१६ खर्ब ५६ अर्ब ७ करोड रहेको छ। एकीकृत खर्चमध्ये चालु खर्च ५६.३० प्रतिशत, पुँजीगत खर्च ३१.८५ प्रतिशत र वित्तीय व्यवस्था तर्फको खर्च ११.८५ प्रतिशत रहेको छ। त्यसैगरी, कुल एकीकृत खर्चमध्ये सङ्घ, प्रदेश र

स्थानीय तहले गरेको खर्च क्रमशः ६१.८३ प्रतिशत, १०.७७ प्रतिशत र २७.४० प्रतिशत रहेको छ।

चार्ट २(क): तीन तहका सरकारको एकीकृत खर्चको स्थिति (प्रतिशतमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.८ गत आर्थिक वर्ष अनुदान हस्तान्तरण सहित तीन तहका सरकारको कुल प्राप्ति रू.१९ खर्ब १४ अर्ब २ करोडमध्ये सङ्घ, प्रदेश र स्थानीय तहको कुल प्राप्ति क्रमशः ६७.६१ प्रतिशत, ९.९२ प्रतिशत, र २२.४७ प्रतिशत रहेको छ। यस अवधिमा अनुदान हस्तान्तरण बाहेक तीन तहका सरकारको खुद प्राप्ति रू.१५ खर्ब १ अर्ब १८ करोड रहेको छ।

तालिका २(ख) : आर्थिक वर्ष २०७९/८० मा आय र खर्चको तुलनात्मक स्थिति

विवरण	सङ्घीय सरकार		तीन तहका सरकार	
	रू.करोडमा	कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा	रू.करोडमा	कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा
कुल खर्च	१४२१३२.७	२६.५७	१६५६०६.८	३०.९६
चालु खर्च	९९१५०.७	१८.५४	९३२३९.६	१७.४३
पुँजीगत खर्च	२३४६२.५	४.३९	५२७४४.७	९.८६
वित्तीय व्यवस्था	१९५१९.५	३.६५	१९६२२.५	३.६७
राजस्व	८३४०६.०	१५.५९	१०३५७४.५	१९.३७
कर राजस्व	७४८४२.०	१३.९९	९१९५४.८	१७.१९
गैरकर राजस्व	८५६४.०	१.६०	११६१९.७	२.१७
कुल आय	९२२१८.५	१७.२४	११२९३९.९	२१.१२
वजेट सन्तुलन	-४९९१४.२	-९.३३	-५२६६७.०	-९.८५
राजस्व सन्तुलन	-१५७४४.७	-२.९४	१०३३४.९	१.९३

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८० को तथ्याङ्कबाट गणना गरिएको।

२.९ गत आर्थिक वर्षमा सङ्घ, प्रदेश र स्थानीय तहको कुल एकीकृत खर्च तीन तहको सरकारको कुल आय भन्दा रू.५ खर्ब २६ अर्ब ६७ करोडले बढी रहेको छ।

त्यसैगरी, सो अवधिमा ३ तहका सरकारको कुल राजस्व खुद चालु खर्चभन्दा रू.१ खर्ब ३ अर्ब ३५ करोडले बढी रहेको छ।

२.१० गत आर्थिक वर्ष सङ्घीय सरकारको बजेट सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ९.३३ प्रतिशतले ऋणात्मक रहेकोमा तीन तहका सरकारको बजेट सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ९.८५ प्रतिशतले ऋणात्मक रहेको थियो। सो अवधिमा सङ्घीय सरकारको राजस्व सन्तुलन कुल गार्हस्थ्य उत्पादनको २.९४ प्रतिशतले ऋणात्मक रहेकोमा तीन तहका सरकारको यस्तो सन्तुलन भने कुल गार्हस्थ्य उत्पादनको १.९३ प्रतिशतले धनात्मक (बचत) रहेको थियो।

२.११ गत आर्थिक वर्ष सङ्घबाट प्रदेश र स्थानीय तहमा तथा प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रू.४ खर्ब २३ अर्ब ७५ करोड अभिलेख भएकोमा प्रदेश र स्थानीय तहले वित्तीय हस्तान्तणबापत प्राप्त गरेको अनुदान रू.४ खर्ब १२ अर्ब ८३ करोड रहेको देखिन्छ। अभिलेख भएको खर्च र प्राप्ति बीचको अन्तर रू.१० अर्ब ९२ करोड रहेको छ।

२.१२ २०८० असारमसान्तमा तीन तहका सरकारको सञ्चित कोष रू.३८ अर्ब २० करोडले ऋणात्मक रहेको छ। २०७९ असारमसान्तमा तीन तहका सरकारको सञ्चित कोष रू.१ खर्ब २७ अर्ब ६० करोडले बचतमा रहेको थियो। २०८० असारमसान्तमा सङ्घीय सरकारको सञ्चित कोष रू.१ खर्ब ८१ अर्ब २७ करोडले ऋणात्मक रहेकोमा प्रादेशिक सञ्चित कोष रू.६४ अर्ब ४२ करोड र स्थानीय तहको सञ्चित कोष रू.७८ अर्ब ६४ करोडले धनात्मक रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा भने तीन तहका सरकारको प्राप्ति भन्दा खर्च बढी भई तीनै तहमा सञ्चित कोष ऋणात्मक रहेको थियो।

सङ्घीय सञ्चित कोष

२.१३ आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सञ्चित कोषमा प्राप्त भएको रकम अघिल्लो आर्थिक वर्षको तुलनामा ५.४ प्रतिशतले घटेर रू.१२ खर्ब ९३ अर्ब ९७ करोड रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा उक्त कोषमा प्राप्त भएको रकम ५.१ प्रतिशतले वृद्धि भई रू.१३ खर्ब ६७ अर्ब २१ करोड पुगेको थियो।

तालिका २(ग): सङ्घीय सञ्चित कोषको अवस्था (रू.करोडमा)

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
सङ्घीय प्राप्ति	**१०८३६४.७४**	**१३०१०१.२७**	**१३६७२१.४३**	**१२९३९७.१०**
सङ्घीय राजस्व	७०५४९.८२	८२४९४.६४	९३८२७.८५	८३४०५.९६
वैदेशिक अनुदान	१९१९.१८	३५४४.७६	२४१४.९०	२३००.८९
बेरूजु र नगद मौज्दात	४७५६.५८	४०४३.३०	४८५०.४९	५३३०.२५
आन्तरिक ऋण लगानीको सावाँ फिर्ता	०.००	३२२.३५	२९३.८५	११८१.४१
आन्तरिक ऋण प्राप्ति	१९४९०.२८	२२२७७.८७	२२७७३.०७	२४८७३.८३
वैदेशिक ऋण प्राप्ति	११६४८.८८	१७४१८.३५	१२५६१.२८	१२३०४.७६
सङ्घीय खर्च	**१०९१०८.५१**	**११९६६७.६०**	**१३१०००.१०**	**१४२१३२.७०**
चालु खर्च	७८४१४.८९	८४६२१.७३	९५४३१.६८	९९१५०.६७
पुँजीगत खर्च	१८९०८.४७	२२८८३.६१	२१६२१.३१	२३४६२.४८
वित्तीय व्यवस्थापन	११७८५.१५	१२१६२.२६	१३९४७.१०	१९५१९.५४
सङ्घीय सञ्चित कोषको अवस्था बचत (+)/न्यून(-)	**-७४३.७७**	**१०४३३.६८**	**५७२१.३३**	**-१२७३५.५९**

स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालय, २०८०

सार्वजनिक वित्तको आकार र प्रवृत्ति

२.१४ आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ९.३३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो घाटा ६.० प्रतिशत थियो।

चार्ट २(ख): बजेट र राजस्व सन्तुलन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

नोटः राजस्व सन्तुलनले राजस्व र चालु खर्च बीचको अन्तरलाई बुझाउँछ।

२.१५ आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारको बजेट घाटा ६८.६ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ९९ अर्ब १४ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय सरकारको बजेट घाटा १.७ प्रतिशतले घटेर रू.२ खर्ब ९६ अर्ब १३ करोड रहेको थियो।

२.१६ पछिल्ला ४ आर्थिक वर्ष राजस्व सन्तुलन ऋणात्मक रहेको छ। गत आर्थिक वर्षमा सङ्घीय सरकारको चालु खर्च संघीय राजस्व भन्दा (राजस्व सन्तुलन) रू.१खर्ब ५७ अर्ब ४५ करोडले बढी रहेको थियो। जुन कुल गार्हस्थ्य उत्पादनको २.९४ प्रतिशत हो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ०.३३ प्रतिशतले ऋणात्मक रहेको थियो।

२.१७ गत आर्थिक वर्ष सङ्घीय सरकारको कुल आय ९.० प्रतिशतले घटेर रू.९ खर्ब २२ अर्ब १९ करोड रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो आय १३.२३ प्रतिशतले वृद्धि भई रू.१० खर्ब १३ अर्ब ८७ करोड पुगेको थियो।

२.१८ गत आर्थिक वर्ष कुल सङ्घीय सरकारी खर्च ८.५ प्रतिशतले वृद्धि भई रू.१४ खर्ब २१ अर्ब ३३ करोड पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च ९.५ प्रतिशतले वृद्धि भई रू.१३ खर्ब १० अर्ब पुगेको थियो।

तालिका २(घ): सार्वजनिक वित्तका सूचक (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

परिसूचकहरू	२०७५ /७६	२०७६ /७७	२०७७ /७८	२०७८ /७९	२०७९ /८०
सङ्घीय खर्च	२८.८	२८.१	२७.५	२६.३	२६.६
चालु खर्च	१८.६	२०.२	१९.४	१९.२	१८.५
पुँजीगत खर्च	६.३	४.९	५.३	४.३	४.४
वित्तीय व्यवस्था	४.०	३.०	२.८	२.८	३.७
कुल राजस्व	२१.५	२०.४	२१.५	२१.४	१७.९
कर	१९.१	१८.०	२०.०	१९.८	१६.२
गैरकर	२.४	२.४	१.५	१.६	१.७
सङ्घीय राजस्व	१९.०	१८.१	१९.०	१८.९	१५.६
कर	१६.७	१५.८	१७.५	१७.३	१४.०
गैरकर	२.३	२.४	१.५	१.६	१.६
सङ्घीय आय	२०.१	१९.९	२०.६	२०.४	१७.२
सङ्घीय बजेट घाटा	८.७	८.२	६.९	६.०	-९.३
सङ्घीय राजस्व बचत	०.४	-२.०	-०.५	-०.३	-२.९
तिर्न बाँकी सार्वजनिक ऋण	२७.२	३६.९	३९.९	४०.५	४२.९
ऋण सेवा खर्च (ब्याज र सावाँ)	२.०	२.२	२.२	२.५	४.२

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.१९ आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा सङ्घीय खर्च २६.६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च २६.३ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः १८.५ प्रतिशत, ४.४ प्रतिशत र ३.७ प्रतिशत रहेको

थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च क्रमशः १९.२ प्रतिशत, ४.३ प्रतिशत र २.८ प्रतिशत रहेको थियो।

चार्ट २(ग): सङ्घीय सरकारको खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.२० आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा सङ्घीय राजस्व १५.६ प्रतिशत र प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने राजस्व २.३ प्रतिशत रहेको थियो भने सङ्घीय सरकारले सङ्कलन गरेको राजस्व १७.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा सङ्घीय राजस्व १८.९ प्रतिशत र प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने राजस्व २.५ प्रतिशत रहेको थियो भने सङ्घीय सरकारले सङ्कलन गरेको राजस्व २१.४ प्रतिशत रहेको थियो।

चार्ट २(घ): राजस्वको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.२१ सङ्घीय सरकारले साधन स्रोतमा भएको न्यूनतालाई सार्वजनिक ऋणबाट पूर्ति गर्दै लगेकोले सार्वजनिक ऋण बढ्दै गएको छ। २०७९ फागुनसम्म कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ३८.९ प्रतिशत रहेकोमा २०८० फागुनसम्म यस्तो ऋण ४१.९ प्रतिशत पुगेको छ, जसमध्ये आन्तरिक र बाह्य ऋण क्रमशः २१.१ प्रतिशत र २०.८ प्रतिशत रहेको छ। २०७९ फागुनसम्म आन्तरिक र बाह्य ऋण १८.९ प्रतिशत र २०.० प्रतिशत रहेको थियो। हाल सार्वजनिक ऋण वाञ्छित सीमाभित्र रहेपनि सार्वजनिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्दै ऋणको दीगोपना कायम गर्ने तर्फ सार्वजनिक ऋण नीति केन्द्रित गर्नुपर्ने देखिन्छ।

चार्ट २(ङ): खुद सार्वजनिक ऋणको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.२२ आर्थिक वर्ष २०७९/८० मा आन्तरिक ऋण निष्काशन कुल गार्हस्थ्य उत्पादनको ४.८ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म रू.१ खर्ब ६३ अर्ब ३१ करोड बराबरको आन्तरिक ऋण निष्काशन भएको छ।

चार्ट २(च): आन्तरिक ऋण निष्काशनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०

२.२३ पछिल्ला वर्षमा सरकारको ऋण सेवा खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा क्रमशः बढ्दै गएको छ। गत आर्थिक वर्षमा यस्तो खर्च कुल गार्हस्थ्य उत्पादनको ४.१६ प्रतिशत पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशत थियो। गत आर्थिक वर्षमा सावाँ र ब्याज बापतको खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः २.८ प्रतिशत र १.३६ प्रतिशत रहेको थियो।

चार्ट २(छ): ऋण सेवा खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.२४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनमा अनुदानको अंश न्यून रहेको छ। गत आर्थिक वर्षमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन कुल गार्हस्थ्य उत्पादनको २.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो परिचालन ३.२ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक ऋण र अनुदानको अनुपात क्रमशः २.३ प्रतिशत र ०.४ प्रतिशत रहेको थियो।

चार्ट २(ज) : अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०

सरकारी वित्तको तुलनात्मक स्थिति

२.२५ चालु आर्थिक वर्षको फागुनसम्म कुल सङ्घीय खर्च तुलनात्मकरूपमा बढेको छ। यद्यपि, यस अवधिमा चालु खर्च र पुँजीगत खर्च केही घटेको छ भने वित्तीय व्यवस्था तर्फको खर्च उल्लेख्यरूपमा बढेको छ। सरकारले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन अवलम्बन गरेको प्रयासस्वरूप पुँजी निर्माणमा सहयोग नगर्ने प्रकृतिको चालु खर्च कटौती गर्दै जाने नीति अवलम्वन गरेको छ। यद्यपि, विनियोजन दक्षता र कार्य सञ्चालन सक्षमता कमजोर रहँदा पुँजीगत खर्च गर्ने क्षमतामा सुधार हुन सकेको छैन।

२.२६ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८७ प्रतिशतले बढेर रू.८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो खर्च १५.५१ प्रतिशतले बढेर रू.७ खर्ब ७९ अर्ब २३ करोड पुगेको थियो।

२.२७ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व १०.४ प्रतिशतले बढेर रू.५ खर्ब ६१ अर्ब ९३ करोड पुगेको छ। यस अवधिमा कर राजस्व १०.७ प्रतिशतले बढेको छ भने गैरकर राजस्व ८.५ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व १५.३ प्रतिशतले घटेर रू.५ खर्ब ८ अर्ब ७७ करोड रहेको थियो। यस अवधिमा राजस्व परिचालन बढेपनि लक्ष्य भन्दा २३.५ प्रतिशत न्यून सङ्कलन भएको छ। यसबाट अर्थतन्त्र हालसम्म पनि कोभिड पश्चातको पुनरूत्थानको क्रममा नै रहेको र सरकारले केही वस्तुको पैठारीमा लगाएको प्रतिबन्धको असर केही हदसम्म कायमै रहेको देखिन्छ।

२.२८ संघीय राजस्व परिचालन बढेको र सङ्घीय खर्च अपेक्षितरूपमा हुन नसकेकोले यस अवधिमा बजेट घाटा तुलनात्मकरूपमा घटेको छ। चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको बजेट घाटा ८.५ प्रतिशतले घटेर रू.२ खर्ब ४ अर्ब १५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू.२ खर्ब २३ अर्ब ११ करोड रहेको थियो।

२.२९ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको राजस्व सन्तुलनमा केही सुधार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म राजस्व सन्तुलन रू.१ खर्ब ७ करोडले ऋणात्मक रहेकोमा यस अवधिमा रू.२१ अर्ब २३ करोडले ऋणात्मक रहेको छ।

तालिका २(ङ): सङ्घीय सरकारको वित्तको स्थिति

विवरण	फागुनसम्म				
	रू.करोडमा			प्रतिशत परिवर्तन	
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०७८/७९	२०८०/८१
कुल सरकारी खर्च	६७४६१.१	७७९२३.०	८०१५८.३	१५.५	२.९
चालु खर्च	५३८५७.०	६०८८४.५	५८२११.०	१३.०	-४.४
पुँजीगत खर्च	७७१४.८	८४२५.६	८१२१.५	९.२	-३.६
वित्तीय व्यवस्था	५८८९.३	८६१३.०	१३८२५.८	४६.२	६०.५
सङ्घीय राजस्व	६००५७.१	५०८७७.४	५६०८७.७	-१५.३	१०.२
कर	५४८११.४	४५४११.६	५०२६२.४	-१७.१	१०.७
गैर कर	५२४५.७	५४६५.८	५८२५.३	४.२	६.६
वैदेशिक अनुदान	१३८८.३	१०३३.४	१००५.५	-२५.६	-२.७
आन्तरिक ऋण लगानी फिर्ता	७९.८	१८०.०	४४७.६	१२५.६	१४८.७
नगद मौज्दात र बेरूजु	३८०४.६	३५२०.८	२२०२.९	-७.५	-३७.४
सङ्घीय आय	६५३२९.८	५५६११.५	५९७४३.७	-१४.९	७.४
बजेट सन्तुलन	-२१३१.३	-२२३११.५	-२०४१४.६	-	-८.५
राजस्व सन्तुलन	६२००.१	-१०००७.०	-२१२३.३	-	-

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

सङ्घीय खर्चको संरचना

२.३० चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.९ प्रतिशतले वृद्धि भई रू.८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ। यस अवधिमा चालु खर्च र पुँजीगत खर्च क्रमशः ४.४ प्रतिशत र ३.६ प्रतिशतले घटेको छ भने वित्तीय व्यवस्था तर्फको खर्च ६०.५ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च १५.५ प्रतिशतले बढेर रू.७ खर्ब ७९ अर्ब २३ करोड रहेको थियो।

२.३१ यस अवधिको सङ्घीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चको अनुपात क्रमशः ७२.६ प्रतिशत, १०.१ प्रतिशत र १७.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ७८.१ प्रतिशत, १०.८ प्रतिशत र ११.१ प्रतिशत रहेको थियो।

चार्ट २(झ): सङ्घीय सरकारी खर्चको संरचना (कुल सङ्घीय सरकारी खर्चको प्रतिशतमा)

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८० *फागुनसम्म

कार्यात्मक वर्गीकरणअनुसारको चालु खर्च विवरण

२.३२ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको चालु खर्च रू.५ खर्ब ८२ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको यस्तो खर्च रू.६ खर्ब ८ अर्ब ८४ करोड रहेको थियो।

२.३३ गत आर्थिक वर्ष सङ्घीय सरकारको चालु खर्च (अनुदान हस्तान्तरण सहित) ३.९ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ९१ अर्ब ५१ करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय सरकारको यस्तो खर्च १२.८ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ५४ अर्ब ३२ करोड रहेको थियो।

तालिका २(च): सङ्घीय सरकारको चालु खर्चको कार्यात्मक संरचना (प्रतिशतमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०	२०८०/८१
सामान्य सार्वजनिक सेवा	५७.४४	५२.७८	५२.५५	५३.४२	५३.७९	५२.४३
रक्षा	५.१८	५.०	५.२१	५.६५	५.६७	६.०५
सार्वजनिक शान्ति सुरक्षा	५.५९	६.५३	७.२०	६.८४	८.०२	७.२९
आर्थिक मामिला	७.२३	६.५८	७.९४	५.५७	६.८७	६.८५
वातावरण संरक्षण	०.१२	०.०९	०.०८	०.०७	०.०५	०.०५
आवास तथा सामुदायिक सुविधा	०.३९	०.१९	०.२७	०.२	०.१७	०.२४
स्वास्थ्य	४.९२	६.३	३.६६	५.०७	३.५८	३.४६
मनोरञ्जन, संस्कृति तथा धर्म	०.३७	०.४२	०.४४	०.३५	०.४१	०.३१
शिक्षा	४.३५	४.४५	४.८२	५.४४	५.१	६.१९
सामाजिक सुरक्षा	१४.४२	१७.६६	१७.८५	१७.३८	१६.३४	१७.१३
जम्मा	**१००.०**	**१००.०**	**१००.००**	**१००.०**	**१००.०**	**१००.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.३४ चालु आर्थिक वर्षको फागुनसम्म चालु खर्चमध्ये सामान्य सार्वजनिक सेवा शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा उच्च ५२.४ प्रतिशत र वातावरण संरक्षण शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा न्यून ०.०५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म पनि चालु खर्च अन्तर्गत सामान्य सार्वजनिक सेवा शीर्षकमा भएको खर्च सबैभन्दा बढी ५३.८ प्रतिशत र वातावरण संरक्षण शीर्षकमा भएको खर्च सबैभन्दा न्यून ०.०५ प्रतिशत रहेको थियो।

कार्यात्मक वर्गीकरणअनुसारको पुँजीगत खर्च विवरण

२.३५ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको पुँजीगत खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.७ प्रतिशतले घटेर रू.८१ अर्ब २१ करोड ४८ लाख रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च ९.२ प्रतिशतले वृद्धि भई रू.८४ अर्ब २५ करोड रहेको थियो।

२.३६ आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारको पुँजीगत खर्च ८.५ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ३४ अर्ब ६२ करोड रहेको थियो। सो अवधिमा कुल पुँजीगत खर्चमध्ये सबैभन्दा बढी आर्थिक मामिला शीर्षकमा ६२.८ प्रतिशत र सबैभन्दा कम सामाजिक सुरक्षामा ०.०२ प्रतिशत खर्च भएको थियो।

तालिका २(छ): सङ्घीय सरकारको पुँजीगत खर्चको कार्यात्मक विवरण (प्रतिशतमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०	२०८०/८१
सामान्य सार्वजनिक सेवा	१४.३१	८.३६	२.०८	९.२५	१.५४	२.७४
रक्षा	३.५५	२.५८	३.५७	२.३९	१.८	२.७५
सार्वजनिक शान्ति सुरक्षा	४.२७	४.६८	३.५६	५.७३	४.९९	४.६१
आर्थिक मामिला	५७.२८	५९.६५	६२.७७	५९.६४	६६.८९	७०.५७
वातावरण संरक्षण	१.९	२.१२	१.५८	१.९६	१.९९	०.७३
आवास तथा सामुदायिक सुविधा	१४.६५	१५.३७	१६.९१	१४.६७	१३.१८	१३.२५
स्वास्थ्य	३.४६	६.८४	६.७१	६.२	५.८९	३.४७
मनोरञ्जन,संस्कृति तथा धर्म	०.४	०.३२	०.६३	०.०९	०.४७	०.३६
शिक्षा	०.१५	०.०७	२.१७	०.०४	३.२२	१.४९
सामाजिक सुरक्षा	०.०४	०.०२	०.०२	०.०२	०.०३	०.०२
जम्मा	**१००.०**	**१००.०**	**१००.०**	**१००.०**	**१००.०**	**१००.०**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

पुँजीगत खर्चको स्थिति विश्लेषण

२.३७ पछिल्ला आर्थिक वर्षमा कुल विनियोजित बजेटमा पुँजीगत बजेटको अंश घट्दै गएको छ। सङ्घीय सरकारको कुल बजेटमा पुँजीगत बजेटको हिस्सा आर्थिक वर्ष २०७८/७९ मा २३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २१.२ प्रतिशत रहेको थियो। विनियोजित पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन नसक्दा पुँजीगत खर्च न्यून रहेको थियो।

२.३८ गत आर्थिक वर्षमा सङ्घीय सरकारको पुँजीगत खर्च अपेक्षा गरिए भन्दा न्यून रहेपनि अघिल्लो आर्थिक वर्षको तुलनामा भने केही सुधार भएको थियो। सो अवधिमा विनियोजित पुँजीगत बजेटमा पुँजीगत खर्चको अनुपात ६१.७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ५७.२ प्रतिशत रहेको थियो।

चार्ट २(ञ): सङ्घीय पुँजीगत खर्चको प्रवृत्ति (प्रतिशतमा)

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

२.३९ पुँजीगत खर्च भुक्तानी आर्थिक वर्षको अन्त्यतिर अधिकेन्द्रित हुने गरेकोमा गत आर्थिक वर्षमा भने केही सुधार भएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल पुँजीगत खर्चको २९.८४ प्रतिशत असार महिनामा भुक्तानी भएकोमा गत आर्थिक वर्षको सोही महिनामा यस्तो भुक्तानी ३४.७५ प्रतिशत रहेको थियो।

तालिका २(ज): पुँजीगत खर्चको भुक्तानी प्रवृत्ति (प्रतिशतमा)

महिना	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
साउन	०.१३	०.५१	०.३२	०.०६	०.५६	०.६३	१.०१
भदौ	१.४५	१.८७	२.४०	१.५८	१.२०	१.८७	९.०४
असोज	४.१७	६.९७	७.००	४.९४	६.१४	५.८९	११.९१
कार्तिक	२.२३	३.००	३.४२	६.२९	२.८३	२.८२	१४.९७
मंसिर	३.८१	३.८३	६.८४	२.८४	६.०१	३.२८	७.४८
पौष	६.०८	६.७९	१३.२२	६.५०	९.३१	८.३०	१७.७२
माघ	६.५६	६.२७	७.४७	५.३३	६.१६	५.४७	१६.१७
फागुन	१०.३४	८.१३	१०.३६	७.३६	१०.५६	७.६५	२१.७२
चैत्र	९.२१	७.९४	४.५४	११.३५	८.२८	९.८०	
वैशाख	५.९५	८.०२	४.७९	८.७६	७.३४	७.८६	
जेठ	१०.०१	९.३६	६.३१	७.५२	११.७७	११.६८	
असार	४०.०५	३७.३०	३३.३३	३७.४७	२९.८४	३४.७५	
जम्मा	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.४० वित्तीय सङ्घीयता कार्यान्वयनसँगै शुरूका तीन आर्थिक वर्षमा तीन तहको एकीकृत खर्चमा पुँजीगत खर्चको अनुपात बढ्दै गएको थियो। तथापि, आर्थिक वर्ष २०७८/७९

पछि भने त्यस्तो प्रवृत्ति कायम रहन सकेन। आर्थिक वर्ष २०७८/७९ को एकीकृत खर्चमा पुँजीगत खर्चको अनुपात अघिल्लो आर्थिक वर्षको ३६.५ प्रतिशतबाट घटेर ३२.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा यस्तो खर्च ३१.८ प्रतिशत रहेको थियो।

२.४१ गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा एकीकृत पुँजीगत खर्चको अनुपात ९.८६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात ११.४२ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ९.९४ प्रतिशत रहेको थियो।

चार्ट २(ट): एकीकृत पुँजीगत खर्च अवस्था

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.४३ आर्थिक वर्ष २०७६/७७ देखि सङ्घ, प्रदेश र स्थानीय तहको कुल बजेटमा पुँजीगत बजेटको अनुपात क्रमशः घट्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात ४०.८ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा ४०.३ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ३१.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ३०.४ प्रतिशत मात्र रहेको थियो। यद्यपि, प्रादेशिक कुल बजेटमा पुँजीगत बजेटको अनुपात भने क्रमशः बढ्दै गएको थियो।

चार्ट २(ठ): विनियोजित बजेटमा पुँजीगत बजेटको अंश (प्रतिशतमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.४४ गत आर्थिक वर्षमा सङ्घीय पुँजीगत बजेटमा सङ्घीय पुँजीगत खर्चको अंश ६१.७ प्रतिशत र प्रादेशिक पुँजीगत बजेटमा प्रादेशिक पुँजीगत खर्चको अंश ६८.२ प्रतिशत रहेको थियो। त्यसैगरी, स्थानीय तहको कुल पुँजीगत बजेटमा स्थानीय तहको पुँजीगत खर्चको अंश ६५.२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो अंश क्रमशः ५७.६ प्रतिशत, ६८.७ प्रतिशत र ६५.२ प्रतिशत रहेको थियो।

चार्ट २(ड): पुँजीगत बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.४५ सङ्घको तुलनामा प्रदेश र स्थानीय तहमा पुँजीगत खर्चको अंश तुलनात्मक रूपमा उच्च रहेको छ। आर्थिक वर्ष २०७९/८० को सङ्घीय खर्चमध्ये पुँजीगत खर्च १६.५ प्रतिशत र कुल प्रादेशिक खर्चमध्ये प्रादेशिक पुँजीगत खर्च ६०.७ प्रतिशत रहेको थियो। त्यसैगरी, स्थानीय तहको कुल खर्चमध्ये पुँजीगत खर्च ३७.२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च क्रमशः १६.५ प्रतिशत, ५८.० प्रतिशत र ३९.० प्रतिशत रहेको थियो।

चार्ट २(ढ): कुल खर्चमा पुँजीगत खर्चको अंश (प्रतिशत)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

नोटः यहाँ समावेश गरिएको कुल खर्चमा पुँजीगत खर्चको अनुपात तीन तहका सरकारको आ-आफ्नो वित्तीय हस्तान्तरणसहितको कुल खर्चलाई आधार मानी गणना गरिएको छ।

२.४६ पुँजीगत खर्च बढाउन संस्थागत सुधार, विनियोजन दक्षतामा सुधार तथा समग्रमा खर्चको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्ने तर्फ जोड दिनु आवश्यक छ। साथै, खर्चको गुणस्तर सुनिश्चित गर्न संस्थागत सुदृढीकरण गर्ने प्रणाली र कार्यपद्धतिको विकास गर्नुपर्ने देखिन्छ।

करको दायरा विस्तार

२.४७ करको दायरा विस्तार हुँदै गएको छ। २०८० फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ६० लाख ४८ हजार ८ सय ८९ पुगेको छ। यसमध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाता ६७.१ प्रतिशत र व्यावसायिक स्थायी

लेखा नम्बर लिएका करदाता ३२.४ प्रतिशत रहेका छन्। साथै, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.५ प्रतिशत रहेको छ। यसैगरी, २०८० फागुनसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख २६ हजार ८ सय ४३ र अन्तःशुल्कमा १ लाख २३ हजार ५ सय ८६ पुगेको छ।

तालिका २(झ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

दर्ताको प्रकार	२०७८ असारसम्म	२०७९ असारसम्म	२०८० असारसम्म	२०७९ फागुनसम्म	२०८० फागुनसम्म
जम्मा स्थायी लेखा नम्बर #	**४०६६१३१**	**४८३०८११**	**५५५४०२६**	**५३४११७८**	**६०४८८८९**
व्यावसायिक स्थायी लेखा नम्बर	१५८०३८०	१७६२४१३	१८७६३०५	१८६३८०८	१९५७२५८
व्यक्तिगत स्थायी लेखा नम्बर	२४७५७५३	३०५०३०४	३६४९६१४	३४५२४१६	४०५९७९१
करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर	९९९८	१८०९४	२८१०७	२४९५४	३१८४०
मूल्य अभिवृद्धि कर	२९०७१४	२९१६३१	३०८४७७	३०७७१०	३२६८४३
अन्तःशुल्क	१०४१८२	११२२३१	११६६७५	१२०२९२	१२३५८६

स्रोतः आन्तरिक राजस्व विभाग, २०८०

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

बाँडफाँट अघिको सरकारी आय तथा राजस्व संरचना

२.४८ चालु आर्थिक वर्षको फागुनसम्म कुल सरकारी आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.२ प्रतिशतले बढेर रू.६ खर्ब ७५ अर्ब ६१ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो आय १४.३ प्रतिशतले घटेर रू.६ खर्ब ३० अर्ब ११ करोड रहेको थियो।

तालिका २(ञ): सरकारी आय संरचना (रू.करोडमा)

आर्थिक वर्ष	फागुनसम्म			प्रतिशत परिवर्तन	
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०७९/८०	२०८०/८१
कुल राजस्व	**६८२२३.८१**	**५८२७७.१२**	**६३९०४.६०**	**-१४.६**	**९.७**
कर राजस्व	६२७९०.४७	५२६४७.२६	५७८६७.२५	-१६.२	९.९
गैरकर राजस्व	५४३३.३४	५६२९.८६	६०३७.३५	३.६	७.२
वैदेशिक अनुदान प्राप्ति	१३८८.३३	१०३३.३६	१००५.५१	-२५.६	-२.७
आन्तरिक ऋण लगानीको सावाँ फिर्ता	७९.७५	१७९.९५	४४७.५८	१२५.७	१४८.७
नगद मौज्दात र बेरूजु	३८०४.६१	३५२०.७९	२२०२.८८	-७.५	-३७.४
कुल सरकारी आय	**७३४९६.४९**	**६३०११.२१**	**६७५६०.५८**	**-१४.३**	**७.२**

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

२.४९ चालु आर्थिक वर्षको फागुनसम्म कुल राजस्व ९.७ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १४.६ प्रतिशतले घटेको थियो।

बाँडफाँट पछिको सङ्घीय आय तथा राजस्व

२.५० आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.४ प्रतिशतले वृद्धि भई रू.५ खर्ब ९७ अर्ब ४४ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो आय १४.९ प्रतिशतले घटेर रू.५ खर्ब ५६ अर्ब १२ करोड रहेको थियो।

२.५१ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व १०.२ प्रतिशतले बढेर रू.५ खर्ब ६० अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १५.३ प्रतिशतले घटेर रू.५ खर्ब ८ अर्ब ७७ करोड रहेको थियो।

तालिका २(ट): सङ्घीय आय संरचना (रू.करोडमा)

विवरण	फागुनसम्म			प्रतिशत परिवर्तन	
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०७८/७९	२०८०/८१
कुल राजस्व	६००५७.१	५०८७७.४	५६०८७.७	-१५.३	१०.२
कर राजस्व	५४८११.४	४५४११.६	५०२६२.४	-१७.१	१०.७
गैरकर राजस्व	५२४५.७	५४६५.८	५८२५.३	४.२	६.६
वैदेशिक अनुदान प्राप्ति	१३८८.३	१०३३.४	१००५.५	-२५.६	-२.७
आन्तरिक ऋण लगानीको सावाँ फिर्ता	७९.८	१८०.०	४४७.६	१२५.६	१४८.७
नगद मौज्दात र बेरूजु	३८०४.६	३५२०.८	२२०२.९	-७.५	-३७.४
कुल सङ्घीय आय	**६५३२९.८**	**५५६११.५**	**५९७४३.७**	**-१४.९**	**७.४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

२.५२ चालु आर्थिक वर्षको फागुनसम्मको कुल सङ्घीय खर्चमा कुल सङ्घीय आयको अनुपात ७४.५ प्रतिशत र सङ्घीय राजस्वको अनुपात ७०.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो अनुपात क्रमशः ७१.४ प्रतिशत र ६५.३ प्रतिशत रहेको थियो।

२.५३ चालु आर्थिक वर्षको फागुनसम्म कुल सङ्घीय खर्चमा वैदेशिक ऋण प्राप्तिको अनुपात ६.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो अनुपात ८.० प्रतिशत रहेको थियो।

तालिका २(ठ): सङ्घीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात

विवरण	फागुनसम्म					
	रू. करोडमा			कुल सरकारी खर्चको प्रतिशतमा		
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०७८/७९	२०७९/८०	२०८०/८१
सङ्घीय आय	६५३२९.८	५५६११.५	५९७४३.७	९६.८	७१.४	७४.५
सङ्घीय राजस्व	६००५७.१	५०८७७.४	५६०८७.७	८९.०	६५.३	७०.०
वैदेशिक अनुदान प्राप्ति	१३८८.३	१०३३.४	१००५.५	२.१	१.३	१.३
आन्तरिक ऋण परिचालन	८९५०.०	८७२०.०	१६३३१.०	१३.३	११.२	२०.४
वैदेशिक ऋण प्राप्ति	६५२१.६	६२२५.५	५५५५.७	९.७	८.०	६.९
सङ्घीय सरकारी खर्च	**६७४६१.१**	**७७९२३.०**	**८०१५८.३**	**१००.०**	**१००.०**	**१००.०**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

नोटः फागुनसम्मको सरकारी आय/ राजस्वमा रोयल्टी बाँडफाँट समावेश गरिएको छैन।

२.५४ कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको योगदान उच्च रहँदै आएको छ। तर सङ्घीय राजस्वमा भने आयकरको योगदान उच्च रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २३.८ प्रतिशत रहेको छ भने आयकर र भन्सार महसुलको योगदान क्रमशः २९.८ प्रतिशत र १९.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्वमा मूल्य अभिवृद्धि कर, आयकर र भन्सार महसुलको योगदान क्रमशः २४.३ प्रतिशत, २८.३ प्रतिशत र १८.८ प्रतिशत रहेको छ।

तालिका २(ड): विगत ३ वर्षको सङ्घीय राजस्व संरचना

राजस्वको विवरण	फागुनसम्म					
	रू.करोडमा			सङ्घीय राजस्वको प्रतिशतमा		
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०७८/७९	२०७९/८०	२०८०/८१
मूल्य अभिवृद्धि कर	१४२४९.०	१२३४२.८	१३३५२.२	२३.७	२४.३	२३.८
अन्तःशुल्क	८९००.०	७०८५.४	७२२१.७	१४.८	१३.९	१२.९
आयकर	१४९२२.०	१४४०४.५	१६७१२.०	२४.८	२८.३	२९.८
भन्सार महसुल	१३७५६.०	९५८४.०	१०७०८.९	२२.९	१८.८	१९.१
गैरकर	५२४६.०	५४६५.८	५८२५.३	८.७	१०.७	१०.४
अन्य	२९८३.०	१९९४.५	२२६७.६	५.०	३.९	४.०
सङ्घीय राजस्व	६००५७.०	५०८७७.०	५६०८७.७	१००.०	१००.०	१००.०

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

आन्तरिक र पैठारीमा आधारित कर राजस्वको संरचना

२.५५ चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको तुलनामा वस्तु पैठारी घटेका कारण सो को प्रभाव राजस्व सङ्कलनमा परेको छ। फलस्वरूप, वस्तु पैठारीमा आधारित राजस्व लक्ष्यको तुलनामा न्यून रहेको छ।

तालिका २(ढ): आन्तरिक र पैठारीमा आधारित कर राजस्व संरचना (रू.करोडमा)

विवरण	२०७६ /७७	२०७७ /७८	२०७८ /७९	२०७९ /८०	२०८० /८१*
कर राजस्व	**७०००६**	**८७०११**	**९८४१७**	**८६५६३**	**५७८६७**
आयातमा आधारित कर	**२९९३८**	**४१८८०**	**४९७२१**	**३८३०३**	**२६६६१**
भन्सार राजस्व #	१३७८८	२०११०	२४१३८	१८१७७	१२७३३
मूल्य अभिवृद्धि कर (पैठारी)	१२५८१	१६५४८	१९८४४	१६९०८	११५३९
अन्तः शुल्क (पैठारी)	३५७०	५२२२	५७३९	३२१८	२३८९
कुल कर राजस्वमा आयातमा आधारित करको हिस्सा (प्रतिशतमा)	४२.८	४८.१	५०.५	४४.२	४६.१
आन्तरिक कर राजस्व	**४००६७**	**४५१३०**	**४८६९६**	**४८२६०**	**३१२०६**
आयकर	२१९७५	२२८३७	२६००९	२५१८१	१६७३४
मूल्य अभिवृद्धि कर	९८२१	११६५४	११५८४	११७५५	७५३४
अन्तः शुल्क	६८२३	८५५९	१०९३९	११०८८	६७१६
निकासीमा लाग्ने कर	११	२९	४०	३५	१५
अन्य कर	१४३८	२०५२	१२४	२००	२०८
कर राजस्वमा आन्तरिक तर्फको कर राजस्वको हिस्सा (प्रतिशतमा)	५७.२	५१.९	४९.५	५५.८	५३.९

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८० को तथ्याङ्कका आधारमा गणना गरिएको। *फागुनसम्मको

भन्सार राजस्वमा वैदेशिक व्यापारमा आधारित कर (निकासी बाहेक), पूर्वाधार सेवाको उपयोग तथा सवारीसाधनमा लाग्ने कर र वस्तु तथा सेवामा लाग्ने अन्य कर समावेश छ।

२.५६ गत आर्थिक वर्षको फागुनसम्मको कर राजस्वमध्ये पैठारीमा आधारित राजस्व र आन्तरिक तर्फको राजस्वको योगदान क्रमशः ४६.१ प्रतिशत र ५३.९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म पनि यस्तो योगदान समान रहेको छ।

राजस्व बाँडफाँटको स्थिति

२.५७ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय विभाज्य तथा सञ्चित कोषमा दाखिला भएको कुल राजस्व रू.६ खर्ब ३९ अर्ब ४ करोड रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.७ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १४.६ प्रतिशतले सङ्कुचन भई रू.५ खर्ब ८२ अर्ब ७७ करोड रहेको थियो।

तालिका २(ण): सङ्घीय विभाज्य/सङ्घीय सञ्चित कोषमा सङ्कलित राजस्व (रू.करोडमा)

सङ्घीय विभाज्य/सञ्चित कोषमा दाखिला भएको राजस्व	आर्थिक वर्ष			फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०	२०८०/८१
कुल राजस्व	**९३५८९**	**१०६६३५**	**९५७३५**	**६८२२४**	**५८२७७**	**६३९०४**
कर राजस्व	८७०११	९८४३३	८६५६३	६२७९१	५२६४७	५७८६७
गैरकर राजस्व	६५७८	८२०१	९१७२	५४३३	५६३०	६०३७
बाँडफाँट नहुने राजस्व	**५६७८८**	**६४२७१**	**५६०५७**	**४१४३९**	**३३९९४**	**३८३४६**
कर राजस्व	५०६६१	५६६९८	४७४९३	३६१९४	२८५२९	३२५२१
गैरकर राजस्व	६१२८	७५७३	८५६४	५२४६	५४६६	५८२५
बाँडफाँट हुने राजस्व	**३६८०१**	**४२३६४**	**३९६७८**	**२६७८४**	**२४२८३**	**२५५५८**
मूल्य अभिवृद्धि कर	२८१९२	३१४२३	२८६६०	२०३५०	१७६३०	१९०७०
अन्तःशुल्क (आ.)	८१५९	१०३१३	१०४१०	६२४६	६४८९	६२७६
रोयल्टी	४५१	६२८	६०८	१८८	१६४	२१२

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.५८ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारले सङ्कलन र उपयोग गर्ने राजस्व रू.३ खर्ब ८३ अर्ब ४६ करोड रहेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (आन्तरिक) र बाँडफाँट हुने रोयल्टी सहित तीन तहमा बाँडफाँट हुने राजस्व रू.२ खर्ब ५५ अर्ब ५८ करोड रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारले सङ्कलन र उपयोग गर्ने राजस्व रू.३ खर्ब ३९ अर्ब ९४ करोड रहेको थियो।

तालिका २(त): बाँडफाँट पछिको राजस्व विवरण (रू.करोडमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७९/८०	२०८०/८१
सङ्घ	**८२४९५**	**९३८२८**	**८३७०९**	**५०८७७**	५६०८८
कर राजस्व	७६१०६	८५९१३	७४८४१	४५४१२	५०२६३
गैरकर राजस्व	६३८९	७९१५	८८६८	५४६६	५८२५
प्रदेश र स्थानीय तह	**११०९४**	**१३०१७**	**१२०२६**	**७२३६**	**७६०५**
कर राजस्व	१०९०५	१२५२१	११७२२	७२३६	७६०५
गैरकर राजस्व	१८९	२८६	३०४	०	०
सङ्घीय सञ्चित कोषमा दाखिला भएको अन्य रकम	०	०	०	०	०
बाँडफाँट हुने रोयल्टी	**०**	**०**	**०**	**१६४**	**२१२**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.५९ चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व रू.५ खर्ब ६० अर्ब ८८ करोड रहेको छ। प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व **"मूल्य अभिवृद्धि कर**

र अन्तःशुल्क (आन्तरिक) राजस्व" रू.७६ अर्ब ५ करोड रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व रू.५ खर्ब ८ अर्ब ७७ करोड र प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व रू.७२ अर्ब ३६ करोड रहेको थियो।

तालिका २(थ): रोयल्टी सङ्कलनको विवरण (रू.करोडमा)

रोयल्टीको शिर्षक	२०७७/७८	२०७८/७९	२०७९/८०	फागुनसम्म	
				२०७९/८०	२०८०/८१
पर्वतारोहण	५६.००	५३.३५	५३.३५	१०.०८	१९.५९
विद्युत	२८२.६९	३०५.७९	३०५.७९	८८.५१	१०७.०२
वन	१७.२९	३३.१५	३३.१५	२९.२१	४४.७९
खानी तथा खनिज	९३.८१	१२६.९५	१२६.९५	३६.०५	४०.४८
पानी तथा अन्य प्राकृतिक स्रोत	०.७३	०.५४	०.५४	०.२२	०.१८
प्रदेशले सङ्कलन गरेको रोयल्टी		१०८.५६	१०८.५६	-	-
जम्मा रोयल्टी	**४५०.५२**	**६२८.३४**	**६०८.०८**	**१६४.१०**	**२१२.०६**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.६० चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारले सङ्कलन गरेको रोयल्टी (बाँडफाँट हुने) २९.३ प्रतिशतले वृद्धि भई रू.२ अर्ब १२ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो रोयल्टी रू.१ अर्ब ६४ करोड रहेको थियो।

अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

२.६१ पछिल्ला वर्षमा अनुदानको तुलनामा ऋणको अंश उच्च रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म अनुदान रू.४० अर्ब ४९ करोड र ऋण रू.६२ अर्ब ९४ करोड गरी कुल रू.१ खर्ब १ अर्ब १९ करोड वैदेशिक सहयोग प्रतिवद्धता रहेको छ। यस अवधिको वैदेशिक सहयोग प्रतिवद्धतामध्ये अनुदान र ऋणको अनुपात क्रमशः ४०.० प्रतिशत र ६०.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म रू.१ खर्ब ३७ अर्ब १२ करोड वैदेशिक सहयोग प्रतिवद्धता रहेको थियो।

चार्ट २(ण): वैदेशिक अनुदान तथा ऋण प्रतिवद्धता (कुल प्रतिवद्धताको प्रतिशतमा)

स्रोत: अर्थ मन्त्रालय, २०८०

*फागुनसम्म

अन्तर्राष्ट्रिय विकास सहायताको उपयोग

२.६२ चालु आर्थिक वर्षको फागुनसम्म अनुदान र ऋण गरी रू.६२ अर्ब ९७ करोड अन्तर्राष्ट्रिय विकास सहायता उपयोग भएको छ। यसमध्ये अनुदान र ऋणको अंश क्रमशः १३.१ प्रतिशत र ८६.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो उपयोग रू.५३ अर्ब ४४ करोड रहेको थियो। यसमध्ये अनुदान र ऋणको अंश क्रमशः १९.३४ प्रतिशत र ८०.६६ प्रतिशत रहेको थियो।

२.६३ आर्थिक वर्ष २०७९/८० मा अनुदान र ऋण गरी रू.१ खर्ब ३९ अर्ब ५७ करोड विकास सहायता उपयोग भएको थियो। यस अवधिमा कुल विकास सहायता उपयोगमा अनुदान र ऋणको अनुपात क्रमशः१६.७ प्रतिशत र ८३.३ प्रतिशत रहेको थियो।

२.६४ पछिल्ला ५ वर्षमा सङ्घीय खर्च व्यहोर्ने स्रोतमध्ये बाह्य स्रोतको अंश न्यून रहेको छ। यस अवधिको कुल सरकारी खर्चमा बाह्य स्रोतको अंश वार्षिक औसत १३.१ प्रतिशत र आन्तरिक स्रोतको हिस्सा वार्षिक औसत ८६.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारको खर्चमध्ये ९०.२ प्रतिशत आन्तरिक स्रोत र ९.८ प्रतिशत बाह्य स्रोतको हिस्सा रहेको थियो।

चार्ट २(त): सङ्घीय सरकारी खर्च व्यहोर्ने स्रोत

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०

२.६५ पछिल्लो ५ वर्षमा कुल गार्हस्थ्य उत्पादनमा बाह्य स्रोत उपयोगको अनुपात अपेक्षित रूपमा बढ्न सकेको छैन्। यस अवधिमा यस्तो उपयोग वार्षिक औसत ३.६ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा बाह्य स्रोत उपयोगको अनुपात आर्थिक वर्ष २०७८/७९ मा ३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो अंश २.६ प्रतिशत रहेको थियो।

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन (वैदेशिक सहायता प्राप्ति)

२.६६ पछिल्ला वर्षमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म अनुदान रू.१० अर्ब ६ करोड र ऋण रू.५५ अर्ब ५६ करोड गरी रू.६५ अर्ब ६१ करोड विकास सहायता परिचालन भएको छ। यस अवधिको कुल अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमध्ये ऋण र अनुदानको अंश क्रमशः ८४.७ प्रतिशत र १५.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म अनुदान रू.१० अर्ब ३३ करोड र ऋण सहायता रू.६२ अर्ब २६ करोड गरी रू.७२ अर्ब ५९ करोड विकास सहायता परिचालन भएको थियो।

चार्ट २(थ): अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको संरचना

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८० * फागुनसम्म

२.६७ आर्थिक वर्ष २०७९/८० मा अनुदान रू.२३ अर्ब १ करोड र ऋण रू.१ खर्ब २३ अर्ब ५ करोड गरी रू.१ खर्ब ४६ अर्ब ६ करोड बराबरको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको थियो। आर्थिक वर्ष २०७६/७७ पछि अन्तर्राष्ट्रिय विकास सहायता परिचालन प्रायः घट्दै गएको छ।

२.६८ चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक संस्थानमा ऋण तथा शेयर लगानी र वैदेशिक शेयर लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३८.० प्रतिशतले बढेर रू.१२ अर्ब २१ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो लगानी ६७.८ प्रतिशतले घटेर रू.५ अर्ब १४ करोड रहेको थियो।

२.६९ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म आन्तरिक एवं वैदेशिक ऋणको सावाँ भुक्तानी ५५.६ प्रतिशतले वृद्धि भई रू.१ खर्ब २६ अर्ब ३ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो भुक्तानी ८८.७ प्रतिशतले वृद्धि भई रू.८० अर्ब ९८ करोड रहेको थियो।

सार्वजनिक ऋण

२.७० २०८० फागुनसम्म आन्तरिक ऋण रू.११ खर्ब ८५ अर्ब ५३ करोड र बाह्य ऋण रू.१२ खर्ब २ अर्ब ७४ करोड गरी सङ्घीय सरकारको सार्वजनिक ऋण रू.२३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ। २०७९ फागुनसम्म आन्तरिक ऋण रू.१०

खर्ब १० अर्ब २८ करोड र बाह्य ऋण रू.१० खर्ब ६९ अर्ब ७८ करोड गरी सार्वजनिक ऋण रू.२० खर्ब ८० अर्ब ६ करोड रहेको थियो।

२.७१ पछिल्ला वर्षमा आन्तरिक ऋणको हिस्सा क्रमशः बढ्दै गएको छ भने बाह्य ऋणको अंश क्रमशः घट्दै गएको छ। २०८० फागुनसम्मको सार्वजनिक ऋणमा आन्तरिक र बाह्य ऋणको अनुपात क्रमशः ४९.६ प्रतिशत र ५०.४ प्रतिशत रहेको छ। २०७९ फागुनसम्म यस्तो अनुपात क्रमशः ४८.६ प्रतिशत र ५१.४ प्रतिशत रहेको थियो।

२.७२ पछिल्ला वर्षमा सरकारको ऋण सेवा खर्च (सावाँ र ब्याज भुक्तानी) बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रू.१ खर्ब २ अर्ब ९७ करोड र बाह्य ऋण रू.२३ अर्ब ६ करोड गरी जम्मा रू.१ खर्ब २६ अर्ब ४ करोड सावाँ भुक्तानी भएको छ। गत आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रू.६२ अर्ब १७ करोड र बाह्य ऋण रू.१८ अर्ब ८२ करोड गरी कुल रू.८० अर्ब ९९ करोड सावाँ भुक्तानी भएको थियो।

२.७३ चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रू.४३ अर्ब ६८ करोड र बाह्य ऋण रू.५ अर्ब ८० करोड गरी रू.४९ अर्ब ४८ करोड ब्याज भुक्तानी भएको छ। गत आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रू.३५ अर्ब ३५ करोड र बाह्य ऋण रू.५ अर्ब ३३ करोड गरी रू.४० अर्ब ६८ करोड ब्याज भुक्तानी भएको थियो।

तालिका २(द): भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा सावाँ फिर्ता र ब्याज खर्च (रू.करोडमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७९/८०	२०८०/८१
भुक्तानी गर्न बाँकी ऋणको विवरण					
खुद वैदेशिक ऋण	९३४६९.५	१०२५८४.७	११७०२४.८७	१०६९७८.३	१२०२७३.७७
खुद आन्तरिक ऋण	८०२९४.२	९८७४४.९	११२५१८.८२	१०१०२७.८	११८५५२.६६
कुल सार्वजनिक ऋण #	१७३७६३.७	२०१३२९.६	२२९५४३.६९	२०८००६	२३८८२६.४३
सावाँ फिर्ताको खर्चको विवरण					
वैदेशिक ऋण	२३२६.९	२९४१.६	३४६१.७९	१८८१.६	२३०६.७५
आन्तरिक ऋण	३६९०.१	४७३३.८	११५०९.४८	६२१७.२	१०२९७.१६
जम्मा सावाँ फिर्ता खर्च	**६०१७.**	**७६७५.४**	१४९७१.२७	**८०९८.८**	**१२६०३.९१**
ब्याज खर्चको विवरण					
वैदेशिक ऋण	६२७.५	७५४.१	८२६.२९	५३२.९	५७९.९९
आन्तरिक ऋण	२८५६.८	३७६८.५	६४५१.७३	३५३४.९	४३६७.५८
जम्मा ब्याज खर्च	**३४८४.३**	**४५२२.६**	**७२७८.०२**	**४०६७.८**	**४९४७.५७**

विवरण	आर्थिक वर्ष			फागुनसम्म	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७९/८०	२०८०/८१
ऋण सेवा खर्च (सावाँ र ब्याज)	९५०१.२	१२१९८.	२२२४९.२९	१२१६६.६	१७५५१.४८
सङ्घीय खर्चमा ऋण भुक्तानी खर्च (प्रतिशतमा)	७.९	९.३	१५.७	१५.६	२१.९

स्रोत: महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०

नेपाल सरकारको सार्वजनिक ऋण दायित्व सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा आधारित भएको हुँदा नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कसँग केही फरक पर्न सक्नेछ।

२.७४ चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रू.१ खर्ब ४६ अर्ब ६५ करोड र बाह्य ऋण रू.२८ अर्ब ८७ करोड गरी रू.१ खर्ब ७५ अर्ब ५२ करोड सावाँ व्याज भुक्तानी भएको छ। गत आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण रू.९७ अर्ब ५२ करोड र बाह्य ऋण रू.२४ अर्ब १४ करोड गरी रू.१ खर्ब २१ अर्ब ६७ करोड सावाँ व्याज भुक्तानी भएको थियो।

२.७५ चालु आर्थिक वर्षको फागुनसम्म कुल सङ्घीय खर्चमध्ये ऋण सेवा खर्च २१.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म कुल सङ्घीय खर्चमध्ये ऋण सेवा खर्च १५.६ प्रतिशत रहेको थियो।

२.७६ विदेशी मुद्रासँग नेपाली रूपैयाको विनिमय दरमा भएको परिवर्तनको कारण वाह्य ऋणको परिमाणमा फरक पर्ने गरेको छ। २०७९ असारमसान्तको तुलनामा २०८० असारमसान्तमा प्रायः विदेशी मुद्रासँग नेपाली रूपैयाँ अवमूल्यन भएको कारण रू.५९ अर्ब १६ करोड बराबरको विनिमय नोक्सानी भएको छ।

चार्ट २(द): विनिमय दर उतारचढावको कारण वैदेशिक ऋण दायित्वमा परेको प्रभाव (रू.करोडमा)

स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०

२.७७ विनिमय दर परिवर्तनको कारण पछिल्ला ७ आर्थिक वर्षमध्ये ४ आर्थिक वर्षमा विनिमय घाटा रहेको छ भने बाँकी वर्षमा विनिमय नाफा रहेको छ।

वैदेशिक सहायताको लक्ष्य र प्राप्ति बीचको अन्तर विश्लेषण

२.७८ प्रायः सबै आर्थिक वर्षमा वैदशिक सहायताको लक्ष्य र प्राप्ती बीच ठूलो अन्तर रहेको छ। गत आर्थिक वर्षमा वार्षिक लक्ष्यको तुलनामा वैदेशिक अनुदान प्राप्ति ४१.७ प्रतिशत र वैदेशिक ऋण प्राप्ति ५०.८ प्रतिशत रहेको थियो।

२.७९ पछिल्ला पाँच आर्थिक वर्षमा वार्षिक लक्ष्यको अनुपातमा वैदेशिक अनुदान प्राप्ति वार्षिक औसत ४१.५ प्रतिशत र वैदेशिक ऋण प्राप्ति वार्षिक औसत ४६.७ प्रतिशत रहेको छ। यसबाट स्रोत अनुमानका बखत वैदेशिक ऋण र अनुदान प्राप्तिको सुनिश्चितता यकीन गर्नुपर्ने तथा समयमै शोधभर्ना लिने गरी प्रणालीगत सुधार गर्न आवश्यक छ।

चार्ट २(ध): वैदेशिक ऋण र अनुदान प्राप्तिको प्रवृत्ति (बजेटले लिएको लक्ष्यको प्रतिशतमा)

स्रोतः अर्थ मन्त्रालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०
नोटः आर्थिक वर्ष २०८०/८१ मा फागुनसम्मको तथ्याङ्क समावेश गरिएको।

अन्तर-सरकारी वित्त हस्तान्तरण

२.८० आर्थिक वर्ष २०७९/८० मा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्रदेशले रू.९९ अर्ब ६६ करोड र

स्थानीय तहले रू.२ खर्ब ९७ अर्ब ७९ करोड गरी कुल जम्मा रू.३ खर्ब ९७ अर्ब ४६ करोड हस्तान्तरण भएको थियो।

२.८१ आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा अनुदान र राजस्व बाँडफाँट (रोयल्टी बाँडफाँटबाहेक) बाट प्रदेशले रू.१ अर्ब ५८ अर्ब २६ करोड र स्थानीय तहले रू.३ खर्ब ५६ अर्ब ४० करोड गरी कुल जम्मा रू.५ खर्ब १४ अर्ब ६७ करोड वित्तीय हस्तान्तरण भएको थियो। यस्तो हस्तान्तरणमध्ये प्रदेश तथा स्थानीय तहले क्रमशः ३०.८ प्रतिशत र ६९.२ प्राप्त गरेका थिए।

तालिका २(घ): अन्तर सरकारी वित्त हस्तान्तरण (रू.करोडमा)

विवरण	२०७७/७८		२०७८/७९		२०७९/८०*	
	प्रदेश	स्थानीय तह	प्रदेश	स्थानीय तह	प्रदेश	स्थानीय तह
अनुदान	**१०८३०.३**	**३०८०२.८**	**१०९०४.०**	**२९७०१.८**	**९९६६.४**	**२९७७९.६**
वित्तीय समानीकरण अनुदान	५५१९.५	९६२२.५	५७९५.५	९४५७.०	५३७५.३	९२६९.८
सशर्त अनुदान	४४८१.०	१९१०५.८	४३२८.६	१९११०.९	३७७६.०	१९२८४.३
समपूरक अनुदान	४४०.६	१२०८.२	४४२.९	४९८.४	४८३.८	५३९.८
विशेष अनुदान	३८९.३	८६६.४	३३७.०	६३५.५	३३१.३	६८५.६
राजस्व बाँडफाँट	**५५७५.६**	**५५७५.६**	**६४०३.४**	**६४०३.४**	**५८६०.४**	**५८६०.४**
मूल्य अभिवृद्धि कर	४२२८.७	४२२८.७	४७१३.४	४७१३.४	४२९९.०	४२९९.०
अन्तशुल्क (आन्तरिक)	१२२३.८	१२२३.८	१५४६.९	१५४६.९	१५६१.४	१५६१.४
रोयल्टी बाँडफाँट	१२३.१	१२३.१	१४३.१	१४३.१	-	-
जम्मा	**१६४०५.९**	**३६३७८.४**	**१७३०७.४**	**३६१०५.२**	**१५८२६.८**	**३५६४०.०**

स्रोतः महालेखा नियन्त्रकको कार्यालय, २०८०

*आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारले सङ्कलन गरेको तर बाडफाँट नभएको रोयल्टी रू.६ अर्ब ७ करोड ८० लाख रहेको छ।

सार्वजनिक संस्थान

२.८२ २०८० फागुनसम्म नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सार्वजनिक संस्थानको सङ्ख्या ४४ रहेको छ। गत आर्थिक वर्षको सोहि अवधिमा यस्तो सङ्ख्या ४४ नै रहेको थियो।

२.८३ २०८० असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी रू.३ खर्ब ७९ अर्ब ७२ करोड १६ लाख र ऋण लगानी रू.२ खर्व ८१ अर्ब ३८ करोड ५८ लाख गरी कुल रू.६ खर्व ६१ अर्ब १० करोड ७४ लाख पुगेको छ। २०७९ असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी रू.३ खर्ब २८ अर्ब ९२ करोड ७५ लाख र ऋण लगानी रू.२ खर्व ८९ अर्ब २४ करोड ९९ लाख गरी कुल रू.६ खर्व १८ अर्ब १७ करोड ७५ लाख रहेको थियो। २०८० असारसम्ममा शेयर तथा ऋण लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.९४ प्रतिशतले वृद्धि भएको छ।

२.८४ गत आर्थिक वर्षमा सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २६ नाफामा र १५ नोक्सानीमा सञ्चालित थिए भने तीन बन्द अवस्थामा थिए। अघिल्लो आर्थिक वर्षमा सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २५ नाफामा र १७ नोक्सानीमा सञ्चालित थिए। नाफामा सञ्चालन भएका संस्थानबाट आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले रू.१० अर्ब ४५ लाख लाभांश प्राप्त गरेको छ। नाफामा सञ्चालन भएका संस्थानबाट अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारले रू.६ अर्ब १५ करोड ५१ लाख लाभांश प्राप्त गरेको थियो। आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष ०७९/८० मा प्राप्त लाभांश ६२.५४ प्रतिशतले बढी हो।

२.८५ गत आर्थिक वर्षमा सार्वजनिक संस्थानको कुल सञ्चालन आयमा १४.८७ प्रतिशतले वृद्धि भई रू.६ खर्ब ६१ अर्ब १ करोड २९ लाख पुगेको छ। अघिल्लो आर्थिक वर्षमा सार्वजनिक संस्थानको कुल सञ्चालन आय रू.५ खर्ब ७५ अर्ब ४३ करोड ५५ लाख रहेको थियो। गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादन र कुल सञ्चालन आयको अनुपात १२.२८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात ११.६७ प्रतिशत रहेको थियो।

२.८६ गत आर्थिक वर्षमा सार्वजनिक संस्थानबाट रू.१७ अर्ब ३९ करोड ४६ लाख आयकर प्राप्त भएको थियो। अघिल्लो आर्थिक वर्षमा सार्वजनिक संस्थानबाट रू.१४ अर्ब ३८ करोड १८ लाख आयकर प्राप्त भएको थियो। गत आर्थिक वर्षमा सङ्कलन भएको सङ्घीय सरकारको कुल आयकरमा सार्वजनिक संस्थानबाट सङ्कलित आयकरको योगदान ६.९७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा सङ्कलन भएको सङ्घीय सरकारको कुल आयकरमा सार्वजनिक संस्थानबाट सङ्कलित आयकरको योगदान ५.५९ प्रतिशत रहेको थियो।

२.८७ गत आर्थिक वर्षसम्म सार्वजनिक संस्थानको कोषमा व्यवस्था नभएको दायित्व रू.४७ अर्ब ३६ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो दायित्व रू.५२ अर्ब ८७ करोड २ लाख पुगेको थियो। गत आर्थिक वर्षमा कोषमा व्यवस्था नभएको दायित्व आर्थिक वर्ष २०७८/७९ वर्षको तुलनामा ११.६३ प्रतिशतले वृद्धि भएको छ।

२.८८ गत आर्थिक वर्षमा सार्वजनिक संस्थानमा ३२ हजार १ सय ८० कर्मचारी कार्यरत रहेका थिए। आर्थिक वर्ष २०७८/७९ मा सार्वजनिक संस्थानमा २९ हजार ७ सय ३६ कर्मचारी कार्यरत थिए।

३. मूल्य

३.१ चालु आर्थिक वर्षको शुरूवातमा देखिएको मुद्रास्फीति माथिको दबाब पछिल्ला महिनामा विस्तारै कम हुँदै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म औसत मुद्रास्फीति दर ६.०८ प्रतिशत रहेको छ। मूल्य वृद्धि नियन्त्रका लागि लिइएका नीति तथा विश्वका अधिकांश अर्थतन्त्रको मुद्रास्फीतिमा आएको उल्लेख्य सुधारको प्रभाव आन्तरिक अर्थतन्त्रमा समेत परेको छ।

३.२ अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएअनुरूप पेट्रोलियम पदार्थको गरिएको मूल्य समायोजन, पैठारी मूल्य सूचकाङ्क, तलब तथा ज्यालादर र थोक मूल्य सूचकाङ्कको वृद्धिदरमा आएको कमी, कमजोर आन्तरिक माग समेतका कारण उपभोक्ता मुद्रास्फीतिमा तुलनात्मकरूपमा कम दवाब पर्न गएको हो। चालु आर्थिक वर्षको फागुन महिनासम्मको प्रवृत्तिका आधारमा आर्थिक वर्षको अन्त्यसम्म वार्षिक औसत मुद्रास्फीति वृद्धिदर लक्षित सीमा ६.५० प्रतिशत भित्र रहने अनुमान छ।

उपभोक्ता मूल्य स्थिति

३.३ चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ६.०८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.९३ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा उपभोक्ता मुद्रास्फीति ४.८२ प्रतिशत रहेको छ। २०७९ फागुन महिनामा यस्तो मुद्रास्फीति ७.४४ प्रतिशत रहेको थियो।

चार्ट ३(क): समग्र तथा क्षेत्रगत उपभोक्ता मुद्रास्फीति दर (प्रतिशतमा)

स्रोतः नेपाल राष्ट्र बैंक

*फागुनसम्मको औसत

३.४ वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.९४ प्रतिशत रहेको छ। गत वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.६४ प्रतिशत रहेको थियो। २०८० फागुन महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला, तरकारी र दाल तथा गेडागुडी उपसमूहको दोहोरो अङ्कले मूल्य वृद्धि भएको छ।

३.५ वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९५ प्रतिशत रहेको छ। गत वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ८.८७ प्रतिशत रहेको थियो। २०८० फागुन महिनामा गैर खाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति र विविध वस्तु तथा सेवा उपसमूहको दोहोरो अङ्कले मूल्य वृद्धि भएको छ।

तालिका ३(क): सबैभन्दा उच्च र न्यून मूल्य वृद्धि भएका वस्तु तथा सेवा*

बढी मूल्य वृद्धि भएका वस्तु	वृद्धिदर	न्यून मूल्य वृद्धि भएका वस्तु	वृद्धिदर
मसला	२८.२	घ्यू तथा तेल	-११.८
तरकारी	१४.१	यातायात	-१.२
मनोरञ्जन तथा संस्कृति	१२.६	सञ्चार	०.२
दाल	११.२	सुर्तिजन्य पदार्थ	०.९
अन्य वस्तु तथा सेवाहरू	१०.७	मासु तथा माछा	१.०
अन्न तथा अन्नबाट बनेका परिकार	७.४	फलफूल	२.३
शिक्षा	६.०	घरायसी सामान तथा सेवा	२.८
दुग्ध पदार्थ तथा अन्डा	७.१	स्वास्थ्य	३.४
रेष्टुराँ तथा होटल	६.६	लत्ता कपडा तथा जुत्ता	४.१
हल्का पेय पदार्थ	६.५	फर्निचर तथा घरायसी उपकरण	४.२
चिनी तथा मिठाई	५.९	मदिरा	५.३

स्रोतः नेपाल राष्ट्र बैंक, २०८० *२०८० फागुनको मुद्रास्फीतिको तथ्याङ्कमा आधारित

३.६ वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा काठमाडौं उपत्यकामा ४.८८ प्रतिशत, तराईमा ४.४२ प्रतिशत, पहाडमा ५.४९ प्रतिशत र हिमालमा ४.४२ प्रतिशत मुद्रास्फीति रहेको छ। गत वर्षको सोही महिनामा यी क्षेत्रको मुद्रास्फीति क्रमशः ७.९५ प्रतिशत, ७.५० प्रतिशत, ६.६७ प्रतिशत र ८.०७ प्रतिशत रहेको थियो।

थोक मूल्य सूचकाङ्क

३.७ वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा थोक मुद्रास्फीति ३.६९ प्रतिशत रहेको छ। गत वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.१० प्रतिशत रहेको थियो। २०८० फागुन महिनामा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तुको मूल्य ८.९५ प्रतिशत र उत्पादित वस्तुको मूल्य २.३६ प्रतिशतले वृद्धि भएको छ भने इन्धन तथा ऊर्जाको मूल्य ५.२८ प्रतिशतले घटेको छ। गत वर्षको सोही महिनामा प्राथमिक वस्तुको मूल्य १.८१ प्रतिशत, इन्धन तथा ऊर्जाको मूल्य २५.७९ प्रतिशत र उत्पादित वस्तुको मूल्य ७.३३ प्रतिशतले वृद्धि भएको थियो।

राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

३.८ वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा तलब तथा ज्यालादर सूचकाङ्क ५.५६ प्रतिशतले बढेको छ। गत वर्षको सोही महिनामा उक्त सूचकाङ्क ८.५६ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः १.०५ प्रतिशत र ६.९२ प्रतिशतले बढेको छ।

पेट्रोलियम पदार्थको मूल्य

३.९ स्वदेशी बजारमा २०८० असार मसान्तमा प्रति लिटर १६४।- रूपैयाँ रहेको पेट्रोलको खुद्रा मूल्य २०८० फागुन मसान्तमा ४.८८ प्रतिशतले वृद्धि भई प्रति लिटर १७२।- रूपैयाँ कायम भएको छ। २०८० असारमसान्तमा प्रति लिटर १४६।- रूपैयाँ रहेको डिजेलको खुद्रा मूल्य २०८० फागुन मसान्तमा ९.५९ प्रतिशतले वृद्धि भई प्रतिलिटर १६०।- रूपैयाँ कायम भएको छ।

चार्ट ३(ख): पेट्रोल तथा डिजेल र मट्टीतेलको मूल्य (रूपैयाँमा)

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

४. वित्तीय क्षेत्र

४.१ वित्तीय सुदृढीकरणलाई प्राथमिकतामा राखी अवलम्बन गरिएका नीतिगत पहलकदमीको कारण भूकम्प, कोभिड-१९, रूस-युक्रेन युद्धजस्ता असहज परिस्थितिमा समेत वित्तीय क्षेत्रमा स्थायित्व कायम भएको छ। मर्जर तथा प्राप्तिको कारण बैंक तथा वित्तीय संस्थाको सङ्ख्या र शाखा सङ्ख्यामा कमी आएको छ। तथापि, मर्जर तथा प्राप्तिपश्चात बैंक शाखा कम भएका स्थानका शाखालाई निरन्तरता दिइएको, विद्युतीय माध्यमबाट हुने कारोबार प्रवर्द्धन गरिएको र वित्तीय साक्षरता तथा ग्राहकहित संरक्षणमा जोड दिइएकोले वित्तीय पहुँचमा सुधार भएको छ।

४.२ क्युआर कोडमार्फत गरिने भुक्तानीमा उल्लेख्य वृद्धि भएको छ। विद्युतीय भुक्तानीका अन्य उपकरण मार्फत भएको कारोबारमा समेत बढोत्तरी भएको छ। चालु आर्थिक वर्षमा बैङ्किङ्ग प्रणालीमा तरलता पर्याप्त रहेको र व्याजदर घट्दै गएको छ। आन्तरिक माग कमजोर रहेकोले कर्जा प्रवाह सुस्त रहेको छ। पुँजीबजारमा सामान्य सुधार भएको छ। बीमा क्षेत्रमा गरिएको संस्थागत तथा संरचनागत सुधारका कारण पछिल्लो वर्षमा बीमाको दायरा फराकिलो हुँदै गएको छ।

वित्तीय संरचना

४.३ २०८० फागुनसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५५ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी कुल ११० बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। यसैगरी, वित्तीय प्रणालीमा ३७ बीमा कम्पनी, ३० हजार बढी सहकारी संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण निगम, सामाजिक सुरक्षा कोष र म्युचुअल फण्ड (Mutual Fund) समेत सञ्चालनमा रहेका छन्।

४.४ वित्तीय प्रणालीको सम्पत्ति तथा दायित्व संरचनामा बैङ्किङ्ग क्षेत्रको हिस्सा उच्च रहेको छ। २०८० पुस मसान्तमा वित्तीय क्षेत्रको कुल सम्पत्ति तथा दायित्व संरचनामा बैंक तथा वित्तीय संस्थाको अंश ८६.० प्रतिशत रहेको छ।

चार्ट ४(क): २०८० पुस मसान्तमा वित्तीय प्रणालीको सम्पत्ति र दायित्वको संरचना

(अंशप्रतिशत)

- नेपाल राष्ट्र बैंक
- वाणिज्य बैंकहरु
- विकास बैंकहरु
- वित्त कम्पनीहरु
- लघुवित्त वित्तीय संस्थाहरु
- नेपाल पूर्वाधर बैंक
- कर्मचारी संचयकोष
- नागरिक लगानी कोष
- बीमा कम्पनी

स्रोतः नेपाल राष्ट्र बैंक, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल बीमा प्राधिकरण, २०८०

४.५ वित्तीय प्रणालीको सम्पत्ति र दायित्वमध्ये नेपाल राष्ट्र बैंकको अंश १५.५ प्रतिशत र वाणिज्य बैंकको अंश ५८.५ प्रतिशत रहेको छ। यसैगरी, बीमा क्षेत्र तथा सम्झौतित बचत परिचालन गर्ने संस्थाको अंश २६.० प्रतिशत रहेको छ। बैङ्किङ्ग तथा बीमा क्षेत्र र सम्झौतित बचत परिचालन गर्ने संस्थाको कुल सम्पत्ति तथा दायित्व कुल गार्हस्थ्य उत्पादनको २१७.५ प्रतिशत रहेको छ।

सम्पत्ति

४.६ वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्ति २०८० असारमसान्तमा रू.१४ खर्ब ५२ अर्ब ३ करोड पुगेको छ। वित्तीय क्षेत्रको यस्तो सम्पत्ति २०७९ असारमसान्तमा रू.१३ खर्ब ७० अर्ब ५२ करोड रहेको थियो।

४.७ २०८० असारमसान्तमा वित्तीय क्षेत्रको आन्तरिक दावी रू.६८ खर्ब ५० अर्ब ३० करोड र नेपाल सरकारमाथिको खुद दावी रू.१० खर्ब २३ अर्ब ९ करोड पुगेको छ। त्यसैगरी, वित्तीय क्षेत्रको सार्वजनिक गैर-वित्तीय संस्थान माथिको दावी रू.३२ अर्ब ४४ करोड २४ लाख र निजी क्षेत्र माथिको दावी रू.५७ खर्ब ९४ अर्ब ७६ करोड पुगेको छ।

तरल दायित्व

४.८ वित्तीय क्षेत्रको तरल दायित्व २०७९ असारमसान्तमा रू.४८ खर्ब १८ अर्ब ४ करोड रहेकोमा ११.६ प्रतिशतले वृद्धि भई २०८० असारमसान्तमा रू.५३ खर्ब ७८ अर्ब ४२ करोड पुगेको छ। वित्तीय क्षेत्रको यस्तो दायित्व २०७८ असारमसान्तमा रू.४५ खर्ब ५४ अर्ब १९ करोड रहेको थियो।

४.९ २०८० असारमसान्तमा वित्तीय क्षेत्रभन्दा बाहिर चलनचल्तीमा रहेको मुद्रा रू.५ खर्ब ८ अर्ब ३७ करोड, वित्तीय क्षेत्रको माग निक्षेप दायित्व रू.४ खर्ब ११ अर्ब ४५ करोड र वित्तीय क्षेत्रको अन्य निक्षेप दायित्व रू.४४ खर्ब ५८ अर्ब ६० करोड पुगेको छ।

४.१० नेपाल राष्ट्र बैंकबाट वित्तीय क्षेत्र सर्वेक्षण (FCS) र अन्य वित्तीय संस्था सर्वेक्षण (OFCS) सम्पन्न भएको छ। सर्वेक्षणबाट अर्थतन्त्रको यथार्थ आकारको अनुमान गर्न र मौद्रिक तथा वित्त नीतिको प्रक्षेपण तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सघाउ पुग्ने देखिन्छ।

वित्तीय स्थायित्व

४.११ चालु आर्थिक वर्ष वित्तीय स्थायित्वका केही सूचक दवाबमा रहेका छन्। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा बढेको छ। निष्क्रिय कर्जाको औसत अनुपात २०७९ पुसमा २.६३ प्रतिशत रहेकोमा २०८० पुसमा ३.७३ प्रतिशत पुगेको छ।

४.१२ २०८० फागुनमसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा तरल सम्पत्तिको अंश २६.४३ प्रतिशत, नगद तथा बैंक मौज्दातको अंश ६.४६ प्रतिशत र कुल निक्षेप तथा कर्जाको अंश ७९.८७ प्रतिशत रहेको छ। जोखिम भारित सम्पत्तिको तुलनामा प्राथमिक पुँजी र कुल पुँजीको अनुपात क्रमशः ९.६३ प्रतिशत र १२.४४ प्रतिशत रहेको छ।

तालिका ४(क): वित्तीय क्षेत्र सबलताका प्रमुख सूचकहरू

सूचकहरू	२०७५ असार	२०७६ असार	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात	१३.९	१२.८	१२.०	११.१	१०.८	१०.६	९.६
पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात	१५.२	१४.३	१४.२	१४.२	१३.६	१३.४	१२.४
कुल कर्जा/कुल निक्षेप तथा प्राथमिक पुँजी अनुपात	७६.८	७५.२	६९.६	७६.३	८६.२*	८१.६*	७९.९*
निष्क्रिय कर्जा अनुपात	१.६	१.५	१.९	१.५	१.३	३.०	३.७@
वाणिज्य बैंक	१.४	१.४	१.८	१.४	१.२	३.०	३.६
विकास बैंक	१.१	०.९	१.५	१.३	१.४	२.५	३.६
वित्त कम्पनी	१०.८	८.८	६.२	६.२	६.२	७.६	९.२
कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात	२५.९	२५.१	२७.९	२६.२	२७.५	२७.१	२६.४
नगद तथा बैंक मौज्दात/कुल निक्षेप अनुपात	१३.२	११.६	१२.२	९.५	८.०	८.१	६.५

स्रोतः नेपाल राष्ट्र बैंक, २०८० @ पुस मसान्त *कुल कर्जा/कुल निक्षेप अनुपात

४.१३ २०८० फागुनसम्म ३४७ बैंक तथा वित्तीय संस्था मर्जर तथा प्राप्तिको प्रक्रियामा सामेल भएका छन्। यस प्रक्रियाबाट १९४ संस्थाको इजाजत खारेज भई १५३ संस्था कायम भएका छन्।

वित्तीय प्रगाढता एवं पहुँच

४.१४ कोभिड-१९ को प्रभाव न्यून भएसँगै तीब्र भएको निजी क्षेत्रतर्फको कर्जा विस्तार पछिल्लो समय न्यून भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.६ प्रतिशतले बढेको छ। कुल गार्हस्थ्य उत्पादनमा विस्तृत मुद्राप्रदाय १२३.४ प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ९६.३ प्रतिशत र कुल निक्षेप ११४.२ प्रतिशत रहेको छ।

४.१५ बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तार भएसँगै वित्तीय पहुँच वृद्धि हुँदै गएको छ। शाखा विस्तारसँगै बैंकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्यरूपमा वढेको छ। २०८० फागुनमा बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता ५ करोड ४४ लाख र कर्जा खाता १८ लाख ७६ हजार पुगेको छ। यस अवधिमा मोबाइल बैंकिङ्ग प्रयोगकर्ता २ करोड ३७ लाख ८३ हजार र इन्टरनेट बैंकिङ्ग सेवाका प्रयोगकर्ता १८ लाख ७४ हजार पुगेका छन्। चालु आर्थिक वर्षको

फागुनसम्म ३१ हजार कर्जा खाता र ३२ लाख २३ हजार निक्षेप खाता थप भएका छन्।

४.१६ २०८० फागुनमा बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्त समेत) का आधारमा प्रति शाखा जनसङ्ख्या २,५१५ पुगेको छ। यस्तो जनसङ्ख्या २०७९ फागुनमा २,५१० रहेको थियो। प्रदेशगतरूपमा प्रति शाखा जनसङ्ख्या मधेश प्रदेशमा सबैभन्दा बढी र बागमती प्रदेशमा सबैभन्दा कम रहेको छ।

विद्युतीय भुक्तानी कारोबार

४.१७ विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास र विद्युतीय उपकरणमा सर्वसाधारणको पहुँचका कारण विद्युतीय भुक्तानी कारोबार बढ्दै गएको छ।

तालिका ४(ख): विद्युतीय भुक्तानी कारोबार

विवरण	कारोबार सङ्ख्या			कारोबार रकम (रू. दश लाखमा)		
	२०७९ असार	२०८० असार	२०८० फागुन	२०७९ असार	२०८० असार	२०८० फागुन
आर.टि.जि.एस.	८१८१७	७६३०७	६७५४०	४३४९०५६	२९८३९३०	३४५३७४७
एटिएम	१०१६९३३१	११०४२११७	१०७८५१४३	७९४५८	८६९६४	८८०७०
इसिसि	१४८६५५१	१३३६५८६	९९६८७४	८५०६४९	७१८७५५	४८०५०५
आइपिएस	१३२२१७४	१८०८०४६	१७१५६२५	२७५७५२	३२३८१६	१८८१६६
कनेक्ट आइपिएस	४२७००९९	५५७१६९१	५९७१११५	३६९२२३	४९८४५३	४८३१८२
डेबिट कार्ड	१११२७६८३	११८३८५३२	११५२३१९२	८३२००	९०५४१	९१४८०
क्रेडिट कार्ड	२२७९२०	२६२०५७	२५६७७७	१४९०	१८३०	१७६८
प्रिपेड कार्ड	५७९४२	७३०१७	९७००२	४५८	४४७	६१९
इन्टरनेट बैकिङ्ग	३१८५९८	३१५२०२	२८४१४१	१५६३८	१५५०२	१४३३०
मोबाइल बैकिङ्ग	२०५६४३०८	२८९०३८७२	३२४६२९५४	१६३२५५	२३३४४६	२९१९५४
शाखारहित बैकिङ्ग	६९४६५	७३२१५	७१३३३	१५०३	१४३३	१५८१
वालेट	१६२०६३५६	२०८२२८६१	२२४१०३२१	१७७५२	२०३२६	२४०२०
क्यु.आर.मा आधारित	४२८१९९४	९७६६२१६	१४२९१८७७	१४५२६	३०१४८	४२५६०
पिओएस	११७३५४८	१०३५२०६	९६९१४५	५१८३	५२४४	५१८९
ई कमर्स*	६८९४४	९४५०९	१२१४९९	५०४	६०५	६०६

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

*कार्डको प्रयोग गरी अनलाइन मार्फत भएको भुक्तानी कारोबार

४.१८ २०८० फागुनसम्म विद्युतीय कारोबारमा सहजताको लागि बैंक तथा वित्तीय संस्थाबाहेक १० भुक्तानी प्रणाली सञ्चालक र २७ भुक्तानी सेवा प्रदायक संस्था सञ्चालनमा रहेका छन्।

मौद्रिक क्षेत्र

मौद्रिक नीतिको लक्ष्य र स्थिति

४.१९ मौद्रिक नीति, २०८०/८१ ले वार्षिक औसत मुद्रास्फीति ६.५ प्रतिशतभित्र सीमित राख्ने लक्ष्य लिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ६.०८ प्रतिशत रहेको छ। कम्तिमा ७ महिनाको वस्तु तथा सेवा पैठारी धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य रहेकोमा २०८० फागुनमा १२.४ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको छ।

४.२० चालु आर्थिक वर्ष विस्तृत मुद्राप्रदायको विस्तार १२.५ प्रतिशत हुने प्रक्षेपण रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो विस्तार ७.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ५.१ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८० फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय १४.० प्रतिशतले बढेको छ।

४.२१ चालु आर्थिक वर्षको फागुनसम्म सङ्कुचित मुद्राप्रदाय ०.१ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय १.७ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८० फागुन मसान्तमा सङ्कुचित मुद्राप्रदाय १.५ प्रतिशतले बढेको छ।

४.२२ चालु आर्थिक वर्ष निजी क्षेत्रतर्फको कर्जाको वृद्धि ११.५ प्रतिशत हुने प्रक्षेपण रहेकोमा २०८० फागुनसम्म यस्तो कर्जाको वृद्धि ५.६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म यस्तो वृद्धिदर ४.६ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८० फागुन मसान्तमा यस्तो कर्जा ५.७ प्रतिशतले बढेको छ।

तालिका ४(ग): प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)

शिर्षक	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७९ फागुन	२०८० फागुन
चलन चल्तीमा रहेको मुद्रा	१६.६	-११.६	१.७	-३.२	७.४
सञ्चित मुद्रा	५.२	-११.४	१०.४	४.४	७.६
चल्ती निक्षेप	२६.०	-७.४	-२.२	३.७	-५.७
आवधिक निक्षेप	१७.२	३०.२	१७.७	१८.६	१२.४
बचत तथा कल निक्षेप	२५.१	-११.०	७.१	-१.२	२४
कुल आन्तरिक कर्जा	२७.१	१४.५	८.७	८.१	८.४
निजीक्षेत्र तर्फको कर्जा	२६.३	१३.३	४.६	४.०	५.६
सङ्कुचित मुद्राप्रदाय	२२.६	-९.७	-०.३	-०.२	१.५
विस्तृत मुद्राप्रदाय	२१.८	६.८	११.२	९.१	१४

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

४.२३ चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत नीतिगत दरलाई ५० आधार विन्दुले घटेर ६.५ प्रतिशत कायम रहेको छ। यसैगरी, बैंकदरलाई ७.५ प्रतिशतमा यथावत राखी निक्षेप सङ्कलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम भएको छ। मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षाबाट बैंक दरलाई ७.५ प्रतिशतबाट घटाई ७.० प्रतिशत, नीतिगत दरलाई ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत र निक्षेप सङ्कलन बोलकबोल दरलाई ४.५ प्रतिशतबाट घटाई ३.० प्रतिशत कायम गरिएको छ।

४.२४ बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात ४.० प्रतिशत यथावत रहेको छ। साथै, वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरूले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपातलाई क्रमशः १२.० प्रतिशत, १०.० प्रतिशत र १०.० प्रतिशतमा यथावत रहेको छ।

४.२५ व्याजदर करिडोरलाई प्रभावकारी बनाउन २०८० फागुनदेखि व्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप सुविधा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा आएको छ।

तालिका ४(घ): बैकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात (प्रतिशतमा)

उपकरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
बैंक दर	५.०	५.०	७.५	७.५	७.०
पुनर्कर्जा दर					
विशेष पुनर्कर्जा	१.०	१.०	२.०	२.०	-
साधारण पुनर्कर्जा	३.०	३.०	५.०	५.०	-
लघु, घरेलु र साना उद्यम	-	२.०	४.०	४.०	-
निकासी कर्जा#	०.२५	०.२५	०.७५	०.७५	०.७५
अनिवार्य नगद अनुपात					
वाणिज्य बैंक	३.०	३.०	३.०	४.०	४.०
विकास बैंक	३.०	३.०	३.०	४.०	४.०
वित्त कम्पनी	३.०	३.०	३.०	४.०	४.०
स्थायी तरलता सुविधा दर	५.०	५.०	७.०	७.५	७.०

स्रोतः नेपाल राष्ट्र बैंक *फागुन

#विदेशी मुद्रामा LIBOR मा जोड्ने। २०७८/७९ देखि One Year Benchmark Interest Rate मा जोड्ने।

४.२६ चालु आर्थिक वर्षको फागुनसम्म खुलाबजार कारोबारका विभिन्न उपकरण मार्फत रू.११ खर्ब ५९ अर्ब ८५ करोड तरलता प्रशोचन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू.५ अर्ब तरलता प्रशोचन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म स्थायी तरलता सुविधा मार्फत रू.१ अर्ब २० करोड र दैनिक तरलता सुविधा मार्फत रू.५ खर्ब ६१ अर्ब ४१ करोड गरी कुल रू.५ खर्ब ६२ अर्ब ६१ करोड तरलता प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा स्थायी तरलता सुविधा मार्फत रू.२७ खर्ब २७ अर्ब ११ करोड तरलता प्रवाह भएको थियो।

व्याजदर स्थिति

४.२७ बैंकिङ्ग प्रणालीको तरलतामा सहज स्थिति रहेका कारण चालु आर्थिक वर्षमा अल्पकालीन व्याजदरमा कमी आएको छ। २०७९ फागुनमा ९१ दिने ट्रेजरी बिलको भारित औसत व्याजदर ९.३३ प्रतिशत रहेकोमा २०८० फागुनमा ३.०२ प्रतिशत रहेको छ। वाणिज्य बैंक बीचको अन्तर-बैंक कारोबारको भारित औसत व्याजदर २०७९ फागुनको ७.१८ प्रतिशतको तुलनामा २०८० फागुनमा २.९२ प्रतिशत कायम भएको छ।

तालिका ४(ङ): व्याजदरको प्रवृत्ति (प्रतिशतमा)

शिर्षक	असार					फागुन
	२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८०
भारित औसत निक्षेपदर	६.६०	६.०१	४.६५	७.४१	७.८६	६.७४
भारित औसत कर्जादर	१२.१३	१०.११	८.४३	११.६२	१२.३०	१०.७८
आधार दर	९.५७	८.५०	६.८६	९.५४	१०.०३	८.७७
अन्तरबैंक दर	४.५२	०.३५	४.१२	६.९९	२.९८	२.९२

स्रोतःनेपाल राष्ट्र बैंक, २०८०

४.२८ २०८० फागुनमा वाणिज्य बैंकमा रहेको निक्षेपको भारित औसत व्याजदर ६.७४ प्रतिशत तथा कर्जाको भारित औसत व्याजदर १०.७८ प्रतिशत रहेको छ। २०७९ फागुनमा यस्तो व्याजदर क्रमशः ८.३७ प्रतिशत र १०.७८ प्रतिशत रहेको थियो। २०७९ फागुनमा वाणिज्य बैंकको औसत आधार दर १०.६४ प्रतिशत रहेकोमा २०८० फागुनमा ८.७७ प्रतिशत रहेको छ।

चार्ट ४(ख): व्याजदरको प्रवृत्ति (प्रतिशतमा)

स्रोतः नेपाल राष्ट्र बैंक २०८० *फागुन महिनाको

निक्षेप परिचालन र कर्जा प्रवाह

४.२९ चालु आर्थिक वर्षको फागुनसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ७.६ प्रतिशतले वृद्धि भई रू.६१ खर्ब ४५ अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ५.५ प्रतिशत रहेको थियो।

४.३० चालु आर्थिक वर्षको फागुनसम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.२ प्रतिशतले वृद्धि भई रू.४९ खर्ब ९६ अर्ब ५३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर २.८ प्रतिशत रहेको थियो ।

४.३१ २०८० फागुनसम्म कुल निक्षेपमा मुद्दती निक्षेप ५८.७ प्रतिशत, बचत निक्षेप २८.० प्रतिशत, चल्ती निक्षेप ६.५ प्रतिशत र अन्य निक्षेपको अंश ६.८ प्रतिशत रहेको छ।

चार्ट ४(ग): बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन संरचना (प्रतिशतमा)

(२०८० फागुन)

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

४.३२ २०८० फागुनसम्म लगानीमा रहेको कर्जामध्ये थोक तथा खुद्रा व्यापारतर्फ भएको कर्जा लगानीको अंश २०.० प्रतिशत, उपभोग्य कर्जाको अंश १९.३ प्रतिशत र औद्योगिक उत्पादनमा प्रवाहित कर्जाको अंश १६.१ प्रतिशत रहेको छ। त्यसैगरी, सेवा उद्योगमा प्रवाहित कर्जाको अंश ८.४ प्रतिशत, कृषि कर्जाको अंश ८.२ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवामा प्रवाहित कर्जाको अंश ७.५ प्रतिशत र निर्माण क्षेत्रमा प्रवाहित कर्जाको अंश ४.२ प्रतिशत रहेको छ।

चार्ट ४(घ): बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जा संरचना (प्रतिशतमा)
(२०८० फागुनसम्म)

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

४.३३ नेपाल राष्ट्र बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०८० फागुनसम्म सबै चुक्ता भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ३० हजार ८ सय ४४ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रू.१ खर्ब ४९ अर्ब ३० करोड कर्जा लगानीमा रहेको छ। सो मध्ये २०८० फागुनसम्म वाणिज्य बैंकको १ लाख ११ हजार ६ सय ३८ ऋणीलाई प्रवाह भएको रू.१ खर्ब २९ अर्ब ८९ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ। त्यसैगरी, विकास बैंकको १७ हजार ३ सय ४८ ऋणीलाई रू.१७ अर्ब १४ करोड, वित्त कम्पनीको १,७७९ ऋणीलाई रू.२ अर्ब २१ करोड र लघुवित्त वित्तीय संस्थाको ७९ ऋणीलाई रू.५ करोड ११ लाख सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ।

४.३४ २०८० फागुनसम्म प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छीतर्फ रू.१ खर्ब ७७ करोड कर्जा लगानीमा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत महिला उद्यमीलाई प्रवाह भएको रू.४६ अर्ब ४८ करोड कर्जा लगानीमा रहेको छ। त्यसैगरी, सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत रू.२ अर्ब ५ करोड कर्जा लगानीमा रहेको छ।

४.३५ व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०८० फागुन मसान्तसम्म रू.१ करोड ५१ लाख लगानीमा रहेको छ।

तालिका ४(च): सहुलियतपूर्ण कर्जाको स्थिति (रू.करोडमा)

कर्जा प्रकार	ऋणी सङ्ख्या			लगानीमा रहेको कर्जा		
	२०७९ असार	२०८० असार	२०८० फागुन	२०७९ असार	२०८० असार	२०८० फागुन
व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा	६०५४५	६०३५०	५१४०५	१३९२३	१३५७६३	१००७७१
शिक्षित युवा स्वरोजगार कर्जा	१५७	१६५	१३९	७.६	३९.३	२८.१
विदेशवाट फर्केका युवा परियोजना कर्जा	९५२	८९८	८१०	५६	४२१	३१४
महिला उद्यमशील कर्जा	८४००१	८२७१८	७६९७५	७१००	५८३८३	४६४८०
दलित समुदाय व्यवसाय विकास कर्जा	१०९७	१०१५	९२५	५८.२	४३१.४	३४७.६
उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा	१४८	१२१	११८	३.७	२९.७	४२.७
भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा	२०८	१८१	३२९	३.२	१७.४	१०६.९
कपडा उद्योग सञ्चालन	२५५	२८०	९७	२३६	१,९६५	१,१९९
सिटिईभिटीबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम	२	२	२	०.०३	०.२	०.१
युवा स्वरोजगार कर्जा	२८	४८	४४	०.९	१०.९	१०.४
जम्मा	**१४७३९३**	**१४५७७८**	**१३०८४४**	**२१३८९**	**१९७०६१**	**१४९३००**

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

४.३६ वाणिज्य बैंकले २०८१ असारसम्म कुल कर्जा लगानीको न्यूनतम ११.० प्रतिशत कृषि क्षेत्रमा, ६.५ प्रतिशत ऊर्जा क्षेत्रमा र ११.० प्रतिशत लघु, घरेलु, साना एवं मझौला उद्यमको क्षेत्रमा (रू.१ करोडभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष रूपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ। सो व्यवस्था अनुरूप २०८० फागुनसम्म कृषि क्षेत्रमा १३.३ प्रतिशत (रू.५७६ अर्ब ३१ करोड), ऊर्जा क्षेत्रमा ७.५ प्रतिशत (रू.३२८ अर्ब ५ करोड) र लघु, घरेलु, साना एवं मझौला उद्यमका क्षेत्रमा ९.५ प्रतिशत (रू.४११ अर्ब ३५ करोड) कर्जा लगानी रहेको छ।

४.३७ विकास बैंकले २०८१ असार मसान्तसम्म कुल कर्जा लगानीको १६.० प्रतिशत कर्जा कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह

गर्नुपर्ने व्यवस्था रहेको छ। सो व्यवस्था अनुरूप २०८० फागुनसम्म ती क्षेत्रमा औसत २६.० प्रतिशत (रू.१२२ अर्ब २५ करोड) कर्जा लगानीमा रहेको छ। त्यसैगरी, वित्त कम्पनीले २०८१ असारसम्म कुल कर्जा लगानीको ११.० प्रतिशत कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० फागुनसम्म ती क्षेत्रमा औसत २०.९ प्रतिशत (रू.१९ अर्ब २० करोड) कर्जा लगानीमा रहेको छ।

नियामकीय व्यवस्था

४.३८ पुँजी पर्याप्तता ढाँचा, २०७२ वाणिज्य बैंकको हकमा मात्र लागू भएकोमा चालु आर्थिक वर्षदेखी राष्ट्रियस्तरका विकास बैंकको हकमा समेत लागू भएको छ।

४.३९ पहिलो पटक घर खरिद वा निर्माण गर्ने व्यक्तिलाई तोकिएका शर्तको अधीनमा रही प्रदान गरिने दुई करोडसम्मको आवासीय घर कर्जामा कर्जा सुरक्षण अनुपात बढीमा ७०.० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था रहेको छ।

४.४० पूर्वाधार विकास बैंकले रू.५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रूपमा लिने व्यवस्था रहेको छ।

४.४१ बैंक तथा वित्तीय संस्थाबाट जारी कर्जा तथा बिल्स खरिदको लागि बक्यौता सावाँ रकमको आधारमा असल वर्गमा वर्गीकरण गरिएका कर्जाको न्यूनतम कर्जा नोक्सानी व्यवस्था १.२५ प्रतिशत मात्र गर्नुपर्ने व्यवस्था रहेको छ।

४.४२ बैंक तथा वित्तीय संस्थाले निश्चित प्रयोजन नखुलेका अधिविकर्ष कर्जा, धितो कर्जा, सम्पत्ति कर्जा, व्यक्तिगत आवधिक कर्जा शेयरको धितोमा प्रदान गरिएको कर्जा लगायत जुनसुकै शीर्षकका व्यक्तिगत प्रयोजनका कर्जाप्रति ग्राहक रू.५० लाखसम्म मात्र प्रवाह गर्न सकिने व्यवस्था रहेको छ। साथै, घर/जग्गा धितो राखी यस्तो नयाँ कर्जा प्रवाह गर्दा र कर्जा थप वा कर्जा नवीकरण गर्दा कर्जा र सोको धितो सुरक्षणको उचित बजार मूल्य बीचको अनुपात (Loan to Value Ratio) बढीमा ५०.० प्रतिशतसम्म मात्र कायम गर्नुपर्ने व्यवस्था रहेको छ।

४.४३ कुनै एक वा सबै इजाजतपत्रप्राप्त संस्थाबाट शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) कुल रू.१५ करोड कायम गरिएको छ। धितोपत्र बजारमा लगानी गर्ने मुख्य

उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि यस्तो कर्जाको अधिकतम सीमा रू.२० करोड कायम गरिएको छ।

४.४४ इजाजतपत्रप्राप्त संस्थाले कुनै प्राकृतिक व्यक्तिको रू.५० लाख भन्दा बढीको मुद्दती निक्षेप स्वीकार गर्दा निक्षेपकर्ताको स्थायी लेखा नम्बर अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था रहेको छ।

४.४५ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दती खातामा रहेको रू.५ लाखसम्मको निक्षेप रकम **निक्षेप तथा कर्जा सुरक्षण कोष**सँग सुरक्षण गराउनुपर्ने व्यवस्था रहेको छ।

४.४६ बैंक तथा वित्तीय संस्थाद्वारा जारी कर्जाको जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरूप राखेको धितो लिलाम गरी असुली गर्नुपर्ने तथा त्यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा सोको भुक्तानीका लागि जमानतदातालाई ९० दिनको समय प्रदान गरी त्यस्तो सूचना अवधिपश्चात मात्र जमानतदातालाई कालोसूचीमा समावेश गर्ने व्यवस्था रहेको छ।

४.४७ कालोसूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले कानूनबमोजिम सामाजिक सुरक्षा भत्ता एवं पेन्सन रकम प्राप्त गर्ने प्रयोजनको लागि मात्र प्रयोग हुने गरी खाता खोल्न सक्ने व्यवस्था रहेको छ।

४.४८ जाजरकोट लगायतका क्षेत्रमा गएको भूकम्पका कारण क्षतिग्रस्त आवासीय घरको पुनर्निर्माणका लागि नेपाल सरकार वा नेपाल सरकारले तोकेका निकायद्वारा भूकम्प प्रभावितको रूपमा सूचीकृत भएका परिवारलाई उपलब्ध गराइने रू.२५ लाखसम्मको आवासीय घरकर्जामा आधार दरमा अधिकतम २.० प्रतिशतसम्म मात्र प्रिमियम थप गरी व्याजदर कायम गर्नुपर्ने व्यवस्था रहेको छ।

४.४९ इजाजतपत्रप्राप्त संस्थाले संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गर्ने अधिकतम व्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम व्याजदरभन्दा कम्तिमा एक प्रतिशत विन्दुले कम हुनुपर्ने व्यवस्था २०८० चैत १ देखि लागू भएको छ।

अन्य वित्तीय संस्था

४.५० अन्य वित्तीय संस्थाको खुद वैदेशिक सम्पत्ति २०७९ असारमसान्तमा रू.१ अर्ब ७० करोडले ऋणात्मक रहेकोमा २०८० असारमसान्तमा रू.५ अर्ब ५२ करोडले

ऋणात्मक रहेको छ। अन्य वित्तीय संस्थाको यस्तो सम्पत्ति २०७८ असारमसान्तमा रू.१ अर्ब १८ करोडले ऋणात्मक रहेको थियो।

४.५१ २०८० असारमसान्तमा अन्य वित्तीय संस्थाको आन्तरिक दावी रू.१८ खर्ब २७ अर्ब ४६ करोड, नेपाल सरकारमाथिको खुद दावी रू.११ अर्ब १७ करोड, सार्वजनिक गैर-वित्तीय संस्थान माथिको दावी रू.२८ अर्ब ७९ करोड रहेको छ। त्यसैगरी, निजी क्षेत्रमाथिको दावी रू.८ खर्ब ९१ अर्ब ४१ करोड र केन्द्रीय बैंक र निक्षेप परिचालन गर्ने बैंक तथा वित्तीय संस्था माथिको दावी (नगद, माग तथा अन्य निक्षेप र अन्य लगानी लगायतका दावीसमेत) रू.८ खर्ब ९६ अर्ब ९ करोड पुगेको छ।

४.५२ अन्य वित्तीय संस्थाको गैर-तरल दायित्व २०७९ असारमसान्तमा रू.१३ खर्ब ११ अर्ब ७० करोड रहेकोमा ९.६ प्रतिशतले वृद्धि भई २०८० असारमसान्तमा रू.१४ खर्ब ३७ अर्ब ६६ करोड पुगेको छ। यस्तो दायित्व २०७८ असारमसान्तमा रू.११ खर्ब १२ अर्ब ६७ करोड रहेको थियो।

पुँजीबजार

धितोपत्र बजार

४.५३ नेपालको धितोपत्र बजारमा सर्वसाधारण लगानीकर्ताको सहभागिता बढ्दै गएको छ। साथै, प्राथमिक बजार मार्फत भएको पुँजी परिचालनमा समेत बढोत्तरी हुँदै गएको छ। यद्यपि, आर्थिक क्रियाकलापमा आएको सङ्कुचनका कारण धितोपत्रको दोस्रो बजार कारोबारमा केही कमी आएको छ।

४.५४ चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्रको प्राथमिक बजार मार्फत रू.३३ अर्ब ८३ करोड रकम बराबरको पुँजी परिचालन भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.५१ प्रतिशतले कमी हो। गत आर्थिक वर्षको सोही अवधिमा रू.४३ अर्ब ६६ करोड रकम बराबरको पुँजी परिचालन भएको थियो।

४.५५ चालु आर्थिक वर्षको फागुनसम्म साधारण शेयरको प्राथमिक निष्काशन मार्फत रू.९ अर्ब ८० करोड, हकप्रद शेयर निष्काशन मार्फत रू.५ अर्ब ४५ करोड, थप निष्काशन मार्फत रू.३ करोड, ऋणपत्र मार्फत रू.१५ अर्ब ४ करोड र म्युचुअल फण्ड मार्फत रू.३ अर्ब ५० करोडको पुँजी परिचालन भएको छ।

४.५६ उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन गर्न र विदेशी पुँजी भित्र्याउन नेपालको धितोपत्र बजारमा विशिष्टीकृत लगानी कोष वैकल्पिक लगानीको रूपमा विकसित गरिएको औजार हो। यस अन्तर्गत प्राइभेट इक्वीटी तथा भेञ्चर क्यापिटल जस्ता विशिष्टीकृत लगानी कोष पनि नेपालको पुँजी बजारको दायरामा आउन थालेका छन्। यसले पुँजी बजारमा नयाँ आयाम थपिएको छ। यस अवधिमा बोर्डले १२ कोष व्यवस्थापकलाई प्राइभेट इक्वीटी तथा भेञ्चर क्यापिटलको रूपमा कार्य गर्न अनुमति प्रदान गरेको छ। स्वीकृत कोष व्यवस्थापकमध्ये केही कोष व्यवस्थापकले विभिन्न स्किम मार्फत चालु आर्थिक वर्षको फागुनसम्म कुल रू.२० अर्बको पुँजी परिचालन गरेका छन् ।

४.५७ चालु आर्थिक वर्षको फागुनसम्म ३६ संगठित संस्थाले रू.१४ अर्ब ९५ करोड रकम बराबरको बोनस शेयर धितोपत्र बोर्डमा दर्ता गराएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४६ संगठित संस्थाले रू.२७ अर्ब ४८ करोड बराबरको बोनस शेयर दर्ता गराएका थिए।

चार्ट ४(ङ): धितोपत्रको प्राथमिक बजार मार्फत कुल पुँजी परिचालनको स्थित (रकम रू. करोडमा)

स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८० * फागुन

४.५८ चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्रको दोस्रो बजारमा रू.४ खर्ब १५ अर्ब ७८ करोड रकम बराबरको धितोपत्र कारोबार भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३९.७६ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको सोही अवधिमा रू.२९७ अर्ब ४९ करोड रकम बराबरको धितोपत्र कारोबार भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १५० दिनको कारोबारमा औसत दैनिक

कारोबार रकम रू.२ अर्ब ७७ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा औसत दैनिक कारोबार रकम रू.१ अर्ब ९४ करोड रहेको थियो। साथै, चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कारोबार भएका धितोपत्रको सङ्ख्या र कारोबार सङ्ख्यामा क्रमशः ५५.६ र ८९.१ प्रतिशतले वृद्धि भएको छ।

४.५९ चालु आर्थिक वर्षको फागुनमसान्तमा २१०८.७२ विन्दु कायम भएको छ। गत आर्थिक वर्षको फागुनमसान्तमा नेप्से सूचकाङ्क १९५३.०६ विन्दु कायम रहेको थियो। त्यस्तै, २०८० असारमसान्तमा नेप्से सूचकाङ्क २०९७.१० विन्दु रहेको थियो। २०८० फागुनमसान्तमा नेप्से फ्लोट सूचकाङ्क १४३.३९ विन्दु कायम भएको छ। २०७९ फागुनमसान्तमा यस्तो सूचकाङ्क १३७.२२ विन्दु रहेको थियो।

चार्ट ४(च): नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (विन्दुमा)

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८० * फागुन आधार वर्ष २०५०, विन्दु १००

४.६० २०७९ फागुनमसान्तमा धितोपत्र बजारको कुल बजार पुँजीकरण रू.२८ खर्ब २३ अर्ब कायम रहेकोमा २०८० फागुनमसान्तमा १७.४ प्रतिशतले वृद्धि भई रू.३३ खर्ब १५ अर्ब पुगेको छ। कुल बजार पुँजीकरणमा वित्तीय क्षेत्र (बैंक तथा वित्तीय

संस्था र बीमा कम्पनी) को हिस्सा सबैभन्दा बढी ५७.७ प्रतिशत, जलविद्युत् कम्पनीको हिस्सा १४.९ प्रतिशत र लगानी कम्पनीको हिस्सा ७.५ प्रतिशत रहेको छ। त्यसैगरी, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ६.३ प्रतिशत, होटेल तथा पर्यटन संस्थाको हिस्सा २.९ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत र अन्य समूहका कम्पनीको हिस्सा १०.२ प्रतिशत रहेको छ।

चार्ट ४(छ): धितोपत्रको बजार पुँजीकरणको प्रवृति (रकम रू. अर्बमा)

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८० * फागुन

४.६१ २०७९ फागुनसम्म सूचीकृत कम्पनीको सङ्ख्या २४५ रहेकोमा २०८० फागुनसम्म कम्पनी मर्जर तथा प्राप्ति पश्चात नेप्सेमा सूचीकृत कम्पनीको सङ्ख्या २७१ पुगेको छ। चालु अर्थिक वर्षको फागुनसम्म दोस्रो बजार कारोबारका लागि थप २३ कम्पनी (४ बीमा, १ लगानी, १२ जलविद्युत, २ उत्पादन तथा प्रशोधन र ४ अन्य समूहको कम्पनी) नेप्सेमा सूचीकृत भएका छन्।

४.६२ २०८० फागुनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरको चुक्ता मूल्य रू.८ खर्ब १४ अर्ब ६४ करोड पुगेको छ। २०७९ फागुनसम्म यस्तो मूल्य रू.७ खर्ब १ अर्ब ९८ करोड रहेको थियो।

४.६३ चालु आर्थिक वर्षको फागुनसम्म ४६ करोड ६८ लाख ५२ हजार कित्ता बराबरको प्राथमिक निष्कासन, ३४ करोड ५५ लाख बराबरको सामूहिक लगानी कोषका एकाई र १७ करोड ४८ लाख ६१ हजार कित्ता बराबरको हकप्रद, १६ करोड ७ लाख ४ हजार कित्ता बराबरको बोनस शेयर, ३ लाख २ हजार बराबरका थप

निस्कासन र १ करोड ४४ लाख १८ हजार बराबरको संस्थागत ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका छन्।

ऋणपत्र बजार

४.६४ बैंक ऋणको वैकल्पिक उपकरणको रूपमा आर्थिक वर्ष २०५४/५५ देखि संस्थागत ऋणपत्र निष्काशन शुरू भएको थियो। नेपालमा ऋणपत्रको निष्काशन सरकारी र संस्थागत क्षेत्रबाट हुने गरेको छ। हाल नेपाल सरकारबाट निष्काशन गरिने विभिन्न ऋणमध्ये विकास ऋणपत्रको मात्र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत भई कारोबार हुने गरेको छ। गत आर्थिक वर्षमा नेप्सेमा १६ संस्थागत र १४ सरकारी ऋणपत्र सूचीकरण भएकोमा रू.२६ करोड बराबरको संस्थागत ऋणपत्र र रू.३२ करोड बराबरको सरकारी ऋणपत्रको कारोबार भएको छ।

ओटिसी बजार

४.६५ नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले दोस्रो बजार कारोबार अन्तर्गत नेप्सेमा सूचीकृत नभएका पब्लिक कम्पनीको धितोपत्रको खरिद बिक्रीका लागि ओटिसी बजार सञ्चालन विनियमावली, २०६५ को व्यवस्थाअनुसार ओटिसी बजार सञ्चालन गर्दै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ओटिसी बजारमा करिब रू.२ अर्ब ६७ करोड बराबर रकमको धितोपत्र कारोबार भएको छ।

धितोपत्र बजारमा लगानीकर्ताको सहभागिता

४.६६ पछिल्लो समयमा नेपालको धितोपत्र बजारमा लगानीकर्ताको सहभागिता उत्साहजनक रूपमा वृद्धि भएको छ। २०७९ असारसम्म ५३ लाख ४६ हजार डिम्याट खाता (हितग्राही खाता) रहेकोमा २०८० असारसम्म करिब ८.९ प्रतिशतले वृद्धि भई ५८ लाख २३ हजार पुगेको छ। २०८० फागुनसम्म यस्तो खाता ६२ लाख २४ हजार पुगेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको करिब २१.३ प्रतिशत हो।

४.६७ २०८० असारसम्म करिब ४८ लाख २६ हजार सङ्ख्यामा रहेको मेरो शेयर खाताको सङ्ख्या २०८० फागुनसम्म ५२ लाख ६४ हजार पुगेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको करिब १८.०३ प्रतिशत हो।

४.६८ प्रदेशगतरूपमा डिम्याट खाताको आधारमा लगानीकर्ताको सहभागीताको स्थितिलाई हेर्दा चालु आर्थिक वर्षको फागुनसम्म सबैभन्दा बढी लगानीकर्ता बागमतीमा

३७.२२ प्रतिशत र सबैभन्दा कम कर्णालीमा २.४३ प्रतिशत रहेका छन्। कर्णाली प्रदेशमा १ लाख ५१ हजार डिम्याट खाता मात्र रहेकोमा बागमतीमा २३ लाख १२ हजारभन्दा बढीको सङ्ख्यामा डिम्याट खाता रहेको छ।

४.६९ गत आर्थिक वर्षको फागुनसम्म केन्द्रीय निक्षेप कम्पनी (सिडिएस) मा अभौतिकृत धितोपत्रको सङ्ख्या ९ अर्ब ९१ करोड ९० लाख रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या १२ अर्ब १४ करोड ३७ लाख पुगेको छ।

४.७० चालु आर्थिक वर्षको फागुनसम्म केन्द्रीय निक्षेप कम्पनी) (सिडिएस) मा धितोपत्रको अभौतिकृत गर्ने दर्ता कम्पनीको सङ्ख्या २५३ पुगेको छ। यो सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिमा २३६ रहेको थियो। त्यसैगरी, निक्षेप सेवा प्रदान गर्न चालु आर्थिक वर्षको फागुनसम्म केन्द्रीय निक्षेप कम्पनी (सिडिएससी) को सदस्यता प्राप्त गर्ने निक्षेप सदस्यको सङ्ख्या ११२ पुगेको छ। यो सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिमा ८२ रहेको थियो।

तालिका ४(छ): धितोपत्र केन्द्रीय निक्षेपसम्बन्धी अवस्था

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	फागुनसम्म	
					२०७९/८०	२०८०/८१
दर्ता कम्पनीको सङ्ख्या	१९८	२०७	२२२	२३०	२३६	२५३
निक्षेप सदस्यको सङ्ख्या	७६	७८	८२	८८	८२	११२
हितग्राही खाताको सङ्ख्या (हजारमा)	१७५३	३७८९	५३४६	५८२३	५६५४	६२२४
अभौतिकृत धितोपत्रको सङ्ख्या (करोडमा)	५०७	७०२	८६९	१०७६	९९२	१२१४
मेरो शेयर खाताको सङ्ख्या (हजारमा)	७४२	२८५५	४३९५	४८२६	४६७१	५२६४

स्रोतः सिडिएस एण्ड क्लियरीङ्ग लि., २०८०

धितोपत्र बजार पूर्वाधार तथा बजार सहभागी संस्थाको स्थिति

४.७१ पछिल्लो समय नेपालको धितोपत्र बजारको क्षेत्र र दायरा विस्तार हुँदै गएको छ। योग्य संस्थागत लगानीकर्ता तथा धितोपत्र व्यापारीको प्रवेश भएको छ।

तालिका ४(ज): धितोपत्र बजार सहभागीहरूको अवस्था

संस्था	२०७५ असार	२०७६ असार	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
धितोपत्र बजार	१	१	१	१	१	१	१
केन्द्रीय निक्षेप सेवा कम्पनी	१	१	१	१	१	१	१
साख मूल्याङ्कन कम्पनी	२	२	२	२	३	३	३
सामूहिक लगानी कोष	९	११	१४	१४	१४	२०	२१
धितोपत्र व्यापारी	-	-	-	१	१	२	२
धितोपत्र दलाल व्यवसायी	५०	५०	५०	५०	५०	६७	९०
मर्चेन्ट बैंकर	२५	३०	३२	३०	३०	३०	२९
निक्षेप सदस्य	**७०**	**७२**	**७६**	**७९**	**८१**	**९१**	**११०**
आस्वा सदस्य	६५	५३	५९	५२	४९	४९	४३
योग्य संस्थागत लगानीकर्ता	-	-	-	८८	१११	१३२	१५०
सूचीकृत संगठित संस्था	१९६	२१५	२१२	२१९	२३४	२५४	२७१
विशिष्टीकृत लगानी कोष	-	-	-	-	-	१२	१२
जम्मा	**४१९**	**४३५**	**४४७**	**५३७**	**५७५**	**६६२**	**७३३**

स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लि., २०८०

मञ्जुषा बक्स ४(क): हरित ऋणपत्र (ग्रीन बण्ड) सञ्चालनका लागि कानुनी व्यवस्था

जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न संगठित संस्थाले धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरी हरित ऋणपत्र (ग्रीन बण्ड) वा डिवेञ्चर निष्काशन गर्न सक्ने व्यवस्थाको थालनी भएको छ। यस्तो ऋणपत्रमा प्रचलित नेपाल कानूनको अधिनमा रही विदेशी लगानीकर्ताले समेत लगानी गर्न सक्ने गरी कानूनी व्यवस्था भएको छ। यस्तो व्यवस्थासँगै पुँजी बजारको माध्यमबाट हरित वण्ड जस्ता नवीन वित्तीय उपकरण मार्फत लगानीयोग्य दीर्घकालीन पुँजी जुटाई दिगो विकासका लक्ष्य हासिल गर्ने तथा जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुग्ने अपेक्षा रहेको छ।

बीमा

४.७२ चालु आर्थिक वर्षको फागुनसम्म १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनी सहित बीमा कम्पनीको सङ्ख्या ३७ पुगेको छ। कुल ३७ बीमा कम्पनीमध्ये सरकारी लगानीका ३, स्वदेशी लगानीका २९, विदेशी कम्पनीका शाखा कार्यालय ३ र संयुक्त लगानीका २ कम्पनी रहेका छन्।

तालिका ४(झ): बीमा कम्पनीको स्वामित्व संरचना (२०८० फागुन)

स्वामित्व	कम्पनीको प्रकृति				जम्मा
	जीवन	निर्जीवन	लघुबीमा	पुनर्बीमा	
सरकारी	१	१		१	३
स्वदेशी लगानी	११	१०	७	१	२९
विदेशी	१	२		-	३
संयूक्त लगानी	१	१			२
जम्मा	**१४**	**१४**	**७**	**२**	**३७**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८०

४.७३ बीमा कम्पनीको पुँजी वृद्धि गर्नुपर्ने व्यवस्थाबमोजिम गत आर्थिक वर्षको शुरूवात देखि बीमक गाभ्ने र गाभिने क्रम शुरू भएकाले बीमा कम्पनीको सङ्ख्यासँगै शाखा कार्यालय पनि घटेका छन्। २०८० फागुनसम्म जीवन बीमक १,७८९, निर्जीवन बीमक १,०३५ र लघुबीमकका १०८ शाखा सङ्ख्यासँगै बीमा कम्पनीको शाखा सङ्ख्या २,९३२ पुगेको छ। २०७९ फागुनसम्म जीवन २,२०६ र निर्जीवन १,००९ गरी बीमा कम्पनीको शाखा सङ्ख्या ३,२१५ रहेको थियो।

४.७४ २०८० फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ४३.१६ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको छ। २०८० असारसम्म यस्तो पहुँच ४४.३८ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा अवधि भुक्तानी बीमालेख, अवधि समाप्ति बीमालेख, समर्पण बीमालेख र व्यतित बीमालेखको सङ्ख्या घटेकोले यस अवधिमा नयाँ बीमालेख जारी सङ्ख्या घटेको छ भने बीमाको दायरा समेत केही घटेको छ।

तालिका ४(ञ): जीवन तथा निर्जीवन बीमासम्बन्धी विवरण

शीर्षक	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
जीवन बीमाको दायरामा रहेको जनसङ्ख्या (प्रतिशतमा)					
वैदेशिक रोजगार म्यादी जीवन बीमा	५.००	२.२६	२.९४	५.३५	६.५६
वैदेशिक रोजगार म्यादी जीवन बीमासहित जीवन वीमा	२७.००	२६.६०	४१.२०	४४.३८	४३.१६
कुल बीमाशुल्क संङ्कलन (रू.करोडमा)					
जीवन	९३०८.४	१२११३.६	१३८७८.५	१४२५७.३	९८५९.१
निर्जीवन	२७६४.६	३२२५.४	३९१४.७	४०३३.७	२६२६.८
जम्मा	**१२०७३**	**१५३३९**	**१७७९३.३**	**१८२९१**	**१२४८५.९**
बीमकबाट भएको लगानी (रू.करोडमा)					
जीवन	२९०१९.७	३६७३३.६	४५२३०.४	५६९१६.२	६३७३७.७**

शीर्षक	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
निर्जीवन	६०२३.६	७२३८	८३०६.७	८९७६.९	९९४८.२**
जम्मा	**३५०४३.३**	**४३९७१.६**	**५३५३७.१**	**६५८९३.१**	**७३६८५.९****

स्रोतः नेपाल बीमा प्राधिकरण, २०७९ निर्जीवन बीमामा पुनर्बीमा पनि समावेश गरिएको। *फागुनसम्म **पुससम्म

नोटः २०८०/८१ को दोस्रो त्रैमासिकसम्मको लघु जीवनको जीवनमा र लघु निर्जीवनको निर्जीवन बीमामा समावेश गरिएको।

४.७५ चालु आर्थिक वर्षको फागुनसम्म जीवन बीमा शुल्क रू.९८ अर्ब ५९ करोड र निर्जीवन बीमा शुल्क रू.२६ अर्ब २७ करोड गरी कुल बीमा शुल्क गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा ४.४० प्रतिशत वृद्धि भई रू.१ खर्ब २४ अर्ब ८६ करोड पुगेको छ।

४.७६ २०८० फागुनसम्म सक्रिय बीमा लेखमध्ये जीवन बीमातर्फ सङ्ख्या १ करोड ३८ लाख ७ हजार २ सय ४९ र निर्जीवन बीमातर्फ १९ लाख ६२ हजार २४ रहेको छ।

४.७७ चालु आर्थिक वर्षको फागुनसम्म जीवन बीमातर्फ १ लाख ९४ हजार ३ सय ९४ बीमादावी अन्तर्गत रू.२ अर्ब ३१ करोड रकम बराबरको दावी भुक्तानी भएको छ। त्यसैगरी, निर्जीवन बीमातर्फ ९५ हजार २ सय १६ बीमादावी अन्तर्गत रू.१० अर्ब ७३ करोड रकम बराबरको कुल दावी भुक्तानी भएको छ। गत आर्थिक वर्षमा जीवन बीमातर्फ १ लाख १३ हजार ८२ बीमादावी अन्तर्गत रू.१९ अर्ब १६ करोड बराबरको दावी भुक्तानी भएको थियो। त्यसैगरी, निर्जीवन बीमातर्फ १ लाख १० हजार ४५ बीमादावी अन्तर्गत रू.१६ अर्ब २६ करोड बराबरको कुल दावी भुक्तानी भएको थियो।

४.७८ चालु आर्थिक वर्षको फागुनसम्म बीमा क्षेत्रमा जीवन र लघु जीवन बीमातर्फ गरी ११,६३५ ले प्रत्यक्षरूपमा रोजगारी प्राप्त गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म करिब २ लाख ९९ हजार ८ सय १५ अभिकर्ता अप्रत्यक्षरूपमा रोजगारीमा संलग्न छन्। निर्जीवन बीमा व्यवसायको क्षति मूल्याङ्कन गर्ने १,२४० सर्भेयर इजाजत प्राप्त गरी रोजगारीमा संलग्न रहेका छन्। साथै, १५ पुनर्बीमा अभिकर्ता इजाजतपत्र प्राप्त गरी कार्यरत छन्।

गैर-बैंक वित्तीय संस्था

४.७९ २०८० पुससम्म कर्मचारी सञ्चय कोषको सम्पति तथा दायित्व रू.५ खर्ब ३७ अर्ब २५ करोड पुगेको छ। यस अवधिमा सञ्चयकर्ताको सञ्चित रकम रू.४ खर्ब ८८ अर्ब २० करोड रहेको छ। २०८० पुससम्म यस कोषले विभिन्न क्षेत्रमा गरी रू.१

खर्ब ८५ अर्ब ५० करोड लगानी र रू.३ खर्ब ४२ अर्व ६१ करोड कर्जा तथा सापटी प्रदान गरेको छ।

४.८० २०८० पुससम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व रू.२ खर्ब ५३ अर्ब १३ करोड पुगेको छ। यस अवधिमा बचतकर्ताको सञ्चित रकम रू.२ खर्ब १६ अर्ब १० करोड रहेको छ। २०८० पुससम्म यस कोषले विभिन्न क्षेत्रमा गरी रू.१ खर्ब ५८ अर्ब ९७ करोड लगानी र रू.७६ अर्ब ८ करोड कर्जा तथा सापटी प्रदान गरेको छ।

४.८१ २०८० पुससम्म निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्पत्ति रू.२६ अर्ब २४ करोड पुगेको छ। साथै, यस कोषले २०८० फागुनसम्म विभिन्न ५५ बैंक तथा वित्तीय संस्थामा गरी ४ करोड ११ लाख ५ हजार निक्षेप खातामा रहेको रू.१३ खर्ब ८४ अर्बको सुरक्षण गरेको छ। यस अवधिसम्म कोषले विभिन्न ९७ बैंक तथा वित्तीय संस्थाबाट १५ लाख २४ हजार ऋणीलाई प्रवाह गरेको रू.२ खर्ब ९१ अर्ब कर्जा रकम सुरक्षण गरेको छ।

तालिका ४(ट): निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था

विवरण	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
कर्जा सुरक्षण रकम (रू.करोडमा)	६५७१	१४८६८	२६४२८	२७४६४	२९१००
निक्षेप सुरक्षण रकम (रू.करोडमा)	६८९४९	८११६२	८७९२२	१२३२९५	१३८३७९
कर्जा सुरक्षण गर्ने बैंक तथा वित्तीय संस्थाको सङ्ख्या	७९	९४	१०८	११३	९७
निक्षेप सुरक्षण गर्ने बैंक तथा वित्तीय संस्थाको सङ्ख्या	७३	६६	६२	५५	५५
सुरक्षित ऋणीको सङ्ख्या (हजारमा)	७९०	१२२५	१७४९	१६८०	१५२४
निक्षेप खाता सङ्ख्या (हजारमा)	२६०२६	३०१०७	३६१४३	४१३८१	४११०५

स्रोतः निक्षेप तथा कर्जा सुरक्षण कोष, २०८०

४.८२ चालु आर्थिक वर्षको फागुनसम्म कालोसूचीमा परेका ऋणीको सङ्ख्या ३१ हजार ५ सय ४७ रहेको छ। यस अवधिमा कालो सूचीबाट बाहिरिएका ऋणीको सङ्ख्या ८,३०७ रहेको छ। २०८० फागुनसम्म विभिन्न बैंक तथा वित्तीय संस्थाका गरी कालोसूचीमा पर्ने ऋणीको सङ्ख्या ८८ हजार १ सय ४५ पुगेको छ।

सहकारी संस्था

४.८३ २०८० फागुनसम्म सहकारी संस्थाको सङ्ख्या ३१ हजार ४ सय ५० रहेको छ। यस अवधिसम्म शेयर सदस्य सङ्ख्या ७३ लाख ८३ हजार ५ सय २८ पुगेको

छ। शेयर पुँजी रू.९४ अर्ब ७२ करोड पुगेको छ। यस अवधिसम्म सहकारी क्षेत्रमा रू.४ खर्ब ७८ अर्ब ११ करोड बचत परिचालन भई रू.४ खर्ब ५ अर्ब ३ करोड कर्जा प्रवाह भएको छ।

४.८४ सहकारी क्षेत्रमा २०८० असारसम्म ९३,७७१ व्यक्ति प्रत्यक्ष रोजगारीमा संलग्न रहेकोमा २०८० फागुनसम्म यस्तो सङ्ख्या ९४,००२ पुगेको छ।

४.८५ सहकारी गतिविधिलाई विश्वसनीय र पारदर्शी तुल्याउन एवं एकीकृत तथ्याङ्कको व्यवस्थापन गर्न "सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली" विकास गरिएको छ। २०८० असारसम्म यस प्रणालीमा १५ हजार ८ सय १५ सहकारी संस्था आबद्ध भएकोमा २०८० फागुनसम्म यस्तो सङ्ख्या १९ हजार ९ सय ८० पुगेको छ।

५. बाह्य क्षेत्र

५.१ पछिल्ला वर्षमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि तथा अमेरिकी डलरको अधिमूल्यन भए तापनि पैठारीमा आएको कमी, विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धि लगायतका कारण चालु आर्थिक वर्षमा बाह्य क्षेत्र सहज अवस्थामा रहेको छ। पछिल्लो समय खुद सेवा, खुद आय र विप्रेपण आप्रवाहमा भएको वृद्धि लगायतका कारण शोधनान्तर स्थितिसँगै चालु खाता समेत बचतमा रहेको छ।

वैदेशिक व्यापार

५.२ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापारमा निकासीको अंश ८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो अंश ९.० प्रतिशत रहेको थियो।

चार्ट ५(क): कुल व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)

स्रोत: भन्सार विभाग, २०८०

५.३ गत आर्थिक वर्ष उच्च दरमा घटेको वैदेशिक व्यापार चालु आर्थिक वर्षको फागुनसम्म समेत घटेको छ। गत आर्थिक वर्षमा निकासी २१.४ प्रतिशत र पैठारी १६.१ प्रतिशतले घटेको थियो।

५.४ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु निकासी ४.० प्रतिशतले घटेर रू.१ खर्ब ६२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी

२९.१ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारततर्फ भएको निकासी ७.७ प्रतिशतले घटेको छ भने चीन र अन्य मुलुकतर्फको निकासी क्रमशः २७५.५ प्रतिशत र ०.३ प्रतिशतले बढेको छ।

५.५ चालु आर्थिक वर्षको फागुनसम्म जिङ्क शिट, पार्टिकल बोर्ड, जुस, तयारी पोशाक, पोलिस्टर धागो लगायतका वस्तुको निकासी बढेको छ भने पाम तेल, सोयाविन तेल, अलैंची, ऊनी गलैचा, ब्रान्स लगायतका वस्तुको निकासी घटेको छ।

५.६ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु पैठारी २.७ प्रतिशतले घटेर रू.१० खर्ब ३० अर्ब २२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी १९.१ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत र अन्य मुलुकबाट भएको पैठारी क्रमशः २.८ प्रतिशत र २२.९ प्रतिशतले घटेको छ भने चीनबाट भएको पैठारी ३३.७ प्रतिशतले बढेको छ।

५.७ चालु आर्थिक वर्षको फागुनसम्म तयारी पोशाक, सवारी साधन तथा स्पेयर पार्टपुर्जा, हवाइजहाजको स्पेयर पार्टपुर्जा, विद्युत्तीय उपकरण, लत्ताकपडा लगायतका वस्तुको पैठारी बढेको छ भने कच्चा सोयाविन तेल, सुन, पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, धान तथा चामल लगायतका वस्तुको पैठारी घटेको छ।

५.८ चालु आर्थिक वर्षको फागुनसम्म कुल वैदेशिक व्यापार २.८ प्रतिशतले घटेर रू.११ खर्ब ३० अर्ब ८४ करोड रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म कुल वैदेशिक व्यापार २०.१ प्रतिशतले घटेर रू.११ खर्ब ६३ अर्ब १८ करोड रहेको थियो।

चार्ट ५(ख): बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

स्रोत: नेपाल राष्ट्र बैंक, भन्सार विभाग, २०८०

निकासी-पैठारी मूल्य सूचकाङ्क

५.९ वार्षिक विन्दुगत आधारमा २०८० फागुन महिनामा निकासीको एकाइ मूल्य सूचकाङ्क ६.१ प्रतिशतले बढेको छ भने पैठारी मूल्य सूचकाङ्क ३.३ प्रतिशतले घटेको छ। २०८० फागुन महिनामा व्यापारको शर्त (Terms of Trade) ९.७ प्रतिशतले बढेको छ।

चार्ट ५(ग): निकासी र पैठारी एकाइ मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन)

स्रोत: नेपाल राष्ट्र बैंक, २०८०

व्यापार सन्तुलन, शोधनान्तर र विप्रेषण

५.१० चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापार घाटा २.५ प्रतिशतले घटेर रू.९ खर्ब २९ अर्ब ६१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा १७.९ प्रतिशतले घटेको थियो। यस अवधिमा निकासी-पैठारी अनुपात ९.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात ९.९ प्रतिशत रहेको थियो।

मञ्जुषा बक्स ५(क): शोधनान्तर स्थितिमा आएको सुधार

निश्चित समयावधि भित्र आवासीय र गैरआवासीय व्यक्ति एवं संस्थाबीच भएका आर्थिक तथा वित्तीय कारोबारको सारांश नै शोधनान्तर स्थिति हो। शोधनान्तर खाताले चालु खाता र पुँजी तथा वित्तीय खातामा गैरआवासीय व्यक्ति तथा संस्थासँग भएको कारोबारलाई समेट्दछ। कुनै निश्चित समयावधिमा विदेशी मुद्रा मुलुकभित्र भित्रिने भन्दा बढी बाहिरिएको अवस्थालाई शोधनान्तर घाटा र मुलुकबाट विदेशी मुद्रा बाहिरीने भन्दा भित्रिने रकम बढी भएको अवस्थालाई शोधनान्तर बचत भनिन्छ। शोधानान्तर घाटा नेपालजस्तो पैठारीमा आधारित अर्थतन्त्रका लागि ज्यादै संवेदनशील विषय हो।

नेपालको अर्थतन्त्रमा विभिन्न समयमा शोधनान्तर घाटाको समस्या देखापरेको थियो। आर्थिक वर्ष २०३१/३२ पछिको शोधनान्तर स्थितिको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०३९/४० देखि आर्थिक वर्ष २०४१/४२ सम्म लगातार तीन वर्ष, आर्थिक वर्ष २०५२/५३ देखि आर्थिक वर्ष २०५८/५९ सम्म लगातार दुई वर्ष, आर्थिक वर्ष २०५८/५९ र आर्थिक वर्ष २०६६/६७ मा शोधनान्तर घाटा देखिएको थियो। यी आर्थिक वर्षमा शोधनान्तर घाटा सामान्य रहेको थियो। तर आर्थिक वर्ष २०७५/७६ मा भने रू.६७ अर्बको उच्च शोधनान्तर घाटा देखिएको थियो। नेपालले विगतमा देखिएका स-साना शोधनान्तर घाटा पूर्ति गर्न सुन लगायत बिलासी वस्तुको भन्सार दर बढाउनेदेखि सहुलियतपूर्ण वैदेशिक ऋण लिने कार्य गरेको थियो।

आर्थिक वर्ष २०७८/७९ मा करिब रू.२ खर्ब ५२ अर्बले शोधनान्तर घाटा देखिएको थियो। यो शोधनान्तर घाटा तुलनात्मकरूपमा उच्च थियो। आर्थिक वर्ष २०७७/७८ को असारमा रू.१ अर्ब २२ करोडले बचतमा रहेको शोधनान्तर स्थिति आर्थिक वर्ष २०७८/७९ को बैशाखमा करिब रू.२ खर्ब ८८ अर्बले घाटामा देखिएको थियो। यस समयमा नेपाल राष्ट्र बैङ्कमा रहेको विदेशी विनिमय सञ्चिति करिब रू.१२ खर्ब १५ अर्ब पुगेको थियो। उक्त विदेशी विनिमय सञ्चिति ७.८ महिनाको वस्तु पैठारी र ६.९ महिनाको वस्तु तथा सेवा पैठारी धान्न मात्र पर्याप्त थियो। शोधनान्तर घाटाको प्रभाव वित्तीय प्रणालीमा समेत पर्न गई तरलता अभावको स्थितिसमेत सिर्जना भएको थियो। यो शोधनान्तर घाटा सामान्य प्रक्रियाले समाधान हुने स्थिति थिएन।

तत्कालीन अन्तर्राष्ट्रिय एवं आन्तरिक आर्थिक स्थितिलाई मध्यनजर गर्दै समग्र बाह्य क्षेत्रमा देखिएको समस्या समाधानको लागि मौद्रिक नीति, २०७९/८० को कार्यदिशा **सजगतापूर्वक कसिलो** बनाइएको थियो। त्यसैगरी, बढ्दो पैठारीलाई दृष्टिगत गरी सरकारले पैठारी नियमन नीति अवलम्बन गरेको थियो। फलस्वरूप, २०७९ असोजबाट बाह्य क्षेत्रमा क्रमशः सुधार हुँदै गएको थियो। चालु खाता घाटामा उल्लेख्य सुधार भई शोधनान्तर स्थिति १४ महिनापछि २०७९ असोजमा पहिलोपटक बचतमा रहेको थियो। साथै, विदेशी विनिमय सञ्चितिमा समेत सुधार हुँदै गएको थियो। आर्थिक वर्ष २०७९/८० असारमा शोधनान्तर स्थिति करिब रू.२ खर्ब ८५ अर्बले बचतमा रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म शोधनान्तर स्थिति करिब रू.३ खर्ब २७ अर्ब (२ अर्ब ४६ करोड अमेरिकी डलर) ले बचतमा रहेको छ। शोधनान्तर स्थिति मात्रै नभएर चालु खातामा पनि उल्लेख्य सुधार भएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म चालु खाता रू.१ खर्ब ६६ अर्ब ८७ करोड (१ अर्ब २५ करोड अमेरिकी डलर) ले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू.५५ अर्ब २८ करोड (४२ करोड ९३ लाख अमेरिकी डलर) ले घाटामा रहेको थियो।

बाह्य क्षेत्र स्थितिमा भएको सुधार र मुद्रास्फीतिमा आएको कमीलाई दृष्टिगत गरी आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा मार्फत मौद्रिक नीतिको कार्यदिशा **सजगतापूर्वक केही लचिलो** बनाइएको थियो। आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको कार्यदिशा समेत **सजगतापूर्वक लचिलो** बनाइएको छ।

५.११ चालु आर्थिक वर्षको फागुनसम्म शोधनान्तर स्थिति रू.३ खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.१ खर्ब ४२ अर्बले बचतमा रहेको थियो।

५.१२ चालु आर्थिक वर्षको फागुनसम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.० प्रतिशतले वृद्धि भई रू.९ खर्ब ६१ अर्ब २२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्षमा विप्रेषण आप्रवाह कुल गार्हस्थ्य उत्पादनको २२.८ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात २०.२ रहेको थियो।

तालिका ५(क): विप्रेषण आप्रवाहको अवस्था

विवरण	इकाई	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
विप्रेषण आय	रू.अर्बमा	८७५.०३	९६१.०५	१००७.३१	१२२०.५६	९६१.२२
	प्रतिशतमा	-०.४९	९.८३	४.८१	२१.१७	२१.०१
	कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा	२२.५०	२२.०८	२०.२४	२२.८२	-
	चालु खाता प्राप्तिको प्रतिशतमा	६६.२७	७०.६१	६६.४२	६६.९०	६८.१८
	चालु ट्रान्सफर आयको प्रतिशतमा	८८.५९	८९.२०	८९.४९	८९.९९	९१.७९

स्रोत: नेपाल राष्ट्र बैंक, २०८० * फागुनसम्म

विदेशी विनिमय सञ्चिति

५.१३ २०८० असारमसान्तमा रू.१५ खर्ब ३९ अर्ब ३६ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति २१.७ प्रतिशतले वृद्धि भई २०८० फागुनमसान्तमा रू.१८ खर्ब ७२ अर्ब ८२ करोड पुगेको छ। यस्तो सञ्चिति २०८० असारमसान्तमा ११ अर्ब ७१ करोड अमेरिकी डलर रहेकोमा २०८० फागुनमसान्तमा २०.८ प्रतिशतले वृद्धि भई १४ अर्ब १४ करोड अमेरिकी डलर पुगेको छ।

५.१४ २०८० फागुनमसान्तको कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८७.८ प्रतिशत रहेको छ। यसैगरी, कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.१ प्रतिशत रहेको छ।

५.१५ विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा रू.१३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा २०८० फागुनमसान्तमा २२.२ प्रतिशतले वृद्धि भई रू.१६ खर्ब ४४ अर्ब ६ करोड पुगेको छ।

५.१६ चालु आर्थिक वर्षको फागुन महिनाको पैठारीलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.८ महिनाको वस्तु पैठारी र १२.४ महिनाको वस्तु तथा सेवा पैठारी धान्न पर्याप्त छ।

प्रत्यक्ष वैदेशिक लगानी

५.१७ चालु आर्थिक वर्षको फागुनसम्म खुद प्रत्यक्ष वैदेशिक लगानी रू.५ अर्ब ६३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रू.१ अर्ब १७ करोड रहेको थियो।

५.१८ २०७९ असारमसान्तमा प्रत्यक्ष वैदेशिक लगानी दायित्व रू.२ खर्ब ६४ अर्ब ३३ करोड रहेकोमा २०८० असारमसान्तमा रू.२ खर्ब ७० अर्ब २९ करोड पुगेको छ।

विनिमय दर

५.१९ २०८० असारमसान्तको तुलनामा २०८० फागुनमसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैंयाँ ०.७३ प्रतिशतले अवमूल्यन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा नेपाली रूपैयाँ २.७४ प्रतिशतले अवमूल्यन भएको थियो। २०८० फागुनमसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर १३२.१४।- रूपैंयाँ पुगेको छ। २०८० असारमसान्तमा यस्तो विनिमय दर १३१.१७।- रूपैंयाँ रहेको थियो।

चार्ट ५(घ): अमेरिकी डलर एकको नेपाली रूपैयाँसँग खरिद विनिमय दर (नेपाली रूपैंया)

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०

६. गरिबी निवारण, रोजगारी र सामाजिक सुरक्षा

६.१ सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था र लक्षित कार्यक्रमको कार्यान्वयनबाट निरपेक्ष गरिबी क्रमशः घट्दै गएको छ। तथापि, कोभिड-१९ महामारी लगायतका सङ्क्रामक रोग, विश्वव्यापीरूपमा भएको आधारभूत खाद्यान्नको मूल्यवृद्धि, विपद्जन्य घटना लगायतको कारण आवधिक योजनाले लिएको लक्ष्यबमोजिम गरिबी घट्न भने सकेको छैन।

६.२ स्वदेशभित्र लाभजन्य रोजगारीका अवसर सीमित रहँदा रोजगारीको लागि विदेशिने क्रम बढ्दै गएको छ। उत्पादनमूलक उद्योग, निर्माण, पर्यटन जस्ता क्षेत्र अपेक्षितरूपमा विकास हुन नसक्दा देशभित्र पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन।

गरिबी, असमानता र जीवनस्तर

६.३ नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ। ग्रामीण क्षेत्रमा निरपेक्ष गरिबी २४.६६ प्रतिशत र शहरी क्षेत्रमा १८.३४ प्रतिशत रहेको छ। पन्ध्रौं योजनाको अन्त्यसम्ममा निरपेक्ष गरिबीको दरलाई ९.५ प्रतिशतमा झार्ने लक्ष्य लिएको भए पनि कोभिड-१९ महामारी र विश्व परिघटनाबाट आपूर्ति श्रृङ्खलामा परेको प्रभावको कारण निरपेक्ष गरिबीको दर उच्च रहेको छ।

तालिका ६(क): गरिबीसम्बन्धी प्रमुख सूचकहरू

सूचक	इकाई	मान
गरिबीको रेखामुनि रहेको जनसङ्ख्या*	प्रतिशत	२०.२७
बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या	प्रतिशत	१७.४
बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या-शहरी क्षेत्र	प्रतिशत	१२.३
बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या-ग्रामीण क्षेत्र	प्रतिशत	२८.०
बहुआयामिक गरिबी सूचकाङ्क	सूचकाङ्क	०.०७४
बहुआयामिक गरिबीको तीव्रता (Intensity)	प्रतिशत	४२.५

स्रोतः राष्ट्रिय योजना आयोग, २०८० *नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८०

गरिबी निवारण र मानव विकास

६.४ आर्थिक वर्ष २०७५/७६ मा बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या २८.६ प्रतिशतबाट पन्ध्रौं योजनाको अन्त्यसम्म ११.५ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा सो दर १७.४ प्रतिशतमा झरेको छ। ग्रामीण

जनसङ्ख्याको तुलनामा शहरी जनसङ्ख्यामा बहुआयामिक गरिबी कम देखिएको छ।

मञ्जुषा बक्स ६(क): नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०)

जनताको जीवनस्तरको मापन गर्न घरपरिवारको समृद्धिसँग सम्बन्धित घरपरिवारको उपभोग, आय, सेवा सुविधामा पहुँच, आवास तथा आवासीय सुविधाको उपभोग, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका चरहरु समावेश गरिएको बहुआयामिक तथा बहुविषययुक्त सर्वेक्षण नै जीवनस्तर सर्वेक्षण हो। नेपालमा जीवनस्तर सर्वेक्षण कार्य पहिलोपटक आर्थिक वर्ष २०५२/५३ बाट शुरू भएको हो।

यस सर्वेक्षणको उद्देश्य घरपरिवारले गरेको खाद्य तथा गैरखाद्य खर्चको आधारमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या र जनताको जीवनस्तरमा परेको प्रभावसम्बन्धी तथ्याङ्कीय जानकारी उपलब्ध गराउनु रहेको छ। साथै, सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नु तथा दिगो विकासका लक्ष्यको मापनका लागि वस्तुगत आधार प्रदान गर्नु पनि यस सर्वेक्षणको उद्देश्य रहेको छ।

यस सर्वेक्षणमा सातै प्रदेशको शहरी तथा ग्रामीण क्षेत्र र काठमाडौं उपत्यका शहरी क्षेत्र गरी १५ विश्लेषणात्मक क्षेत्रसम्मको नतिजा प्राप्त हुने गरी नमूना छनोट विधि अवलम्बन गरिएको थियो। राष्ट्रिय जनगणना, २०७८ बाट प्राप्त घरपरिवारको सूचीको आधारमा नमूना छनोट कार्य गरिएको थियो। यस सर्वेक्षणमा देशभरका ८०० गणना क्षेत्रबाट प्रति गणना क्षेत्र १२ घरपरिवार छनोट गरी जम्मा ९,६०० घरपरिवारलाई नमूनाको रूपमा छनौट गरी विवरण सङ्कलन गरिएको थियो। विश्व बैंकले तयार पारेको आधारभूत आवश्यकताको लागत विधिको आधारमा नेपालले हालसम्म गरिबी मापन गर्दै आएको छ।

नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०) का प्रमुख नतिजा

- नेपालमा गरिबीको रेखा प्रतिव्यक्ति प्रति वर्ष रु.७२ हजार ९ सय ८ निर्धारण गरिएको छ। जसमध्ये खाद्य गरिबीको रेखा ३५,०२९।-रुपैंयाँ र गैरखाद्य गरिबीको रेखा ३७,८७९।-रुपैंयाँ रहेको छ।
- पहिलो जीवनस्तर सर्वेक्षण २०५२/५३ मा ४१.७६ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेकोमा चौथो जीवनस्तर सर्वेक्षण २०७९/८० मा यस्तो जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ।

तालिका ६(ख): गरिबीको दर (प्रतिशतमा)

विवरण	नेपाल जीवनस्तर सर्वेक्षण			
	२०५२/५३	२०६०/६१	२०६६/६७	२०७९/८०
नेपाल	**४१.७६**	**३०.८५**	**२५.१६**	**२०.२७**
शहरी क्षेत्र	२१.५५	९.५५	१५.४६	१८.३४
ग्रामीण क्षेत्र	४३.२७	३४.६२	२७.४३	२४.६६

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

नोटः नेपाल जीवनस्तर सर्वेक्षण तेस्रोमा कायम भएको गरिबीको रेखा अर्थात प्रतिव्यक्ति प्रतिवर्ष उपभोग खर्च १९,२६१।- रूपैंयाँलाई हालको मूल्यमा रूपान्तरण गर्दा ४२,८४५।- रूपैंयाँ हुने देखिन्छ। नेपाल जीवस्तर सर्वेक्षण तेस्रोमा अवलम्बन गरिएको गरिबीको अनुमान विधिअनुसार समान हित सीमाका आधारमा गणना गर्दा निरपेक्ष गरिबीको दर ३.५७ प्रतिशत हुन आउँछ।

- गरिबीको विषमता र गरिबीको गहनता क्रमशः ४.५२ प्रतिशत र १.४८ प्रतिशत रहेको छ। कुल गरिबीको रेखामुनि रहेको जनसङ्ख्यामध्ये ६२.८६ प्रतिशत शहरी क्षेत्र र ३७.१४ प्रतिशत ग्रामीण क्षेत्रमा रहेका छन्।

तालिका ६(ग): उपभोगमा आधारित गरिबी र असमानतासम्बन्धी सूचक

सूचक	एकाइ	मान		
		नेपाल	शहरी क्षेत्र	ग्रामीण क्षेत्र
गरिबीको विषमता	प्रतिशत	४.५२	४.०३	५.६४
गरिबीको गहनता	प्रतिशत	१.४८	१.२९	१.९१
गिनी गुणक	सूचकाङ्क	०.३०	०.२९	०.३०

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

गिनी सूचकाङ्क

- नेपाल जीवनस्तर सर्वेक्षण (२०५२/५३) मा गिनी सूचकाङ्क ०.३२ रहेकोमा नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०) मा यस्तो सूचकाङ्क ०.३० रहेको छ। हरेक सर्वेक्षणमा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा गिनी सूचकाङ्क उच्च रहेको छ।

तालिका ६(घ): गिनी सूचकाङ्कको प्रवृत्ति

नेपाल जीवनस्तर सर्वेक्षण	नेपाल	शहरी	ग्रामीण
पहिलो (२०५२/५३)	०.३२	०.४३	०.३१
दोस्रो (२०६०/६१)	०.४१	०.४४	०.३५
तेस्रो (२०६६/६७)	०.३३	०.३५	०.३१
चौथो (२०७९/८०)	०.३०	०.३०	०.२९

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

- प्रदेशगतरूपमा मधेश, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा गरिबीको दर राष्ट्रिय औसत भन्दा बढी रहेको छ। गरिबीको दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ३४.१६ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम ११.८८ रहेको छ। सुदूरपश्चिम प्रदेशमा गरिबीको विषमता सबैभन्दा बढी ८.४१ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम २.३३ प्रतिशत रहेको छ। त्यसैगरी, गरिबीको गहनता सबैभन्दा बढी क्रमशः सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा रहेको छ।

तालिका ६(ङ): प्रदेशगतरूपमा गरिबीको स्थिति

प्रदेश	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता
कोशी	१७.१९	३.८४	१.२५
मधेश	२२.५३	४.६२	१.३६
बागमती	१२.५९	२.६४	०.८९
गण्डकी	११.८८	२.३३	०.७१
लुम्बिनी	२४.३५	५.८	१.९९
कर्णाली	२६.६९	६.२५	२.१६
सुदूरपश्चिम	३४.१६	८.४१	२.८७

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

- औषत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा) सबैभन्दा बढी काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा रु.२ लाख ६३ हजार ३ सय १८ र सबैभन्दा कम मधेश प्रदेशको ग्रामीण क्षेत्रमा रु.७१ हजार ८ सय २८ रहेको छ। नेपालको प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च रु.१ लाख ३० हजार ८ सय ५३ रहेको छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको शहरी क्षेत्रमा प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च राष्ट्रिय औसत भन्दा बढी रहेको छ।

- घरपरिवारमुलीको लिङ्गको आधारमा गरिबीको दर करिब समान रहेको छ। पुरुष मुली भएको परिवारमा गरिबीदर २०.२७ प्रतिशत र महिला मुली भएको परिवारमा गरिबीदर २०.२८ प्रतिशत रहेको छ। महिला मुली भएको परिवारमा गरिबीको विषमता र गहनता केही बढी रहेको छ। महिला परिवारमुली भएको परिवारमा गरिबीको विषमता र गहनता क्रमशः ४.६० र १.५२ प्रतिशत तथा पुरुष परिवारमुली भएको परिवारमा क्रमशः ४.४८ र १.४६ प्रतिशत रहेको छ।

६.५ मानव विकास प्रतिवेदन, २०२३/२४ अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०१ पुगेको छ। फलस्वरूप, नेपाल मध्यम तहको मानव विकासस्तर भएको मुलुकको श्रेणीमा रहेको छ। प्रतिवेदनअनुसार मानव विकासको विश्व श्रेणीमा नेपाल १४६औं स्थानमा पर्दछ।

६.६ सन् २०२२/२३ को तुलनामा नेपालले मानव विकास सूचकाङ्कमा ०.०१ ले न्यून हुन गएको छ। जुन विश्वव्यापी औषत ०.००४ भन्दा माथि हो।

तालिका ६(च): मानव विकाससम्बन्धी सूचकाङ्क

सूचक	मान	सन्दर्भ वर्ष
मानव विकास सूचकाङ्क	०.६०१	सन् २०२२
प्रतिव्यक्ति कुल राष्ट्रिय आय (PPP $)	४०२६	सन् २०२२
औषत आयु (जन्म हुँदाको) - वर्ष	७०.५	सन् २०२२
अध्ययनमा संलग्न हुने अपेक्षित वर्ष	१२.६	सन् २०२२
अध्ययनमा संलग्न हुने औषत (मध्यक)वर्ष	४.५	सन् २०२२
मानव विकास सूचकाङ्कमा वार्षिक औषत परिवर्तन (प्रतिशत)	१.३२	सन् १९९०-२०२२
असमानता समायोजित मानव विकास सूचकाङ्क	०.४२४	सन् २०२२
लैङ्गिक विकास सूचकाङ्क	०.८८५	सन् २०२२
लैङ्गिक असमानता सूचकाङ्क	०.४९५	सन् २०२२

स्रोतः मानव विकास प्रतिवेदन २०२३/२४, राष्ट्रिय योजना आयोग, २०८०

श्रम र रोजगारी

६.७ स्थानीय तहबाट एकीकृत रूपमा श्रम तथा रोजगारीसम्बन्धी सेवा प्रवाह गर्न एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ। राष्ट्रिय योजना आयोगबाट एकीकृत राष्ट्रिय रोजगार प्रणालीको ढाँचा तयार भएको छ।

६.८ बाल श्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम हालसम्म ६ स्थानीय तह बाल श्रममुक्त घोषणा भएका छन्।

६.९ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म ५८९ गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको र ८५० गैर नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ७४१ गैर नेपालीलाई श्रम स्वीकृति र ७९५ गैर नेपालीको श्रम स्वीकृति नवीकरण भएको थियो।

तालिका ६(छ): श्रम स्वीकृति लिने गैर नेपाली नागरिकको सङ्ख्या

विवरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*	हालसम्म जम्मा
नयाँ श्रम स्वीकृति	१११९	११२६	१०९०	९५०	१३६९	५८९	**९०९६**
श्रम स्वीकृति नवीकरण	८६२	९६०	१३००	१२३१	१६२५	८५०	**८३६१**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० * फागुनसम्म

६.१० गत आर्थिक वर्षको फागुनसम्म १,६९२ श्रम प्रतिष्ठानको निरीक्षणको साथै न्यूनतम पारिश्रमिक कार्यान्वयन र श्रम कानूनको परिपालनाको अनुगमन भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या २,३११ रहेको छ।

६.११ चालु आर्थिक वर्षको फागुनसम्म ५० प्रतिष्ठानलाई श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र प्रदान गरिएको छ। त्यसैगरी, यस अवधिमा ३१७ इजाजतपत्रको नवीकरण र ३१७ (औद्योगिक/व्यावसायिक) श्रम विवाद समाधान गरिएको छ।

गरिबी निवारण र रोजगारी लक्षित कार्यक्रम

मञ्जुषा बक्स ६(ख) : प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा दोस्रो संशोधन गरी श्रमिकको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको ८०.० प्रतिशतले कायम हुन आउने रकममध्ये जुन बढी हुन्छ सोही दर कायम हुने व्यवस्था गरिएको छ।

यस कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारलाई रोजगारीका अवसर उपलब्ध गराउन रोजगार संयोजक ६७४, प्राविधिक सहायक ६७५ र रोजगार सहायक ६०१ गरी २०८० फागुनसम्म १,९५० जनशक्ति कार्यरत रहेका छन्।

प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत बेरोजगारको सङ्ख्या वर्सेनि बढ्दै गए पनि न्यूनतम रोजगारीमा खटिनेको सङ्ख्या घट्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा सूचीकृत भएका बेरोजगारमध्ये १०.९ प्रतिशत न्यूनतम रोजगारीमा खटिएकामा चालु आर्थिक वर्षको फागुनसम्म ०.८ प्रतिशत मात्र न्यूनतम रोजगारीमा खटिएका छन्। पछिल्लो ५ वर्षमा लुम्बिनी प्रदेशमा न्यूनतम रोजगारीमा खटिनेको सङ्ख्या औसतमा उच्च रहेको छ।

तालिका ६(ज): प्रदेशगत रुपमा सूचीकृत र न्यूनतम रोजगारीमा खटिएका बेरोजगारको विवरण

(सूचीकृत भएकामध्ये न्यूनतम रोजगारीमा खटिएका बेरोजगारको प्रतिशत)

प्रदेश	आर्थिक वर्ष				
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
कोशी	३४.०	२९.०	२५.६	१३.२	१.५
मधेश	२१.६	२०.०	१८.९	१३.२	०.६
बागमती	२४.९	२५.४	२५.८	१२.०	१.२
गण्डकी	२७.९	२३.९	२२.८	१३.९	१.२
लुम्बिनी	४६.५	२३.९	२५.०	११.९	०.९
कर्णाली	२२.९	२०.८	२२.९	८.६	०.४
सुदूरपश्चिम	२७.३	२४.४	२१.८	८.९	०.४
जम्मा	**२८.६**	**२३.९**	**२३.१**	**१०.९**	**०.८**
जम्मा सूचीकृत भएका बेरोजगारहरू	**३६९३१३**	**७५२४४९**	**७०८२४५**	**८४१३७९**	**८८५१५४**
जम्मा न्यूनतम रोजगारीमा खटिएका	**१०५६३५**	**१७९४६७**	**१६३७६०**	**९१६८५**	**६६९९**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *फागुनसम्म

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्गर्गत आयोजनामा खटिने श्रमिक र रोजगार सेवा केन्द्रमा कार्यरत रहेका ९० हजार कर्मचारीको चालु आर्थिक वर्षको लागि सामूहिक दुर्घटना बीमा गरिएको छ। जसका लागि रू.८७ लाख ७५ हजार खर्च भएको छ। साथै, प्रधानमन्त्री रोजगार कार्यक्रमको मध्यावधि मूल्याङ्कन सम्पन्न गरिएको छ।

चालु आर्थिक वर्षको फागुनसम्म औसत रोजगारी दिन कर्णाली प्रदेशमा सबैभन्दा बढी ७१.६ र मधेश प्रदेशमा सबैभन्दा कम ३४.८ रहेको छ।

तालिका ६(झ): प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण*

प्रदेश	स्थानीय तहको संख्या	आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या	आयोजना सङ्ख्या	रोजगारीमा खटिएको व्यक्तिको सङ्ख्या	जम्मा रोजगारी दिन	औसत रोजगारी दिन
कोशी	१३७	११६	१२२८	१६६२	१०७९४२	६४.९५
मधेश	१३६	६४	७१६	७०३	२४४७६	३४.८२
बागमती	११९	१०७	१३३९	१२२७	७३४२४	५९.८४
गण्डकी	८५	७०	१०१८	७२१	३९८३१	५५.२४
लुम्बिनी	१०९	७९	१२७०	८९६	५९९९९	६६.९६
कर्णाली	७९	६९	८००	७६९	५५०५४	७१.५९
सुदूरपश्चिम	८८	८०	१२१०	७२१	४७४२२	६५.७७
जम्मा	**७५३**	**५८५**	**७५८१**	**६६९९**	**४०८१४८**	**६०.९३**

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *२०८०/८१ को फागुनसम्म

६.१२ रोजगारमूलक तथा व्यावसायिक सीप विकासको प्रभावकारिता अभिवृद्धिका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

६.१३ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र सुरक्षित आप्रवसान कार्यक्रम अन्तर्गत १,७१० व्यक्तिले सीपमूलक तालीम प्राप्त गरेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ९२५ व्यक्तिले यस्तो तालीम प्राप्त गरेका थिए।

गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण

६.१४ गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत १५ जिल्लाका २ लाख ७१ हजार ६ सय ४० गरिब परिवारको अन्तिम सूची तयार भएको छ।

तराई-मधेश समृद्धि कार्यक्रम

६.२० २०८० असारसम्म यस कार्यक्रमबाट तराई-मधेशका विपन्न, गरिब-दलित, मुसहर, चमार, मुस्लिम लगायतका समुदायमा २,०५८ आवास निर्माण भई हस्तान्तरण भएका छन्। यसैगरी, विभिन्न प्रकारका १,१२२ सामुदायिक पूर्वाधार निर्माण र १६५ किलोमिटर स्थानीय सडकको स्तरोन्नति भएको छ।

६.२१ यस कार्यक्रमबाट चालु आर्थिक वर्षको फागुनसम्म मानव विकास सूचकाङ्कमा पछाडि परेका तराई-मधेशका २२ जिल्लाका २७८ स्थानीय तहमा करिब ६ हजार रोजगारी सिर्जना भएको छ।

वैदेशिक रोजगार

६.२२ २०८० फागुनसम्म वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५९ लाख ६९ हजार पुगेको छ। यसमध्ये पुरुष ९३.८ प्रतिशत र महिला ६.२ प्रतिशत रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म नयाँ श्रम स्वीकृति लिने २ लाख ८५ हजारमध्ये पुरुष ८६.४ प्रतिशत र महिला १३.६ प्रतिशत रहेका छन्।

६.२३ २०८० फागुनसम्म वैदेशिक रोजगारीका लागि ईपिएस प्रणालीमार्फत् १ लाख ४ हजार ६० जना नेपाली कामदार दक्षिण कोरिया गएका छन् जसमध्ये पुरुष ९३.२ प्रतिशत र महिला ६.८ प्रतिशत रहेका छन्।

६.२४ वैदेशिक रोजगारीको प्रमुख गन्तव्यको रूपमा रहेका मुलुकमा कतार, मलेशिया, साउदी अरब, युएई र कुवेत रहेका छन्। पछिल्लो अवधिमा युएई, जापान,

माल्दिभ्स, साउदी अरब र युरोपमा जाने नेपाली कामदारको सङ्ख्या बढ्दो क्रममा रहेको छ।

६.२५ वैदेशिक रोजगारीको लागि संस्थागतरूपमा १११ देशलाई खुला गरिएको छ। २०८० फागुनसम्म वैदेशिक रोजगारीमा श्रमिक पठाउने प्रयोजनका लागि १,५९९ म्यानपावर कम्पनीले इजाजतपत्र प्राप्त गरेका छन्।

तालिका ६(ञ): वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिनेको विवरण

देश	चालु आर्थिक वर्षको फागुनसम्म			२०८० फागुनसम्म		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
मलेशिया	१२८३	४८२२६	४९५०९	४०३४८	१५१३४७६	१५५३८२४
कतार	४८८९	२३५०४	२८३९३	३६५९९	१४५५६५८	१४९२२५७
यूएई	१२४११	६७२१८	७९६२९	११४८१०	८१६९४१	९३१७५१
साउदी अरब	१८०	४६९६७	४७१४७	९५०६	१२७४६१३	१२८४११९
कुवेत	६३१८	१३२८६	१९६०४	६४६९३	१७९४७५	२४४१६८
बहराईन	४३५	२४६०	२८९५	६५८३	७०३३१	७६९१४
ओमान	६६९	१०५१	१७२०	८२४७	४२२२०	५०४६७
जापान	१६५१	५११४	६७६५	४६८०	२९९८५	३४६६६
अन्य	१०९२२	३८७९८	४९७२०	८३१६६	२२८१९८	३११३६४
जम्मा	**३८७५८**	**२४६६२४**	**२८५३८२**	**३६८०६७**	**५६०११६९**	**५९६९२३६**

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८०

६.२६ वैदेशिक रोजगारीमा गएका नेपाली कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यस्तो कार्यक्रमबाट चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका ६९४ कामदारका परिवारलाई क्षतिपूर्तिबापत रु.४३ करोड ५७ लाख उपलब्ध गराइएको छ। यस अवधिमा वैदेशिक रोजगारीको क्रममा शारीरिक रूपमा अङ्गभङ्ग तथा बिरामी भएका २८५ पुरुष र १४ महिला गरी २९९ कामदारले आर्थिक सहायताबापत रु.११ करोड ९४ लाख ९२ हजार प्राप्त गरेका छन्।

तालिका ६(ट): वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेहरूको सङ्ख्या र आर्थिक सहायताको विवरण

आर्थिक बर्ष	पुरुष	महिला	जम्मा	आर्थिक सहायता (रु. करोडमा)
२०७०/७१	८५३	२४	८७७	१२.०६
२०७१/७२	१०००	६	१००६	२१.७४
२०७२/७३	७९२	२४	८१६	२२.१६
२०७३/७४	७३८	१८	७५६	२२.६३
२०७४/७५	८०१	२०	८२१	४५.६५
२०७५/७६	७३१	२३	७५४	५०.०२
२०७६/७७	६४५	१६	६६१	४१.५४
२०७७/७८	१२१३	२९	१२४२	७३.७७
२०७८/७९	१३५६	३९	१३९५	७२.००
२०७९/८०	११५९	४९	१२०८	६५.५२
२०८०/८१*	६७७	१७	६९४	४३.५७
जम्मा	**९९६५**	**२६५**	**१०२३०**	**४७०.६६**

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *२०८० फागुनसम्म

६.२७ तेस्रो चरणको सुरक्षित आप्रवासन कार्यक्रम ४३ जिल्लाका १६१ स्थानीय तहमा सञ्चालनमा रहेको छ। उक्त कार्यक्रमबाट चालु आर्थिक वर्षको फागुनसम्म ५ लाख ४५ हजार २ सय ४१ व्यक्तिले सेवा प्राप्त गरेका छन्।

तालिका ६(ठ): वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेको सङ्ख्या

आर्थिक वर्ष	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
आप्रवासी स्रोत केन्द्रमा सेवा लिन आएका सेवाग्राही	७८९३६	१०८८०३	२३७९४६	४०१४२०	५२०६९९
कानुनी सहायता तथा परामर्श	३६४१	५३९३	६६४३	६५०८	४०८६
सीप विकास	१०७१	९५०	१७४७	१५२८	११९४
मनोसामाजिक परामर्श सेवा	१५६७६	२३७४५	४७४१	३४०८	३७९२
वित्तीय साक्षरता	३१८०	१३९४९	१४३२०	१४७६१	१५४७०
जम्मा	**१०२५०४**	**१५२८४०**	**२६५३९७**	**४२७६२५**	**५४५२४१**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *फागुनसम्म

६.२८ राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म १,७१० व्यक्तिले व्यावसायिक

तथा सीप विकास तालीम प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७९/८० मा यस्तो तालीम प्राप्त गर्ने व्यक्तिको सङ्ख्या २१ हजार ७ सय ७७ रहेको थियो।

योगदानमा आधारित सामाजिक सुरक्षा

६.२९ २०८० फागुनसम्म १८ हजार ७ सय ५५ रोजगारदाता प्रतिष्ठानका ४ लाख ८६ हजार १ सय २५ श्रमिक योगदानकर्ता सामाजिक सुरक्षामा सूचीकृत भएका छन्। सूचीकृत रोजगारदाता र योगदानकर्ताहरू बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम रहेका छन्।

तालिका ६(ङ): सामाजिक सुरक्षा कोषमा आवद्ध रोजगारदाता र योगदानकर्ताको विवरण

प्रदेश	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*	जम्मा
रोजगारदाता (सङ्ख्यामा)						
कोशी	१५८४	६९	२०	१८	७०	**१९६८**
मधेश	२९८	१२९	१५४	५४	६६	**९००**
बागमती	५९७७	१६९४	१६७०	६४१	४६६	**१२९२२**
गण्डकी	४३६	१०४	११७	५२	२५	**८७४**
लुम्बिनी	७२८	३८८	१८२	३३	६४	**१५५७**
कर्णाली	९५	५१	५५	२०	६	**२५६**
सुदुरपश्चिम	८४	७३	४३	१५	१३	**२७८**
जम्मा	**९२०२**	**२५०८**	**२२४१**	**८३३**	**७१०**	**१८७५५**
योगदानकर्ता (सङ्ख्यामा)						
कोशी	१५४५०	१२३४५	५३८०	७९०३	७२२१	**४९३४५**
मधेश	९५५२	५३४६	२३४९	३२०२	२१८६	**२४६१२**
बागमती	९६९५९	८७५४३	६००७८	६१२६५	४७१७६	**३७२७७१**
गण्डकी	५५३३	५२८७	२०७५	२५७१	२६४६	**१८८०५**
लुम्बिनी	४३९०	५१४०	२६४५	१८५०	२०९६	**१६९११**
कर्णाली	२४६	४८८	२९१	२६४	३००	**१६६३**
सुदुरपश्चिम	५९२	५१९	२०६	३१५	३८६	**२०१८**
जम्मा	**१३२७२२**	**११६६६८**	**७३०२४**	**७७३७०**	**६२०११**	**४८६१२५**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *फागुनसम्म

६.३० देशभित्रका श्रमिक र विदेशमा रोजगारी गर्ने नेपालीसहित २०८० फागुनसम्म ११ लाख ९९ हजार ७ सय ११ श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिकमध्ये विदेशमा रहेका श्रमिक ५९.० प्रतिशत रहेका छन्।

तालिका ६(ढ): सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध श्रमिकको विवरण

सूचीकृत योगदानकर्ता	२०८० असारसम्म	२०८०/८१*	२०८० फागुनसम्म
औपचारिक क्षेत्र	४२४११४	६२०११	४८६१२५
वैदेशिक रोजगार	२२६१९०	४८७१६६	७१३३५६
अनौपचारिक क्षेत्र	०	१५४	१५४
स्वरोजगार क्षेत्र	६	७०	७६
जम्मा	**६५०३१०**	**५४९४०१**	**११९९७११**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,२०८० *फागुनसम्म

सामाजिक सुरक्षा कोषमा योगदान

६.३१ सामाजिक सुरक्षा कोषमा योगदानबापत २०८० फागुनसम्म रु.५१ अर्ब १४ करोड रकम सङ्कलन भएको छ। २०७९ फागुनसम्म कोषमा योगदानबापत रु.३० अर्ब ७१ करोड रकम सङ्कलन भएको थियो।

६.३२ सामाजिक सुरक्षा कार्यक्रमका ४ शीर्षकमध्ये २०८० फागुनसम्म **"औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना"** शीर्षकमा सबैभन्दा बढी ६७.५ प्रतिशत, **"वृद्ध अवस्था सुरक्षा योजना"** शीर्षकमा २६.३ प्रतिशत र अन्य दुई शीर्षकमा ६.२ प्रतिशत दावी परेको छ। यस अवधिसम्म दावीबापत भएको कुल भुक्तानी रू.८ अर्ब १२ करोड ११ लाखमध्ये **"वृद्ध अवस्था सुरक्षा योजना"** शीर्षकमा ८५.४ प्रतिशत, **"औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना"** शीर्षकमा ११.६ प्रतिशत र अन्य २ शीर्षकमा ३.० प्रतिशत भुक्तानी भएको छ।

६.३३ २०८० को फागुनसम्म २ लाख ८९ हजार ५ सय ३९ योगदानकर्ताको करिब रु.८ अर्ब १२ करोड ११ लाख दावी भुक्तानी भएको छ।

तालिका ६(ण): दावी भुक्तानीसम्बन्धी विवरण (भुक्तानी रु.करोडमा)

सुरक्षा योजना	एकाइ	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन	२०८० फागुनसम्म
औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना	सङ्ख्या	३४९६	१७२१०	७२९४८	१०१४१९	१९५३८८
	भुक्तानी	३.९८	१८.४२	३७.३७	३४.३२	९४.५२
दुर्घटना तथा अशक्तता सुरक्षा योजना	सङ्ख्या	११५	६९६	२०५६	१७९२	४६८३
	भुक्तानी	०.२८	१.९६	५.०४	३.८९	११.१८
आश्रित परिवार सुरक्षा योजना	सङ्ख्या	४०५	३२८४	५५५७	४१५५	१३४६४
	भुक्तानी	०.४६	३.२३	५.१४	३.८४	१२.७५
वृद्ध अवस्था सुरक्षा योजना	सङ्ख्या	११७४	१९९३२	३३११६	२१७६५	७६००४
	भुक्तानी	८.९७	१२७.६९	२९७.४८	२५९.४६	६९३.६५
जम्मा	**सङ्ख्या**	**५१९०**	**४११२२**	**११३६७७**	**१२९१३१**	**२८९५३९**
	भुक्तानी	**१३.६८**	**१५१.३०**	**३४५.०२**	**३०१.५१**	**८१२.११**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *फागुनसम्म

७. कृषि, वन तथा भूमिसुधार

७.१ कृषि क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रूपमा रहँदै आएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.० प्रतिशत रहेको छ भने करिब ६२.० प्रतिशत परिवारको प्रमुख पेशा कृषि रहेको छ। कुल जनसङ्ख्याको ६७.० प्रतिशत जनसङ्ख्या कृषक परिवारभित्र रहेका छन्।

७.२ संघ, प्रदेश र स्थानीय तहबाट कृषि तथा पशुपन्छी विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन हुँदै आएका छन्। गुणस्तरयुक्त खाद्यान्नको उपलब्धता र पहुँच सुनिश्चित गर्न तीन तहका सरकारले कृषि क्षेत्रको विकासको लागि थप प्रयत्न गर्नुपर्ने देखिन्छ।

७.३ निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट कृषकको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक छ। कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत यस क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा, जीवनस्तरमा सुधार र कृषिजन्य वस्तुको निकासी अभिवृद्धि गर्नुपर्ने देखिन्छ। प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण गर्दै कृषि व्यवसायको दिगोपनाका लागी समुदायमा आधारित जलवायु उत्थानशील कृषि प्रणाली प्रवर्द्धन गर्न जरुरी देखिएको छ।

७.४ तीन तहका सरकारवाट कृषकलाई कृषि कार्यमा प्रोत्साहित गर्न रासायनिक मल, बीउवीजन, कृषि उपकरण लगायतका कृषि आगतमा अनुदान तथा सहुलियत प्रदान हुँदै आएको छ। सरकारले उपलब्ध गराउने कृषि अनुदानको न्यायोचित वितरण र प्रभावकारी उपयोग गर्न थप वैज्ञानिक र व्यवस्थित प्रणाली अवलम्बन गर्नुपर्ने देखिन्छ।

७.५ झाडी तथा बुट्यान क्षेत्र समेत गरी नेपालको वन क्षेत्र कुल क्षेत्रफलको ४५.३१ प्रतिशत पुगेको छ। समग्र वातावरण तथा पारिस्थितिकीय प्रणालीमा सन्तुलन नविग्रने गरी विद्यमान वन सम्पदाको महत्तम उपयोग गरी राष्ट्रिय आय र उत्पादनमूलक रोजगारी वृद्धि गर्न क्षेत्रगत नीति केन्द्रित हुनुपर्ने देखिन्छ।

७.६ आन्तरिक बसाइसराई व्यवस्थापन र वैज्ञानिक भू-उपयोग नीतिको अभावमा विशेषगरी तराई तथा सहरी क्षेत्रमा कृषियोग्य भूमि खण्डिकृत हुने तथा आवास निर्माण प्रयोजनका लागि उपयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ। वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा निरन्तर वृद्धि हुँदै गएसँगै कृषि श्रमिकको अभावमा

हिमाली एवं पहाडी क्षेत्रमा जग्गा बाँझो हुँदै गएको छ। जग्गा बाँझो रहन नदीन भूमि बैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याउने र जग्गाको बढ्दो खण्डिकरणलाई निरूत्साहित गर्न तीन तहका सरकारको बीचमा नीतिगत समन्वय हुनुपर्ने देखिन्छ।

कृषि

७.७ चालु आर्थिक वर्षमा कृषि क्षेत्र (कृषि, वन र मत्स्यपालन) को उत्पादन ३.०५ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर २.७६ प्रतिशत रहेको थियो। पछिल्लो दश वर्षमा कृषि क्षेत्रको औसत वृद्धिदर २.७५ प्रतिशत रहेको छ।

७.८ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान २३.९२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान २४.०९ प्रतिशत रहने अनुमान छ।

७.९ कृषि क्षेत्रको विकासका लागि "संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्य प्रक्रिया, २०८०" कार्यान्वयनमा रहेको छ। चालु आर्थिक वर्ष पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० र पशुजन्य उद्योग स्थापना निकासी पैठारी सिफारिश र बिक्री वितरण अनुमति सम्बन्धी निर्देशिका, २०८० जारी गरिएको छ।

७.१० कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बीउविजन, रैथाने बाली, पशुनक्ष तथा कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धन हुदै आएको छ। त्यसैगरी, जातीय विकास तथा प्रविधि प्रवर्द्धन, बालीको क्षेत्र विस्तार, पशुपन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, पशुनक्ष सुधार लगायतका कार्यक्रम सञ्चालनमा रहेका छन्।

मञ्जुषा बक्स ७(क): राष्ट्रिय कृषि गणना, २०७८

नेपालका प्रत्येक स्थानीय तहको कृषि संरचना, गतिविधि तथा कृषि उत्पादनसम्बन्धी विवरण सङ्कलनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय कृषिगणना, २०७८ सञ्चालन गरेको थियो। यस गणनामा कार्यालयले कृषकले चलन गरेको जग्गाको क्षेत्रफल (नाप), जग्गाको उपभोग र उपयोग, बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन, सिँचाइको विवरण लगायतका विविध विषयमा तथ्याङ्क सङ्कलन गरी नतिजा प्रकाशन गरेको छ। यस गणनाबाट कृषि क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने आधारभूत तथ्याङ्क प्राप्त भएका छन्।

कृषि विकासका लागि स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका योजना तर्जुमा एवं नीति निर्माण, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराई योजनाविद् र नीति निर्मातालाई सघाउ पुऱ्याउनु राष्ट्रिय कृषि गणना, २०७८ को प्रमुख उद्देश्य रहेको थियो।

सातौं कृषि गणनामा ७५३ स्थानीय तहका कृषक परिवारको छुट्टा-छुट्टै प्रतिनिधित्व छनौट गरिएका कृषक परिवारसँग अन्तर्वार्ता लिएर गणना कार्य सम्पन्न भएको थियो।

राष्ट्रिय जनगणना २०७८ बाट परिवारले चलन गरेको जग्गाको क्षेत्रफल र परिवारसँग भएका पशुपन्छीको संख्या वडाअनुसार उपलब्ध भएकोलाई आधार मानेर गणना क्षेत्र छनोट गरिएको थियो। प्रत्येक गणना क्षेत्रमा कृषक परिवार लगत प्रयोग गरेर उक्त गणना क्षेत्रका सम्पूर्ण कृषक परिवारको लगत सङ्कलन भएको थियो।

कृषि गणनाका प्रमुख नतिजा

- नेपालमा कृषक परिवारको संख्या बढ्दै गएपनि पछिल्लो दुई दशकमा कृषि चलनको क्षेत्रफल भने घट्दै गएको छ। सातौं कृषि गणना, २०७८ मा कृषक परिवार संख्या ७.८ प्रतिशतले वृद्धि भएकोमा कृषि चलनको कुल क्षेत्रफल १२.४ प्रतिशतले घटेको छ।
- कुल परिवारमध्ये कृषि कार्यमा संलग्न परिवारको अनुपात घट्दै गएको छ। वि.सं.२०१८ सालमा ८६.३ प्रतिशत परिवार कृषिकार्यमा संलग्न रहेकोमा २०७८ मा आईपुग्दा यस्तो परिवारको अनुपात ६२.० प्रतिशतमा झरेको छ।
- कृषि चलनको जग्गाको आकार घट्दो क्रममा रहेको छ। पहिलो कृषि गणना, २०१८ अनुसार प्रति कृषक परिवार कृषि चलनको जग्गा १.११ हेक्टर रहेकोमा सातौं कृषि गणना, २०७८ मा यस्तो जग्गाको क्षेत्रफल ०.५५ हेक्टर रहेको छ।
- कृषक परिवारले चलन गरेको जग्गामध्ये ५५.० प्रतिशत क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको छ। छैठौं कृषि गणना, २०६८ अनुसार यस्तो क्षेत्रफल ५२.० प्रतिशत रहेको थियो।
- छैठौं कृषि गणना, २०६८ अनुसार अस्थाई बाली लागेको जग्गामध्ये ८०.० प्रतिशत क्षेत्रफलमा खाद्यान्न बाली लगाईएकोमा सातौं कृषि गणना, २०७८ अनुसार यस्तो क्षेत्रफल ७८.० प्रतिशत रहेको छ।
- कुल जनसङ्ख्याको ६६.७ प्रतिशत जनसङ्ख्या कृषक परिवार भित्र रहेका छन्। छैठौं कृषि गणना, २०६८ अनुसर ७७.६ प्रतिशत जनसङ्ख्या कृषक परिवार भित्र रहेका थिए।
- छैठौं कृषि गणना, २०६८ मा बाली सघनता दर १.८५ रहेकोमा सातौं कृषि गणना, २०७८ अनुसार यस्तो दर १.९१ पुगेको छ। यस सूचकले कृषकले वर्षमा सरदर दुई बाली लगाउने गरेको देखाउँछ।

चार्ट ७(क): कृषक परिवारको विवरण

(कृषक परिवार: हजारमा र क्षेत्रफल: हजार हेक्टरमा)

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

- सातौं कृषि गणना, २०७८ अनुसार कुल कृषक परिवारमध्ये ४.० प्रतिशतले कृषि बीमा गरेका छन् भने ७.० प्रतिशत कृषक परिवारले कृषि कार्यका लागि सरकारी अनुदान प्राप्त गरेका छन्।
- छैठौं कृषि गणना, २०६८ अनुसार आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरि खान पुग्ने कृषक परिवार ४०.० प्रतिशत रहेकोमा सातौं कृषि गणना, २०७८ अनुसार यस्तो परिवार ४५.० प्रतिशत रहेका छन्।
- सातौं कृषि गणना, २०७८ अनुसार कृषक परिवारमध्ये ७०.० प्रतिशत कृषकको आम्दानीको प्रमुख स्रोत कृषि पेशा रहेको छ भने छैठौं कृषि गणना, २०६८ अनुसार ८३.० प्रतिशत कृषकको प्रमुख स्रोत कृषि पेशा रहेको थियो।

न्यूनतम समर्थन मूल्य

७.११ कृषि उत्पादनको बजार सुनिश्चितताका लागि बाली लगाउनु पूर्व न्यूनतम समर्थन मूल्य तोक्ने गरिएको छ। यस्तो मूल्य प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०८०/८१ का लागि कच्चा दूध लगायत धान, गहुँ र उखुको न्यूनतम समर्थन मूल्य तोकिएको छ। चालु आर्थिक वर्ष धान (मध्यम), धान (मोटा) र गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल क्रमशः रू.३,३६२ रू.३,१९८ र रू.३,६५० तोकिएको छ। चालु आर्थिक वर्ष पहिलोपटक चैते धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टलको रु.२,७०७.२८ तोकिएको छ।

चार्ट ७(ख): न्यूनतम समर्थन मूल्य तोकिएका वस्तु

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

७.१२ न्यूनतम समर्थन मूल्यबमोजिम चालु आर्थिक वर्षको फागुनसम्म प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट ३,११०.७ मे.टन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट ४,५०० मे.टन गरी कुल ७६१०.७ मे.टन धान खरिद गरिएको छ।

७.१३ उखु प्रवर्द्धन खर्च वापत आर्थिक वर्ष २०७९/८० मा ८ जिल्लाका ६५ हजार कृषकहरूबाट उत्पादन भएको १ करोड ८९ लाख ६७ हजार क्विन्टल उखुका

लागि प्रति क्विन्टल रु.७० का दरले चालु आर्थिक वर्ष रू.१ अर्ब ३२ करोड ७७ लाख अनुदान प्रवाह भएको छ।

७.१४ बिगत आर्थिक वर्ष जस्तै चालु आर्थिक वर्षमा समेत उखु क्रसिङ्गको कार्य गर्नु पर्ने भएकाले अनुमानित १ करोड ८९ लाख ६७ हजार क्विन्टल उखुका लागि प्रति क्विन्टल रु.७० का दरले रू.१ अर्ब ३२ करोड ७७ लाख प्रोत्साहन अनुदान आवश्यक पर्ने अनुमान छ। आगामी आर्थिक वर्ष अनुमानित १ करोड ८९ लाख ६७ हजार क्विन्टल उखुका लागि रु.१ अर्ब ३२ करोड ७७ लाख रकम आवश्यक हुने अनुमान छ। फलतः चालु र आगामी आर्थिक वर्षका लागि उखु प्रवर्द्धन खर्चबापत् रु.२ अर्ब ६५ करोड ५४ लाख रकम खर्च हुने अनुमान छ।

तालिका ७(क): उखु उत्पादक किसानलाई प्रोत्साहन अनुदान वितरण अवस्था

उखु बाली	उखु उत्पादन र प्रोत्साहन अनुदान				
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१#
उखु उत्पादन (लाख क्विण्टल)	२१०.५	१४८.०	१४२.१	१८८.५	१८९.७
खरिद मूल्य (रूपैयाँ प्रति क्विण्टल)	४७१.३	४७९.१	५२०.०	५४०.०	५६५.०
उखु उत्पादन प्रोत्साहन अनुदान (रूपैयाँ प्रति क्विण्टल)	६५.३	६५.३	७०.०	७०.०	७०.०
कुल जम्मा खरिद मूल्य (रूपैयाँ प्रति क्विण्टल)	५३६.६	५४४.३	५९०.०	६१०.०	६३५.०
उखु उत्पादक कृषकलाई प्रोत्साहन अनुदान वितरण (रू. करोडमा)	१३७.४	९६.६	९९.५	१३२.०	१३२.८

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय २०८० # अनुमानित

कृषि तथा पशुधन बीमा

७.१५ चालु आर्थिक वर्षको फागुनसम्म बाली बीमा तर्फ रू.१२ करोड र पशुधन बीमा तर्फ रू.४८ करोड गरी बीमा प्रिमियममा ८०.० प्रतिशत अनुदानबापत रू.६० करोड भुक्तानी भएको छ।

७.१६ बीमाङ्क रकम र बीमा शुल्कमा वर्षेनि हुँदै गएको वृद्धिसँगै अनुदान रकममा समेत सोही अनुरूप वृद्धि भएको छ। २०८० असारसम्म बाली तथा पशुधन बीमा अन्तर्गत कुल रु.५१ अर्ब १० करोड ४० लाख बीमाङ्क कायम भएको छ। आर्थिक वर्ष २०७९/८० मा कृषि बीमा अन्तर्गत रु.२ अर्ब ३१ करोड बराबर बीमा प्रीमियम (बीमा शुल्क) सङ्कलन भएको थियो। सोही अवधिमा बाली बीमा

तर्फ रु.२२ करोड ९० लाख र पशुधन तथा मत्स्य बीमा तर्फ रु.१ अर्ब ६२ करोड ४ लाख गरी कुल रु.१ अर्ब ८५ करोड अनुदान उपलब्ध गराइएको थियो।

तालिका ७(ख): विगत पाँच वर्षको बाली तथा पशुपन्छी तर्फको बीमा अवस्था

विवरण	आर्थिक वर्ष				
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
बीमाङ्क (रू.करोडमा)	२२०९.४९	२६३८.०२	४३३०.३०	५००३.५५	५११०.४०
वृद्धि प्रतिशत	६७.१	१९.४	६४.१	१५.५	२.१३
बीमा शूल्क (रू.करोडमा)	१००.४८	११८.१७	१९३.९९	२१९.१९	२३१.३८
वृद्धि प्रतिशत	७४.९	१७.६	६४.२	१३.०	५.५६
अनुदान (रू.करोडमा)	७५.३६	८८.६३	१४५.४९	१६५.०७	१८४.८६
वृद्धि प्रतिशत	७४.९	१७.८	६४.२	१३.४	१२.०

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०/नेपाल बीमा प्राधिकरण, २०८०

अनुदान कार्यक्रम

७.१७ चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारबाट कृषि क्षेत्रमा विनियोजित अनुदान रू.४० अर्ब १६ करोडमध्ये रू.२१ अर्ब २३ करोड खर्च भएको छ। गत आर्थिक वर्ष अनुदानबापत रू.४५ अर्ब ४८ करोड विनियोजन भएकोमा रू.३९ अर्ब ५० करोड ६ लाख खर्च भएको थियो।

किसान सूचीकरण

७.१८ किसान सूचीकरण प्रणाली मार्फत किसान पहिचान, तथ्याङ्क व्यवस्थापन र अनुदान वितरण प्रणालीलाई व्यवस्थित गर्ने प्रयास भएको छ। यस प्रणालीमा २०८० फागुनसम्म १६ लाख भन्दा बढी कृषक घरधुरी सूचीकृत छन्।

कृषि क्षेत्रका कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

७.१९ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग सम्बन्धित पूर्वाधार निर्माणका साथै कृषि यान्त्रिकरण लगायतका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। परियोजना अन्तर्गत हालसम्म विभिन्न बाली र वस्तुका १६ सुपरजोन, १७७ जोन, १,५८७ ब्लक र ८,७१० पकेट निर्धारण भएका छन्।

७.२० परियोजना मार्फत Land Consolidation र Crop Pooling गरी आर्थिक वर्ष २०७९/८० सम्ममा ५,४०६ हेक्टरमा चक्लाबन्दी खेति गरिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ७५३ हेक्टर थप भई २०८० फागुनसम्म ६,१५९ हेक्टरमा यस्तो खेती विस्तार भएको छ।

७.२१ कृषि यान्त्रिकरण प्रवर्द्धनका लागि २०८० फागुनसम्म सुपर जोन तथा जोनमा कुल ५९९ कष्टम हायरिङ्ग सेन्टर स्थापना गरिएको छ। गत आर्थिक वर्ष १६ वटा कष्टम हायरिङ्ग सेन्टर स्थापना भएको थियो। साथै सो अवधिमा मिनिटिलर, पावर टिलर, थ्रेसर लगायतका १४,०३६ साना मेशिनरी औजारहरू वितरण गरिएको थियो।

७.२२ गत आर्थिक वर्ष थप २७ पोष्ट हार्भेष्ट सेन्टर स्थापना भई २०८० असारसम्म यस्तो सङ्ख्या २८५ पुगेको छ। त्यसैगरी, यस अवधिसम्म ६२३ अलैंची भट्टी स्थापना भई सञ्चालनमा रहेका छन्।

७.२३ साना तथा मझौला सिंचाइ क्रियाकलापबाट चालु आर्थिक वर्षको फागुनसम्म थप ४७५ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ। यस परियोजना मार्फत साना तथा मझौला सिंचाइ प्रणाली मार्फत गत आर्थिक वर्ष ६,८८९ हेक्टर थप भई २०८० फागुनसम्म २५,७९७ हेक्टर जमीनमा सिंचाइ सुविधा विस्तार भएको छ।

७.२४ २०८० असारसम्म १,७७७ हेक्टर क्षेत्रफलमा मत्स्यपोखरी निर्माण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ४७ हेक्टर थप भई २०८० फागुनसम्म १,८२४ हेक्टरमा मत्स्यपोखरी निर्माण भएको छ। थप भएको क्षेत्रबाट १०,५७९ मेट्रिक टन माछा उत्पादन भएको छ।

७.२५ विभिन्न बालीहरूको क्षेत्र विस्तार तथा बगैंचा स्थापना अन्तर्गत धान, गँहु, मकै लगायतका प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल २०८० फागुनसम्म २७,९७२ हेक्टर पुगेको छ।

७.२६ आर्थिक वर्ष २०७९/८० मा १२ हेक्टर क्षेत्रफलमा उच्च घनत्व स्याउ बगैंचा विस्तार भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ४२ हेक्टर थप भई हालसम्म ५४ हेक्टर क्षेत्रफलमा उच्च घनत्व स्याउ बगैंचा विस्तार भएको छ।

७.२७ "सिक र कमाउ" अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा ५६ प्राविधिक शिक्षालयसँग सहकार्य गरी ३,२०२ विद्यार्थीलाई कृषि व्यवसाय सञ्चालनको व्यावहारिक ज्ञान र सिपका साथै आय आर्जनको अवसरको सिर्जना गरिएको थियो।

२०८० फागुनसम्ममा २८३ प्राविधिक शिक्षालयसँग सहकार्य भई १२ हजार ३ सय ७० विद्यार्थी यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

७.२८ २०८० असारसम्म स्थानीय तहको सहभागितामा ८१ खाद्यान्न बीउ स्रोत केन्द्र, ६९ पशु नश्ल श्रोत केन्द्र, १२४ सेमिहाइटेक ग्रीन हाउस, २,४७२ प्लाष्टिक टनेल र ८२४ बाखा/ भेडा/ च्याङ्ग्रा खोर निर्माण भएका छन्।

७.२९ २०८० असारसम्म कृषि उपजको बजारीकरण, भण्डारण पूर्वाधार तथा प्राथमिक प्रशोधन उद्योग स्थापना कार्यक्रम अन्तर्गत ११६ ढुबानी साधन, ६४ चिस्यान घर, ५७ वटा Rustic Store र २० सेलार स्टोर सञ्चालनमा रहेका छन्। त्यसैगरी यस अवधिसम्म ८ केरा राइपेनिङ्ग च्याम्बर, २५ दूध सङ्कलन केन्द्र र २ Total Mixed Ration (TMR) सञ्चालनमा रहेका छन्।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन/सुपर जोनको राष्ट्रिय उत्पादनमा हिस्सा

७.३० यस परियोजना अन्तर्गत विभिन्न खाद्यान्न, फलफूल तथा दलहन बालीको उत्पादकत्व राष्ट्रिय उत्पादकत्व भन्दा तुलनात्मक रूपमा बढी रहेको छ।

तालिका ७(ग): जोन/सुपरजोनको उत्पादन र उत्पादकत्वको तुलनात्मक स्थिति

विवरण	राष्ट्रिय उत्पादनको तुलनामा जोन/सुपरजोनको हिस्सा (प्रतिशतमा)		उत्पादकत्व (मे.ट.प्रति हेक्टर)	
	क्षेत्रफल/ सङ्ख्या	उत्पादन	परियोजना	राष्ट्रिय
धान	४.४	६.०७	४.७९	३.४७
मकै	१.८८	२.८	४.७८	३.२
गहुँ	०.५९	०.७३	३.६८	२.९९
तरकारी	६.३५	७.८५	१७.७	१४.३२
आलु	६.२२	८.४२	२३.२८	१७.२
स्याउ	५८.६९	७१.३६	१०.२	८.४५
सुन्तालाजात	२७.३१	३१.१४	११.१८	९.८८
केरा	१३.३३	३२.९	३९.०६	१५.८५
आँप	५.५८	८.६४	१९.२६	१२.३
अलैंची	४२.९७	४६.२१	०.५८	०.५४
दलहन	०.५२	०.५१	१.२	१.१८
तेलहन	०.८५	१.२६	१.६	१.१
दूध**	६.२	६.८	९८९	९०३
माछा*	४३.५७	४७.५५	५.८	५.४६

विवरण	राष्ट्रिय उत्पादनको तुलनामा जोन/सुपरजोनको हिस्सा (प्रतिशतमा)		उत्पादकत्व (मे.ट.प्रति हेक्टर)	
	क्षेत्रफल/ सङ्ख्या	उत्पादन	परियोजना	राष्ट्रिय
मह/घार सङ्ख्या	१४.७३	२१.२८	०.०३	०.०२

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०

*मत्स्य पोखरीको क्षेत्रफल गणना गरिएको।

**गाई/भैंसीको औषत दूध दिने अवधि ३०० दिनका आधारमा दूध उत्पादन गणना गरिएको।

७.३१ परियोजना अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म खाद्यान्न बाली क्षेत्रफल ८०० हेक्टरले विस्तार भई २०८० फागुनसम्म २८,७७२ हेक्टर पुगेको छ। यसैगरी, फलफूल बाली ३४२ हेक्टर क्षेत्रफल विस्तार भई ८,३६९ हेक्टर पुगेको छ।

मञ्जुषा बक्स ७(ख): मकै बालीमा सिड ड्रिल प्रविधिको प्रयोगसम्बन्धी अध्ययन

दाङको देउखुरी क्षेत्रमा करिब ६,००० हेक्टर क्षेत्रफलमा हिउँद, बसन्त र वर्षायाम गरी वर्षको ३ पटक मकै खेती हुदै आएको छ। यस क्षेत्रलाई मकै सुपरजोनको रूपमा पहिचान गरी लागत न्यूनीकरण र उत्पादन अभिवृद्धिसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। वि.सं. २०७३ सालबाट मकै छर्ने सिड ड्रिल प्रविधिलाई अनुसरण गरी मकै उत्पादन गरिएको छ। मकै छर्ने सिड ड्रिल प्रविधिबाट मकै छर्दा हल गोरुको प्रयोगको तुलनामा प्रति हेक्टर ५०.० देखि ६०.० प्रतिशत लागत न्यूनीकरण भएको पाईएको छ। हल गोरु लगाई मकै छर्दा प्रति हेक्टर ६,४०० रूपैयाँ देखि ७,९०० रूपैयाँसम्म खर्च हुने गरेकोमा यस प्रविधिको प्रयोग गरी मकै छर्दा प्रति हेक्टर २,८०० रूपैयाँ देखि ३,२०० रूपैयाँसम्म मात्र खर्च भएको पाइएको छ। यस प्रविधि लागत प्रभावी देखिएको हुँदा दाङको देउखुरी क्षेत्रमा सिड ड्रिल मेशिनको प्रयोग गरेर मकै बिउ छर्ने प्रविधि बहुसङ्ख्यक कृषकले अपनाएका छन्। हिउँद र बसन्त याममा मकै लगाउने करिब ९०.० प्रतिशत कृषकले प्रविधिको प्रयोग गरिरहेका छन्।

कृषिजन्य वालीको उत्पादन स्थिति

७.३२ चालु आर्थिक वर्ष सबै बालीको उत्पादन बढ्ने अनुमान छ। धान, गँहु, मकै लगायत खाद्यान्न बालीको उत्पादन ४.३६ प्रतिशत तथा नगदेबालीका रूपमा रहेका आलु र तेलहन बालीको उत्पादन ५.०७ प्रतिशतले बढ्ने अनुमान छ। यस्तै औद्योगिक बालीको उत्पादन ४.६३ प्रतिशत, दलहन बाली ४.७९ प्रतिशत, मसलाबाली ३.७४ प्रतिशत, फलफूल बाली ०.६७ प्रतिशत र तरकारी ०.५२ प्रतिशतले वृद्धि हुने अनुमान छ।

७.३३ चालु आर्थिक वर्ष धानको उत्पादन ४.३३ प्रतिशतले वृद्धि भई जम्मा उत्पादन ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको छ जुन गत चार वर्षको औसत

उत्पादनको तुलनामा ५.०८ प्रतिशतले बढी हो। धानबालीको औषत उत्पादकत्व गत आर्थिक वर्षको तुलनामा ४.९७ प्रतिशतले वृद्धि भई ३.९८ प्रतिशत पुगेको छ जुन गत चार वर्षको औषत उत्पादकत्व भन्दा ६.९२ प्रतिशतले बढी हो।

७.३४ कृषि बाली उत्पादन र कृषि बाली लगाइएको क्षेत्रफल दुवैमा खाद्यान्न बालीको हिस्सा उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष २०८०/८१ मा कुल बाली उत्पादनको परिमाणमा खाद्यान्न बालीको अंश ४४.६१ प्रतिशत, तरकारी १७.२४ प्रतिशत, नगदेबाली १५.४२ प्रतिशत, औद्योगिक बाली १२.९९ प्रतिशत, फलफूल ६.०३ प्रतिशत र अन्यको ३.७१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष कुल बाली उत्पादनको परिमाणमा खाद्यान्न बालीको अंश ४४.२८ प्रतिशत, तरकारी १७.७७ प्रतिशत, नगदेबाली १५.२ प्रतिशत, औद्योगिक बाली १२.८६ प्रतिशत, फलफूल ६.२ प्रतिशत र अन्यको ३.६९ प्रतिशत रहेको थियो।

तालिका ७(घ): समग्र कृषि बालीको तीन वर्षको उत्पादन स्थिति

उत्पादन (हजार मेट्रिक टनमा)/क्षेत्रफल (हजार हेक्टरमा)/घार सङ्ख्या (हजारमा)

बालीको नाम	उत्पादन/ क्षेत्रफल	आर्थिक वर्ष			प्रतिशत परिवर्तन	
		२०७८/७९	२०७९/८०	२०८०/८१*	२०७९/८०	२०८०/८१*
खाद्यान्न बाली	क्षेत्रफल	३४८६.२५	३३४३.२१	३३९६.३४	-४.१	१.५९
	उत्पादन	१०७७२.५	१०९०५.९९	११३८१.६३	१.२४	४.३६
नगदे बाली	क्षेत्रफल	४५८.९	४५२.०१	४५७.७५	-१.५	१.२७
	उत्पादन	३६९८.१७	३७४५.०२	३९३४.८८	१.२७	५.०७
औद्योगिक बाली	क्षेत्रफल	९०.२६	९४	९३.५६	४.१४	-०.४७
	उत्पादन	३१९४.९८	३१६७.१५	३३१३.८४	-०.८७	४.६३
दलहन बाली	क्षेत्रफल	३३४.५५	२९६.२५	३०७.६५	-११.४५	३.८५
	उत्पादन	४०८.३७	३४०.२	३५६.५१	-१६.६९	४.७९
मसला बाली	क्षेत्रफल	७२.०८	६९.७४	७०.२	-३.२५	०.६६
	उत्पादन	५६६.२६	५६९.१९	५९०.५	०.५२	३.७४
फलफूल	क्षेत्रफल	१२९.४	१३९.२	१३९.३	७.५७	०.०७
	उत्पादन	१४१६.७५	१५२७.७	१४८५.२	७.८३	०.६७
तरकारी	क्षेत्रफल	२८९.८४	३०२.१३	३१२.५३	४.२४	३.४४
	उत्पादन	४१५३.१६	४३७६.०८	४३९८.९८	५.३७	०.५२
मह (घार)	घार सङ्ख्या	२४९	२४५.०१	२४६.२	-१.६	०.४९
	उत्पादन	४.१	४.३	४.३८	४.८८	१.८६

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८० *अनुमानित

द्रष्टव्यः "**खाद्यान्न बाली**" मा धान, गहुँ, मकै, कोदो, जौ र फापर समावेश गरिएको छ। **नगदे बाली**" मा आलु र तेलहनलाई समावेश गरिएको छ। **औद्योगिक बाली**" मा उखु, जुट, चिया, कफी र

कपासलाई समावेश गरिएको छ भने **दलहन बाली**" मा मसुरो, चना अरहर, मास, भटमास, ग्रास पी, गहत र अन्य समावेश गरिएको छ। "**मसला बाली**" मा अलैची, अदुवा, लसुन, बेसार र खुर्सानी समावेश गरिएको छ।

७.३५ चालु आर्थिक वर्षको फागुनसम्म ३,५०० मेट्रिक टन मह उत्पादन भएको अनुमान छ। गत आर्थिक वर्ष ४,३०० मेट्रिक टन मह उत्पादन भएको थियो। चालु आर्थिक वर्षको अन्त्यसम्म मह उत्पादन गत वर्षको तुलनामा १.९ प्रतिशतले वृद्धि भई ४,३८० मेट्रिक टन पुग्ने अनुमान छ।

७.३६ हाल देशभरी करिब १६ हजार ५ सय किसानहरूले मेलिफेरा र सेरेना जातको मौरीपालन व्यावसायिक रूपमा गरिरहेका छन्। देशभर रहेका ३ लाख ५० हजार मौरीगोलामा सरदर प्रति गोला एपिस मेलिफेरामा ३० देखि ३५ किलोग्राम र एपिस सेरेनामा ८ देखि १५ किलोग्रामको दरले मह उत्पादन भएको छ।

७.३७ चालु आर्थिक वर्ष कृषि बाली लगाइएको क्षेत्रफलमध्ये खाद्यान्न बाली लगाइएको क्षेत्रफलको हिस्सा उच्च रहेको छ। गत आर्थिक वर्षको तुलनामा तरकारी बालीको हिस्सामा केहि वृद्धि भएको छ भने खाद्यान्य बालीको हिस्सामा सामान्य कमी आएको छ।

चार्ट ७(ग): चालु आर्थिक वर्ष कृषि बाली लगाइएको क्षेत्रफलको संरचना (प्रतिशतमा)

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०

च्याउ उत्पादन

७.३८ हाल देशका विभिन्न ३५ जिल्लामा करिब ३१ हजार किसान व्यावसायिक च्याउखेतीमा आवद्ध छन् भने करिब ८० च्याउको बीउ उत्पादन गर्ने प्रयोगशाला सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म सबै प्रकारका च्याउ गरी

करिब १८,००० मेट्रिक टन खाने च्याउ र १,५०० मेट्रिक टन च्याउको बीउ उत्पादन भएको छ। गत आर्थिक वर्ष १९,००० मेट्रिक टन खाने च्याउ र १,७०० मेट्रिक टन च्याउको बीउ उत्पादन भएको थियो।

तरकारी बीउ तथा बेर्ना उत्पादन

७.३९ चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सरकारी फार्म केन्द्रबाट विभिन्न तरकारी बालीको २२० किलोग्राम बीउ उत्पादन भएको छ।

७.४० चालु आर्थिक वर्षको फागुनसम्म सरकारी फार्म/केन्द्रबाट विभिन्न मौसमी तरकारी बालीका ३६ लाख ६३ हजार सङ्ख्यामा बेर्नाहरू उत्पादन भएका छन्। गत आर्थिक वर्ष ४० लाख ५६ हजार बेर्ना उत्पादन भएको थियो भने चालु आर्थिक वर्षको अन्त्यसम्म बेर्ना उत्पादन १०.१३ प्रतिशतले वृद्धि भई ४४ लाख ६७ हजार बेर्ना पुग्ने अनुमान छ।

७.४१ गत आर्थिक वर्ष आलुबाली विकास केन्द्र, निगालेस्थित सरकारी फार्मबाट पूर्व मूल बीउ आलु (Pre-Basic seed) ४१ हजार दाना उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्ममा ५७ हजार दाना उत्पादन भएको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म ६० हजार दाना उत्पादन हुने अनुमान छ।

७.४२ चालु आर्थिक वर्षको फागुनसम्म टी.पी.एस. (True Potato Seeds) बियाँ आलु ३२ के.जी. उत्पादन भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा उत्पादन भएको १० के.जी. भन्दा २२ के.जी.ले बढी हो।

७.४३ गत आर्थिक वार्षिकमा स्रोत बीउ आलु १३.२ मे.टन. उत्पादन भएको थियो भने चालु आर्थिक वर्षको फागुनसम्म २२.९७ मे.टन. स्रोत बीउ आलु उत्पादन भएको छ।

७.४४ गत आर्थिक वर्ष सरकारी फार्महरूबाट १ लाख ५ हजार अलैंचीको बिरुवा उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ७ हजार अलैंचीको बिरुवा उत्पादन भएको छ। चालु आर्थिक वर्ष तन्तु प्रजनन् विधिबाट नेपालमा पहिलोपटक ५ हजार अलैंची बेर्ना उत्पादन भएको छ।

७.४५ चालु आर्थिक वर्ष सरकारी फार्महरूबाट प्रमुख खाद्यान्न बालीहरूको मूल र प्रमाणित बीउ उत्पादन तर्फ धानबालीको करिब १२९ मे.टन, मकै १४.३४ मे.टन, गहुँ ३८ मे.टन, तोरी २.५ मे.टन र मुसुरोबाली २.५ मे.टन बीउ उत्पादन हुने अनुमान छ। यसबाट उन्नत बीउबाट ढाकिने क्षेत्रफल विस्तार भई बीउ र खाद्य सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

फलफूल बेर्ना तथा बिरुवा उत्पादन

७.४६ गत आर्थिक वर्ष सरकारी फार्मबाट ५१ हजार ८ सय ६१ सुन्तलाजात फलफूल बिरुवा र १ लाख ९५ हजार ३ सय ४० बर्षे फलफूल बिरुवा उत्पादन भएको थियो। चालु आर्थिक वर्ष सुन्तलाजात फलफूल र बर्षे फलफूल उत्पादन करिब १५.० प्रतिशतले वृद्धि हुने अनुमान छ।

७.४७ गत आर्थिक वर्ष २०७९/८० मा ४५ हजार २ सय २४ गोटा हिउँदे फलफूल बिरुवा उत्पादन भएको थियो। चालु आर्थिक वर्ष हिउँदे फलफूल बिरुवाको उत्पादन ३०.४६ प्रतिशतले बढेको छ।

७.४८ गत आर्थिक वर्ष निजी नर्सरीहरूबाट सबै किसिमका गरी २० लाख ९५ हजार ३ सय ११ फलफूल बिरुवा उत्पादन भएको थियो। चालु आर्थिक वर्ष २१ लाख ६५ हजार बिरुवा उत्पादन हुने अनुमान छ।

७.४९ गत आर्थिक वर्षको तुलनामा फलफूलको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा सामान्य वृद्धि भई चालु आर्थिक वर्षको अन्त्यसम्ममा १४ लाख ६९ हजार ४ सय मेट्रिक टन फलफूल उत्पादन हुने अनुमान छ।

प्रमुख खाद्यान्न बालीको स्रोत बीउ उत्पादन तथा व्यवस्थापन

७.५० उन्नत जातका बीउ बिजनको प्रयोगमा वृद्धि भएसँगै विभिन्न बालीहरूको बीउ प्रतिस्थापन दर समेत बढेको छ। गत आर्थिक वर्षसम्ममा खाद्यान्न बालीको बीउ प्रतिस्थापन दर २३.१४ प्रतिशत, तेलहन बाली १३.०१ प्रतिशत र दलहन बाली ५.६६ प्रतिशत रहेको थियो।

७.५१ गत आर्थिक वर्ष खाद्यान्न, दलहन र तेलहनको स्रोत बीउ ४,४०७ मे.टन र र उन्नत बीउ ३२,२४२ मे.टन उत्पादन भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्ममा यस्तो उत्पादन क्रमशः ४,८१० मे.टन र २८,९५४ मे.टन रहेको छ।

७.५२ गत आर्थिक वर्ष राष्ट्रिय बीउ बिजन समितिबाट विभिन्न बालीका २० जातहरू उन्मोचन/पञ्जीकरण गरिएका थिए। चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न बालीका गरी १० जातहरू उन्मोचन/पञ्जिकरणका लागि अनुमोदन भएका छन्। मकै बालीका ८ वर्णशंकर जात पञ्जिकरण भई व्यवसायिक कारोबारको लागि खुला गरिएको छ।

७.५३ चालु आर्थिक वर्ष विभिन्न कृषि विकास फार्महरूबाट धानबालीका विभिन्न जातहरूको मूल बीउ करिब ११५ मेट्रिक टन तथा प्रमाणित बीउ करिब १४ मेट्रिक टन उत्पादन हुने अनुमान छ। मकैबालीको मूल र प्रमाणित बीउ करिब १४.३४ मेट्रिक टन, गहुँबालीको मूल बीउ १५ मेट्रिक टन र प्रमाणित बीउ २३ मेट्रिक टन उत्पादन हुने अनुमान छ।

७.५४ चालु आर्थिक वर्ष विभिन्न कृषि विकास फार्मबाट तोरी र मुसुरोबालीको करिब २.५ मे.टन मूल बीउ उत्पादन हुने अनुमान छ।

७.५५ चालु आर्थिक वर्ष प्रमाणित तथा उन्नत जातको बीउ उत्पादन तर्फ करीब ७,७१८ मेट्रिक टन धान, १,१४७ मेट्रिक टन मकै, ६१२ मेट्रिक टन गहुँ, १६९ मेट्रिक टन मुसुरो र तोरी गरी जम्मा ९,६४६ मेट्रिक टन प्रमाणित तथा उन्नत बीउ उत्पादन हुने अनुमान छ।

मञ्जुषा बक्स ७(ग): बीउविजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन प्रणाली कार्यान्वयन मार्फत बीउविजन क्षेत्र सुदृढीकरण

सरकारले विद्युतीय प्रणाली (Digitally Enabled Seed Management System-DESES) विकास गरी संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालन हुने बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापनका कार्यलाई व्यवस्थित गर्दै आएको छ। यस विद्युतीय प्रणालीमार्फत स्रोत बीउ उत्पादक, उन्नत बीउ उत्पादक र उन्नत बीउ प्रयोगकर्तालाई संघीय, प्रादेशिक र स्थानीय सरकारबाट प्रोत्साहन अनुदान उपलब्ध हुने गरेको छ। गत आर्थिक वर्षदेखि चालु आर्थिक वर्षको फागुनसम्म यस प्रणालीमार्फत धान र गहुँबालीको उन्नत बीउको आपूर्ति क्रमशः २,३०३ मे.टन र २,७०१ गरी जम्मा ५,००५ मे.टन भएको छ।

चालु आर्थिक वर्षमा हिउँदेबालीको बीउ उत्पादनका लागि यस प्रणाली मार्फत स्रोत बीउको माग गर्ने बीउ उत्पादकलाई गहुँ, तोरी, मुसुरो र मकै बाली गरी ११९७.८५ मे.टन स्रोत बीउ आपूर्तिको सुनिश्चितताका लागि वासलात तयार भएको छ। गत आर्थिक वर्षमा यस प्रणालीमा रजिष्टर भएका धान र गहुँको स्रोत (मुल तथा प्रमाणित) बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रममार्फत धानको स्रोत बीउ परिमाण ७९,५१५ के.जी र गहुँको स्रोत बीउ परिमाण २६,९०६ के.जी. का लागि अनुदान प्रवाह भएको थियो। चालु आर्थिक वर्षमा यस प्रणालीमार्फत रजिष्टर भएका १४ सहकारी संस्था र बीउ बीजन कम्पनीलाई गहुँबालीको स्रोत बीउ परिमाण करिब २ लाख ९० हजार ४ सय १६ के.जी. का लागि रु.७२ लाख ६० हजार ४ सय अनुदान प्रवाह हुने अनुमान छ। उक्त मूल बीउबाट २०३ मे.टन प्रमाणित बीउ उत्पादन भई १,६९० हे. जमिन ढाक्ने अनुमान छ। प्रमाणित बीउबाट ४,४४४ मे.टन उन्नत बीउ उत्पादन भई ३७,०३२ हे. जमिन ढाक्ने अनुमान छ।

पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन स्थिति

पशुपन्छीजन्य खाद्य पदार्थको आवश्यकता

७.५६ संयुक्त राष्ट्र संघको कृषि तथा खाद्य सङ्गठनका अनुसार एक वयस्क व्यक्तिलाई वार्षिक न्यूनतम ९१ लिटर दूध, १४ किलोग्राम मासु र ४८ गोटा अण्डा आवश्यक पर्दछ। आर्थिक वर्ष २०७९/८० सम्मको उपलब्धि हेर्दा प्रति व्यक्ति प्रति वर्ष अण्डा र मासुको उपलब्धता न्यूनतम आवश्यकता भन्दा बढी रहेको र दूधको उपलब्धता भने केही न्यून रहेको छ। गत आर्थिक वर्ष अण्डाको उपलब्धता न्यूनतम आवश्यकता भन्दा कम रहेको थियो।

तालिका ७(ङ): माछा र पशुपन्छीजन्य वस्तुको उत्पादन, उपलब्धता र न्यूनतम आवश्यकता

न्यूनतम आवश्यकता र उपलब्धता (प्रति व्यक्ति प्रति वर्षमा)

वस्तु	एकाइ	आर्थिक वर्ष					आर्थिक वर्ष २०७९/८०	
		२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	न्यूनतम आवश्यकता	उपलब्धता
अण्डा	करोड गोटा	१५४	१६२	१४९	१३३	१६०	४८	५५
मासु	हजार मे.ट.	३५७	५५२	५२०	५१२	४३०	१४	२०.९
माछा	हजार मे.ट.	९१	१०३	१०४	१०८	११३		
दूध	हजार मे.ट.	२१६८	२३०१	२४७९	२५६६	२६१४	९१	८९.६

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०

७.५७ आर्थिक वर्ष २०७९/८० मा हाँस तथा लेयर्सको सङ्ख्यामा वृद्धि हुँदा अण्डा उत्पादनमा करिब २०.८ प्रतिशतले वृद्धि भई प्रति व्यक्ति प्रति वर्ष अण्डाको उपलब्धता ५५ पुगेको छ।

७.५८ आर्थिक वर्ष २०७९/८० मा खसी तथा हाँसको मासु उत्पादनमा वृद्धि भए तापनि राँगा भैंसी, भेडा, सुँगुर/ बंगुर तथा कुखुराको सङ्ख्यामा आएको कमीको कारण कुल मासु उत्पादन करिब १६.१ प्रतिशतले कमी आई ४ लाख ३० हजार मेट्रिक टनमा सीमित भएको छ। यसरी प्रति व्यक्ति प्रति वर्ष मासुको उपलब्धता २०.९ के.जी. पुगेको छ।

७.५९ कुल दूध उत्पादनमा भैंसीको दूधको हिस्सा गाईको दूधको भन्दा बढी रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्ममा दूध उत्पादन १७ लाख ४२ हजार मेट्रिक टन पुगेको छ।

७.६० पछिल्ला वर्षमा प्रतिव्यक्ति प्रतिवर्ष दूध उपलब्धता बढेको छ भने अण्डा उपलब्धतामा आर्थिक वर्ष २०७८/७९ मा केही कमि आएकोमा २०७९/८० मा केहि वृद्धि भएको छ।

चार्ट ७(घ): प्रतिव्यक्ति प्रतिवर्ष दूध (लिटर) र अण्डा (गोटा) को उपलब्धता

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०

७.६१ चालु आर्थिक वर्षको फागुनसम्म शुद्ध नक्षको गुणस्तरीय मत्स्यबीजको उत्पादन तथा उपलब्धतामा करिब ५.० प्रतिशत र खाने माछाको उत्पादनमा सामान्य वृद्धि भएको छ। गत आर्थिक वर्ष खाने माछाको उत्पादन १ लाख १४ हजार मेट्रिक टन भएको थियो भने चालु आर्थिक वर्षको फागुनसम्म यस्तो उत्पादन १ लाख ७ हजार मेट्रिक टन रहेको छ।

पशुपन्छी तथा मत्स्य क्षेत्रका कार्यक्रम तथा उपलब्धि

पशुपन्छी विवरण

७.६२ व्यावसायिक रूपमा गाईभैंसी तथा बाख्रापालन व्यवसायप्रति युवाको आकर्षण बढ्दै गएको छ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति स्वदेशमा पशुपन्छीपालनमा आवद्ध हुँदा कृषिको व्यावसायीकरण तथा रोजगारी सिर्जनामा समेत सकारात्मक प्रभाव परेको छ।

७.६३ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट गरिएको एकीकृत व्यावसायिक पशुपालन सर्भेक्षण, २०७८ र राष्ट्रिय कृषि गणना, २०७८ लाई समेत आधार मान्दा गत आर्थिक वर्ष खसी/बोका/बाख्रा र अण्डा उत्पादन गर्ने हाँस र कुखुराको सङ्ख्यामा वृद्धि भएको छ भने गाई/गोरु, सुंगर/बंगुर र भैंसी/राँगाको सङ्ख्यामा कमी आएको छ। भेडा/च्याङ्ग्रा, याक/नाक/चौरी तथा घोडा/खच्चडको सङ्ख्या घटेको छ।

पशुपन्छी क्षेत्रमा प्राविधिक सेवा विस्तार

७.६४ हालसम्म मुलुकका ७० जिल्लामा गाई, भैंसी, बाख्रा लगायतका पशुमा कृत्रिम गर्भाधानको सेवा विस्तार भएको छ। बोयर बाख्राको माग बढेको कारण बाख्राको कृत्रिम गर्भाधान मार्फत नश्ल सुधारमा थप सहयोग पुगेको छ। लम्पी स्किन रोगको देशव्यापी सङ्क्रमणका कारण किसानहरूबाट गाईभैंसीको कृत्रिम गर्भाधानको मागमा कमी आएको कारणले गाईभैंसीमा गरिने कृत्रिम गर्भाधान सङ्ख्यामा भने सामान्य गिरावट आएको छ।

७.६५ आर्थिक वर्ष २०७९/८० मा पशु नश्ल सुधारका लागि ९ लाख ८७ हजार डोज साँढे र राँगाको वीर्य उत्पादन भई ७ लाख ११ हजार पशुमा कृत्रिम गर्भाधान गराइएको थियो भने चालु आर्थिक वर्षको फागुनसम्म ५ लाख ५ हजार डोज साँढे र राँगाको वीर्य उत्पादन भएको छ। साथै, ४ लाख ३२ हजार पशुमा कृत्रिम गर्भाधान गराइएको छ भने १ लाख ३१ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण गरिएको छ।

७.६६ चालु आर्थिक वर्षको फागुनसम्म ५ करोड ९५ लाख १० हजार माछाका भुरा उत्पादन तथा वितरण भएको छ।

७.६७ नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको सहयोगमा पशु नश्ल सुधार कार्यक्रम सञ्चालनको लागि अमेरिकाबाट शुद्ध नश्लका जर्सी र होलस्टीन साँढे आपूर्ति भई हाल राष्ट्रिय प्रजनन कार्यालयहरूबाट शुद्ध नश्लका वीर्य उत्पादन प्रारम्भ भएको छ। हेफर इन्टरनेशनल (Heifer International) नामक संस्थाको सहकार्यमा दक्षिण कोरिया सरकारबाट प्राप्त होल्सटिन फ्रिजियन जातका बाच्छीहरू गर्भाधान भई उच्च नश्लको ब्रीडको विस्तार भएको छ। त्यस्तै बोयर बाख्राको १५ वटा मल्टिप्लायर हर्ड र भारत सरकारबाट प्राप्त शुद्ध नश्लको १५ वटा मुर्रा राँगामार्फत नश्ल सुधार भई दूध र मासु उत्पादनमा वृद्धि हुने अनुमान छ।

तालिका ७(च): नश्ल सुधारको विवरण

विवरण	आर्थिक वर्ष					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
कृत्रिम गर्भाधान (हजार डोज)	६२३	५७८	७८३	७१८	७११	४३२
वीर्य उत्पादन (हजार डोज)	६६६	७९४	७०१	८०१	९८७	५०५

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८० *फागुनसम्म

७.६८ व्यावसायिक मत्स्यपालनका लागि आवश्यक विभिन्न प्रकारका मत्स्य बीज (ह्याचिङ, फ्राई र फिंगरलिङ्ग) र प्राविधिक सेवामा वृद्धि भएको छ। गत आर्थिक वर्ष सरकारी तथा निजी क्षेत्रबाट ५६ करोड ९१ लाख ह्याचलिङ्, फ्राई तथा फिङ्गरलिङ् उत्पादन तथा वितरण भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म ३७ करोड ९४ लाख उत्पादन तथा वितरण भएको छ ।

तालिका ७(छ): विगत छ वर्षको मत्स्य बीज उत्पादन (सङ्ख्या लाखमा)

विवरण	आर्थिक वर्ष					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
सरकारी क्षेत्र	६६१	१००६	११५२	१२८०	१३१२	८७३
निजी क्षेत्र	२७३१	३३८१	४०१३	४१७६	४३७८	२९२१
जम्मा	**३३९२**	**४३८६**	**५१६५**	**५३८७**	**५६९१**	**३७९४**
वृद्धिदर (प्रतिशतमा)	१४.९	२९.३	१७.७	४.३	५.६३	-

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८० * फागुनसम्मको अनुमानित

ऊन उत्पादन

७.६९ चरन क्षेत्रको अभाव र वैदेशिक रोजगारी तर्फ युवाहरूको बढ्दो आकर्षणका कारण भेडा र च्याङ्ग्रा पालनमा आएको कमीका कारण ऊन उत्पादनमा आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा ६२.५ प्रतिशत घटेको छ। गत आर्थिक वर्ष २ लाख १२ हजार के.जी. मात्र ऊन उत्पादन भएको थियो।

चार्ट ७(ङ): पछिल्लो ५ वर्षको ऊनको उत्पादन र वृद्धिदर

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०

कृषि अनुसन्धान तथा प्रविधि विकास

७.७० नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) बाट कृषि क्षेत्रमा जातीय तथा नश्ल विकास, प्रविधि विकास एवं हस्तान्तरण, स्रोत सामाग्री उत्पादन, आनुवंशिक स्रोत संरक्षण लगायतका कार्यक्रम सञ्चालन भइरहेको छ। गत आर्थिक वर्ष १८ जात पञ्जिकरण/उन्मोचनको कार्य र बाली, बागवानी, पशु तथा मत्स्यपालन र यान्त्रिकरणको गरी जम्मा २५ नयाँ प्रविधि विकास भएको थियो।

७.७१ जीन बैंक, तन्तु बैंक र डी.एन.ए. बैंक गरी गत आर्थिक वर्ष १,०७५ बालीको आनुवंशिक स्रोत संरक्षण गरिएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १७५ आनुवंशिक स्रोत जीन बैंकमा संरक्षण गरिएको छ।

७.७२ चालु आर्थिक वर्ष केराको पानामा रोग व्यवस्थापन, तन्तु प्रविधि प्रयोग गरी स्याउको द्रुत गतिमा बेर्ना उत्पादन गर्ने प्रविधि, मकै बाली संरक्षण, कृषिमा आधारित जलवायु अनुकूलित खेती प्रविधि, अक्सिजन नानो बबल प्रयोग गरी माछा भुरा ढुवानी गर्ने प्रविधि र च्याउको पोस्ट हार्भेस्ट प्रशोधन प्रविधि विकास भएको छ।

७.७३ नार्कबाट चालु आर्थिक वर्षको फागुनसम्म ९४.१७ मे.टन स्रोत बीउ उत्पादन भएको छ। तरकारी, फलफूल, अलैंची लगायतको गरी ४ लाख २० हजार ५८ बेर्ना/बिरुवा र आलुको ४३,७५५ दाना पूर्व मूल बीउ उत्पादन भएको छ भने ६० जातको पञ्जीकरण तथा उन्मोचनको कार्य अघि बढेको छ।

तालिका ७(ज): स्रोत बीउ उत्पादन र पञ्जीकरण/उन्मोचनको विवरण

आर्थिक वर्ष	स्रोत बीउ उत्पादन (मे.ट.)	जात पञ्जीकरण/उन्मोचन (सङ्ख्या)	कैफियत
२०७०/७१	१००२.८३	१२	धान, गहुँ, मकै, कोदो, तरकारी, घाँसेबाली आदिको प्रजनन, मूल जस्ता स्रोत बीउ
२०७१/७२	९७५.४०	१५	
२०७२/७३	९७०.६७	१०	
२०७३/७४	१०११.८५	११	
२०७४/७५	९०७.२९	१३	
२०७५/७६	९५०.६०	११	
२०७६/७७	९७६.८९	०	
२०७७/७८	१००३.६२	२१	
२०७८/७९	९७५.५४	४२	
२०७९/८०	९९७.३२	१८	
२०८०/८१*	९४.१७		

स्रोतः नेपाल कृषि अनुसन्धान परिषद् २०८० *फागुनसम्मको अनुमान

मलखाद व्यवस्थापन

७.७४ चालु आर्थिक वर्षको फागुनसम्म कुल २ लाख ६८ हजार ७ सय मेट्रिक टन मल आयात भएको छ। गत आर्थिक वर्षको मौज्दात समेत गरी चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ७० हजार ६ सय मेट्रिक टन मल अनुदानमा बिक्री वितरण गरिएको छ। गत आर्थिक वर्षको फागुनसम्म २ लाख ३२ हजार ८६ मेट्रिक टन रासायनिक मल आयात भएको थियो भने मौज्दात समेत गरी १ लाख ७८ हजार ३२ मेट्रिक टन बिक्री वितरण गरिएको थियो।

७.७५ चालु आर्थिक वर्षका लागि रासायनिक मलको कुल माग ६ लाख मेट्रिक टन रहेको छ जसमध्ये युरिया ३ लाख ६० हजार, डिएपी २ लाख २० हजार र पोटास २० हजार मेट्रिक टन रहेको छ। गत आर्थिक वर्ष २०७९/८० रासायनिक मलको कुल माग ५ लाख २० हजार मेट्रिक टन रहेकोमा आर्थिक वर्षको अन्त्यसम्म ४ लाख ७ हजार ३ सय मेट्रिक टन मल आयात भई ३ लाख ४२ हजार ७ सय मेट्रिक टन मल अनुदानमा बिक्री वितरण भएको थियो।

७.७६ चालु आर्थिक वर्षको फागुनसम्म माग अनुसारको २ लाख ७० हजार ६ सय मेट्रिक टन मल बिक्री वितरण भएको छ। हाल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडमा कुल ८१ हजार मेट्रिक टन मल मौज्दात रहेको छ।

७.७७ अनुदानमा वितरण हुने रासायनिक मलको वितरण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन मल वितरक कम्पनीहरू मार्फत मलखाद व्यवस्थापन वितरण प्रणालीसम्वन्धी सफ्टवेयर कार्यान्वयनमा ल्याइएको छ।

प्रयोगशाला सेवा

७.७८ चालु आर्थिक वर्षको फागुनसम्म परीक्षण विधिको एकरूपता तथा स्तरीयताका लागि केन्द्रीय कृषि प्रयोगशालाबाट ३७३ बीउ नमूना विश्लेषण भएकोमा ३०९ बीउको नमूना स्तरभन्दा माथि रहेको छ। गत आर्थिक वर्ष ७५९ बीउ नमूना विश्लेषण भएकोमा ६०८ बीउको नमूना स्तरभन्दा माथि रहेको थियो।

७.७९ सुरक्षित कृषि उपज उपभोक्ता समक्ष पुऱ्याउन र विषादीको उचित प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने अभिप्रायले सात वटा सङ्घीय कृषि थोक बजारहरूमा केन्द्रीय कृषि प्रयोगशाला एकाइ सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइबाट ४,४३७ ताजा तरकारी तथा

फलफूलका नमूनामा कार्बामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीहरूको अवशेष परीक्षण गरिएको छ। परीक्षण गरिएका मध्ये २६ नमूना उपभोगको लागि अयोग्य देखिएकोले नष्ट गरिएको छ। गत आर्थिक वर्ष १३,६६९ नमूनामा विषादीको अवशेष परीक्षण गरिएकोमा ६९ नमूना उपभोगको लागि अयोग्य भएकोले नष्ट गरिएको थियो।

कृषि क्षेत्रमा नवप्रवर्तन

७.८० गत आर्थिक वर्ष हेलेज (Haylage) उत्पादक नेपाली कम्पनीलाई General Administration of Customs of China-GACC (चीन) मा दर्ता गर्न सहजीकरण गरी नेपालमा उत्पादित ८२ मेट्रिक टन हेलेज चीन निर्यात गरिएको थियो।

७.८१ मुलुकमा पहिलो पटक स्याङ्जामा सुन्तलाको वाईन र ब्राण्डीको परीक्षण उत्पादन सफल भएको छ। नेपाली ब्राण्डको फलफूलको जाम जापान निर्यात प्रारम्भ गरिएको छ।

खाद्य प्रविधि, गुणस्तर तथा नियमन

७.८२ गत आर्थिक वर्ष खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मार्फत २२ हजार ७ सय ४२ नमूना, भन्सार नाकाहरूमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट ४१ हजार ४ सय ५५ खाद्य पदार्थ/दाना नमूना र आयातित फलफूल तरकारीमा विषादी अवशेष परीक्षण तर्फ ७७ हजार ६ सय ५ गरी जम्मा १ लाख ४१ हजार ३ सय १७ वटा नमूना परीक्षण गरिएको थियो। यसरी नमूना परीक्षण हुँदा मापदण्ड प्रतिकूल रहेका १ सय २१ वटा व्यवसायी उपर मुद्दा दायर गरिएको थियो।

७.८३ चालु आर्थिक वर्षको फागुनसम्म खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मार्फत १,५९७ नमूना सङ्कलन, आयातित फलफूल तरकारीको ४० हजार ४ सय नमूनामा विषादी अवशेष परीक्षण, २९ हजार ८ सय ८३ वटा खाद्य आयात निर्यात गुण प्रमाणिकरण र मापदण्ड प्रतिकूल रहेका ९५ व्यवसायी उपर मुद्दा दायर गरिएको छ।

खोप उत्पादन तथा राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण

७.८४ कुल खोप उत्पादन वर्षेनि उल्लेख्य मात्रामा वृद्धि हुँदै गएको छ। चौपायामा प्रयोग गरिने पि.पि.आर, एच.एस., बि.क्यू., क्लासिकल स्वाइन फिभर रोग विरुद्ध प्रयोग

हुने खोप उत्पादनमा मुलुक आत्मनिर्भर भएको छ। सरकारी तथा निजी क्षेत्रबाट उत्पादित खोप विदेशमा समेत निर्यात हुने गरेको छ।

७.८५ चालु आर्थिक वर्षको फागुनसम्म पशुपन्छीमा लाग्ने सङ्क्रामक रोग विरुद्ध १ करोड २९ लाख ३१ हजार खोप उत्पादन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा २ करोड ९६ लाख खोप उत्पादन भएको थियो। गत आर्थिक वर्ष पशुपन्छीका विभिन्न प्रकारका ५ करोड ३८ लाख खोपको मात्रा उत्पादन गरी राष्ट्रियस्तरमा निशुल्क खोप कार्यक्रम सञ्चालन गरिएको थियो।

७.८६ लम्पी स्किन रोगबाट हालसम्म १५ लाख ३६ हजार संक्रमित पशुमध्ये ९४.६ प्रतिशत संक्रमणमुक्त भएका छन् भने ४.३ प्रतिशत यस रोगको संक्रमणबाट मरेका छन्। हालसम्म १० लाख ५३ हजार ५ सय पशुलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको छ।

तालिका ७(झ): कृषिजन्य वस्तुको निकासी पैठारीको अवस्था (रु.करोडमा)

वस्तुको नाम	२०७८/७९		२०७९/८०		फागुनसम्म			
					२०७९/८०		२०८०/८१	
	पैठारी	निकासी	पैठारी	निकासी	पैठारी	निकासी	पैठारी	निकासी
जीवित जन्तु	१७४.३	०.००१	९१	०.००१	५८.२	०.००१	६३.२	०.१
मासु	४.६	१.८	२.५	१.७	१.१	०.३	०.४	२.२
माछा तथा अन्य जलचर	१३४.७	०.०००१	१०३	०.०४	५३.७	०.०३	८०.३	०.१
तयारी माछा मासु	१२.४	०.००७	१२.४	०.२	७.८	०.०४	५.७	०.२
तरकारी तथा दलहन	३६५४.५	७७.६	३१८७.२	७४.६	२२१८.५	४८.६	२१२०.४	५६.७
नट्स तथा फलफुल	२४९९.९	९२.१	२०५६.३	६.५	११७९	४.४	१४७४.९	१
चिया	८.४	३४३.४	१२.९	३९३.७	८.६	२७९.७	२.४	२४६.३
कफी	१२.८	११.७	३२.६	१३	२१.१	३.६	३३.२	४.३
मसला	८८३.१	५८३	८३१.५	१०००.६	४३८.४	६९१.८	७१५.७	६५२.३
खाद्यान्न	७४२८.४	०.२	५६६२.५	०.७	३८८३.९	०.४	३२२९.१	०.७
धान/चामल	४७५७.४	०.०३	३६६६.३	०.१	२६०६.७	०.०५	१५०४.५	०.००४
मकै	१९६५	०.०५३	१७१७.४	०.०५	११०४	०.०३	९०२.८	०.१
गहुँ	६३२.६	०.०००२	२८.१	०.०१	१२२.३	०.०१	२६८	०
अन्य खाद्यान्न	७३.४	०.१२४	२५०.८	०.६	५०.९	०.३	५५३.९	०.७
जुट तथा वनस्पती रेशा	५१४.८	६५४.३	४९२.१	५१९.३	३७२.२	३६९.९	२८९.८	३३२.८

स्रोतः भन्सार विभागको तथ्याङ्कबाट गणना गरिएको।

७.८७ नेपाल खाद्यान्नको खुद पैठारीकर्ता मुलुकको रूपमा रहेको छ। खाद्यान्न तर्फ धान/चामलको पैठारी अन्य खाद्यान्नको तुलनामा उच्च रहँदै आएको छ। यद्यपि, पछिल्ला वर्षमा खाद्यान्न, तरकारी/दलहन, माछा, जुट तथा वनस्पति रेशा

लगायतको पैठारी घट्दै गएको छ। मकैको आन्तरिक उत्पादनमा वृद्धि भएसँगै यसको पैठारी घट्दै गएको छ। कफि र अलैंचीको निकासी बढेको छ। गत आर्थिक वर्षमा चियाको निकासी बढेपनि चालु आर्थिक वर्षको फागुनसम्म यस्तो निकासी केही घटेको छ।

सिँचाइ, तटबन्ध निर्माण र जग्गा उकास

७.८८ वर्षेनि सिँचाइ सुविधामा विस्तार हुँदै गएको छ। २०७९ फागुनसम्म कुल सिँचाइयोग्य जमीन १७ लाख ६० हजार हेक्टरमध्ये ८८.५ प्रतिशत र कुल कृषियोग्य जमीन २६ लाख ४० हजार हेक्टर मध्ये ५९.० प्रतिशत जमीनमा सिँचाइ सुविधा पुगेको छ।

७.८९ संघीय आयोजनाहरूबाट २०८० असार मसान्तसम्म कुल १५ लाख ५५ हजार ५ सय ८ हे. जमीनमा सिँचाइ सुविधा पुगेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म सतह तर्फ ६२० हेक्टर, लिफ्ट तर्फ २७० हेक्टर, भूमिगत तर्फ ७०० हेक्टर र जलाशय तर्फ ५० हेक्टर गरी थप १,६४० हेक्टर जमीनमा सिंचाइ सुविधा पुगेको छ।यस समेत गरी हालसम्म १५ लाख ५७ हजार १ सय ४८ हे. जमीनमा सिँचाइ सुविधा पुगेको छ।

७.९० सिँचाइ सुविधा पुगेका क्षेत्रमध्ये ६५.७ प्रतिशतमा सतह सिंचाइ पुगेको छ भने ३४.१ प्रतिशतमा भूमिगत सिंचाइ सुविधा पुगेको छ।

तालिका ७(ञ): सिँचाइ सुविधाको विस्तार (हेक्टरमा)

सूचक	उपलब्धि				
	२०७८ असारसम्म	२०७९ असारसम्म	२०८० असारसम्म	आर्थिक वर्ष २०८०/८१	२०८० फागुनसम्म
सतह सिँचाइ	१०१४४६९	१०१७५४५	१०२२७३५	६२०	१०२३३५५
भूमिगत सिँचाइ	४९४९३१	५१३५२४	५३०६५४	७००	५३१३५४
जलासय तर्फ	-	-	-	५०	५०
लिफ्ट सिंचाइ	-	-	२११९	२७०	२३८९
कुल जम्मा	१५०९४२७	१५३१०६९	१५५५५०८	१६४०	१५५७१४८

स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८०

७.९१ जलउत्पन्न प्रकोप नियन्त्रण तर्फ २०८० फागुनसम्म १,४१२ किलोमिटर तटबन्ध निर्माण भई १२ हजार ९ सय ८६ हेक्टर जग्गा उकास भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ४७.५२ किलोमिटर तटबन्ध निर्माण तथा २०० हेक्टर जग्गा

उकास गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा ७६.२५ किलोमिटर तटबन्ध निर्माण भई २३३.५८ हेक्टर जग्गा उकास गरिएको थियो।

७.९२ आर्थिक वर्ष २०७९/८० मा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, नक्टाझिजबाट १३ डिप बोरिङ्ग प्रणाली मार्फत सिराहा, सर्लाही, बारा, उदयपुर, धनुषा, रूपन्देही र महोत्तरीमा गरी जम्मा ५२० हेक्टर क्षेत्रफलमा भूमिगत सिँचाइ विस्तार भएको थियो। चालु आर्थिक वर्ष भूमिगत सिँचाइ कार्यक्रम अन्तर्गत ६ डिप बोरिङ्ग निर्माण भइरहेको छ। यसबाट थप ३०० हेक्टरमा सिँचाइ सुविधा विस्तार हुने अनुमान छ।

मञ्जुषा बक्स ७(घ): राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको उपलब्धि

सिक्टा सिँचाइ आयोजना

आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको २०८० फागुनसम्म भौतिक उपलब्धि ४०.२ प्रतिशत रहेको छ। यस आयोजना अन्तर्गत २०८० को फागुनसम्म बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा ब्यारेज निर्माण, मूलबाँधको दायाँतर्फ (कमाण्ड क्षेत्र सम्म) ५० क्युमेक्स क्षमता भएको ४५.२५ कि.मी. लामो मूलनहर निर्माण कार्य सम्पन्न भएको छ। यसैगरी मूलबाँधको बायाँतर्फ १४.५ क्युमेक्स क्षमता भएको ५३ कि.मी. मूलनहर मध्ये ३७ कि.मी. र शाखा नहर १६.० निर्माण कार्य सम्पन्न भएको छ। हालसम्म २० हजार दुईसय हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।

रानी जमरा कुलेरिया सिँचाइ आयोजना

आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको २०८० असारसम्मको भौतिक उपलब्धि ७१.० प्रतिशत रहेको छ। २०८० फागुनसम्म मूल इन्टेक, De-settling Basin, Feeder Canal, मूल नहरमा गेट जडान, विद्युत गृह र १४ किलोमिटर लामो लम्की शाखा नहर परीक्षण कार्य सम्पन्न भएको छ। साथै कृषि ग्रामिण सडक ९१.० कि.मी. स्तोरन्नति कार्य सम्पन्न भएको छ। यस आयोजनाबाट ४.७१ मेगावाट जलविद्युत समेत उत्पादन भएको छ।

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको २०८० फागुनसम्म भौतिक प्रगति ६५.७ प्रतिशत पुगेको छ। आयोजना सम्पन्न भएपछि ४६.८ मेघावाट विद्युत उत्पादन हुने यस आयोजना अन्तर्गत नेपालमा पहिलो पटक टनेल बोरिङ्ग मेशिन प्रयोग गरी १२.२० किलोमिटर लामो सुरुङ्गको निर्माण कार्य सम्पन्न भएको छ। साथै, भेरी नदीमा डाइभर्सन हेडवक्स निर्माण कार्य सम्पन्न भएको छ।

महाकाली सिँचाइ आयोजना (तेस्रो चरण)

आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको २०८० फागुनसम्म भौतिक प्रगति २१.८५ प्रतिशत पुगेको छ। २०८० फागुनसम्म टनकपुर मूल नहर निर्माण कार्यको चे.१२+६९० देखि २३+३०० सम्मको निर्माण कार्य सम्पन्न गरिएको छ भने चे.२३+३०० देखि २८+८०० सम्मको करिब ८५ प्रतिशत कार्य सम्पन्न भएको छ। साथै, Desilting Basin निर्माण कार्य करिब ९८.० प्रतिशत सम्पन्न भएको छ। ब्रह्मदेव, मुसेपानी/हात्तीथला तथा फुलेली क्षेत्रको ५३०० हे. क्षेत्रफलमध्ये शाखा नं. २० र २१ बाट करिब ६५० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन संरचना निर्माण भईसकेको छ। साथै, ५ किलोमिटर शाखा नहर निर्माण गर्ने कार्य सम्पन्न भएको छ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको २०८० फागुनसम्मको भौतिक उपलब्धि २७.२ प्रतिशत रहेको छ। हालसम्म ४५.४६ हेक्टरमध्ये ४४.७६ हेक्टर जग्गा प्राप्ति कार्य सम्पन्न गरी मुआब्जा वितरण सम्पन्न भएको छ। २०८१ बैशाखमा सुरुङ्ग निर्माणको ब्रेकथ्रू भएको छ।

बबई सिँचाइ आयोजना

आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको २०८० फागुनसम्मको भौतिक उपलब्धि ७३.० प्रतिशत रहेको छ। २०८० फागुनसम्म १ हेडवर्क्स, ८०.५८ किलोमिटर मूलनहर, २७१.२३ किलोमिटर शाखा/उपशाखा नहर र २५.३९ किलोमिटर बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षणको निर्माण कार्य सम्पन्न भएको छ। साइफन निर्माण तथा बाढी बाट क्षतिग्रस्त साइफन पुनः निर्माणको सबै कार्य सम्पन्न भएको छ। हालसम्म निर्मित संरचनाबाट पूर्वतर्फ १७,००० हेक्टर र पश्चिमतर्फ ९,००० हेक्टर गरी २६,००० हेक्टर सिँचित क्षेत्रफल सिँचाइ सुविधा पुगेको छ।

वन तथा भू-संरक्षण

७.९३ विश्व खाद्य तथा कृषि संगठनका अनुसार विश्वको कुल भूभागको ३१.० प्रतिशत वन क्षेत्रले ओगेटेको छ। जम्मा वन क्षेत्रको करिब ५४.० प्रतिशत वन ब्राजिल, क्यानाडा, चीन, रसिया र अमेरिकामा रहेको छ।

७.९४ छिमेकी राष्ट्र चीनको कुल भू-भागको २२.९६ प्रतिशत र भारतको कुल भूभागको २१.७१ प्रतिशत वन क्षेत्र रहेको छ। देशको क्षेत्रफलको अनुपातमा दक्षिण एसियाली राष्ट्रहरूमध्ये सबैभन्दा बढी वन क्षेत्र भूटानको ६९.७१ प्रतिशत रहेको छ भने सबैभन्दा कम अफगानिस्तानको १.८५ प्रतिशत रहेको छ।

तालिका ७(ट): छिमेकी मुलुकको वन क्षेत्रको स्थिति

राष्ट्र	वन क्षेत्र (प्रतिशत)
भूटान	६९.७१
नेपाल	४५.३१
श्रीलंका	३४.१
चीन	२२.९६
भारत	२१.७१
बङ्गलादेश	१२.८
पाकिस्तान	४.८
मालदिभ्स	२.७
अफगानिस्तान	१.९

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८०

७.९५ नेपालमा वन क्षेत्रले ६१ लाख ६६ हजार ७ सय ६६ हेक्टर र झाडीबुट्यान क्षेत्रले ५ लाख ३५ हजार १ सय ७९ हेक्टर भू-भाग ओगटेको छ, जसअनुसार

कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल क्षेत्रफल ४५.३१ प्रतिशत हुन आउँछ। नेपालमा प्रति व्यक्ति ०.२ हेक्टर वन क्षेत्र पर्दछ। नेपालको भू-धरातलीय आधारमा सबैभन्दा बढी वन क्षेत्र चुरे क्षेत्रमा र सबैभन्दा कम वन क्षेत्र तराईमा रहेको छ।

७.९६ २०८० फागुनसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष र ६ संरक्षण क्षेत्र गरी २० संरक्षित क्षेत्र रहेका छन्। कुल भू-भागमध्ये २३.४ प्रतिशत भू–भाग संरक्षित क्षेत्रको रूपमा रहेको छ। हालसम्म वन संरक्षण क्षेत्र अन्तर्गत १ लाख ९४ हजार १ सय ५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ।

७.९७ २०८० फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा १,०६७ सामुदायिक वन समूह गठन भएका छन्। यस्तो क्षेत्रले करिब २ लाख ४० हजार ८ सय ७० हेक्टर क्षेत्रफल ओगटेको छ। त्यसैगरी, ८८ मध्यवर्ती कबुलियति वन मार्फत ५४८.७ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ। संरक्षित क्षेत्र व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५ सय ९९ जनसङ्ख्या लाभान्वित भएका छन्।

७.९८ २०८० फागुनसम्म २३ हजार ६ सय १ सामुदायिक वन उपभोक्ता समूह मार्फत २५ लाख ८ हजार ३ सय २६ हेक्टर वन क्षेत्रको व्यवस्थापन गरिएको छ।

७.९९ गरिबीको रेखामुनि रहेका समुदायको जीविकोपार्जनमा सुधार र वन संरक्षणमा समेत टेवा पुऱ्याउन ७,७३१ कबुलियती वन समूहलाई ४४ हजार ३ सय ९९ हेक्टर वन कबुलियती वनको रूपमा हस्तान्तरण भएको छ।

७.१०० वनस्पतिको स्व-स्थानीय र पर-स्थानीय संरक्षण गर्न मुलुकभर ११ वनस्पति उद्यान स्थापना भई ६८३ हेक्टरमा १,१८२ वनस्पति प्रजातिको परस्थानीय संरक्षणको कार्य भएको छ जसमध्ये १० वनस्पति प्रजाती संकटापन्न एवं लोपोन्मुख प्रजाति रहेका छन्।

७.१०१ फेवाताल संरक्षणको लागि १२३ वर्ग किलोमिटर क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरिएको छ।

७.१०२ आर्थिक वर्ष २०७९/८० मा वन तथा भू-संरक्षण विभाग मार्फत ८९ स्थानमा नदी तथा खोला किनारा संरक्षण कार्य, ६८ स्थानमा गल्छी पहिरो नियन्त्रण, ३९७ स्थानमा पानी मुहान संरक्षण, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन तथा ५ लाख ४२ हजार बिरुवा उत्पादन भएको थियो।

७.१०३ चालु आर्थिक वर्षको फागुनसम्म ३५ स्थानमा ३.२३ किलोमिटर नदी तथा खोला किनारा संरक्षण कार्य, २६ स्थानमा गल्छी पहिरो नियन्त्रण, २२५ स्थानमा पानी मुहान संरक्षण, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन तथा १ लाख ४५ हजार बिरुवा उत्पादन भएको छ।

७.१०४ नेपालमा बाघको सङ्ख्या बढेर सन् २०२२ मा ३५५ पुगेको छ। सन् २०१८ मा बाघको सङ्ख्या २३५ रहेको थियो। लोपोन्मूख रहेको कृष्णसारको सङ्ख्या २०२१ मा ३३६ रहेकोमा ३९ थप भई सन् २०२२ मा ३७५ पुगेको छ।

तालिका ७(ठ): वन्यजन्तुको सङ्ख्याको स्थिति

वन्यजन्तु विवरण	वर्ष (सन्मा)											
	२००५	२००९	२०११	२०१२	२०१३	२०१४	२०१५	२०१६	२०१८	२०२०	२०२१	२०२२
बाघ	-	१२१	-	-	१९८	-	-	-	२३५	-	-	३५५
अर्ना	-	-	२३७	२५९	-	३५७	-	४३२	४४१	७५२	४९८	-
गैंडा	४१०	-	४३४	-	-	६४५	-	-	-	-	७५२	-
कृष्णासार	-	-		२८५	३००	२७४	२३०	२५२	३२६	३४६	३३६	३७५

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८०

पुनश्चः कोष्ठकमा रिक्त रहेको वर्ष सो वन्यजन्तुको गणना भएको छैन।

७.१०५ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल ४३ आयोजनालाई वन क्षेत्रको कुल ५९८.८ हेक्टर जग्गा भोगाधिकार दिई ५४ हजार २ सय २७ रूख कटान स्वीकृति दिइएको छ। आर्थिक वर्ष २०७९/८० मा ४१ विकास आयोजनालाई वन क्षेत्रको ४४७.१० हेक्टर जग्गा उपलब्ध गराइएको थियो।

७.१०६ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म वन क्षेत्रका विभिन्न क्रियाकलापबाट १३ लाख ९३ हजार श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वन क्षेत्रका विभिन्न क्रियाकलापबाट ६७ लाख २५ हजार श्रमदिन बराबरको रोजगारी सिर्जना भएको थियो।

७.१०७ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म १०.०० टन सुगन्धित तेल र १७ लाख ९५ हजार ६ सय ११ थान हर्वल केयर उत्पादन भएको छ। आर्थिक वर्ष २०७९/८० मा १९.६६ टन सुगन्धित तेल र ५६ लाख ३७ हजार ११ थान हर्वल केयर उत्पादन भएको थियो।

७.१०८ चालु आर्थिक वर्षको फागुनसम्म २,०६० हर्बेरियम नमूनाको डिजिटाईजेशन कार्य सम्पन्न भएको छ। गत आर्थिक वर्ष यस्तो सङ्ख्या २६ हजार १ सय ७८ रहेको

थियो। हालसम्म १ लाख ५६ हजार २ सय ३८ हर्बेरियम नमूनाहरूको डिजिटाइजेशन भएको छ।

७.१०९ २०८० असारसम्म १ लाख ४३ हजार ४ सय ८ डिजिटाइज्ड हर्बेरियम नमूना अनलाइन अपलोड गरिएकोमा २०८० फागुनसम्म १ लाख ५२ हजार ७ सय ९६ डिजिटाइज्ड हर्बेरियम नमूना अनलाइन अपलोड गरिएको छ।

तालिका ७(ङ): नमूना परीक्षणको सङ्ख्या

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
हर्बेरियम नमूनाको डिजीटाइजेसन सङ्ख्या	३००७०	३०००५	३२००९	२६१७८	२०६०
विश्लेषण, प्रमाणीकरण तथा सिफारिश गरिएका जडिबुटी नमूनाको सङ्ख्या	१५०७	१७२१	१५२९	१०४७	४९५

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८० *फागुनसम्म

७.११० आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म ४९५ जडिबुटीजन्य नमूनाको विश्लेषण, प्रमाणीकरण तथा सिफारिश गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा १,०४७ जडिबुटीजन्य नमूना र सारतत्वको विश्लेषण, प्रमाणीकरण गरी निर्यातका लागि सहजीकरण गरिएको थियो।

राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम

७.१११ चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अन्तर्गत ८२ हजार बिरुवा उत्पादन, ११.९१ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/ व्यवस्थापन, १२ स्थानमा तालतलैया सिमसार व्यवस्थापन, १७ स्थानमा भूमिगत जल पुनर्भरण/संरक्षण पोखरी निर्माण कार्यक्रम र ६३ स्थानमा गल्छी/पहिरो/खहरे रोकथाम कार्यक्रम सम्पन्न भएको छ।

७.११२ राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रमअन्तर्गत गत आर्थिक वर्ष ३७ जिल्लाका ६७ मुख्य नदी प्रणालीमा ४४.७२ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको थियो। त्यसैगरी, १९६ स्थानमा गल्छी/पहिरो/खहरे रोकथाम नियन्त्रण र ४७ स्थानमा तालतलैया/सिमसार संरक्षण गर्ने कार्य सम्पन्न भएको थियो। साथै, ४९ स्थानमा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग र २७ स्थानमा जल पुनर्भरण/संरक्षण पोखरी निर्माण कार्य समेत सम्पन्न भएको छ।

काठको आयात र उत्पादन

७.११३ चालु आर्थिक वर्षको फागुनसम्म २ करोड ४७ लाख १८ हजार क्यूबिक फिट काठ उत्पादन भएको छ। गत आर्थिक वर्ष निजी र राष्ट्रिय वन गरी कुल ३ करोड १८ लाख क्यूबिक फिट गोलिया काठ उत्पादन भएको थियो ।

७.११४ चालु आर्थिक वर्षको फागुनसम्म ७७ हजार २ सय ५ चट्टा दाउरा उत्पादन भएको छ। गत आर्थिक वर्ष राष्ट्रिय वनबाट ४१ हजार ९ सय ९८ चट्टा दाउरा उत्पादन भएको थियो।

वन क्षेत्रबाट प्राप्त आम्दानी

७.११५ आर्थिक वर्ष २०७९/८० मा संरक्षित क्षेत्रसहित सम्पूर्ण वन क्षेत्रबाट रू.४ अर्ब ७७ करोड बराबरको राजस्व सङ्कलन भएकोमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म रु.४ अर्ब ८६ करोड राजश्व सङ्कलन भएको छ।

भूमिसुधार

७.११६ चालु आर्थिक वर्षको फागुनसम्म लिज, उपयोग र दाखिल खारेज गर्न स्वीकृत दिएका जग्गा समेत गरी अस्पताल निर्माण, स्थानीय तहको भवन निर्माण, कृषि विश्वविद्यालय लगायतका २०० निकायलाई जग्गा उपलब्ध गराइएको छ।

७.११७ गत आर्थिक वर्षको सुरुवातसँगै घरजग्गा कारोबारमा देखिएको शिथिलताको कारण रजिष्ट्रेशन शुल्क तथा पुँजीगत लाभकर सङ्कलन उल्लेख्य रूपमा घटेकोमा चालु आर्थिक वर्षको शुरुवातसँगै क्रमशः कारोबार विस्तार हुँदै गएकोले यस क्षेत्रबाट प्राप्त हुने राजस्वमा समेत सुधार हुँदै गएको छ।

७.११८ चालु आर्थिक वर्षको फागुनसम्म पुँजीगत लाभकर रू.८ अर्ब ९९ करोड र रजिष्ट्रेशन शुल्क रू.१६ अर्ब ६८ करोड गरी रू.२५ अर्ब ६७ करोड राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्तो राजस्व २३.८ प्रतिशतले वृद्धि भएको छ।

तालिका ७(ढ): रजिष्ट्रेशन शुल्क तथा पुँजीगत लाभकर सङ्कलन सम्बन्धी विवरण (रू. करोडमा)

शीर्षक	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	फागुनसम्म	
					२०७९/८०	२०८०/८१
रजिष्ट्रेशन शुल्क	१८१५.५२	२८०४.६६	३५२२.१९	१९३५.४९	१३३९.०४	१६६७.८७
पुँजीगत लाभकर	७८३.५३	१७३२.२	१५५२.८६	१२२१.३१	७३४.१८	८९९.४५
जम्मा	**२५९९.०५**	**४५३६.८६**	**५०७५.०५**	**३१५६.८०**	**२०७३.२२**	**२५६७.३२**

स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०८०

७.११९ अनलाईन सेवा प्रवाह गर्ने भूमिसुधार तथा मालपोत कार्यालयको सङ्ख्या १३० पुगेको छ। सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाईन प्रविधि मार्फत जग्गा कारोबारको लिखत सम्बन्धी कार्य गर्न सक्ने प्रणाली Public Access Model (PAM) २०८० फागुनसम्म ९८ भूमिसुधार तथा मालपोत कार्यालयमा लागू भएको छ। २०७९ फागुनसम्म यस्तो प्रणाली ७९ कार्यालयमा लागू भएको थियो।

७.१२० चालु आर्थिक वर्षको फागुनसम्म ३,०७३ भू-सेवा केन्द्र सञ्चालनमा आएका छन् जसबाट करिब ७ हजार व्यक्तिले रोजगारी प्राप्त गरेका छन्।

७.१२१ राष्ट्रिय भूमि आयोगमार्फत चालु आर्थिक वर्षको फागुनसम्म ८३ हजार ५ सय ४९ भूमिहीन दलित, १ लाख ६० हजार ३ सय ७५ भूमिहीन सुकुम्बासी र १० लाख ४७ हजार १ सय २२ अव्यवस्थित बसोबासी गरी जम्मा १२ लाख ९१ हजार ४६ को लगत सङ्कलन भई राष्ट्रिय भूमि आयोग सूचना प्रणालीमा प्रविष्ट भएको छ।

७.१२२ कित्तानापी नापनक्सा अन्तर्गत नापजाँच गर्न छुट भएका गाँउब्लक जग्गा र दर्ता हुन छुट भएका बेनिस्सा स्वबासी लगायतलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउन चालु आर्थिक वर्षको फागुनसम्म १४.६ हेक्टर गाउँ ब्लक नापी र ४,६५४ हेक्टर विशेष नापी गरी ४,६६८.६ हेक्टर नापनक्सा भएको छ। यस अन्तर्गत ५,३०५ जग्गाधनी प्रमाणपूर्जा वितरण भएको छ।

७.१२३ सेवाग्राहीले घरबाटै राजस्व जम्मा गराई कित्ता नापी नक्सा समेत प्राप्त गर्न सकिने गरी विकास गरिएको मेरो कित्ता प्रणाली र नेपाल भू-सूचना प्रणाली हालसम्म ५८ नापी कार्यालयमा विस्तार भएको छ।

८. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

८.१ उद्योग क्षेत्र उत्पादन, आय र रोजगारीको दृष्टिले आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको छ। सार्वजनिक, निजी एवं विदेशी लगानी मार्फत औद्योगिक क्षेत्रको विकास र विस्तारमा सघाउ पुग्दै आएको छ। यद्यपि, औद्योगिक क्षेत्रको सुदृढीकरण एवं विस्तारका लागि लगानी न्यून रहेको छ भने यस्तो लगानीबाट अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन। आधारभूत वस्तुमा समेत मुलुक आत्मनिर्भर बन्न सकेको छैन।

८.२ औद्योगिक क्षेत्रको विकासको लागि सार्वजनिक लगानीलाई औद्योगिक पूर्वाधारको विकासमा केन्द्रित गर्नुपर्ने र स्वदेशी तथा विदेशी निजी लगानीलाई उत्पादन तथा रोजगारी अभिवृद्धिमा परिचालन गर्नुपर्ने आवश्यकता छ। वस्तुको निकासी प्रवर्द्धन तथा पैठारी व्यवस्थापन गर्दै मागमा आधारित वस्तु तथा सेवाको आपूर्ति गर्ने तर्फ औद्योगिक, वाणिज्य तथा आपूर्ति नीति केन्द्रित गर्नुपर्ने देखिन्छ।

८.३ अद्वितीय प्राकृतिक एवं समृद्ध साँस्कृतिक सम्पदाको कारण पर्यटन मुलुकको तुलनात्मक लाभको क्षेत्रको रूपमा रहेको छ। विश्वकै प्रमुख गन्तव्य हुने सम्भावना बोकेको मुलुक भएपनि पर्यटकीय सम्भावनालाई लाभमा परिणत गर्न सकिएको छैन। तसर्थ, सार्वजनिक एवं निजी लगानी अभिवृद्धि मार्फत पर्यटनको विकास र विस्तार गर्दै देशभित्र लाभजन्य रोजगारी सिर्जना गर्ने तर्फ पर्यटन नीति केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

८.४ मुलुकमा रहेका मूर्त तथा अमूर्त सम्पदा राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रूपमा रहेका छन्। परम्परागत संस्कृतिको जगेर्ना गरी मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकास गर्नु प्रमुख आवश्यकता रहेको छ। **"विविधतामा एकता नेपाली समाजको विशेषता"** भन्ने मर्मलाई हृदयङ्गम गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउन संस्कृतिको अहम् भूमिका रहेको छ।

औद्योगिक उत्पादन

८.५ गत आर्थिक वर्ष १.९८ प्रतिशतले ऋणात्मक रहेको औद्योगिक क्षेत्र (उत्पादनमूलक उद्योग) को कुल मूल्य अभिवृद्धि (उत्पादन) चालु आर्थिक वर्ष समेत १.६ प्रतिशतले ऋणात्मक रहने अनुमान छ। वस्तु तथा सेवाको समग्र मागमा कमी आएको कारण उत्पादनमूलक उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन

नसकेको र विश्वव्यापीरूपमा नै अर्थतन्त्रमा उल्लेख्य सुधार आउन नसकेको अवस्थामा मुलुकका उद्योगको उत्पादनमा समेत सङ्कुचन देखापर्ने अनुमानका आधारमा यस क्षेत्रको वृद्धिदर ऋणात्मक हुने अनुमान छ। पछिल्लो दशकमा उत्पादनमूलक उद्योगको औसत वार्षिक वृद्धिदर २.५९ प्रतिशत रहेको छ।

८.६ चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ४.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ५.१६ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान वार्षिक औसत ५.४६ प्रतिशत रहेको छ।

८.७ पन्ध्रौं पञ्चवर्षीय योजनाले चालु आर्थिक वर्षको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखे पनि लक्ष्य भन्दा न्यून उपलब्धि हासिल भएको छ। यस योजना अवधिभर औसत आर्थिक वृद्धिदर २.७८ प्रतिशत रहे पनि उत्पादनमूलक उद्योगको औसत वृद्धिदर ०.५५ प्रतिशत रहेको छ। साथै, यस योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान वार्षिक औसत ५.२७ प्रतिशत रहेको छ। पछिल्ला ५ आवधिक योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान क्रमशः घट्दै गएको देखिन्छ।

तालिका ८(क): पछिल्ला ५ आवधिक योजनामा उत्पादनमूलक उद्योगको उपलब्धि

आवधिक योजना	योजना अवधि	यथार्थ उपलब्धि (प्रतिशतमा)		कैफियत
		औसत वार्षिक वृद्धि	जीडिपीमा औसत योगदान	
एघारौं योजना	त्रिवर्षीय	०.३५	६.५३	सोह्रौं योजनाको अन्त्यसम्म कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको।
बाह्रौं योजना	त्रिवर्षीय	३.५२	६.१५	
तेह्रौं योजना	त्रिवर्षीय	-१.१३	५.८६	
चौधौं योजना	त्रिवर्षीय	१०.८५	५.६२	
पन्ध्रौं योजना	पञ्चवर्षीय	०.५५	५.२७	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय/नेपाल राष्ट्र बैङ्क, २०८० को तथ्याङ्कबाट गणना गरिएको।

मञ्जुषा बक्स ८(क): उद्योग क्षेत्रका पछिल्ला गतिविधि

- महिला उद्यमी, कम्तीमा ५० प्रतिशत महिला तथा अपाङ्गता भएका व्यक्ति कामदार भएका उद्योग, कम्तीमा ८० प्रतिशत स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग, पूर्णरूपमा हरित ऊर्जा प्रयोग गर्ने उद्योग र रूग्ण उद्योगलाई प्रोत्साहन, सुविधा वा सहुलियत दिने व्यवस्था रहेको छ।
- नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेसम्बन्धी कार्यलाई सरल, स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउन उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- सन् २०१५ देखि सञ्चालनमा आएको समृद्धि आयोजनाबाट सन २०२३ सम्ममा १२ हजार ६ सय २२ व्यक्तिले व्यावसायिक तथा सीपमूलक तालिम र ८५ हजार ४ सय ४६ व्यक्तिले वित्तीय साक्षरतासम्बन्धी तालिम प्राप्त गरेका छन्। यस अवधिसम्म २९ हजार ५ सय २१ रोजगारी सिर्जना भएको छ भने ७५ हजार १ सय ७० व्यक्तिले आप्रवासन अभिमूखीकरण तालिम प्राप्त गरेका छन्।
- सबै स्थानीय तहमा २०७६/७७ देखि सञ्चालनमा आएको लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना, स्तरोन्नति, प्रविधि हस्तान्तरण, उद्यम घर निर्माण र रोजगारी सिर्जना गर्ने कार्य अन्तर्गत २०८० फागुनसम्म नयाँ उद्यमीको सङ्ख्या १६ हजार १ सय १६ रहेको छ।
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट सीप विकास तथा उद्यमशीलता विकासमार्फत चालु आर्थिक वर्षको फागुनसम्म लघु उद्यमीको सङ्ख्या ३९१ थप भएको छ। गत आर्थिक वर्षको फागुनसम्म लघु उद्यमीको सङ्ख्या ३६६ रहेको थियो।
- २०८० फागुनसम्म उद्योग विभागमा औद्योगिक बौद्धिक सम्पतिका रूपमा ६३ हजार ९८ ट्रेडमार्क, ८८ पेटेन्ट र ३१० डिजाइन दर्ता भएका छन्। दर्ता भएका कुल ट्रेडमार्कको सङ्ख्या मध्ये स्वदेशी र विदेशी ट्रेडमार्कको सङ्ख्या क्रमशः ५४.३ प्रतिशत र ४५.७ प्रतिशत रहेको छ।
- केन्द्रीय कारागार कारखानाबाट सञ्चालित बन्दी प्रशिक्षण कार्यक्रममार्फत चालु आर्थिक वर्षको फागुनसम्म ३५ बन्दीले तालिम प्राप्त गरी २४ हजार ४ सय ४२ मिटर सूती कपडा उत्पादन भएको छ। गत आर्थिक वर्षमा ७५ हजार मिटर सूती कपडा उत्पादन भएको थियो।
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट २०८० फागुनसम्म स्टार्टअप कार्यक्रममा सहभागी भएका १८२ मध्ये ७९ व्यवसायीबाट व्यवसाय शुरू भई ३१० व्यक्तिले रोजगारी प्राप्त गरेका छन्।
- उद्यमशीलता विकास तालिम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ९१ व्यवसायीबाट व्यवसाय सञ्चालन भई १९२ व्यक्तिले रोजगारी प्राप्त गरेका छन्।
- उद्यम विकास सहजकर्ता कार्यक्रम अन्तर्गत २०८० फागुनसम्म भर्ना भएका २६९ प्रशिक्षार्थीमध्ये २०९ प्रशिक्षार्थीले कार्यगत सिकाई सम्पन्न गरी १२३ प्रशिक्षार्थी स्तरोन्नति भएका छन्।

औद्योगिक स्थिति

८.८ २०८० असारसम्म लगानी बोर्ड नेपाल, उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका उद्योगको रू.४९ खर्ब ३७ अर्ब ६६ करोड बराबरको कुल लगानी स्वीकृत भएको छ। स्वीकृत कुल लगानीमध्ये उद्योग विभागमा दर्ता भएका उद्योगको कुल लगानी ५७.५ प्रतिशत, लगानी वोर्ड नेपालमा

दर्ता भएका उद्योगको २१.३ प्रतिशत र लघु, घरेलु तथा साना उद्योगको २१.२ प्रतिशत रहेको छ।

८.९ लगानी बोर्डबाट २०८० फागुनसम्म ठूला पूर्वाधार परियोजनामा रू.१२ खर्ब ४९ अर्ब ९० करोड लगानी स्वीकृत भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म रू.१ खर्ब ९८ अर्ब ८५ करोड लगानी स्वीकृत भएको छ। गत आर्थिक वर्षमा रू.१ खर्ब ६७ अर्ब ५९ करोड लगानी स्वीकृत भएको थियो।

तालिका ८(ख): उद्योगमा कुल स्वीकृत लगानी

आर्थिक वर्ष	स्वीकृत लगानी (रू.अर्बमा)			जम्मा
	लगानी बोर्ड नेपाल	उद्योग विभाग	घरेलु तथा साना उद्योग विकास समिति	
२०७० असारसम्म	**८२.५०**	**६२२.२७**	**२१२.५२**	**९१७.२९**
२०७०/७१	५६.२८	२९६.८८	२१.१७	३७४.३३
२०७१/७२	४५.४३	१३८.७५	३२.३६	२१६.५४
२०७२/७३	५२.१८	१२०.३८	५३.२७	२२५.८३
२०७३/७४	०.००	१६२.९५	३३.७९	१९६.७४
२०७४/७५	०.२४	३४९.८५	५८.८४	४०८.९३
२०७५/७६	४६.१३	२८३.३५	९३.५७	४२३.०५
२०७६/७७	३४२.१९	१५२.६३	१११.१६	६०५.९८
२०७७/७८	१३५.८१	१५६.६५	१८५.२१	४७७.६६
२०७८/७९	१२२.६९	३३९.५९	१६४.३०	६२६.५८
२०७९/८०	१६७.५९	२१४.२३	८२.९०	४६४.७२
२०८० असारसम्म	**१०५१.०५**	**२८३७.५३**	**१०४९.०९**	**४९३७.६६**
२०८०/८१	१९८.८५	१५५.१८	-	-
२०८१ फागुनसम्म	**१२४९.९०**	**२९९२.७१**	**-**	**-**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/लगानी वोर्ड नेपाल,२०८०

८.१० २०८० असारसम्म घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका ७ लाख ५ हजार १ सय ३२ लघु, घरेलु तथा साना उद्योगमा रू.१० खर्ब ४९ अर्ब ९ करोड लगानी स्वीकृत भएको छ। यस समितिमा दर्ता भएका उद्योगबाट २०८० असारसम्म ३६ लाख ७८ हजार ८ सय १२ रोजगारी सिर्जना हुने अनुमान छ। यस्ता उद्योगमा प्रति उद्योग प्रस्तावित औसत रोजगारी पाँच रहेको छ।

८.११ २०७९ असारसम्म ६ लाख ७३ हजार २ सय ४४ लघु, घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भई ३३ लाख ८५ हजार ५ सय ३ रोजगारी सिर्जना हुने अनुमान थियो। साथै, प्रति उद्योग प्रस्तावित औसत रोजगारी पाँच रहेको अनुमान थियो। नवीकरण नभएका र लगत कट्टा भएका उद्योग सङ्ख्या कटाई ५ लाख

८९ हजार ८ सय ५४ लघु, घरेलु तथा साना उद्योग सञ्चालनमा रहेको अनुमान छ।

८.१२ उद्योग विभाग अन्तर्गत २०८० फागुनसम्म ९,३४४ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगमध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १५.० प्रतिशत, २२.६ प्रतिशत र ६२.४ प्रतिशत रहेको छ। यस अवधिसम्मको कुल स्वीकृत लगानी रू.२९ खर्ब ९२ अर्ब ७० करोडमध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः ८३.४ प्रतिशत, १०.१ प्रतिशत र ६.५ प्रतिशत रहेको छ। यस्ता उद्योगबाट २०८० फागुनसम्म ६ लाख ९८ हजार ५ सय १० रोजगारी सिर्जना हुने अनुमान छ।

तालिका ८(ग): २०८० फागुनसम्म दर्ता भएका उद्योगको विवरण

स्केल	उद्योगको संख्या	रू. करोडमा			प्रस्तावित रोजगारी	प्रति उद्योग रोजगारी
		कुल लगानी	स्थिर पुँजी	चालु पुँजी		
ठूला	१४०३	२४९६०३	२३३९६३	१५६४०	१९०५५१	१३६
मझौला	२१०९	३०३४६	२०२७१	१०१२४	१८९७१८	९०
साना	५८३२	१९३२२	५३९९	१३८७५	३१८२४१	५५
जम्मा	**९३४४**	**२९९२७१**	**२५९६३२**	**३९६३९**	**६९८५१०**	**७५**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

८.१३ २०८० फागुनसम्म दर्ता भएका उद्योग सङ्ख्याको आधारमा उत्पादनमूलक, सेवामूलक र पर्यटन उद्योगको हिस्सा क्रमशः ३७.३ प्रतिशत, २६.५ प्रतिशत र २२.५ प्रतिशत रहेको छ भने सबैभन्दा कम पूर्वाधारसम्बन्धी उद्योगको ०.८ प्रतिशत रहेको छ।

तालिका ८(घ): २०८० फागुनसम्म उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी

उद्योग वर्गीकरण	उद्योगको संख्या	रू. करोडमा			प्रस्तावित रोजगारी
		कुल लगानी	स्थिर पुँजी	चालु पुँजी	
कृषि तथा वन पैदावारमा आधारित	५३४	४१३८	३४२९	७१०	४०१६२
पूर्वाधार	७३	५४३३	५१४६	२८८	४५६१
ऊर्जामूलक	५६३	१७१७८२	१६३७४८	८०३४	४२२३१
सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित	१२०	९५५	७५८	१९७	८१२१
उत्पादनमूलक	३४४५	६३६३६	४७६४०	१५९९६	३६३४४९
खनिज	७८	८१८	६७८	१४०	७६३२
सेवामूलक	२४५२	२७०५७	१४८४७	१२२१०	१४३६८३
पर्यटनमूलक	२०७९	२५४५१	२३३८७	२०६५	८८६७१
जम्मा	**९३४४**	**२९९२७१**	**२५९६३२**	**३९६३९**	**६९८५१०**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

८.१४ २०८० फागुनसम्म लगानीको आधारमा ऊर्जामूलक उद्योगमा सबैभन्दा बढी ५७.४ प्रतिशत लगानी स्वीकृत भएको छ। उत्पादनमूलक उद्योगमा यस्तो लगानी २१.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम खनिज उद्योगमा ०.३ प्रतिशत रहेको छ।

८.१५ चालु आर्थिक वर्षको फागुनसम्म उद्योग विभागमा थप २५८ उद्योग दर्ता भई रू.१ खर्ब ५५ अर्ब १८ करोड लगानी स्वीकृत भएको छ। यस्ता उद्योगको सञ्चालनबाट १८,१८३ रोजगारी सिर्जना हुने अनुमान रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा १८३ उद्योग दर्ता भई रू.१ खर्ब ५५ अर्ब १४ करोड लगानी स्वीकृत भएको थियो।

चार्ट ८(क): पछिल्लो दशकमा वार्षिक रूपमा स्वीकृत लगानी (रू. करोडमा)

स्रोतःउद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० *फागुनसम्म

विदेशी लगानी

८.१६ चालु आर्थिक वर्षको फागुनसम्म उद्योग विभागमा दर्ता भएका २५३ उद्योगमा रू.२९ अर्ब १३ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४१.७ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको सोही अवधिमा १५९ उद्योगको रू.२० अर्ब ५६ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको थियो।

८.१७ २०८० फागुनसम्म उद्योग विभागमा दर्ता भएका ६,१११ उद्योगमा रू.४ खर्ब ७८ अर्ब ८५ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। यस्ता

उद्योगको सञ्चालनबाट ३ लाख २२ हजार २ सय ६६ रोजगारी सिर्जना हुने अनुमान छ।

चार्ट ८(ख): वार्षिकरूपमा कुल स्वीकृत विदेशी लगानी (रू.करोडमा)

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० *फागुनसम्म

८.१८ २०८० फागुनसम्म स्वीकृत वैदेशिक लगानीमध्ये ऊर्जामूलक क्षेत्रमा २७.३० प्रतिशत, सेवामूलक क्षेत्रमा २७.२४ प्रतिशत, पर्यटन क्षेत्रमा २२.४४ प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १५.६० प्रतिशत लगानी रहेको छ। पूर्वाधार क्षेत्रका उद्योगमा सबैभन्दा कम विदेशी लगानी स्वीकृत भएको छ।

तालिका ८(ङ): विदेशी लगानी स्वीकृत भएका उद्योगको विवरण*

वर्गीकरण	सङ्ख्या	विदेशी लगानी (रू.करोडमा)
कृषि तथा वनजन्य	३००	८४७
पूर्वाधार	६८	५६६
ऊर्जा मूलक	९२	१३,०७३
सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित	१४४	१,३०४
उत्पादन मूलक	१,३२३	७,४७२
खनिज	७५	८३३
सेवा	२,०४५	१३,०४४
पर्यटन	२,०६४	१०,७४५
कुल	**६,१११**	**४७,८८५**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० * सुरूदेखि २०८० फागुनसम्म

८.१९ २०८० फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका परियोजनामध्ये कुल लगानीको आधारमा सबैभन्दा बढी लगानी चीनको ४४.४ प्रतिशत र भारतको २२.२ प्रतिशत रहेको छ। लगानी स्वीकृति सङ्ख्याको आधारमा समेत सबैभन्दा बढी चीनको ३८.७ प्रतिशत र भारतको १३.८ प्रतिशत रहेको छ।

तालिका ८(च): देशगतरूपमा स्वीकृत विदेशी लगानी* (रू. करोडमा)

देश	सङ्ख्या	विदेशी लगानी
चीन	२,३६८	२१,२४१
भारत	८४३	१०,६१०
हङकङ्ग	४९	२,९५८
दक्षिण कोरिया	३८३	२,५९०
अमेरिका	४६७	१,७४७
संयुक्त अधिराज्य	२०६	१,४३८
ब्रिटिश भर्जिन टापु	१७	१,१०६
सिङ्गापुर	६४	७९९
स्पेन	३१	७०५
क्यानडा	५३	३८३
अन्य	१,६३०	४,३०६
जम्मा	**६,१११**	**४७,८८५**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० *२०८० फागुनसम्म

कम्पनी दर्ता

८.२० २०८० फागुनसम्म दर्ता भएका कम्पनीको सङ्ख्या ३ लाख २२ हजार ८ सय ६ रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म थप १६ हजार ५ सय ९० कम्पनी दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १५ हजार १ सय ८७ रहेको थियो। दर्ता भएका कम्पनीमध्ये प्राइभेट लिमिटेड सबैभन्दा बढी ९६.९ प्रतिशत र अन्य ३.१ प्रतिशत रहेका छन्।

८.२१ २०८० फागुनसम्म दर्ता भएका कम्पनीमध्ये रू.२० लाखसम्म कुल पुँजी लगानी भएका कम्पनीको सङ्ख्या ३२.६ प्रतिशत, रू.२० लाखदेखि रू.१ करोडसम्म पुँजी लगानी भएका कम्पनी ५२.० प्रतिशत, रू.१ करोडदेखि रू.१५ करोडसम्म पुँजी लगानी भएका कम्पनी १३.८ प्रतिशत र रू.१५ करोडभन्दा बढी पुँजी लगानी भएका कम्पनी १.७ प्रतिशत रहेका छन्।

मञ्जुषा बक्स ८(ख): औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्र

- २०८० फागुन सम्म ६,०१६.३ रोपनी जग्गामा सञ्चालनमा रहेका १० औद्योगिक क्षेत्र भित्र कायम रहेका ७०३ उद्योगमध्ये ६१९ उद्योग सञ्चालनमा रहेका छन् भने ६२ निर्माणाधीन र २२ बन्द रहेका छन्। सञ्चालनमा रहेका उद्योगबाट १९,१२८ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। यस्ता उद्योगबाट वार्षिक रू.२० अर्ब बराबरको राजस्व सङ्कलन हुने अनुमान छ।
- २०८० फागुनसम्म १० औद्योगिक क्षेत्रमा नेपाल सरकारबाट रू.५५ अर्ब ३४ करोड ५० लाख र निजी क्षेत्रबाट रू.२० अर्ब ३१ करोड ५१ लाख गरी रू.७५ अर्ब ६६ करोड १ लाख बराबरको लगानी भएको छ।
- हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिअनुसार २०८० फागुनसम्म कोशी प्रदेशको दमक-झापा, बागमती प्रदेशको मयुरधाप-हेटौंडा तथा शक्तिखोर-चितवन, लुम्बिनी प्रदेशको मोतिपुर-रूपन्देही, लक्ष्मीपुर-दाङ तथा नौबस्ता-बाँके र सुदूरपश्चिम प्रदेशको कञ्चनपुर-दैजी गरी ७ औद्योगिक क्षेत्र घोषणा भई प्रारम्भिक कार्य अगाडि बढेको छ।
- ग्रामिण क्षेत्रमा उद्यम सिर्जनामा टेवा पुऱ्याउन औद्योगिक ग्रामलाई रूपान्तरणकारी आयोजनाको रूपमा अगाडि बढाइएको छ। सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने लक्ष्य रहेकोमा २०८० फागुनसम्म १२० स्थानीय तहमा १२० औद्योगिक ग्राम घोषणा भई निर्माणाधीन रहेका छन्।
- भैरहवा विशेष आर्थिक क्षेत्रमा २०८० फागुनसम्म करिब रू.४ अर्ब ७२ करोडको लगानीमा २४ उद्योग सञ्चालनमा रही २,४२९ व्यक्तिले रोजगारी प्राप्त गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म यस क्षेत्रमा रू.१ अर्ब ३१ करोड लगानीमा थप ७ उद्योग सञ्चालन गर्न अनुमति दिइएको र उद्योग सञ्चालनबाट ४९९ थप रोजगारी सिर्जना हुने अनुमान छ।
- सिमरा विशेष आर्थिक क्षेत्रमा २०८० फागुनसम्म करिब रू.५ अर्ब ५९ करोडको लगानीमा २७ उद्योग सञ्चालनमा रही ४,३७४ व्यक्तिले रोजगारी प्राप्त गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म यस क्षेत्रमा रू.२३ करोड ५७ लाख लगानीमा थप ३ उद्योग सञ्चालन गर्न अनुमति दिइएको र उद्योग सञ्चालनबाट ६७६ थप रोजगारी सिर्जना हुने अनुमान छ।

खानी तथा उत्खनन् र भूकम्प मापन

८.२२ भौगर्भिक नक्साङ्कन, अन्वेषण जस्ता कार्य गरी देशभित्र रहेका विभिन्न खनिजको यकिन तथा प्रवर्द्धन गरी उत्खनन्को कार्य अगाडि बढेको छ। खानीजन्य उद्योग स्थापनाको लागि हालसम्म १५९ विभिन्न व्यक्तिलाई खनिजको उत्खनन् अनुमतिपत्र प्रदान गरिएको छ।

८.२३ दैलेखमा पेट्रोलियम अन्वेषणका लागि चीन सरकारको सहयोगमा ड्रिलिङ्ग कार्य शुरू भएको छ।

८.२४ देशका विभिन्न स्थानमा ४२ भूकम्प मापन केन्द्र स्थापना भई भूकम्प मापन तथा अनुसन्धान हुँदै आएको छ। २०८० कार्तिकमा जाजरकोटमा गएको भूकम्पपछि

भूकम्पीय अध्ययन गर्न थप एक भूकम्प मापन केन्द्र स्थापना भई सूचना सङ्कलन कार्य जारी रहेको छ। पछिल्लो समयमा भूकम्पीय सूचनाको गुणस्तरमा अभिवृद्धि भई भूकम्पको स्थान, समय र गहिराइको सूचना यकिन गर्ने तथा प्रभावकारी रूपमा नागरिकलाई सूचित गर्ने क्षमतामा सुधार हुँदै गएको छ।

गुणस्तर तथा नापतौल

८.२५ चालु आर्थिक वर्षको फागुनसम्म ३० नेपाल गुणस्तर मापदण्ड स्वीकृत भएका छन् भने १० गुणस्तरीय ल्याव सञ्चालनमा रहेका छन्। त्यसैगरी, यस अवधिमा ५४ वस्तुलाई नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरिएको छ। नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेका उद्योगबाट ५०३ नमूना सङ्कलन गरिएको छ भने २,३४८ विभिन्न नमूनाको रासायनिक तथा भौतिक परीक्षण र सोको विश्लेषण गरिएको छ। यस अवधिमा १,२८० नापतौल यन्त्रको क्यालिब्रेसन गरिएको छ। यस अवधिमा गुणस्तर तथा नापतौलमा अनियमितता गर्ने व्यापारी तथा व्यवसायीबाट जरिवानावापत रू.२ करोड ४ लाख सङ्कलन भएको छ।

वाणिज्य

८.२६ काठमाडौं चोभारको सुक्खा बन्दरगाह निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। चोभार, भैरहवा, विराटनगर, काँकडभित्ता, बिरगञ्ज र तातोपानीमा एकीकृत जाँच चौकी सञ्चालनमा रहेका छन्। नेपालगञ्जमा एकीकृत जाँच चौकी निर्माणकार्य सम्पन्न भई हस्तान्तरण हुने अवस्थामा रहेको छ। टिमुरे, दोधारा-चाँदनी, कोरोला र भैरहवा निर्माणाधीन अवस्थामा रहेका छन्।

८.२७ चालु आर्थिक बर्षको फागुनसम्म १,४५८ नयाँ व्यवसायिक फर्म दर्ता, २,१५७ फर्मको विवरण संशोधन र ९,३१८ फर्मको नवीकरण गरिएको छ। यस अवधिमा १,१६९ फर्म खारेजी गरिएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा १,३९६ नयाँ फर्म दर्ता, २,२०० फर्मको विवरण संशोधन, १०,१२२ फर्मको नवीकरण र १,३१९ फर्मको खारेजी गरिएको थियो।

८.२८ व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ (२०७९/८०-२०८४/८५) तर्जुमा भई कार्यान्वयनमा आएको छ। यस कार्ययोजनाले मुलुकको वस्तु तथा सेवाको निकासी हालको ६.३ प्रतिशतबाट आर्थिक वर्ष २०८४/८५ को अन्त्यमा २०.० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ।

मञ्जुषा बक्स ८(ग): नेपाल व्यापार एकीकृत रणनीति, २०८०

नेपाल सरकारले व्यापार घाटा कम गर्ने उद्देश्यसहित निर्यात क्षेत्रको प्राथमिकता तय गरी नेपाल व्यापार एकीकृत रणनीति, २०१० (वि.सं. २०५७) कार्यान्वयनमा ल्याएको हो। वि.सं.२०७२ मा वाणिज्य नीति आएसँगै उक्त नीति कार्यान्वयनको सहयोगी रणनीतिको रूपमा निकासी व्यापार वृद्धि गर्ने, निकासीयोग्य वस्तु विकास गर्ने, व्यापार वार्ता र अन्तर निकाय समन्वय क्षमता वृद्धि गर्ने र आयातजन्य पूर्वाधार विकास गर्ने उद्देश्यसहित नेपाल व्यापार एकीकृत रणनीति, २०७३ कार्यान्वयनमा आएको थियो। यी दुई रणनीतिको कार्यान्वयनवाट व्यापार पूर्वाधार तथा व्यापार सहजीकरणका क्षेत्रमा केही उपलब्धि हासिल भएतापनि अपेक्षित नतिजा हासिल हुन नसकेको समीक्षा समेतका आधारमा विश्व व्यापारमा देखिएका नयाँ अवसर र चुनौती समेतको विश्लेषणसहित नेपाल व्यापार एकीकृत रणनीति, २०८० कार्यान्वयनमा आएको छ।

- नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले विभिन्न वस्तुलाई निर्यात सम्भाव्यता देखिएका वस्तुको रूपमा पहिचान गरेको छ। यसरी पहिचान गरिएका वस्तुमा कृषि तथा वन क्षेत्रतर्फका अलैंची, अदुवा, दलहन, जुट, जडीवुटी तथा सुगन्धित वनस्पति, लोक्तावाट वनेको हाते कागज तथा रोजिन र टर्पेन्टाइन छन् भने साना तथा घरेलु उद्योग तर्फ गलैंचा, गहना, पश्मिना, पास्ता र ऊनबाट वनेका सामानलाई निर्यात सम्भावना देखिएका वस्तुको रूपमा पहिचान गरेको छ। यसैगरी फलाम तथा स्टिल, धागो तथा कपडा, जुत्ता र तयारी पोशाकलाई ठूला उद्योगतर्फ निर्यात सम्भावना देखिएका वस्तुको रूपमा पहिचान गरिएको छ।
- नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले सुगन्धित तेल, हिमालयन स्प्रिङ्ग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात जस्ता मसलाहरू, हस्तकलाका सामानहरू, अल्लो र हेम्पका रेशाबाट निर्मित कपडा, कफी, पिपिसी सिमेन्ट, छुर्पी र मह जस्ता कृषिजन्य एवम् औद्योगिक वस्तुलाई निर्यात सम्भावना देखिएका उदीयमान वस्तुको रूपमा पहिचान गरेको छ। यसैगरी हाइड्रोजन ईन्धन, बहुमूल्य पत्थर, ढुङ्गा तथा ढुङ्गाजन्य अन्य उत्पादनहरू, हेम्प वा हेम्पजस्तै वनस्पति एवं सो बाट वनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरूलाई नयाँ तथा भविष्यमा निर्यात सम्भावना हुन सक्ने वस्तुको रूपमा पहिचान गरिएको छ।
- यस रणनीतिले पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा र दक्ष तथा अर्धदक्ष श्रम सेवालाई निर्यात सम्भावना भएका सेवा क्षेत्रका रूपमा पहिचान गरेको छ।

नेपाल व्यापार एकीकृत रणनीति, २०८० को रणनीतिक खाका

सोंच	आर्थिक वृद्धि, रोजगारी सिर्जना र वैदेशिक मुद्राको बलियो स्रोत निर्माण गर्न सफल तथा प्रतिस्पर्धी निर्यात आधार तयार गर्ने।
ध्येय	• वस्तु विकास तथा व्यापारको लागि उत्तम पारिस्थितिकीय प्रणाली निर्माण गर्ने, • प्रतिस्पर्धात्मक क्षमताको निरन्तर सुधार गर्ने, • आर्थिक संकट झेल्न सक्ने गरी बजार विविधीकरण गर्ने।
मान्यता	उत्पादन तथा व्यापारमा संलग्न सवै संस्था तथा साझेदारले आफ्ना नीति, कामकारवाही र उत्पादनमा गुणस्तर, लागत प्रभावी, निरन्तरता, नवप्रवर्तन, सामयीकता, वातावरण संरक्षणप्रतिको प्रतिबद्धता र लैङ्गिक तथा सामाजिक समावेशीता जस्ता मूल्य तथा मान्यताको परिपालना गर्नेछन्।
रणनीतिक स्तम्भ	• व्यापारको लागि सहयोगी वातावरण निर्माण गर्ने, • व्यापार सहयोगी पूर्वाधार, संरचना, प्रक्रिया र नियामकीय वातावरण तथा व्यापार सुशासनमा सुधार गर्ने, • प्रतिस्पर्धी वस्तु तथा सेवाको विकास र निर्यात बजार विस्तार

रणनीति	• **व्यापारको लागि सहयोगी वातावरण निर्माण** ❖ पूर्वानुमानयोग्य र तादात्म्यता सहितको व्यापार सहयोगी समष्टिगत आर्थिक तथा विकास नीतिहरू तर्जुमा गर्ने, ❖ विकासशील राष्ट्रमा स्तरोन्नति पश्चातका अवसरको बढोत्तरी र सम्भावित क्षतिको न्यूनीकरण गर्ने, ❖ आर्थिक कुटनीति सुदृढ तुल्याउने तथा व्यापार प्रवर्द्धनको लागि बहुपक्षीय र द्विपक्षीय सन्धि सम्झौतामा पुनरावलोकन गर्ने, ❖ आर्थिक कुटनीति सुदृढ तुल्याउने तथा व्यापार प्रवर्द्धनको लागि बहुपक्षीय र द्विपक्षीय सन्धि सम्झौतामा पुनरावलोकन गर्ने, ❖ श्रम उत्प्रेरणा र उत्पादकत्व अभिवृद्धि गर्ने, ❖ व्यापारको लाभ बाँडफाँटमा अर्थपूर्ण महिला सशक्तीकरण तथा सामाजिक समावेशीता सुनिश्चित गर्ने, • **व्यापार सहयोगी पूर्वाधार, संरचना, प्रक्रिया र नियामकीय वातावरण तथा व्यापार सुशासनमा सुधार** ❖ एकिकृत व्यापार लजिस्टिक्स पूर्वाधार विकास गर्ने र व्यापार सहजीकरणमा सुधार गर्ने, ❖ खाद्य गुणस्तर र बाली स्वास्थ्य मापदण्ड सुदृढ तुल्याउने, ❖ गुणस्तर पूर्वाधार सुधार र औद्योगिक उत्पादनको गुणस्तर मापदण्ड लागू गर्ने, ❖ लगानीको वातावरण सुधार गर्ने, ❖ उत्पादन प्रक्रियामा चौथो र पाँचौं पुस्ताका उद्योगको उन्नत अवधारणा एकीकृत गर्ने, • **प्रतिस्पर्धी वस्तु तथा सेवाको विकास र निर्यात बजार विस्तार** ❖ वस्तु निर्यात क्षमता विस्तार गर्ने, ❖ सेवा निर्यात सुदृढ तुल्याउने,
परिमाणात्मक लक्ष्य	• व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात आधार वर्ष (आर्थिक वर्ष २०७८/७९) को ४८.१ प्रतिशतबाट आर्थिक वर्ष २०८४/८५ मा ५५.० प्रतिशत पुगेको हुने, • वस्तु तथा सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात आधार वर्ष (आर्थिक वर्ष २०७८/७९) को ६.३ प्रतिशतबाट आर्थिक वर्ष २०८४/८५ मा २०.० प्रतिशत पुगेको हुने।

आपूर्ति तथा उपभोक्ता संरक्षण

८.२९ चालु आर्थिक वर्षको फागुनसम्म ३,३०९ व्यवसायिक फर्मको अनुगमन भएको छ। यसमध्ये ८४२ फर्मलाई रू.३ करोड २९ लाख ६३ हजार जरिवाना गरिएको छ। म्याद गुज्रेका वा उपभोग गर्न नसकिने किसिमका रू.१ करोड ५ लाख ९ हजार मूल्य बराबरको वस्तु नष्ट गरिएको छ।

तालिका ८ (छ): आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षणसम्बन्धी विवरण

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
अनुगमन भएका व्यावसायिक फर्म	१७०२	२४५६	२४४८	३६९५	३३०९
जरिवाना गरिएका व्यावसायिक फर्म	५६२	१,०७७	१,१३७	७९९	८४२
जरिवाना रकम (रू.हजारमा)	३१९३७	२४१४७	१८६६४	१९७७४	३२९६३
वस्तु नष्ट गरिएका फर्म सङ्ख्या	१९५	३०	१२४	९१	६७
नष्ट गरिएका वस्तुको मूल्य (रू.हजारमा)	६५३	३५७९५	४१०५	१६४३२	१०५०९

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० *फागुनसम्म

८.३० नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्लामध्ये १७ जिल्लाको ६१ स्थानमा चालु आर्थिक वर्षको फागुनसम्म ६०,०४९ क्विन्टल आयोडिनयुक्त नून ढुवानी भएको छ। गत आर्थिक वर्ष यस्तो ढुवानी ७७,३९५ क्विन्टल रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १३,२३४ मेट्रिक टन खाद्यान्न दुर्गम जिल्लामा ढुवानी भएको छ। कर्णाली प्रदेशमा जन्म र मरणको कार्यमा ३७.३४ मेट्रिक टन खाद्यान्न वितरण गरिएको छ।

८.३१ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा ९९७ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ। त्यसैगरी, यस अवधिमा सार्क खाद्य सुरक्षा बैङ्कमा ८,९९७ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ।

तालिका ८(ज): खाद्यान्न ढुवानी तथा मौज्दातको विवरण

विवरण	इकाई	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मेट्रिक टन	१६७७८	१८३०७	१९२२४	१३२३४
राष्ट्रिय खाद्य सुरक्षा भण्डार (बफर स्टक) मा मौज्दात खाद्यान्न	मेट्रिक टन	१३३३९	१५१९८	५७८८	९९७
बफर स्टक र सार्क खाद्य सुरक्षा बैंकमा मौज्दात खाद्यान्न	मेट्रिक टन	२१३३९	२३१९८	१३७८८	८९९७
कर्णाली अञ्चलमा जन्म र मरणको कार्यमा वितरण गरिएको खाद्यान्न	मेट्रिक टन	६२	६७	६५	३७
स्थानीय रैथाने वाली खरिद	मेट्रिक टन	-	-	-	५

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० *फागुनसम्म

८.३२ नेपालमा रहेका ६४ एल.पि.ग्यास उद्योगको भण्डारण क्षमता करिव ९,९३१ मेट्रिक टन रहेको छ। यसबाट करिब ७ दिनको खपत धान्न सक्ने मौज्दात रहेको छ। एल.पि.ग्यास बाहेक पेट्रोल, डिजेल, मट्टितेल र ए.टि.एफ.को भण्डारण क्षमता ७९,९९० किलोलिटर रहेको छ। यसबाट करिब १३ दिनको खपत धान्न सक्ने मौज्दात रहेको छ।

८.३३ गत आर्थिक वर्षको फागुनको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा डिजेल बाहेक अरू पेट्रोलियम पदार्थको आयात बढेको छ। यसमध्ये एटिएफको आयात सबैभन्दा बढी ९.७ प्रतिशतले वृद्धि भएको छ भने डिजेलको आयात १.४ प्रतिशतले घटेको छ।

८.३४ गत आर्थिक वर्षको फागुनको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा मट्टितेल बाहेक अरू पेट्रोलियम पदार्थको बिक्री बढेको छ। यसमध्ये ए.टि.एफ.को बिक्री सबैभन्दा बढी ७.६ प्रतिशतले वृद्धि भएको छ भने मट्टीतेलको बिक्री ३४.२ प्रतिशतले घटेको छ। गत आर्थिक वर्ष ए.टि.एफ. बाहेक सबै पेट्रोलियम पदार्थको आयात र बिक्री घटेको थियो।

तालिका ८(झ): पेट्रोलियम पदार्थको आयात एवं विक्रीको विवरण

विवरण	आर्थिक वर्ष			फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७९/८०	२०८०/८१	वृद्धिदर
आयातित परिमाण (एल.पी.ग्यास हजार मेट्रिक टनमा अन्य हजार किलोलिटरमा)						
पेट्रोल	५९२	७३६	६७६	४४३	४५२	२.०
डिजेल	१६९६	१७२४	१३८३	८४६	८३४	-१.४
मट्टितेल	२४	१७	१३	७	७	३.४
ए.टि.एफ.	७२	१५७	१७३	११७	१२८	९.७
एल.पि.जी.	४७८	५३६	५१५	३४१	३४३	०.६
बिक्री परिमाण (एल.पी.ग्यास हजार मेट्रिक टनमा अन्य हजार किलोलिटरमा)						
पेट्रोल	५५८	७३०	६७३	४३९	४४७	१.७
डिजेल	१६७८	१७२८	१३८०	८१८	८३८	२.४
मट्टितेल	२३	१८	१३	७	४	-३४.२
ए.टि.एफ.	७०	१५४	१७५	११८	१२६	७.६
एल.पि.जी.	४७८	५३६	५१५	३४१	३४८	१.९

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

निजी क्षेत्र विकास

८.३५ चालु आर्थिक वर्षको कुल उपभोगमा निजी क्षेत्रको उपभोग ९१.२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो उपभोग ९०.८ प्रतिशत रहेको थियो।

८.३६ चालु आर्थिक वर्षको कुल स्थिर पुँजी लगानीमा निजी क्षेत्रको लगानी (सार्वजनिक संस्थान/कम्पनी/संस्थामा भएको निजी लगानीबाहेक) ६४.३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो लगानी ६४.५ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा निजी क्षेत्रको स्थिर लगानी कुल स्थिर लगानीको ६९.९ प्रतिशत रहेको छ।

८.३७ गत आर्थिक वर्ष कुल कर्जाको ७९.५ प्रतिशत कर्जा निजी क्षेत्रमा प्रवाह भएको थियो। अघिल्लो आर्थिक वर्ष यस्तो कर्जा ८०.२ प्रतिशत रहेको थियो।

८.३८ २०८० फागुनसम्म औद्योगिक क्षेत्रमा रू.२० अर्ब ३२ करोड बराबरको निजी लगानी रहेको छ, जुन कुल लगानीको २६.९ प्रतिशत हो। औद्योगिक क्षेत्रमा सरकारी लगानी कुल लगानीको ७३.१ प्रतिशत रहेको छ।

८.३९ समग्र अर्थतन्त्र र रोजगारी सिर्जनामा व्यापार क्षेत्रको योगदानको अवस्था चित्रण गर्न थोक तथा खुद्रा व्यापारसँग सम्बन्धित **वितरणात्मक व्यापार सर्वेक्षण, २०७८/७९** सम्पन्न भएको छ। वि.सं. २०६५ सालमा पहिलो पटक यस्तो सर्वेक्षण भएको थियो। थोक व्यापार, खुद्रा व्यापार र मोटर तथा मोटरसाईकलको मर्मत गरी ३ क्षेत्रका आर्थिक, वित्तीय तथा रोजगारसम्बन्धी तथ्याङ्क सङ्कलन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य रहेको छ। सङ्कलित तथ्याङ्कबाट प्राप्त निस्कर्ष र सुझावमा आधारित भएर नीति निर्माण गर्न पृष्ठपोषण हुने अपेक्षा गरिएको छ।

मञ्जुषा बक्स ८(घ): वितरणात्मक व्यापार सर्वेक्षण, २०७८/७९

राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसारका थोक व्यापार, खुद्रा व्यापार र मोटर तथा मोटरसाईकल मर्मत क्षेत्रसँग सम्बन्धित मुलुकभर रहेका ४ लाख ९८ हजार ५८ प्रतिष्ठानलाई आधार मानी **वितरणात्मक व्यापार सर्वेक्षण, २०७८/७९** सञ्चालन गरिएको थियो। यस सर्वेक्षणमा पूर्ण गणना र नमूना छनौट विधि दुवै अवलम्बन गरिएको थियो। दश वा सो भन्दा बढी कामदार भएका व्यापारिक प्रतिष्ठान र कम सङ्ख्यामा रहेका प्रतिष्ठान गरी ५,६३६ प्रतिष्ठानमा पूर्ण गणना र सो बाहेकका ४ लाख ९२ हजार ४ सय २२ प्रतिष्ठानबाट १२ हजार ३ सय ६४ नमूना छनौट गरी तथ्याङ्क सङ्कलन गरिएको थियो।

सर्वेक्षणका प्रमुख नतीजाहरू

- थोक व्यापार, खुद्रा व्यापार र मोटर तथा मोटरसाईकल मर्मत क्षेत्रमा आबद्ध कामदारको मासिक औसत तलब तथा ज्याला रू.१७ हजार ३ सय ७४ रहेको छ। सर्वेक्षण गरिएका ३ क्षेत्रमध्ये थोक व्यापार क्षेत्रमा सबैभन्दा उच्च ज्यालादर प्रति महिना रू.२१ हजार ९६ र खुद्रा व्यापार क्षेत्रमा सबैभन्दा कम प्रति महिना रू.१५ हजार ८ सय ९० रहेको छ। प्रदेशगतरूपमा बागमतीमा यस्तो तलब तथा ज्याला सबैभन्दा बढी रू.१८ हजार २ सय ३ र मधेशमा सबैभन्दा कम रू.१५ हजार ३ सय ३९ रहेको छ।
- थोक व्यापार, खुद्रा व्यापार, मोटर तथा मोटरसाईकलको मर्मत क्षेत्रमा रहेका प्रतिष्ठानको वार्षिक औसत सञ्चालन लागत रू.२ लाख ६४ हजार ३ सय ७३ रहेको छ। सर्वेक्षण गरिएका ३ क्षेत्रमध्ये सञ्चालन लागत थोक व्यापारमा सबैभन्दा बढी वार्षिक रू.१३ लाख १४ हजार ३ सय ७९ र सबैभन्दा कम खुद्रा व्यापारमा वार्षिक रू.२ लाख १९ हजार २ सय ४० रहेको छ। प्रदेशगतरूपमा बागमतीमा यस्तो लागत सबैभन्दा बढी रू.४ लाख ७० हजार ३ सय ४० र मधेशमा सबैभन्दा कम रू.१ लाख २६ हजार ८ सय १ रहेको छ।

- राष्ट्रियरूपमा तीनवटै क्षेत्रका प्रतिष्ठानको औसत नाफा (ट्रेड मार्जिन) १८.५ प्रतिशत रहेको छ। यस्तो मार्जिन मोटर तथा मोटरसाईकल मर्मत क्षेत्रमा २४.० प्रतिशत, खुद्रा व्यापारमा १८.३ प्रतिशत र थोक व्यापारमा १३.० प्रतिशत रहेको छ। प्रदेशगतरूपमा गण्डकीमा सबैभन्दा बढी ट्रेड मार्जिन २०.१ प्रतिशत र कोशीमा सबैभन्दा कम १६.८ प्रतिशत रहेको छ।
- सर्वेक्षणानुसार आयातित वस्तुको व्यापारमा ट्रेड मार्जिन १९.९ प्रतिशत, आन्तरिक कृषि उपजको व्यापारमा १९.५ प्रतिशत र आन्तरिक औद्योगिक उत्पादनको व्यापारमा १८.५ प्रतिशत रहेको छ।
- सर्वेक्षणानुसार तीन वटै क्षेत्रमा रहेका प्रतिष्ठानको कुल स्थिर पुँजी लगानी रू.५ खर्ब ८० अर्ब ९१ करोड रहेको छ। कुल स्थिर पुँजी लगानीमध्ये खुद्रा व्यापारमा संलग्न प्रतिष्ठानको हिस्सा ८३.३ प्रतिशत, थोक व्यापारमा संलग्न प्रतिष्ठानको हिस्सा ११.२ प्रतिशत र मोटर तथा मोटरसाईकल मर्मतमा संलग्न प्रतिष्ठानको हिस्सा ५.५ प्रतिशत रहेको छ।

८.४२ २०८० फागुनसम्म सबै प्रकारका गरी करिब ३ लाख ३२ हजार ८ सय ६ कम्पनी दर्ता भएका छन् जसमध्ये सबैभन्दा बढी प्राइभेट लिमिटेड ९६.९ प्रतिशत रहेका छन्। त्यस्तै, कुल पब्लिक लिमिटेड कम्पनीमध्ये २.० प्रतिशत कम्पनी सरकारी र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालित छन् भने करिब ९७.० प्रतिशत कम्पनीमा निजी क्षेत्रको पूर्ण लगानी रहेको छ। साथै, सरकारको पूर्ण स्वामित्वमा रहेका कम्पनी १.२ प्रतिशत मात्र छन्।

तालिका ८(ञ): कम्पनी दर्ताको क्षेत्रगत विवरण

कम्पनी प्रकार	सङ्ख्या	अंश (प्रतिशतमा)
प्राइभेट लिमिटेड	३२२३६३	९६.९
पब्लिक लिमिटेड	२०९३	०.६
मुनाफा वितरण नगर्ने	४९२४	१.५
विदेशी शाखा/सम्पर्क/वैदेशिक लगानी	३४२६	१.०
जम्मा	**३३२८०६**	**१००.०**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

८.४३ नेपालमा पहिलो एकीकृत औद्योगिक सर्वेक्षण "राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६" सम्पन्न भई २०७९ असारमा नतिजा प्रकाशन भएको छ। यस सर्वेक्षणमा (क) उत्पादनमूलक उद्योग, (ख) खानी तथा उत्खनन्, (ग) विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवा र (घ) पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलाप गरी ४ क्षेत्रका औद्योगिक प्रतिष्ठान समावेश गरिएको छ।

मञ्जुषा बक्स ८(ङ): राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६

सर्वेक्षणको नतिजाअनुसार सन्दर्भ अवधिमा देशभर ६० हजार १ सय ८५ उद्योग प्रतिष्ठान सञ्चालनमा रहेका छन्। ती मध्ये खानी तथा उत्खनन् क्षेत्रमा ३५६, औद्योगिक उत्पादन क्षेत्रमा ५६ हजार ६ सय ११, विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवा क्षेत्रमा ९९४ र पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापको क्षेत्रमा २,२२४ उद्योग प्रतिष्ठान रहेका छन्। बागमती प्रदेशमा सबैभन्दा बढी १८ हजार ३ सय ३३ र कर्णाली प्रदेशमा सबैभन्दा कम १,६३५ उद्योग रहेका छन्।

- सर्वेक्षणको नतीजाअनुसार उल्लेखित चार औद्योगिक प्रतिष्ठानमा आबद्ध व्यक्ति ४ लाख ९१ हजार २ सय २७ रहेका छन्। कुल आवद्ध व्यक्तिमध्ये उत्पादनमूलक उद्योगमा ९०.६ प्रतिशत, विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवामा ४.५ प्रतिशत, पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापमा ३.३ प्रतिशत र खानी तथा उत्खनन्मा १.५ प्रतिशत रहेका छन्। प्रदेशगतरूपमा बागमतीमा सबैभन्दा बढी ३२.५ प्रतिशत र कर्णालीमा सबैभन्दा कम १.४ प्रतिशत व्यक्ति यस्ता औद्योगिक प्रतिष्ठानमा संलग्न रहेका छन्।
- सर्वेक्षणको नतीजाअनुसार उत्पादनमूलक उद्योगमा संलग्न ४ लाख ४४ हजार ९ सय ६४ व्यक्ति मध्ये ठूला उद्योगमा ६४.८ प्रतिशत र साना उद्योगमा ३५.२ प्रतिशत व्यक्ति संलग्न छन्।

तालिका ८ (ट) : औद्योगिक सर्वेक्षण २०७६ का प्रमुख नतीजाहरू

विवरण	सर्वेक्षणमा संलग्न औद्योगिक क्षेत्र				जम्मा
	खानी तथा उत्खनन्	उत्पादनमूलक उद्योग	विद्युत तथा ग्यास	पानीको आपूर्ति	
प्रतिष्ठानको सङ्ख्या	३५६	५६६११	९९४	२२२४	६०१८५
संलग्न व्यक्ति	६४८५	४४४९६४	२१५९३	१८१८५	४९१२२७
प्रति प्रतिष्ठान औसत संलग्न व्यक्ति	१८.२	७.९	२१.७	८.२	८.२
रोजगार व्यक्ति	५७१९	३४६१४३	१७२३८	१२५८७	३८१६८७
प्रति प्रतिष्ठान औसत रोजगार सङ्ख्या	१६.१	६.१	१७.३	५.७	६.३
तलब/ज्याला खर्च (रू. करोडमा)	१८०	९५७७	६९२	३४०	१०७८९
प्रति महिना प्रति व्यक्ति औसत तलब ज्याला खर्च (रूपैंया)					२३५६०
प्रति संलग्न व्यक्ति औसत वार्षिक उत्पादन मूल्य (रू. हजारमा)					२४४५
लागत उत्पादन अनुपात					०.७
उत्पादन लागत अनुपात					१.४
कार्य सञ्चालन दिनको आधारमा प्रतिष्ठानको सङ्ख्या (प्रतिशतमा)					
९० भन्दा कम दिन					१.०
९०-१७९ दिन					४.०
१८०-२६९ दिन					१९.०
२७० वा सो भन्दा बढी दिन					७६.०
उत्पादन क्षमताको उपयोगको आधारमा-प्रतिष्ठान (प्रतिशतमा)					
२५ प्रतिशत भन्दा कम					२.०
२५-४९ प्रतिशत					१०.३
५०-७४ प्रतिशत					२९.१
७५-९९ प्रतिशत					१८.७
पूर्ण उपयोग					३९.९

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, औद्योगिक सर्वेक्षण, २०७६

- सर्वेक्षणको नतीजाअनुसार चार प्रकारका औद्योगिक प्रतिष्ठानमा रोजगार गर्ने व्यक्तिको सङ्ख्या ३ लाख ८१ हजार ६ सय ८७ रहेको छ। रोजगारमा संलग्न व्यक्तिमध्ये उत्पादनमूलक उद्योगमा ९०.७ प्रतिशत, विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवामा ४.४ प्रतिशत, पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापमा ३.७ प्रतिशत र खानी तथा उत्खनन्मा १.३ प्रतिशत रहेका छन्। प्रदेशगतरूपमा बागमतीमा सबैभन्दा बढी ३३.२ प्रतिशत र कर्णालीमा सबैभन्दा कम १.१ प्रतिशत व्यक्ति यस्ता औद्योगिक प्रतिष्ठानको रोजगारीमा आवद्ध रहेका छन्।
- सन्दर्भ अवधिमा चारवटा क्षेत्रका औद्योगिक प्रतिष्ठानमा कार्यरत तलबी कामदारको लागि तलब/ज्याला र सुविधामा रू.१ खर्ब ७ अर्ब ८९ करोड बराबर खर्च भएको छ। कुल तलब खर्चमध्ये उत्पादनमूलक उद्योगमा ८८.८ प्रतिशत, विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवामा ६.४ प्रतिशत, पानीको आपूर्ति; ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापमा ३.१ प्रतिशत र खानी तथा उत्खनन्मा १.७ प्रतिशत रहेको छ। प्रदेशगतरूपमा बागमतीमा रोजगारमा संलग्न व्यक्तिको तलब खर्च सबैभन्दा बढी ३६.० प्रतिशत र कर्णालीमा सबैभन्दा कम १.० प्रतिशत रहेको छ।
- औद्योगिक प्रतिष्ठानले करिब रू.८ खर्ब ४६ अर्ब ६६ करोड लागतमा करिब रू.१२ खर्ब १ अर्ब १७ करोड मूल्य बराबरको वस्तु तथा सेवा उत्पादन गरेका छन्। यसबाट रू.३ खर्ब ५४ अर्ब ५१ करोड बराबरको मूल्य अभिवृद्धि भएको छ। यी प्रतिष्ठानको लागत उत्पादन अनुपात ०.७० रहेको छ। प्रदेशगतरूपमा लागत-उत्पादन अनुपात सबैभन्दा बढी मधेशमा ०.७४ र कर्णालीमा सबैभन्दा कम ०.६१ रहेको छ।
- औद्योगिक प्रतिष्ठानमध्ये ३९.९ प्रतिशत प्रतिष्ठानले उत्पादन क्षमताको पूर्ण उपयोग गरेका छन्। त्यसैगरी, १८.७ प्रतिशत प्रतिष्ठानले उत्पादन क्षमताको ७५-९९ प्रतिशत, २९.१ प्रतिशत प्रतिष्ठानले ५०-७४ प्रतिशत, १०.३ प्रतिशत प्रतिष्ठानले २५-४९ प्रतिशत र बाँकी प्रतिष्ठानले २५ प्रतिशत भन्दा कम क्षमता उपयोग गरेका छन्।

८.४४ नेपालले स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न विभिन्न समयमा लगानी सम्मेलनको आयोजनाको गर्ने गरेको छ।

मञ्जुषा बक्स ८(च): तेस्रो लगानी सम्मेलन, २०८१

वि.सं. २०८१ वैशाख १६-१७ गते काठमाडौंमा तेस्रो लगानी सम्मेलन सम्पन्न भएको छ। सम्मेलनका क्रममा आशयपत्र मागिएका १९ र मार्केट साउन्डिङ (लगानीकर्ताको प्रतिक्रिया संकलन) गरिएका ९ समेत गरी विभिन्न १५४ परियोजना प्रस्तुत गरिएको थियो। आशयपत्र पेस गर्न लगानीकर्तालाई ऊर्जा परियोजनाको हकमा ४५ दिन र गैरऊर्जा परियोजनाको हकमा ३५ दिनको समय दिइएको थियो। सम्मेलनको अवसरमा २०८१ बैशाख १७ बाट स्वचालित मार्ग मार्फत विदेशी लगानी स्वीकृत हुने प्रणाली कार्यान्वयनमा आएको छ। स्वचालित मार्गबाट कुल पुँजी रू.५० करोडसम्म हुने गरी शत प्रतिशत शेयर स्वामित्व वा संयुक्त लगानीमा नयाँ कम्पनी स्थापना गर्न वा विदेशी लगानीमा संस्थापना भई सञ्चालनमा रहेको विदेशी लगानीकर्ताले त्यस्तो कम्पनीमा पुँजी वृद्धिका लागि लगानी गर्न स्वचालित मार्ग मार्फत निवेदन दिई स्वतः स्वीकृति प्राप्त गर्न सक्नेछन्। सूचना प्रविधिमा आधारित उद्योगको लागि स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्दा लगानीको न्यूनतम सीमा लागू नहुने व्यवस्था रहेको छ।

सम्मेलनमा रू.६ अर्ब ५० करोड स्वदेशी तथा विदेशी लगानी भित्र्याउने सम्झौता भएको छ। सम्मेलनमा तीन परियोजनामा लगानी र ७ विविध सहकार्यसम्बन्धी सम्झौता भएको छ। साढे तीन अर्ब रूपैंया लगानीमा मुलुकमा डाटा सेन्टर, क्लाउड सर्भिस र आर्टिफिसियल इन्टेलिजेन्स प्लेटफर्म निर्माणका लागि समझदारी भएको छ। कपिलवस्तुको गोरूसिङ्गेमा जग्गाबाहेक रू.१ अर्ब ९० करोडको लागतमा होटल निर्माण गर्ने सम्झौता भएको छ। साथै, मुगुको रारामा रिसोर्ट बनाउने सम्झौता भएको छ।

यस सम्मेलनमा विप्रेषणको रकम जलविद्युत तथा अन्य नवीकरणीय ऊर्जाको विकासमा उपयोग गर्ने गरी सम्झौता भएको छ। त्यसैगरी, व्यापार र पर्यटन क्षेत्रमा समेत सहकार्य गर्ने सम्झौता भएको छ। भक्तपुरमा लगानी कम्पनी स्थापनाका लागि रू.६ अर्ब, व्यावसायिक भवन निर्माण तथा सञ्चालनका लागि रू.३ अर्ब, दुई सय किलोवाट क्षमताको जलविद्युत आयोजना निर्माणका लागि रू.७ करोड ६६ लाख र होटल तथा रेस्टुरेन्ट निर्माणका लागि रू.६ करोड २५ लाख गरी रू.९ अर्ब १३ करोड बराबरको विदेशी लगानीको लागि चार लगानीकर्तालाई स्वीकृतिपत्र प्रदान गरिएको छ।

पर्यटन

८.४५ विशिष्ट प्रकृतिका पर्यटकीय गन्तव्य र उपजका कारण नेपाल विश्वकै प्रमुख गन्तव्य मुलुकको रूपमा रहेको छ। भूकम्पबाट क्षतिग्रस्त अधिकांश साँस्कृतिक एवं पर्यटकीय सम्पदाको पूनर्निर्माण सम्पन्न हुनुको साथै नयाँ पर्यटकीय गन्तव्यको समेत विकास हुँदै गएको छ। दुई अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन्। पर्यटन प्रवर्द्धनको लागि सन् २०२३-२०३२ लाई पर्यटन दशकको रूपमा मनाई प्रति पर्यटक प्रति दिन खर्च १२५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिईएको छ।

८.४६ कोभिड-१९ महामारीबाट शिथिल बनेको पर्यटन क्षेत्र कोभिड पूर्वको अवस्थामा आइपुगेको छ। पर्यटन क्षेत्रले गति लिदैं गएसँगै होटल व्यवसाय चलायमान हुँदै गएका छन् भने पर्यटकबाट प्राप्त हुने आम्दानी समेत उल्लेख्यरूपमा बढेको छ।

८.४७ पछिल्लो दशक (२०१४-२०२३) मा विनाशकारी भूकम्प र कोभिड-१९ महामारीको वाबजुद ६६ लाख भन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन्। पछिल्लो दशकमा प्रतिवर्ष औसत पर्यटक आगमन ६ लाख ६१ हजार रहेको छ।

चार्ट ८(ग): पछिल्लो ५ दशकको पर्यटक आगमन (सङ्ख्या हजारमा)

स्रोतः विगतका आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय

८.४८ स्थलमार्गबाट आउने भारतीय पर्यटकबाहेक सन् २०२२ मा पर्यटक आगमनमा वृद्धि भई ६ लाख १४ हजार ८ सय ६९ पुगेकोमा सन् २०२३ मा यस्तो सङ्ख्या ६५.० प्रतिशतको उच्च वृद्धि भई १० लाख १४ हजार ८ सय ८२ पुगेको छ। सन् २०२४ को मार्चसम्म ३ महिनाको अवधिमा पर्यटक आगमन सन् २०२३ को मार्चसम्मको तुलनामा ३३.८ प्रतिशतले वृद्धि भई ३ लाख ४ हजार ६ सय ९३ पुगेको छ।

चार्ट ८(घ): पर्यटक आगमन र वृद्धिदर

स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८०

८.४९ सन् २०२३ मा विभिन्न उद्देश्यले नेपाल भ्रमणमा आएका विदेशी पर्यटकबाट सङ्कलन भएको भ्रमण आय सन् २०२२ को रू.४६ अर्ब ७६ करोडको तुलनामा ४५.६ प्रतिशतले वृद्धि भई रू.६८ अर्ब ७ करोड पुगेको छ।

८.५० चालु आर्थिक वर्षको फागुनसम्म पर्यटन क्षेत्रबाट प्राप्त हुने भ्रमण आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४२.१ प्रतिशतले वृद्धि भई रू.५१ अर्ब ३९ करोड पुगेको छ।

८.५१ भ्रमण आयको तुलनामा भ्रमण खर्च प्रायः उच्च रहँदै आएको छ। पछिल्लो दशकमा आर्थिक वर्ष २०७१/७२ र आर्थिक वर्ष २०७६/७७ बाहेक अन्य आर्थिक वर्ष भ्रमण आयको तुलनामा भ्रमण खर्च बढी रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म भ्रमण आय भन्दा भ्रमण खर्च रू.७१ अर्ब ४३ करोडले बढी छ। गत आर्थिक वर्षको फागुनमा यस्तो अन्तर रू.४८ अर्ब १६ करोड रहेको थियो।

चार्ट ८(ङ): पछिल्लो दशकको भ्रमण आय र भ्रमण खर्चको प्रवृत्ति

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८० *फागुनसम्म

८.५२ सन् २०२३ मा पर्यटकको औसत बसाइ अवधि र प्रतिदिन खर्चमा सीमान्त वृद्धि भएको छ। यस अवधिमा पर्यटकको औसत वसाई १३.२ दिन र प्रति पर्यटक प्रति दिन औसत खर्च ४१.० अमेरिकी डलर रहेको छ। सन् २०२२ मा पर्यटकको बसाइ अवधि औसत १३.१ दिन रहेको थियो। सन् २०२२ मा प्रति पर्यटक प्रतिदिन औसत खर्च ४०.५ अमेरिकी डलर रहेको थियो।

चार्ट ८(च): भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन

स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८०

८.५३ सन् २०२३ मा नेपाल भ्रमण गर्ने कुल पर्यटकमध्ये सबैभन्दा बढी ६२.५ प्रतिशत पर्यटकले बिदा/मनोरञ्जन/यात्राको लागि भ्रमण गरेका थिए। यसैगरी, १५.९ प्रतिशत पर्यटकले पर्वतारोहण/साहसिक यात्रा, १३.१ प्रतिशतले तीर्थयात्रा र ९.२ प्रतिशतले अन्य उद्देश्यले नेपाल भ्रमण गरेका थिए।

८.५४ शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी मुलुकबै बढी भ्रमण गरिने गन्तव्यको रूपमा रहेको छ। सन् २०२३ मा लुम्बिनी भ्रमण गर्नेमध्ये नेपाली ६ लाख ५६ हजार, भारतीय २ लाख ६६ हजार र अन्य मुलुकका ८९ हजार गरी १० लाख ११ हजार रहेका छन्।

८.५५ सन् २०२३ मा आएका पर्यटकमध्ये भारतबाट ३१.५ प्रतिशत, अमेरिकाबाट ९.९ प्रतिशत, चीनबाट ६.० प्रतिशत, बेलायतबाट ५.२ प्रतिशत, अष्ट्रेलियाबाट ३.८ प्रतिशत, बङ्गलादेशबाट ३.६ प्रतिशत र अन्य मुलुकबाट ४०.० प्रतिशत रहेका छन्। सन् २०२२ को तुलनामा चीनबाट नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२३ मा ६ गुणा र दक्षिण कोरियाबाट आउने पर्यटकको सङ्ख्या करिब १० गुणाले वृद्धि भएको छ।

चार्ट ८(छ): सन् २०२३ मा देशगत रूपमा पर्यटक आगमन (सङ्ख्या हजारमा)

स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८०

८.५६ पर्वतारोहण दल (हिमाल आरोहण दल) को सङ्ख्या सन् २०२३ मा १५.० प्रतिशतले बढेर २,२५३ पुगेको छ। पर्वतारोहीको सङ्ख्या सन् २०२२ मा ८,४६८ रहेकोमा सन् २०२३ मा ११.० प्रतिशतले वृद्धि भई ९,३९८ पुगेको छ। पर्वतारोहीको सङ्ख्यामा भएको वृद्धिसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी समेत सन् २०२३ मा ४२.० प्रतिशतले वृद्धि भई रू.९९ करोड ९३ लाख पुगेको छ।

८.५७ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट हालसम्म २७ हजार ३ सय ४६ दक्ष जनशक्ति उत्पादन भएका छन्। नेपाल पर्वतीय पर्यटन प्रतिष्ठानबाट हालसम्म ५,८५३ व्यक्तिले विभिन्न विधामा तालिम प्राप्त गरेका छन्।

८.५८ डिलक्स सहितका पाँचतारे होटलको सङ्ख्या २०७९ पुससम्म १७३ रहेकोमा २०८० पुससम्म १८२ पुगेको छ। त्यसैगरी, तारेस्तर बाहेकको डिलक्स/लक्जरी हेरिटेज बुटिक होटलसहित पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको सङ्ख्या २०७९ पुससम्म १,२२८ रहेकोमा २०८० पुससम्म १,२३४ पुगेको छ।

८.५९ तारेस्तरका होटलमा रहेका शैयाको सङ्ख्या चालु आर्थिक वर्षको पुससम्म ७३८ थप भई हालसम्म १७ हजार ७३ पुगेको छ। यसैगरी, तारेस्तरका होटलबाहेक पर्यटकस्तरीय डिलक्स/लक्जरी हेरिटेज बुटिक होटल, लज तथा रिसोर्टमा रहेका

शैयाको सङ्ख्यामा चालु आर्थिक वर्षको पुससम्म २४९ थप भई हालसम्म ३७ हजार २ सय ९७ पुगेको छ।

८.६० २०८० पुससम्म क्यासिनो १३ र मिनिक्यासिनो १७ गरी ३० सञ्चालनमा रहेका छन्। २०८० असारसम्म यस्तो सङ्ख्या २८ रहेको थियो।

८.६१ २०८० पुससम्म ट्राभल एजेन्सी ४,८४५, ट्रेकिङ एजेन्सी ३,१९१ र ऱ्याफ्टीङ एजेन्सी ९४ दर्ता भएका छन्। त्यसैगरी, यस अवधिसम्म पर्यटक यातायात सेवा ११२, टुर गाईड ५,१२३, ट्रेकिङ्ग गाईड २६,२९२ र रिभर गाईड ३९० दर्ता भएका छन्।

८.६२ सन् २०२३ मा नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाको सङ्ख्या ३१ रहेको छ। त्यसैगरी, द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या ४१ पुगेको छ। दुइ तर्फ हवाई सिट क्षमता सङ्ख्या वार्षिक ८७ लाख ५५ हजार रहेको छ। आन्तरिक उडान गर्ने वायुसेवा (Fixed Wing + Rotor Wing) को सङ्ख्या २२ पुगेको छ। त्यस्तै, सञ्चालनमा रहेका कुल विमानस्थलको सङ्ख्या ३३ रहेको छ भने सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या ४१ रहेको छ।

तालिका ८(ठ): नागरिक उड्डयन सम्वद्ध प्रमुख सूचकहरू

प्रमुख सूचकहरू	२०१९	२०२०	२०२१	२०२२	२०२३
अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायुसेवाको सङ्ख्या	३	३	२	३	३
नेपाल उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको सङ्ख्या	३०	२७	२०	२७	३१
द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या	४०	४०	४१	४१	४१
दुई तर्फ हवाई सिट सङ्ख्या (हजारमा) #	८०००	८०००	८०००	८७५५	८७५५
अन्तर्राष्ट्रिय विमानस्थलको सङ्ख्या	१	१	१	३	३
मुलुकभित्र उडान भर्ने (Roter and Fixed Wing) सञ्चालन गर्ने कम्पनीको सङ्ख्या	१९	१९	२०	२२	२२
मुलुकभित्र हवाईजहाज (Fixed Wing) उडान सञ्चालन गर्ने कम्पनीको सङ्ख्या	९	९	९	१०	१०
मुलुकभित्र हेलिकप्टर (Roter Wing) उडान सञ्चालन गर्ने कम्पनीको सङ्ख्या	१०	१०	११	१२	१२
सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या	३५	३७	३७	४१	४१
सञ्चालनमा रहेका कुल विमानस्थलको सङ्ख्या	३२	३५	३२	३३	३३

स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८०

उडान सङ्ख्या/हप्तालाई आधार मानी दुइ तर्फी हवाई सीट सङ्ख्या गणना गर्ने प्रयोजनको लागि २०० सीट प्रति उडानलाई आधारमानी गणना गरिएको। वायुसेवाको क्षमताअनुसार सीट सङ्ख्या घटबढ हुन सक्ने।

८.६३ वि.सं.२०६१ बैशाखदेखि २०८० फागुनसम्म दर्ता भएका २,६७६ प्रतिलिपि अधिकारजन्य रचनामध्ये साहित्य तर्फ १,९३१, म्यागजिन प्रकाशन तर्फ ३, अनुवाद रचना तर्फ ७, आर्ट/पेन्टिङ तर्फ १६८, ध्वनी अङ्क तर्फ २५३ रहेका छन्। त्यसैगरी, आर्किटेक्ट नमुना तर्फ ४७, काष्ठकला, धातुकला, मूर्तिकला र डिजिटल आर्ट तर्फ ९४, कम्प्युटर सफ्टवेयर तर्फ ६१, प्रस्तुति रचना तर्फ २२, फोटाग्राफी तर्फ ५१, शोधपत्र तर्फ ७, चलचित्र/वृतचित्र तर्फ १० र वैज्ञानिक लेख रचना तर्फ २२ रचना दर्ता भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न विधा गरी १९ रचना दर्ता भएका छन्।

संस्कृति

८.६४ गौतम बुद्धको जन्मस्थल लुम्बिनी संरक्षित स्मारक क्षेत्र घोषणा भएको छ। कपिलवस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न नोमिनेशन डोसर (Nomination Dosser) को २०२४ जनवरी ३१ मा दर्ता भएको छ। यूनेस्को (UNESCO) को समन्वयमा रामग्राम स्तुपाको उत्तरपश्चिम भागको उत्खनन् कार्य सम्पन्न भएको छ।

८.६५ नेपालबाट अनाधिकृत रूपमा चोरी पैठारी भएका सम्पदामध्ये हालसम्म १४९ थान विभिन्न पुरातात्विक वस्तु फिर्ता भएका छन्।

८.६६ चालु आर्थिक वर्षको फागुनसम्म थप १६ सम्पदा पुनर्निमाण भई हालसम्म ७७६ सम्पदाको संरक्षण तथा पुनर्निर्माण कार्य सम्पन्न भएको छ।

८.६७ पशुपति क्षेत्रको संरक्षण एवं व्यवस्थापन गुरूयोजना, २०७९ कार्यान्वयनमा आएको छ।

९. सहरी विकास, आवास तथा ऊर्जा

९.१ नेपाल क्रमशः सहरीकरणतर्फ उन्मुख भएको छ। आवास तथा वस्ती विकास, भवन निर्माण, ग्रामीण पूर्वाधार र स्थानीय पूर्वाधारको क्षेत्रमा सरकारको लगानी बढ्दै गएको छ। यसका लागि सघन सहरी विकास कार्यक्रम, एकीकृत वस्ती विकास, ग्रामीण सडक सञ्जाल सुधार आयोजना, झोलुङ्गेपुल कार्यक्रम, स्थानीयस्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना लगायतमा कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

९.२ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित **"नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण"** प्रतिवेदन अनुसार २०७८ सालमा नेपालमा २७.१ प्रतिशत जनसंख्या शहरी क्षेत्रमा बसोबास गरेका थिए भने ३९.७ प्रतिशत शहरोन्मुख क्षेत्रमा र ३३.२ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गरेका थिए। २०६८ सालमा यस्तो जनसंख्या क्रमशः २२.३ प्रतिशत, ३९.२ प्रतिशत र ३८.५ प्रतिशत रहेको थियो।

९.३ पछिल्ला वर्षमा जलविद्युत क्षेत्रमा लिइएको नीतिगत व्यवस्थाका कारण यस क्षेत्रमा लगानी बढ्दै गई ऊर्जाको क्षेत्रमा मुलुक आत्मनिर्भर उन्मूख हुँदै गएको छ। २०८० फागुनसम्म ९६.७ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। २०८० असारसम्म ९५.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको थियो।

९.४ २०८० फागुनसम्म कुल जडित विद्युत क्षमता २०८० असारको तुलनामा १४.७ प्रतिशतले वृद्धि भई ३,०६० मेगावाट पुगेको छ। २०८० असारसम्म कुल जडित विद्युत क्षमता २,६६७ मेगावाट रहेको थियो।

सहरी विकास

९.५ आधुनिक, दिगो र व्यवस्थित सहरीकरणका लागि सघन सहरी विकास कार्यक्रम, क्षेत्रीय सहरी विकास आयोजना, नयाँ सहर आयोजना, सहरी कोरीडोर आयोजना, बागमती सुधार आयोजना लगायतका कार्यक्रम सञ्चालनमा रहेका छन्। नेपालका प्रमुख सहरमा भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन भई व्यवस्थित सहरीकरण तथा वातावरणीय सुधारका कार्य भइरहेको छ।

९.६ सघन सहरी विकास कार्यक्रम गत आर्थिक वर्षसम्ममा ७२ नगरपालिकामा लागू भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ३३ नगरपालिका थप भई हालसम्म १०५ नगरपालिकामा लागू भएको छ। यस अन्तर्गत सहरी सडक

निर्माण/स्तरोन्नति, सतह नाली/ढल निर्माण, बसपार्क निर्माण, सार्वजनिक पार्क/खुला क्षेत्र विकास तथा संरक्षण लगायतका आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण भएका छन्।

९.७ काठमाडौं उपत्यकाको बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न ईशान कोणमा १ लाख रोपनी र अन्य ३ कोणमा १०/१० हजार रोपनीको ३ गरी १ लाख ३० हजार रोपनी क्षेत्रफलमा ४ उपसहर विकासका लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ।

९.८ सघन सहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेशका जिल्ला सदरमुकामका पूर्वाधार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म थप ८४.१२ किलोमिटर सडक स्तरोन्नति र नाला निर्माण सम्पन्न भई हालसम्म १४०४.१ किलोमिटर सडक स्तरोन्नति/नाला निर्माण कार्य सम्पन्न भएको छ।

९.९ बागमती नदी र यसका सहायक नदी किनारामा चालु आर्थिक वर्षको फागुनसम्म ८८.८ किलोमिटर इन्टरसेप्टर ढल निर्माण, नदीका दुवै किनारामा ३२.७ किलोमिटर सडक कालोपत्रे निर्माण र ७४.८ किलोमिटर नदी नियन्त्रण कार्य सम्पन्न भएको छ। बागमती नदी सरसफाइ अभियान २०८० फागुनसम्म ५६४ हप्ता सञ्चालन भइसकेको छ।

९.१० टेकु स्थित बागमती नदी किनारमा अवस्थित २८ धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्त्वका धरोहरको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। गोकर्णदेखि सिनामंगलसम्म र थापाथली पुलदेखि बल्खुसम्म बागमती नदीको किनारामा नदी सौन्दर्यीकरण तथा वातावरणीय सुधारसम्बन्धी निर्माण कार्य लगायत धाप ड्याम निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौंको सिनामंगल र तीनकुनेमा बागमती पुलमुनि अन्डरपास निर्माण कार्य सम्पन्न भएको छ। गुहेश्वरी ढल प्रशोधन केन्द्रको निर्माण सम्पन्न भएको छ।

९.११ मध्य पहाडी राजमार्ग र उत्तर दक्षिण कोरीडोरको मिलन बिन्दु तथा सोको आसपासमा आधुनिक नयाँ सहरको विकास गर्न नयाँ सहर विकास आयोजना सञ्चालनमा रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म १५.२ किलोमिटर सडक कालो पत्रे भएको छ। साथै, १६.२ किलोमिटर सडक ढलान र ८१.९ किलोमिटर सतह नालाको निर्माण कार्य सम्पन्न भएको छ। यस आयोजना अन्तर्गत हालसम्म १२५.४ किलोमिटर सडक कालो पत्रे, ९३.९ किलोमिटर सडक ढलान तथा ४१४.८ किलोमिटर सतह नालाको निर्माणको कार्य सम्पन्न भएको छ।

तालिका ९(क): नयाँ सहर आयोजना अन्तर्गतको उपलब्धि

क्रियाकलापहरू	इकाई	आयोजनाको लक्ष्य	आर्थिक वर्ष २०८०/८१ फागुनसम्म	२०८० फागुनसम्म
ट्र्याक खोल्ने/स्तरोन्नति/ग्राभेल	किलोमिटर	५७३४.९६	१२१.९	७१०.६
कालोपत्रे	किलोमिटर	८९७.५७	१५.२	१२५.४
ढलान सडक	किलोमिटर	५१२.३६	१६.२	९३.९
ढल/नाला निर्माण	किलोमिटर	१३३०.५७	८१.९	४१४.८
सरकारी भवन निर्माण	वटा	२६४		४४
सौर्य बत्ति	वटा	०		१९६३
तरकारी/फलफूल/हाट बजार	वटा	१४१	३	१६
बसपार्क निर्माण	वटा	३४		११
खेल मैदान निर्माण	वटा	१२५		११
पार्क निर्माण	वटा	१८४		२०
खानेपानी आयोजना (३९६ कि.मि)	वटा	१२	३	१५
जग्गा विकास (जम्मा ४,७७७ रोपनीमा जग्गा विकास कार्यक्रम सञ्चालन भइरहेको)	वटा	३३	१	१०
Landfill Site निर्माण	वटा	१०		४

स्रोत: सहरी विकास मन्त्रालय, २०८०

फोहरमैला व्यवस्थापन

९.१२ काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनका लागि बञ्चरेडाँडामा स्यानेटरी ल्याण्डफील साइटको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। वर्षभरि बिना अवरोध ल्याण्डफील साइटसम्मको पहुँच सुनिश्चित गर्न वैकल्पिक मार्ग निर्माण भइरहेको छ। यसैगरी, सुदूरपश्चिम प्रदेशको गोदावरी र शुक्लाफाँटा नगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माणाधीन छन्।

आवास

९.१३ जनता आवास कार्यक्रमबाट ६० हजार २ सय ७४ आवास निर्माण गर्ने लक्ष्य रहेकोमा २०८० फागुनसम्म ४१ हजार १ सय ५७ आवास निर्माण सम्पन्न भएको छ। यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७४/७५ सम्म संघबाट १७ हजार ३९ आवास निर्माण सम्पन्न भएको थियो। आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गरिएको यस कार्यक्रम अन्तर्गत हालसम्म २४ हजार १ सय १८ आवास निर्माण भएको छ।

९.१४ एकीकृत आधुनिक सुरक्षित बस्ती विकास कार्यक्रम अन्तर्गत विपद्को समयमा विस्थापितलाई तत्काल अस्थायीरूपमा आवास उपलब्ध गराउन मुलुकका विभिन्न स्थानमा ७ इमर्जेन्सी सेल्टर निर्माण सम्पन्न भएको छ।

९.१५ सुरक्षित आवास कार्यक्रम अन्तर्गत २०८० असारसम्ममा ५२ हजार ९ सय ३८ आवासमा फुसको छानालाई जस्तापाताले विस्थापन गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म थप २७ हजार ९ सय ९१ आवासमा फुसको छानालाई जस्तापाताले विस्थापन गरिएकोमा २०८० फागुनसम्म यस्तो सङ्ख्या ८० हजार ९ सय २९ पुगेको छ।

भवन निर्माण

९.१६ २०८० फागुनसम्म प्रदेश प्रमुख, मुख्यमन्त्री र विशेष सरकारी वकिल कार्यालयको आवास निर्माण कार्य सम्पन्न भएको छ। संघीय संसद भवनको ७९.० प्रतिशत र मन्त्री आवासको ९९.० प्रतिशत कार्य भएको छ। त्यसैगरी, विभिन्न सहरमा ९ सभाहल निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ३ सभाहलको निर्माण कार्य सम्पन्न भएको छ।

भूकम्प पछिको पुनर्निर्माण (भवन तथा आवास)

९.१७ २०७२ को भूकम्पले क्षतिग्रस्त भएका १,१३६ स्वास्थ्य संस्थामध्ये २०८० फागुनसम्म ९७६ संस्थाको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। निजी आवास पुनर्निर्माणतर्फ २०८० फागुनसम्म ८ लाख ३५ हजार १ सय ८५ लाभग्राही पहिचान भएकोमा ८ लाख ३४ हजार २४ ले पहिलो किस्ता प्राप्त गरेका छन्। पहिचान भएका लाभग्राहीमध्ये ९५.० प्रतिशतले दोस्रो किस्ता र ८९.० प्रतिशतले तेस्रो किस्ता अनुदानवापतको रकम प्राप्त गरेका छन्।

स्थानीय पूर्वाधार

९.१८ स्थानीय पूर्वाधार अन्तर्गत २०७९ फागुनसम्म ६६ हजार ५७ किलोमिटर सडक विस्तार भएकोमा २०८० फागुनसम्म ६७ हजार २ सय ४६ किलोमिटर सडक विस्तार भएको छ।

९.१९ स्थानीय सडक पूर्वाधार अन्तर्गत निर्माण भएका सडकमध्ये कालोपत्रे, ग्राभेल र कच्ची सडकको अंश क्रमशः ७.२ प्रतिशत, २१.२ प्रतिशत र ७१.६ प्रतिशत रहेको छ।

तालिका ९(ख): प्रादेशिक र स्थानीय सडक सञ्जालको विवरण

सडकको विवरण	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
धुलो/कच्ची	४५६९३	४५९५९	४६५६२	४७३२०	४८२२३
ग्रावेल	१३१४६	१३३९२	१३६८९	१४०००	१४२१४
कालोपत्रे	४२१२	४३४५	४६०३	४७३७	४८०९
जम्मा	**६३०५१**	**६३६९६**	**६४८५४**	**६६०५७**	**६७२४६**

स्रोतः सहरी विकास मन्त्रालय, २०८०

९.२० प्रदेश र स्थानीय स्तरका सडक सञ्जालमध्ये २०८० फागुनसम्म निर्माण भएको ६७ हजार २ सय ४६ किलोमिटर सडकमध्ये हिमालमा १६.० प्रतिशत, पहाडमा ५५.० प्रतिशत र तराईमा २९.० प्रतिशत सडक निर्माण भएको छ।

तालिका ९(ग): भौगोलिक क्षेत्रानुसार प्रादेशिक र स्थानीय सडक विस्तार (किलोमिटरमा)

भौगोलिक	प्रादेशिक सडक	स्थानीय सडक	जम्मा
हिमाल	५२१३	५४२२	१०६३५
पहाड	१८४३६	१८६०२	३७०३८
तराई	९७४८	९८२५	१९५७३
जम्मा	**३३३९७**	**३३८४९**	**६७२४६**

स्रोतः सहरी विकास मन्त्रालय, २०८०

नोटः विगतमा स्थानीय सडकको रूपमा रहेका जिल्ला सडक प्रादेशिक सडकको रूपमा कायम भएकोले प्रादेशिक सडकको लम्बाइ बढ्न गएको छ।

९.२१ स्थानीय पूर्वाधार अन्तर्गत २०८० असारसम्म ६८५ सडकपुल निर्माण भएकोमा २०८० फागुनसम्म ६९२ सडकपुल निर्माण भएका छन्। त्यसैगरी, २०८० असारसम्म १० हजार ५ सय ८ झोलुङ्गे पुल निर्माण सम्पन्न भएकोमा २०८० फागुनसम्म १० हजार ६ सय ७७ झोलुङ्गे पुल निर्माण भएका छन्।

९.२२ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत २०८० असारसम्म ८७ स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्पन्न भएकोमा २०८० फागुनसम्म ९७ प्रशासकीय भवन निर्माण सम्पन्न भएका छन्।

ऊर्जा

९.२३ २०८० फागुनसम्म कुल जलविद्युत जडित क्षमता २,८१८.९१ मेगावाट रहेको छ। यस वाहेक, सौर्य ऊर्जा ९७.०४ मेगावाट र तापीय (थर्मल प्लान्ट) ऊर्जा ५३.४१ मेगावाट उत्पादन भएको छ। त्यसैगरी, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा उत्पादित विद्युत ८४.७४ मेगावाट र चिनी मिलबाट सह-उत्पादन प्रविधि मार्फत उत्पादित विद्युत ६ मेगावाट समेत गरी कुल जडित विद्युत क्षमता ३,०६०.१

मेगावाट पुगेको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा उत्पादित विद्युतमध्ये ४८.२३ मेगावाट सोलार प्लान्टबाट उत्पादन भएको छ। कुल जडित विद्युत क्षमतामध्ये जलविद्युत ९२.१ प्रतिशत र अन्य स्रोतबाट ७.९ प्रतिशत रहेको छ। सौर्य प्लान्टबाट भएको उत्पादन ४.७ प्रतिशत रहेको छ।

चार्ट ९(क): स्रोतगत विद्युत उत्पादनको विवरण (प्रतिशतमा)

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८०

९.२४ नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा सञ्चालित विद्युत परियोजनाबाट ६६०.४५ मेगावाट, विद्युत प्राधिकरणको सहायक कम्पनी मार्फत ४९२.९० मेगावाट र निजी क्षेत्रबाट सञ्चालित परियोजनाबाट १८२२.०१ मेगावाट गरी २०८० फागुनसम्म २,९७५.३६ मेगावाट राष्ट्रिय ग्रीडमा जडान भएको छ। सामुदायिक उपभोक्ता समेत विद्युत उपयोग गर्ने ग्राहकको संख्या २०८० असारसम्म ५६ लाख ४८ हजार ४२ रहेकोमा २०८० फागुनसम्ममा यस्तो सङ्ख्या ५८ लाख ७३ हजार ८ सय ७ पुगेको छ।

९.२५ राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथिको लम्बाइ) २०८० असारसम्म ५,७४२ सर्किट किलोमिटर रहेकोमा २०८० फागुनसम्म ६,२०७ सर्किट किलोमिटर पुगेको छ। २०८० फागुनसम्म वितरण लाइन (३३ के.भी. र सो भन्दा कम) २ लाख ३ हजार ८ सय ५५ सर्किट किलोमिटर पुगेको छ। २०८० असारसम्म वितरण लाइन (४००/२३० भोल्ट) १ लाख ४५ हजार २ सय ७० सर्किट किलोमिटर रहेको थियो।

९.२६ विद्युत उत्पादनमा वृद्धि हुँदै गएसँगै ऊर्जा उपलब्धता सहज हुँदै गएको छ। पछिल्लो अवधिमा विद्युत आयातमाथिको निर्भरता कम भएको छ भने खुद विद्युत निर्यात बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म भारततर्फ १,४७५ गिगावाट घण्टा बराबरको विद्युत निर्यात भएको छ भने ९२८ गिगावाट घण्टा विद्युत आयात भएको छ। गत आर्थिक वर्षमा भारतबाट १,८५४ गिगावाट घण्टा विद्युत आयात र १,३३२ गिगावाट घण्टा विद्युत निर्यात भएको थियो।

९.२७ २०८१ असारसम्म ५७ विद्युत आयोजना सम्पन्न भई ८११ मेगावाट थप जलविद्युत उत्पादन हुने अनुमान छ। आगामी आर्थिक वर्ष हाल निर्माणाधीन ५३ आयोजना सम्पन्न भई ९४०.८ मेगावाट थप जलविद्युत उत्पादन हुने अनुमान छ।

९.२८ २०८० फागुनसम्म प्रसारणतर्फ ७ र वितरणतर्फ ४ गरी ११ सव-स्टेशनको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएका छन्। २०७९ फागुनसम्म प्रसारण र वितरण गरी ७ सव-स्टेशन सञ्चालनमा रहेका थिए। त्यसैगरी, १३२ के.भी.का २ प्रसारण लाइन (५६ सर्किट किलोमिटर) तथा २२० के.भी.का ३ प्रसारण लाइन (५३५ सर्किट किलोमिटर) विस्तार भएका छन्। ग्रिड सवस्टेशनको क्षमता ८,०६३.६ मेगाभोल्ट एम्पियरबाट ११,२९७ मेगाभोल्ट एम्पियर पुगेको छ।

९.२९ चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रका जलविद्युत कम्पनीलाई थप १,६६०.७३ मेगावाट जडित क्षमता बराबरका १४ जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ। हालसम्म ८७ आयोजनाको ८,५१२ मेगावाट जडित क्षमता बराबरको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ।

९.३० चालु आर्थिक वर्षको फागुनसम्म विद्युत खपत ८,०१७ गिगावाट घण्टा बराबर पुगेको छ। गत आर्थिक वर्षको पूर्ण अवधिमा यस्तो खपत १०,६९५ गिगावाट घण्टा बराबर रहेको थियो।

९.३१ चालु आर्थिक वर्षको फागुनसम्म गार्हस्थ, औद्योगिक, व्यापारिक र अन्य क्षेत्रमा विद्युत खपत क्रमशः ३४.६ प्रतिशत, २९.९ प्रतिशत, ६.६ प्रतिशत र १०.५ प्रतिशत रहेको छ।

तालिका ९(घ): क्षेत्रगत विद्युत खपत (गिगावाट घण्टामा)

क्षेत्र	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
गार्हस्थ	२८५२	३१३८	३७१९	३८९६	२७७२
औद्योगिक	२३०१	२८१६	३४४३	३५८६	२३९३
व्यापारिक	४८७	५११	६५५	७३७	५३०
अन्य	७८१	८०९	१००७	११४३	८४१
निर्यात	१०७	४४	४९३	१३३३	१४८१
जम्मा	६५२८	७३१८	९३१७	१०६९५	८०१७

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८० *फागुनसम्म

नवीकरणीय ऊर्जा

९.३२ कुल जडित क्षमता ३,०६० मेगावाटमध्ये २०८० फागुनसम्म नवीकरणीय ऊर्जाको हिस्सा ५.९ प्रतिशत रहेको छ। २०७९ फागुनसम्म यस्तो हिस्सा ६.२ प्रतिशत रहेको थियो। कुल ऊर्जा खपतमा स्वच्छ ऊर्जा खपतको हिस्सा ११.७ प्रतिशत रहेको छ।

९.३३ आर्थिक वर्ष २०७९/८० मा वैकल्पिक ऊर्जा अन्तर्गतका लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत १,१०८ किलोवाट रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म ३८२.५ किलोवाट उत्पादन थप भएको छ। त्यस्तै, आर्थिक वर्ष २०७९/८० मा सौर्य तथा वायु ऊर्जाबाट ५७८ किलोवाट विद्युत उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म २०५ किलोवाट उत्पादन थप भएको छ।

९.३४ आर्थिक वर्ष २०७९/८० मा ९,७९१ बायोग्याँस प्लान्ट जडान भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १,२४७ प्लान्ट जडान भएका छन्। त्यसैगरी, चालु आर्थिक वर्षको फागुनसम्म ५,३२७ सौर्य घरेलु विद्युत प्रणाली र ४०८ सुधारिएको चुलो जडान भएको छ। गत आर्थिक वर्षमा १४,३४० सौर्य घरेलु विद्युत प्रणाली र २५,०३९ सुधारिएको चुलो जडान भएको थियो।

१०. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

१०.१ भौतिक पूर्वाधार, यातायात तथा सञ्चार आर्थिक सामाजिक विकासका प्रमुख संवाहक हुन्। मुलुकको समृद्धिका लागि गुणस्तरीय र दिगो विकास गर्न यस क्षेत्रमा सार्वजनिक र निजी लगानी अभिवृद्धि गर्न आवश्यक छ। यसबाट मुलुकको आर्थिक सामाजिक रूपान्तरण लगायत सार्वजनिक सेवाको गुणात्मक विकासमा समेत योगदान पुग्दछ।

१०.२ सडक यातायात सञ्जालको थप विस्तार एवं गुणस्तर अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा बढोत्तरी ल्याउनु पर्नेछ। यसैगरी, सहज, सुरक्षित र भरपर्दो सार्वजनिक यातायात सेवाको सुनिश्चितता मार्फत आमनागरिकको जनजीवनलाई थप सहज बनाउनु पर्नेछ।

१०.३ सूचना प्रविधिको निरन्तर विकाससँगै आमजनतामा यसको पहुँच विस्तार हुँदै गएको छ। २०८० फागुनसम्म रेडियो नेपालको प्रसारण पहुँच ९३.० प्रतिशत जनसङ्ख्यामा पुगेको छ। इन्टरनेट ग्राहकको घनत्व १४३.८ प्रतिशत पुगेको छ। डिजिटल टेलिभिजनको पहुँच ७२.० प्रतिशत घरधुरीमा पुगेको छ।

भौतिक पूर्वाधार र यातायात

१०.४ पछिल्लो दशकमा सडकको विकास एवं विस्तारमा उल्लेख्य उपलब्धि हासिल भएको छ। २०८० फागुनसम्म १८,२४१ किलोमिटर कालोपत्रे, ७,६९७ किलोमिटर खण्डास्मित र ८,३२९ किलोमिटर कच्ची सडक गरी हालसम्म संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४,२६७ किलोमिटर पुगेको छ। कुल सडकमध्ये कालोपत्रे ५३.२ प्रतिशत, खण्डास्मित २२.५ प्रतिशत र कच्ची सडक २४.३ प्रतिशत रहेको छ। २०८० असारसम्म सडकको कुल लम्बाइ ३४,२३९ किलोमिटर रहेको थियो।

तालिका १०(क): संघीय सरकारबाट गरिएको सडक विस्तार (किलोमिटरमा)

विवरण	२०७६ असार	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
कालोपत्रे	१४६९५	१५४२४	१६६१४	१७२३२	१८०५२	१८२४१
खण्डास्मित	८५९४	८६२२	८१७१	७८८८	७६९६	७६९७
कच्ची	९५९०	९१९८	८९३१	८८७६	८४९१	८३२९
जम्मा	**३२८७९**	**३३२४४**	**३३७१६**	**३३९९६**	**३४२३९**	**३४२६७**

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८०

द्रष्टव्य: सडक विभागबाट कार्यान्वयन भएका सडकमात्र समावेश गरिएको।

१०.५ चालु आर्थिक वर्षको फागुनसम्म १८९ किलोमिटर सडक कालोपत्रे स्तरमा र १९० किलोमिटर सडक खण्डास्मित स्तरमा स्तरोन्नति भएको छ भने २८ किलोमिटर थप नयाँ सडक निर्माण भएको छ। साथै, ७,८२१ किलोमिटर सडकको नियमित तथा पटके मर्मत भएको छ भने ९९ किलोमिटर सडकको आवधिक मर्मत सम्पन्न भएको छ। यस अवधिमा ६७ सडक पुल निर्माण भएका छन्।

तालिका १०(ख): पछिल्लो ५ वर्षको सडक सञ्जालको स्थिति

विवरण	इकाई	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
नयाँ सडक निर्माण	कि.मी.	३६५	४७२	२८०	२४३	२८
खण्डास्मित स्तरमा स्तरोन्नति	कि.मी.	७५७	७३९	३३५	६२८	१९०
कालोपत्रे स्तरमा स्तरोन्नति	कि.मी.	७२९	११९०	६१८	८२०	१८९
सडक मर्मत (नियमित र पटके)	कि.मी.	७२००	७१८७	७८००	७८२१	७८२१
आवधिक मर्मत	कि.मी.	३६०	४२४	२५०	५३८	९९
पुल निर्माण	वटा	२१०	१९२	२८२	२२२	६७

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८० *फागुनसम्म

१०.६ आर्थिक वर्ष २०७९/८० मा ८२० किलोमिटर सडक कालोपत्रे स्तरमा र ६२८ किलोमिटर सडक खण्डास्मित स्तरमा स्तरोन्नति भएको थियो भने २४३ किलोमिटर थप नयाँ सडक निर्माण भएको थियो। त्यसैगरी, ७,८२१ किलोमिटर सडकको नियमित र पटके मर्मत भएको थियो भने ५३८ किलोमिटर सडकको आवधिक मर्मत भएको थियो। सो अवधिमा २२२ सडक पुल निर्माण भएका थिए।

चार्ट १०(क): पछिल्लो ५ वर्षको सडक निर्माणको स्थिति (किलोमिटर)

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८०

*फागुनसम्म

राष्ट्रिय गौरवका तथा अन्य सडक आयोजना

१०.७ मध्यपहाडी (पुष्पलाल) राजमार्गको कुल लम्बाइ १,८७९ किलोमिटरमध्ये २०८० असारसम्म १,४०२ किलोमिटर कालोपत्रे भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप १३ किलोमिटर सडक कालोपत्रे भई १,४१५ किलोमिटर पुगेको छ। राजमार्गमा पर्ने १३७ पुलमध्ये २०८० फागुनसम्म १०२ पुल निर्माण भएका छन्।

१०.८ हुलाकी राजमार्गको कुल लम्बाइ १,८५७ किलोमिटर (लिङ्क सडकसहित) मध्ये २०८० असारसम्म ११७९ किलोमिटर कालोपत्रे भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ३२ किलोमिटर सडक कालोपत्रे भई १,२११ किलोमिटर पुगेको छ। राजमार्गमा पर्ने २५० पुलमध्ये २०८० असारसम्म १३२ पुल निर्माण भएकोमा २०८० फागुनसम्म यस्तो सङ्ख्या १३५ पुगेको छ।

१०.९ उत्तर-दक्षिण राजमार्ग कालीगण्डकी कोरिडोरको कुल लम्बाइ ४४७ किलोमिटरको गैडाकोट-राम्दी-मालढुङ्गा खण्डको २४५ किलोमिटर सडक खण्डमध्ये २०८० फागुनसम्म १८४ किलोमिटर सडक कालोपत्रे भएको छ। यस कोरिडोर अन्तर्गत २०८० असारसम्म मालढुङ्गा-बेनी-जोमसोम-कोरला खण्ड अन्तर्गत २०२

किलोमिटर सडक खण्डमध्ये ३३ किलोमिटर सडक कालोपत्रे र १०० किलोमिटर सडक खण्डास्मित भएको छ भने ५ पुल निर्माण भएका छन्।

१०.१० कर्णाली कोरिडोरको कुल लम्बाइ २६९ किलोमिटरमध्ये २०८० असारसम्म २६३.५ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएकोमा २०८० फागुनसम्म ४.५ किलोमिटर थप भई हालसम्म २६८ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ।

१०.११ कोशी कोरिडोरको कुल लम्बाइ १६२ किलोमिटरमध्ये २०८० असारसम्म ७४ किलोमिटर सडक खण्डास्मित भएकोमा २०८० फागुनसम्म ७८ किलोमिटर सडक खण्डास्मित भएको छ। त्यसैगरी, हालसम्म दुई किलोमिटर सडक ढलान र ११ पुल निर्माण भएका छन्।

१०.१२ काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत २०८० फागुनसम्म सुरूङ्गमार्गको कुल लम्वाइ ६,४१५ मिटर मध्ये ४,६१३ मिटर सुरूङ्ग खन्ने कार्य सम्पन्न भएको छ।

१०.१३ मदन भण्डारी राजमार्गको कुल लम्बाइ १,३९० किलोमिटरमा आयोजनाको कार्यक्षेत्र भित्र पर्ने ७४० किलोमिटरमध्ये २०८० असारसम्म २६८ किलोमिटर सडक कालोपत्रे भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म २६ किलोमिटर थप भई हालसम्म २९४ किलोमिटर सडक कालोपत्रे भएको छ। यस राजमार्गमा पर्ने १८५ पुलमध्ये २०८० असारसम्म १०८ पुल निर्माण भएकोमा २०८० फागुनसम्म १२७ पुल निर्माण भएका छन्।

१०.१४ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडकको ८२ किलोमिटर सडकमध्ये २०८० फागुनसम्म ३७ किलोमिटर सडकको दुई लेन कालोपत्रे (अस्फाल्ट) गर्ने कार्य र १४ पुलको निर्माण कार्य सम्पन्न भएको छ। २०८० असारसम्म यस सडकको ३६ किलोमिटरमा दुई लेन कालोपत्रे गर्ने कार्य र १४ पुलको निर्माण कार्य सम्पन्न भएको थियो।

१०.१५ पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति गर्ने कार्य अन्तर्गत नारायणघाट-बुटवल सडकको ११३ किलोमिटर सडकमध्ये २०८० फागुनसम्म १७.४१ किलोमिटर सडक चार लेनमा र १४.६९ किलोमिटर सडक दुई लेनमा कालोपत्रे भएको छ।

१०.१६ मुग्लिन-पोखरा सडकको आँबुखैरेनीदेखि पोखरासम्मको ८०.३३ किलोमिटर खण्ड अन्तर्गत २०८० फागुनसम्म १४ किलोमिटर चार लेन सडक कालोपत्रे भएको छ भने १४ किलोमिटर सडक दुई लेनमा कालोपत्रे भएको छ।

१०.१७ त्रिभुवन राजमार्गको नागढुङ्गा सुरूङ्गमार्ग खन्ने कार्य सम्पन्न भएको छ। यस सुरूङ्ग मार्गको २००५ मिटर लम्बाईमा कंक्रिट लाईनिङ्ग गर्ने कार्य समेत सम्पन्न भएको छ। सुरूङमार्ग अन्तर्गत पर्ने ३ अन्डरपास, ४ कल्भर्ट, १ ओभरपास र ३ पुलको निर्माण सम्पन्न भएको छ।

यातायात क्षेत्र

१०.१८ हाल ६ स्थानबाट सवारी साधनमा लगाईने ईम्बोस्ड नम्वर प्लेट जडान हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म उत्पादित १ लाख १५ हजार ७ सय ८६ थान ईम्बोस्ड नम्बर प्लेटमध्ये ९,९९१ थान वितरण भएको छ। हालसम्म ५ लाख ८० हजार ८ सय ८६ थान ईम्बोस्ड नम्बर प्लेट उत्पादन भई ६६ हजार ७ सय १५ थान वितरण भएको छ।

१०.१९ २०८० असार मसान्तसम्म ३४ लाख १९ हजार ४ सय १० सवारी चालक अनुमतिपत्र प्रिन्ट गरी वितरण भएकोमा २०८० फागुनसम्म ३४ लाख ६६ हजार ७ सय ७३ थान सवारी चालक अनुमतिपत्र प्रिन्ट गरी वितरण भएको छ।

१०.२० २०८० असारसम्म ३६ यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयमा विद्युतीय सवारी चालक अनुमतिपत्र प्रणाली लागू भएकोमा हाल ३९ यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयमा यस्तो प्रणाली लागू भएको छ।

रेल यातायात

१०.२१ पूर्व पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत बर्दिबास-निजगढ खण्डमा २०८० फागुनसम्म ६३ किलोमिटर ट्र्याक बेड र १३ रेल्वे पुल निर्माण कार्य सम्पन्न भएको छ। अन्तरदेशीय रेलमार्ग अन्तर्गत जयनगर-जनकपुर-विजलपुरा ५२ किलोमिटर रेलसेवा सञ्चालन भएको छ। जोगवनीदेखि विराटगनरसम्म १० किलोमिटर रेलमार्ग निर्माण भई हाल भारतको बथनाहाबाट नेपालको विराटनगर कस्टम यार्डसम्म कार्गो रेल सञ्चालन भइरहेको छ।

तालिका १०(ग): रेलमार्गसम्बन्धी विवरण

विवरण	इकाई	२०७८ असारसम्म	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८०*
रेलमार्ग निर्माण	किलोमिटर	६२.०	०.०	०.०	०.०	६२.०
ट्र्याकबेड निर्माण	किलोमिटर	४९.०	३.५	६.५	४.०	६३.०
रेलवे पुल निर्माण	सङ्ख्या	३	२	४	४	१३

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८० *फागुनसम्म

जल यातायात

१०.२२ हालसम्म सुनकोशी नदी (१५३ किलोमिटर), तामाकोशी नदी (६३.५ किलोमिटर) सहित विभिन्न ११ नदीमा आन्तरिक जलमार्गमा जलयान सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। कोशी र नारायणी नदीमा जलयात्री टर्मिनल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।

सञ्चार तथा सूचना प्रविधि

१०.२३ हाल ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच सबै स्थानीय तहको केन्द्रसम्म पुगेको छ। यो सेवा स्थानीय तहका ५,९५१ वडा केन्द्रमा विस्तार भएको छ। त्यसैगरी, ४,२७२ स्वास्थ्य केन्द्र र ५,३४१ सामुदायिक माध्यमिक विद्यालयमा समेत ब्रोडव्याण्ड इन्टरनेट सेवा विस्तार भएको छ।

तालिका १०(घ): ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको विवरण

स्थान	इकाइ	लक्ष्य	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
स्थानीय तहको केन्द्र	सङ्ख्या	७५३	७१३	७३८	७५३	७५३
स्वास्थ्य केन्द्र	सङ्ख्या	४५०४	४०१५	४२७२	४२७२	४२७२
सामुदायिक माध्यमिक विद्यालय	सङ्ख्या	५८०१	५१७९	५२९९	५३४१	५३४१

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८०

१०.२४ सबै सरकारी कार्यालयको वेबसाइटमा एकरूपता कायम गर्न वेबसाइटको साझा ढाँचा निर्माण भएको छ। हालसम्म यस प्रणालीमा २६३ निकाय आबद्ध भई ६३ निकायले वेबसाइट लाईभ गरेका छन्।

१०.२५ २०८० फागुनसम्म सरकारी क्लाउडमा रहेका ३४० सरकारी निकायमा सूचना प्रविधि प्रणाली उपयोगको लागि ८३८ भर्च्युअल मेसिन सञ्चालनमा रहेका छन्।

१०.२६ २०८० फागुनसम्म दैनिक ७६५, अर्ध साप्ताहिक ३९, साप्ताहिक २,९८५ र अन्य ४,२०८ गरी जम्मा ७,९९७ पत्रपत्रिका दर्ता भएका छन्। २०८० असारसम्म दैनिक ७९३, अर्ध साप्ताहिक ४०, साप्ताहिक २,९७५ र अन्य ४,१३६ गरी जम्मा ७,९४४ पत्रपत्रिका दर्ता भएका थिए।

तालिका १०(ङ): दर्ता भएका पत्रपत्रिकाको विवरण

किसिम	२०७५/७६	२०७६/०७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
दैनिक	७३३	७३३	७४५	७४५	७९३	७६५
अर्धसाप्ताहिक	३९	३८	४०	४०	४०	३९
साप्ताहिक	२९४३	२९५१	२९६६	२९७१	२९७५	२९८५
पाक्षिक	४७३	४७६	४८०	४८०	४८०	४८३
मासिक	२३३३	२३४४	२३५०	२३५२	२३५५	२३८५
द्वैमासिक	३८२	३८१	३८५	३८६	३८७	३९६
त्रैमासिक	६४१	६४५	६५१	६५१	६५२	६५७
चौमासिक	३८	३९	४०	४०	४३	४१
अर्ध वार्षिक	८८	८७	८७	८७	९१	९०
वार्षिक	८९	९०	९८	९८	९९	९४
अन्य	-	-	-	२९	२९	६२
जम्मा	**७७५९**	**७७९०**	**७८४२**	**७८७९**	**७९४४**	**७९९७**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/सूचना तथा प्रसारण विभाग, २०८० *फागुनसम्म

द्रष्टव्यः पत्रिकाको किसिम हेरफेर भएकाले सङ्ख्यामा हेरफेर भएको छ।

१०.२७ भाषागतरूपमा २०८० फागुनसम्म कुल ७,९९७ पत्रपत्रिका दर्ता भएका छन्। दर्ता भएका पत्रपत्रिकामध्ये नेपाली भाषाका सबैभन्दा बढी ५,३७६ र राई भाषाका सबैभन्दा कम २ रहेका छन्।

१०.२८ कतार एयरवेज र सिङ्गापुर एयरलाईन्ससँग २८ देशमा अन्तराष्ट्रिय डाँक ढुवानीका लागि सम्झौता भई ढुवानी कार्य भइरहेको छ। द्रुत डाँक सेवा २०८० फागुनसम्म ४४ जिल्लाको ६५ स्थानमा विस्तार भएको छ। अन्तर्राष्ट्रिय हवाई द्रुत डाँक सेवा हालसम्म ३९ देशमा विस्तार भएको छ।

१०.२९ २०८० फागुनसम्म रेडियो नेपालको प्रसारण पहुँच ९३.० प्रतिशत जनसङ्ख्यामा पुगेको छ। रेडियो नेपालको प्रसारण क्षमता विस्तारको लागि चालु आर्थिक वर्षको फागुनसम्म जुम्ला, रूकुम पश्चिम र मुस्ताङमा रिले एफ.एम. स्थापना भएसँगै रिले

एफ.एम. केन्द्रको सङ्ख्या ३२ पुगेको छ। राज्यले अवलम्बन गरेको समावेशी नीतिअनुरूप रेडियो नेपालबाट विभिन्न ३२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम प्रसारण हुँदै आएका छन्।

चार्ट १०(ख): रेडियो नेपालको प्रसारण पहुँचको अवस्था (जनसङ्ख्या प्रतिशतमा)

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/रेडियो नेपाल, २०८०

१०.३० २०८० फागुनसम्म नियमित प्रसारणमा रहेका एफ.एम. र टेलिभिजनको सङ्ख्या क्रमशः ७२० र १०६ रहेको छ।

तालिका १०(च): श्रव्य-दृष्यसम्बन्धी इजाजत (सङ्ख्या)

विवरण	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
एफ. एम. रेडियो नियमित प्रसारण	६८४	६८९	७०७	७१४	७२०
टेलिभिजन लाईसेन्स	१७०	१९३	२३३	२४३	२४५
टेलिभिजन नियमित प्रसारण	५८	६२	८६	१०२	१०६
केबुल टेलिभिजन	८५३	८५३	८५३	८५३	८५३
डि. टि. एच.	३	३	३	३	३
डाउनलिङ्कको इजाजत	१५४	१३८	१४१	१४२	१४२
VHF/UHF वाकीटकी	९६६	१०२०	१०९४	११३१	११४०
रेडियो यन्त्र बिक्री वितरण	२४९	२७३	२९३	३०७	३१२
कथानक चलचित्र जाँच पास सङ्ख्या	-	२९	५६	१४८	१०७
विज्ञापन चलचित्र जाँचपास सङ्ख्या	-	१८	४५	३३	२६

विवरण	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
विदेशी चलचित्र छायाङ्कनको ईजाजत	-	३३	२८	७१	३२
आइ.पी. टेलिभिजन ईजाजत	१२	१४	१६	१६	६

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/सूचना तथा प्रसारण विभाग, २०८०

१०.३१ चालु आर्थिक वर्षको फागुनसम्म ३७२ अनलाइन सञ्चार संस्था दर्ता भएका छन् भने १,३०० अनलाईन सञ्चार संस्था नवीकरण भएका छन्।

१०.३२ २०८० फागुनसम्म ३ करोड ५४ लाख ५९ हजार टेलिफोन प्रयोगमा रहेका छन्। २०८० असारसम्म यो सङ्ख्या ३ करोड ४७ लाख ८३ हजार रहेको थियो। मोबाइल सेवाको विस्तारसँगै आधारभूत (फिक्स्ड) टेलिफोनको सङ्ख्या क्रमशः घट्दै गएको छ।

तालिका १०(छ): टेलिफोन सेवा विस्तार (सङ्ख्या हजार)

सेवा	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
आधारभूत (फिक्स्ड)	७८३	८०९	८२५	८३२	६०६
मोबाइल	३७०७४	३८९५२	४१४५५	३३९४८	३४८५०
अन्य	२९०५	२९८६	२९८६	२९८६	२९८६
जम्मा	**३७८६०**	**३९७६४**	**४२२८३**	**३४७८३**	**३५४५९**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८०

१०.३३ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायक मार्फत उपलब्ध गराएको डाटा सेवा २०८० फागुनसम्म ४ करोड २१ लाख १८ हजार प्रयोगकर्ताले प्रयोग गरेका छन्।

तालिका १०(ज): डाटा/इन्टरनेट सेवा प्रयोगकर्ता (सङ्ख्या हजारमा)

सेवा प्रदायक	२०७७ असार	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१०८२६	१६७२९	२०६९९	२०३६६	२१५६९
एनसेल प्रा.लि.	६७१०	७५०६	९१८४	८९१४	७८९१
स्मार्ट टेलिकम प्रा.लि.	२०३	१६७	१४६	-	-
इन्टरनेट सेवा प्रदायकहरू	४४९८	६६८२	८३९२	१०५२८	१२६५९
जम्मा	**२२२३८**	**३१०८४**	**३८४२१**	**३९८०८**	**४२११८**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८०

१०.३४ इन्टरनेट ग्राहकको सङ्ख्या वढ्दै गएको छ। २०८० फागुनसम्म इन्टरनेट ग्राहकको घनत्व १४३.८ प्रतिशत पुगेको छ। यस्तो घनत्व २०८० असारसम्म १३५.९ प्रतिशत रहेको थियो।

तालिका १०(झ): मोबाइल र इन्टरनेटसम्बन्धी विवरण

उपक्षेत्रगत कार्यक्रम	ईकाई	२०७८ असार	२०७९ असार	२०८० असार	२०८० फागुन
इन्टरनेट ग्राहकको घनत्व	प्रतिशत	९०.६	१३०.६	१३५.९	१४३.८
मोवाईल टेलिफान ग्राहकको घनत्व	प्रतिशत	१३१.५	१४३.६	११९.३	१२१.६
मोवाईल टेलिफोनको ग्राहक	जना(लाख)	३८०	४२०	३४७	३५५
स्थानीय तहको केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच	सङ्ख्या	७१३	७३८	७५३	७५३
अप्टिकल फाइवर विस्तार	कि.मि.	१०५२७	१२२२४	१२३३८	१४०५३
फिक्स ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	२५.१	३२.२	४०.३	४७.७
मोवाईल ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	६५.५	९८.६	९५.६	९६.१

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८०

११. सामाजिक क्षेत्र

११.१ सामाजिक क्षेत्रमा सरकारी तथा निजी लगानी बढ्दै गएसँगै यस क्षेत्रका सूचकमा सुधार हुँदै आएको छ। प्रत्येक नागरिकसम्म आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरिएको छ। सबैलाई अनिवार्य र आधारभूत शिक्षाको प्रत्याभूति गरिएबमोजिम शिक्षामा पहुँच वृद्धि हुँदै गएको छ। फलस्वरूप, आधारभूत र माध्यमिक तहमा खुद भर्ना दर बढ्दै गएको छ। आधारभूत खानेपानी सेवा ९६.४ प्रतिशत जनसङ्ख्यामा पुगेको छ।

स्वास्थ्य क्षेत्र

११.२ आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य तथा सामाजिक क्षेत्रको योगदान १.८६ प्रतिशत रहने अनुमान छ। चालु आर्थिक वर्षमा स्वास्थ्य तथा सामाजिक क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.५२ प्रतिशतले बढ्ने अनुमान छ।

११.३ राष्ट्रिय जनगणना, २०७८ (जनसाङ्ख्यिक सूचक) अनुसार नेपालको कुल प्रजनन दर १.९ रहेको छ जुन प्रतिस्थापन प्रजनन दर २.१ भन्दा कम हो। प्रदेशगतरूपमा मधेश र कर्णालीमा कुल प्रजनन दर राष्ट्रिय औसतभन्दा माथि रहेको छ भने बागमतीमा कुल प्रजनन दर सबैभन्दा न्यून रहेको छ।

चार्ट ११(क): नेपालमा मातृ मृत्युदरको अवस्था (प्रतिलाख जीवित जन्ममा)

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८०

११.४ सन् २०१६ देखि २०२१ सम्म मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) २३९ प्रतिलाखबाट घटेर १५१ रहेको छ। प्रदेशगतरूपमा बागमतीमा मातृ मृत्युदर सबैभन्दा कम ९८ प्रति लाख र लुम्बिनीमा सबैभन्दा बढी २०७ प्रति लाख रहेको छ। कर्णाली, गण्डकी र कोशी प्रदेशमा समेत मातृ मृत्युदर राष्ट्रिय औसतभन्दा उच्च रहेको छ।

चार्ट ११ (ख): मातृ मृत्युदरको प्रदेशगत स्थिति

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८०

११.५ दक्ष प्रसूतिकर्मीबाट सुत्केरी हुने महिलाको दर सन् २०२२ मा ८० प्रतिशत पुगेको छ। शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) क्रमशः १७.० र २२.९ मा झरेको छ। पाँच वर्षमुनीका बालबालिकामा हुने मृत्युमध्ये करिब ६४ प्रतिशत बच्चाको मृत्यु जन्मेको एक महिनाभित्र हुने गरेको छ।

तालिका ११(क): स्वास्थ्य सम्बन्धी सूचक

सूचक	२०११	२०१६	२०२२
	जनगणना २०६८ मा आधारित	संयूक्त राष्ट्रसंघको प्रक्षेपणमा आधारित	राष्ट्रिय जनगणना
औसत आयु/जीवन प्रत्याशा (जन्म हुँदाको)	६६.६	६८.८	७१.३
नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ मा आधारित			
कुल प्रजनन दर (सङ्ख्या प्रति महिला)	२.६	२.३	१.९
परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (प्रतिशत)	४३.२	४२.८	४२.७
नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको २८ दिनभित्र)	३३.०	२१.०	-

सूचक	२०११	२०१६	२०२२
	जनगणना २०६८ मा आधारित	संयूक्त राष्ट्रसंघको प्रक्षेपणमा आधारित	राष्ट्रिय जनगणना
शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको १ वर्षभित्र)	४६.०	३२.०	१७.०
५ वर्षमुनिको बाल मृत्युदर (प्रति १००० जीवित जन्ममा)	५४.०	३९.०	२२.९
कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत*	५०.१	६९.४	८०.५
दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत	३६.०	५८.०	८०.१
स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत	३५.३	५७.४	७९.३
पूर्ण रूपमा खोप लगाउने बालबालिकाको प्रतिशत (Basic Antigens)	८७.०	७७.८	८०.०
पूर्ण रूपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत (राष्ट्रिय खोप तालिका अनुसार)			५२.१

स्रोतः नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (मूख्य सुचकाङ्क प्रतिवेदन), २०२२

*नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२

स्वास्थ्य सेवा तथा जनशक्ति

११.६ नेपालमा प्रति हजार जनसङ्ख्यामा १.२० चिकित्सक र २.८३ नर्स रहेका छन् जुन विश्व स्वास्थ्य संगठनले तोकेको न्यूनतम मापदण्ड भन्दा माथि हो। उत्पादित स्वास्थ्य जनशक्ति देशभित्र खपत हुने वातावरण सिर्जना गर्नु, उत्पादित जनशक्तिको देशभित्र समान वितरण गर्नु र सीप मिश्रित दक्ष जनशक्तिको उत्पादन बढाउनु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

चार्ट ११(ग): प्रतिहजार जनसङ्ख्यामा स्वास्थ्य जनशक्ति

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८०

११.७ २०७९ फागुनसम्म डाक्टर, नर्स/अ.न.मी., कविराज, वैद्य, स्वास्थ्य सहायक र महिला स्वास्थ्य स्वयंसेविका समेत गरी १ लाख २ हजार ५ सय ७ स्वास्थ्यकर्मी सरकारी

सेवामा कार्यरत रहेकोमा २०८० फागुनसम्म यस्तो सङ्ख्या १ लाख २ हजार ६ सय ८६ पुगेको छ।

तालिका ११(ख): स्वास्थ्य संस्था, शैया र सरकारी सेवामा रहेका जनशक्तिको विवरण

विवरण/असारमसान्तसम्म	२०७६	२०७७	२०७८	२०७९	२०८०	२०८०*
१. स्वास्थ्य संस्था	५७१७	७१५	७५६६	७५९८	७८५८	७८५८
क) अस्पताल	१२५	१२५	१२५	१५४	२१५	२१५
ख) प्राथमिक स्वास्थ्य केन्द्र	२०३	२०३	२०५	१९६	२०१	२०१
ग) स्वास्थ्य चौकी	३८०५	३८०	३८७०	३८५३	३८२०	३८२०
घ) आयुर्वेदिक औषधालय	३८४	३९५	३९५	४२४	४२६	४२६
ङ) उपस्वास्थ्य चौकी/	१२००	२६२	२९७१	२९७१	३१९६	३१९६
२. अस्पताल शैया	८१७२	८१७	११६४	१५७९०	१६०१५	१६५४१
३. जम्मा जनशक्ति	९०९४	९०९	९०३६९	९७४४९	१०२५०	१०२६८
क) डाक्टर	२६४०	२६४	२६४०	४६६०	६१३८	६२०१
ख) नर्स/अ.न.मी.	२०६५	२०६	२०६५	२४६९३	२७६८३	२७६९८
ग) कविराज	६१३	६१३	६१३	६१३	६७४	६८४
घ) वैद्य	६९३	६९३	६९३	६९३	६९३	६९३
ङ) स्वास्थ्य सहायक (हे.अ.,	१४३४	१४३	१४३४	१५३६७	१५८९६	१५९८७
च) महिला स्वास्थ्य स्वयंसेविका	५२००	५२०	५१४२३	५१४२३	५१४२३	५१४२३

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *२०८० फागुनसम्म

नोटः अन्य मन्त्रालय अन्तर्गत सञ्चालित अस्पताल समेत (आधारभूत स्वास्थ्य केन्द्रका साथै नगर स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ समेत थप गरिएको)

स्वास्थ्य सेवा प्रवाह

११.८ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ४ करोड ६० लाख ५६ हजार पटक सेवा प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सेवा प्रवाह २ करोड ८८ लाख पटक भएको थियो। कुल सेवामध्ये बहिरङ्ग सेवाको अंश सबैभन्दा बढी ९२.६ प्रतिशत रहेको छ भने आकस्मिक र अन्तरङ्ग सेवाको अंश क्रमशः ४.९ प्रतिशत र २.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको अन्तसम्म सरकारी र निजी स्वास्थ्य संस्थाबाट अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ५ करोड ८४ लाख १५ हजार पटक सेवा प्रवाह भएको थियो ।

तालिका ११(ग): स्वास्थ्य सेवाबाट लाभान्वित विवरण (पटक हजारमा)

स्वास्थ्य सेवा/आर्थिक वर्ष	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
अन्तरङ्ग	१०१७	१४८६	१६१४	११७१
बहिरङ्ग	२६८४३	३३०६३	५३८३३	४२६४३
आकस्मिक	२०८७	२९३९	२९६८	२२४२
जम्मा	३०००७	३७४८८	५८४१५	४६०५६

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

राष्ट्रिय खोप कार्यक्रम

११.९ राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत पाँच वर्ष मुनिका बालबालिकालाई बि.सि.जि., डी.पि.टी., पोलियो, दादुरा, रूबेला लगायत १३ प्रकारका रोग विरूद्धको खोप उपलब्ध गराइदै आएको छ। साथै, गर्भवती महिलाको लागि टिटानस र डिप्थेरिया विरूद्धको खोप प्रदान गरिँदै आएको छ।

तालिका ११(घ): राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप प्राप्त गर्ने बालबालिका तथा महिला (सङ्ख्यामा)

सूचकाङ्क	एन्टिजेन सङ्ख्या	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
२ वर्षसम्मको बालबालिका (सङ्ख्या हजारमा)							
वि.सि.जि. भ्याक्सिन	१	५६५.०	५३३.७	५६२.७	५३९.८	५२६.८	३०४.९
डि.पि.टी, हेप-बी., हिब (तेस्रो मात्रा)	५	५३७.२	४८३.३	५४१.६	४९४.८	५०८.४	२६८.७
पोलियो (तेस्रो मात्रा)	१	५१९.२	४७७.३	५०६.२	४९५.९	५०६.८	२५६.६
दादुरा, रूबेला (दोस्रो मात्रा)	२	४४५.२	४२६.८	४८२.१	४८०.०	४८८.९	२७४.५
रोटा दोस्रो मात्रा	१			३४३.०	४७१.२	५०१.१	३२०.१
पि.सि.भि. तेस्रो मात्रा	१	५०४.१	४८५.०	४९७.७	४८८.०	४८४.	२९१.७
जापानिज इन्सेफ्लाइटिस	१	४९४.२	४७२.१	५०३.०	४९५.९	४९१.	३०७.७
टाइफाइड	१				२२३.८	४६९.१	२९४.४
गर्भवती महिला (सङ्ख्या हजारमा)							
टिटानस र डिप्थेरिया	२	४८६.२	४४७.५	४५२.१	२४०.५	४४७.१	२२२.७

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

विपन्न नागरिक औषधि उपचार कार्यक्रम

११.१० सामाजिक स्वास्थ्य सुरक्षाको महत्वपूर्ण अङ्गको रूपमा रहेको विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ३५ हजार १ सय ४३ विपन्न नागरिकले सेवा प्राप्त गरेका छन्। जसमध्ये १७ हजार ८ सय ८८ ले क्यान्सर, ५ हजार २ सय ९९ ले मुटु, १ सय ९१ मृगौला प्रत्यारोपण सहित ८ हजार ८ सय ८२ नागरिकले मृगौलासम्बन्धी सेवा पाएका छन्। गत आर्थिक वर्षमा ३५ हजार २ सय ८४ विपन्न नागरिकले यस्तो सेवा प्राप्त गरेका थिए।

तालिका ११(ङ): विपन्न नागरिक औषधि उपचार कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या

विवरण	२०७८/७९	२०७९/८०#	२०८०/८१*
क्यान्सर	१८३६२	१६६९६	१७८८८
मुटु	६००१	६५२६	५२९९
मृगौलाको उपचार			
हेमोडायलाईसिस	६५३४	७१८६	७३०८
पेरिटोनियल डायलासिस	४४३	२८६	३६९
Acute Kidney Infection/ औषधि सेवन	-	४९५	६०६
सेरो पोजेटिभ हेमोडायलाईसिस	-	१३९	१६६
प्रत्यारोपण #	७४५	३४३	१९१
प्रत्यारोपण पश्चात औषधि सेवन र HLA क्रस म्याचका बिरामी	७२५	३६४	२४२
कुल मृगौला बिरामी	**८४४७**	**८८१३**	**८८८२**
पार्किन्सन्स	६३	७९	७८
अल्जाइमर	१०	२९	३४
हेड इन्जुरी	५१३	६३०	५६४
स्पाइनल इन्जुरी	११३२	९५०	८७७
सिकलसेल एनिमिया	१२२६	१५६१	१५२१
जम्मा	**३५७५४**	**३५२८४**	**३५१४३**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

#क्यान्सर गत अ.व. मा १७५५६ उल्लेख भएकोमा उक्त अवधि मा १६६९६ भएकोले सच्याइएको। Acute Kidney Infection/औषधि सेवन ५५७ भएकोमा उक्त अवधीमा ४९५ भएकोले सच्याइएको। मृगौला प्रत्यारोपण बापत अघिल्लो आर्थिक वर्षको समेत भुक्तानी भएको।

११.११ आर्थिक वर्ष २०७८/७९ देखि विपन्न नागरिकको औषधि उपचार वापत मासिकरूपमा रू.५ हजार आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। चालु आर्थिक वर्षको पुससम्म २४ हजार २ सय २४ विपन्न नागरिकलाई रू.८५ करोड ३७ लाख ३१

हजार उपलब्ध गराइएको छ। गत आर्थिक वर्षमा ४० हजार ५६ विपन्न नागरिकलाई रू.१ अर्ब १३ करोड ९२ लाख ५६ हजार उपलब्ध गराइएको थियो।

मृगौला तथा कलेजो प्रत्यारोपण

११.१२ चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न सार्वजनिक स्वास्थ्य संस्थाबाट १९४ बिरामीमा मृगौला र १५ बिरामीमा कलेजो प्रत्यारोपण भएको छ। गत आर्थिक वर्षको फागुनसम्म १२५ बिरामीको मृगौला प्रत्यारोपण र १ बिरामीको कलेजो प्रत्यारोपण भएको थियो। आर्थिक वर्ष २०७९/८० सम्ममा ३०२ बिरामीमा मृगौला र ४ बिरामीमा प्रत्यारोपण भएको थियो।

दर्ता भएका चिकित्सक तथा स्वास्थ्यकर्मी

११.१३ २०७९ पुससम्म दर्ता भएका स्वास्थ्यकर्मीको सङ्ख्या ३ लाख ७ हजार ४८ रहेकोमा २०८० पुससम्म यस्तो सङ्ख्या ३ लाख २२ हजार २ सय ५४ पुगेको छ। २०८० पुससम्म ३० हजार २७ मेडिकल चिकित्सक, ४ हजार ८ सय ८३ दन्त चिकित्सक र १० हजार ५ सय ८८ विशेषज्ञ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्। दर्ता भएका कुल चिकित्सकमध्ये पुरूषको सङ्ख्या ६४.१ प्रतिशत रहेको छ।

११.१४ २०८० फागुनसम्म नेपाल नर्सिङ काउन्सिल अन्तर्गत १ हजार ५ सय ७ नर्स विशेषज्ञ, ८२ हजार ४ सय ७१ नर्स, ३७ हजार ४ सय २० अ.न.मी. ६६ मिडवाईफ र ८ सय ४९ विदेशी नर्स समेत गरी १ लाख २२ हजार ३१३ दर्ता भएका छन्। नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा चालु आर्थिक वर्षको चैतसम्म कुल १ लाख ५४ हजार ४ सय ४१ स्वास्थ्यकर्मी दर्ता भएका छन् । साथै, नेपाल आयुर्वेद मेडिकल परिषद्मा चालु आर्थिक वर्षको फागुनसम्म कुल ६ हजार ३ सय १७ स्वास्थ्यकर्मी दर्ता भएका छन्।

तालिका ११(च): नेपाल मेडिकल काउन्सिल तथा नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मी

(सङ्ख्या)

स्वास्थ्यकर्मीको प्रकार	२०७८ पुस मसान्तसम्म			२०७९ पुस मसान्तसम्म			२०८० पुस मसान्तसम्म		
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा
मेडिकल चिकित्सक	१७३८१	८६७१	२६०५२	१८५२०	९२८५	२७८०५	१९९५४	१००७३	३००२७
दन्त चिकित्सक	१५४६	२५३५	४०८१	१६२२	२७९१	४४१३	१७२७	३१५६	४८८३
विशेषज्ञ चिकित्सक									
एम.डि/एम.एस	५९६०	२२४३	८२०३	६७१४	२६२५	९३३९	६९२०	२६६९	९५८९
एम.डि.एस	३५५	३०४	६५९	३९६	३४५	७४१	५४९	४५२	१००१

नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका नर्स तथा अ.न.मी. को सङ्ख्या (चैत २०८० सम्मको)

आर्थिक वर्ष	२०७८	२०७९	२०८०
नर्स विशेषज्ञ	५९८	१३२६	१५०७
नर्स सङ्ख्या	६८३१६	७३८८९	८२४७१
अ.न.मी. सङ्ख्या	३६४४६	३७१८३	३७४२०
मिडवाइफ	-	५१	६६
विदेशी नर्स	-	८४८	८४९
नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी		१४६६४३	१५४४४१
नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी		४८१०	६३१७

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८०

नोटः चिकित्सक सङ्ख्यामा विशेषज्ञ चिकित्सक तथा नर्स सङ्ख्यामा नर्स विशेषज्ञ समेत समावेश गरिएको।

परिवार नियोजन कार्यक्रम

११.१५ चालु आर्थिक वर्षको फागुनसम्म परिवार नियोजनका अस्थायी साधनको नयाँ प्रयोगकर्ता ३ लाख ९६ हजार २ सय ३४ रहेका छन्। गत आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ४ लाख ७ हजार ५ सय ६६ रहेको थियो। यस अवधिमा आधुनिक परिवार नियोजनका साधनको प्रयोग दरमा सामान्य कमी आएपनि परम्परागत परिवार नियोजनका साधनको प्रयोग दर भने केही बढेको छ।

क्षयरोग नियन्त्रण कार्यक्रम

११.१६ चालु आर्थिक वर्षको फागुनसम्म औषधि प्रतिरोधी क्षयरोग उपचार केन्द्र २४, उपचार उपकेन्द्र ९८ र जिनएक्सपर्ट केन्द्र १२३ स्थानमा विस्तार भएको छ। यस अवधिमा २३ हजार १८१ क्षयरोगका बिरामीले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको फागुनसम्म यस्तो सेवा प्राप्त गर्नेको सङ्ख्या २२ हजार ८६९ रहेको थियो।

औलो रोग नियन्त्रण कार्यक्रम

११.१७ औलो रोग नियन्त्रण कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म २० हजार नमूना परीक्षण गरिएकोमा ५३१ व्यक्तिमा औलो देखा परेको छ। गत आर्थिक वर्षको फागुनसम्म २ लाख ८५ हजार ६ सय ८७ रगतको नमूना परीक्षण गरिएकोमा ३ सय ५४ मा औलो देखापरेको थियो।

हात्तीपाईले रोग नियन्त्रण कार्यक्रम

११.१८ २०८१ बैशाखमा हात्तीपाईले रोग देखिएका झापा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, रसुवा र कपिलवस्तु गरी ७ जिल्लाका ५० लाख व्यक्तिलाई हात्तीपाइले विरूद्धको औषधि खुवाउने लक्ष्य राखी अभियान सञ्चालन भएको छ। गत आर्थिक वर्षको असारसम्म हात्तीपाइले रोग देखिएका १५ जिल्लामा यस रोग विरूद्धको औषधि खुवाउने अभियान सञ्चालन भइ ८४ लाख ९८ हजार ५ सय १ व्यक्तिले औषधि सेवन गरेका थिए।

एच.आई.भी. एड्स तथा यौन रोग कार्यक्रम

११.१९ चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ९७ हजार १ सय ६७ को एच.आई.भी. परीक्षण गरिएकोमा एच.आई.भी पोजेटिभ देखिएको सङ्ख्या १,५३६ रहेको छ। उक्त अवधिमा २५ हजार ४३ एच.आई.भी संक्रमितलाई एन्टीरेट्रोभाईरल ट्रिट्मेन्ट (ART) केन्द्रबाट एन्टीरेट्रोभाइरल (ARV) औषधि वितरण भएको छ।

११.२० गत आर्थिक वर्षको फागुनसम्म आमाबाट बच्चामा सर्ने एच.आई.भी.को रोकथाम (PMTCT) कार्यक्रममा आवद्ध ६१ गर्भवती महिलासहित २३ हजार ७ सय ६० एच.आई.भी संक्रमितलाई एन्टीरेट्रो ट्रिटमेन्ट (ART) केन्द्रबाट एन्टीरेट्रो भाइरल (ARV) औषधि वितरण भएको थियो। गत आर्थिक वर्षको असारसम्म २४ हजार २ सय ३२ संक्रमितलाई एन्टीरेट्रो ट्रिटमेन्ट (ART) केन्द्रबाट एन्टीरेट्रो भाइरल (ARV) औषधि वितरण भएको थियो।

डेङ्गु रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम

११.२१ चालु आर्थिक वर्षको फागुनसम्म डेङ्गुबाट ४१ हजार ६ सय २८ संक्रमित भएकोमा ३३ व्यक्तिको मृत्यु भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा डेङ्गुबाट कुल ५४ हजार ५ सय ६१ संक्रमित भएकोमा ८८ व्यक्तिको मृत्यु भएको थियो। यस अवधिमा डेङ्गु नियन्त्रण तथा रोकथामका लागि बहु-निकाय तथा बहु-सहकार्य

सचेतनामूलक कार्यक्रम सञ्चालन भएको छ। त्यसैगरी, ५०० स्वास्थ्यकर्मीले डेङ्गु रोकथाम तथा जनचेतना अभिवृद्धिसम्बन्धी अभिमूखीकरण तालिम प्राप्त गरेका छन्।

मुटु रोगको निःशुल्क उपचार

११.२२ चालु आर्थिक वर्षको फागुनसम्म ५ सय ५९ बिरामीको मुटुको भल्भको शल्यक्रिया र १ हजार ६ सय ११ बिरामीको मुटुको विभिन्न प्रकारको शल्यक्रिया भएको छ। त्यसैगरी, १० हजार ९ सय ३७ बिरामीले क्याथल्याब सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ५ सय ४ बिरामीको मुटुको भल्भको शल्यक्रिया र १ हजार ४ सय ६४ बिरामीको भल्भ बाहेक मुटुको विभिन्न प्रकारको शल्यक्रिया भएको थियो। साथै, सो अवधिमा ९ हजार ६ सय ८८ बिरामीले क्याथल्याब सेवा प्राप्त गरेका थिए।

प्रयोगशाला परीक्षण

११.२३ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट विभिन्न रोगको परीक्षण तथा निदानात्मक सेवा उपलब्ध हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ७४ हजार १ सय ११ ले यस प्रयोगशालाबाट परीक्षण सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सेवा प्राप्त गर्नेको सङ्ख्या ८२ हजार १ सय ९४ रहेको थियो।

आयुर्वेदसम्बन्धी सेवा

११.२४ मुलुकभरका आयुर्वेद अस्पताल तथा आयुर्वेद सेवाकेन्द्रबाट चालु आर्थिक वर्षको फागुनसम्म १४ लाख ४७ हजार ४ सय ५४ ले आयुर्वेद सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षमा यस्तो सेवा पाउनेको सङ्ख्या २३ लाख २५ हजार १ सय ९४ रहेको थियो।

स्वास्थ्य पूर्वाधार विकास

११.२५ प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने नेपाल सरकारको नीतिअनुरूप हालसम्म ४६२ स्थानीय तहमा अस्पताल निर्माणको लागि डि.पी.आर. तयार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ६ स्वास्थ्य संस्थाको निर्माण कार्य सम्पन्न भएको छ।

स्वास्थ्य बीमा कार्यक्रम

११.२६ स्वास्थ्य बीमा कार्यक्रममा जनताको आकर्षण बढ्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा बीमित परिवार, बीमित जनसङ्ख्या, सेवा लिनेको सङ्ख्या क्रमशः २०.८ प्रतिशत, २०.९ प्रतिशत र २८.४ प्रतिशतले वृद्धि भएको छ।

११.२७ चालु आर्थिक वर्षको फागुनसम्म स्वास्थ्य बीमाको दायरामा आएको परिवार सङ्ख्या २३ लाख ९५ हजार रहेको छ भने कुल बीमित सङ्ख्या ७७ लाख २७ हजार रहेका छन्। साथै, ३६ लाख २१ हजार व्यक्तिले स्वास्थ्य बीमाबाट सेवा लिएका छन्।

चार्ट ११(घ) : स्वास्थ्य बीमाको उपयोग (जनसङ्ख्या हजारमा)

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

११.२८ २०७९ फागुनसम्म ७ सय ४७ स्थानीय तहमा बीमा कार्यक्रम विस्तार भएकोमा हालसम्म देशका ७ सय ५३ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार भएको छ।

तालिका ११(छ): स्वास्थ्य बीमामा आवद्ध लक्षित वर्ग

लक्षित वर्ग/बीमित सङ्ख्या	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
महिला स्वास्थ्य स्वयंसेविका (परिवार सङ्ख्या सहित)	६१३७३	९९१८५	११५८७८	४८५४४
एच.आई.भी संक्रमित (परिवार सङ्ख्या सहित)	१९८५०	२९४०६	३४३९१	२१११८
एम.डि.आर.टी.बी. (परिवार सङ्ख्या सहित)	१९००	२७३६	३१७८	१८८४
कुष्ठरोगी (परिवार सङ्ख्या सहित)	२३१५	३०५६	३३७७	२१३८
अति अशक्त अपाङ्ग (परिवार सङ्ख्या सहित)	७४६४९	११०१२३	१३१२१०	६९६१२
जेष्ठ नागरिक (परिवार सङ्ख्या सहित)	५४६३५८	७०७३४३	८२३१५३	४०२३३५
अति गरिब (परिवार सङ्ख्या सहित)	**४७६३२२**	**४९३३४७**	**५०४६६४**	**५७००#**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

#विगतमा (५ वर्ष अघि) अति गरिब परिवारको प्रमाण पत्र प्रदान गरिएकोमा चालु आर्थिक वर्षमा म्याद समाप्त भएकोमा नवीकरण नभएकोले सो सङ्ख्यालाई समावेश नगरी चालु आर्थिक वर्षमा नयाँ प्रमाण पत्र प्रदान गरिएका अति गरिब परिवार सङ्ख्या मात्र समावेश गरिएको ।

११.२९ चालु आर्थिक वर्षको फागुनसम्म सरकारी ३ सय ८५, निजी ३४ र सामुदायिक २६ गरी कुल ४ सय ४५ स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य बीमामा आबद्ध भएका छन्।

तालिका ११(ज): स्वास्थ्य बीमा दावी र शोधभर्ना

आर्थिक वर्ष	सरकारी अस्पताल		सामुदायिक अस्पताल		निजी अस्पताल	
	दाबी सङ्ख्या (हजारमा)	शोधभर्ना (रू. करोडमा)	दाबी सङ्ख्या (हजारमा)	शोधभर्ना (रू. करोडमा)	दाबी सङ्ख्या (हजारमा)	शोधभर्ना (रू. करोडमा)
२०७३/७४	२२.३४	१.४५	१.०७	०.२	८.३९	१.२१
२०७४/७५	२७१.८३	२७.१८	५६.२२	८.३९	१९२.६	३१.३६
२०७५/७६	१००६.८३	१०५.१३	२३५.१६	३३.३	३५२.७७	७४.५१
२०७६/७७	१६८२.५५	१८५.६७	३३८.४७	५४.९७	४५८.३६	१४६.६४
२०७७/७८	१५५४.३२	२११.४५	२६८.६१	६२.३८	३९९.७६	२०९.५८
२०७८/७९	४०२०.२५	४९९.८	८७५.८८	१३०.४९	१५८८.९३	३६२.१५
२०७९/८०	४८७६.११	७८६.५५	८१२.९४	१५०.०४	८४०.२५	३७६.०२
२०८०/८१*	२५३९.७३	३९४.७२	४१८.९	९०	३६३.२५	१६४.२

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

औषधि व्यवसाय

११.३० चालु आर्थिक वर्षको फागुनसम्म २९ हजार २ सय ७७ फार्मेसी दर्ता भएका छन्। औषधि आयातकर्ता अनुमति प्राप्त गर्ने प्रतिष्ठानको सङ्ख्या १८५ रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म २,१२६ नयाँ फार्मेसी दर्ता र ११ हजार फार्मेसी नवीकरण भएका छन् ।

११.३१ चालु आर्थिक वर्षको फागुनसम्म एलोपेथी ३, आयुर्वेदिक ४ र भेटेरिनरी १ गरी ८ औषधि उद्योग दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा एलोपेथी ५, आयुर्वेदिक १ र भेटेरिनरी १ गरी ७ उद्योग दर्ता भएका भएका थिए। नेपालमा हालसम्म १३७ औषधि उद्योग दर्ता भएका छन्। कुल औषधि उद्योगमध्ये एलोपेथी ८१, आयुर्वेद ४८ र भेटेरिनरी ८ छन्।

शिक्षा

११.३२ आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान ८.५ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, यस अवधिमा शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि २.७ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्षको कुल गार्हस्थ्य

उत्पादनमा शिक्षा क्षेत्रको योगदान ८.३ प्रतिशत रहेको थियो भने यस क्षेत्रको मूल्य अभिवृद्धि ३.९ प्रतिशतले विस्तार भएको थियो।

११.३३ शैक्षिक सत्र २०८० मा माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर गत वर्षको भन्दा ०.५ प्रतिशत विन्दुले बढेर ५७.९ प्रतिशत पुगेको छ। कक्षा १ मा खुद प्रवेश दर ९५.७ रहेको छ भने आधारभूत तह (कक्षा १-५) को खुद भर्नादर ९५.६ प्रतिशत र आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर ९५.१ प्रतिशत रहेको छ। गत शैक्षिक सत्रमा उक्त भर्नादर क्रमशः ९७.१ प्रतिशत र ९६.१ प्रतिशत रहेको थियो। प्रारम्भिक बालविकास कक्षामा १ वर्षभन्दा बढी अवधि रहने प्रवृत्ति बढेको र जनसङ्ख्या वृद्धिदरमा कमी आएकोले कक्षा १ मा खुद प्रवेश दर र आधारभूत तहको खुद भर्नादर घटेको अनुमान छ।

११.३४ पछिल्ला वर्षमा विद्यार्थीको टिकाउ दर क्रमशः बढ्दै गएको छ। शैक्षिक सत्र २०८० मा कक्षा ८ सम्मको टिकाउ दर ८६.२ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६९.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ३७.२ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०७९ मा यस्तो टिकाउ दर क्रमशः ८५.७ प्रतिशत, ६७.३ प्रतिशत र ३५.६ प्रतिशत रहेको थियो।

११.३५ पछिल्ला वर्षमा महिला शिक्षकको सङ्ख्या बढ्दै गएको छ। यद्यपि, माध्यमिक तहमा महिला शिक्षकको अनुपात तुलनात्मक रूपमा न्यून रहको छ। आधारभूत तह (कक्षा १-५) मा कुल शिक्षकमध्ये महिला शिक्षकको अनुपात शैक्षिक सत्र २०७९ मा ४७.२ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०८० मा ५४.१ प्रतिशत पुगेको छ। माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको अनुपात १९.० प्रतिशत पुगेको छ।

तालिका ११(झ): शैक्षिक सूचक

सूचकहरू	२०७६	२०७७	२०७८	२०७९	२०८०
आधारभूत शिक्षा (प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा समेत)					
पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर	८६.२	८७.६	८९.६	९४.९	९९.९
पूर्वप्राथमिक शिक्षामा अनुभव भइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत	६८.६	७०.२	७४.९	७६.७	७६.९
कक्षा १ मा कुल प्रवेशदर	१२१.९	१२०.७	१२७.०	१२५.७	११५.९
कक्षा १ मा खुद प्रवेशदर	९६.९	९७.३	९६.३	९५.९	९५.७
कुल भर्नादर (कक्षा १–५)	११९.२	११८.२	१२२.०	१२९.५	१२४.८
खुद भर्नादर (कक्षा १–५)	९७.१	९७.४	९६.९	९७.१	९५.६
कुल भर्नादर (कक्षा १–८)	११०.४	११३.२	११८.०	११९.३	१२०.४

सूचकहरू	२०७६	२०७७	२०७८	२०७९	२०८०
खुद भर्नादर (कक्षा १–८)	९३.४	९४.७	९५.१	९६.१	९५.१
कक्षा १–८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	१.०	१.०	१.०	१.०	१.०
कक्षा ८ मा टिकाउ दर	७९.३	८२०२.०	८५.१	८५.७	८६.२
आधारभूत शिक्षाको तह पूरा गर्नेको दर	७२.७	७५.३	७६.२	७७.१	८०.३
५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत	६.७	५.४	४.९	३.९	४.९
कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत	१४.६	१४.६	४३.७	NA	NA
माध्यमिक शिक्षा (कक्षा ९–१२)					
कक्षा ९–१० को खुद भर्नादर	७१.४	७५.७	७६.१	७६.५	७६.५
कक्षा ९–१२ को खुद भर्नादर	४७.६	५१.२	५४.३	५७.४	५७.९
कक्षा १० सम्मको टिकाउ दर	६०.३	६४.६	६६.१	६७.३	६९.९
कक्षा १२ सम्मको टिकाउ दर	२४.०	२९.२	३३.१	३५.६	३७.२
कक्षा ९–१२ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	१.०	१.०	१.०	१.०	०.९
साक्षरता दर*					
साक्षरता दर ६+वर्ष	७८.०	७८.०	७८.०	७६.३	७६.३
साक्षरता दर १५-२४ वर्ष	८८.६	८८.६	८८.६	९४.२	९४.२
साक्षरता दर १५+ वर्ष	५८.०	५८.०	५८.०	७१.२	७१.२
शिक्षक व्यवस्थापन					
आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षक प्रतिशत	४३.७	४६.६	४६.५	४७.२	५४.१
माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षक प्रतिशत	१९.८	२०.७	२०.४	१७.४	१९.०

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

*साक्षरता दर २०७९ पछि जनगणनाको आधारमा तयार गरिएको हो।

प्रारम्भिक बालविकास तथा शिक्षा

११.३६ शैक्षिक सत्र २०८० मा ३२ हजार ८ सय ६१ सामुदायिक (परम्परागत विद्यालयमा सञ्चालित ५ सय ६६ समेत) र ७ हजार ६ सय २३ संस्थागत गरी ४० हजार ६ सय ८४ प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०७९ मा यस्तो सङ्ख्या ४० हजार ६ सय ५६ रहेको थियो। औपचारिक शिक्षाको तयारीमा महत्त्वपूर्ण मानिने यस्तो शिक्षा प्रदान गर्ने संस्थामा भएको वृद्धिले गुणस्तरीय शिक्षामा योगदान पुऱ्याएको छ।

११.३७ प्रारम्भिक बालविकास केन्द्रमा भएको बढोत्तरीले आम मानिसमा प्रारम्भिक बालविकास शिक्षाको महत्त्व बढ्दै गएको देखाएको छ। शैक्षिक सत्र २०७९ मा बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात ७६.७ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०८० मा यस्तो अनुपात ७६.९ प्रतिशत पुगेको छ।

चार्ट ११(ङ): बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थी (प्रतिशतमा)

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.३८ शैक्षिक सत्र २०८० मा प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका कुल १२ लाख ८६ हजार ५ सय २६ विद्यार्थीमध्ये ४९.७ प्रतिशत बालबालिका सामुदायिक बालविकास केन्द्रमा र ५०.३ प्रतिशत बालबालिका संस्थागत विद्यालयमा भर्ना भएका छन्। सामुदायिक र संस्थागत दुवै किसिमका बालविकास केन्द्रमा छात्राको भन्दा छात्रको सङ्ख्या बढी रहेको छ।

चार्ट ११(च): शैक्षिक सत्र २०८० मा प्रारम्भिक बालविकास कक्षामा विद्यार्थी भर्ना प्रतिशत

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

विद्यालय विवरण

११.३९ शैक्षिक सत्र २०८० मा कुल विद्यालय सङ्ख्या ३५ हजार ८ सय ७६ पुगेको छ। यस्तो सङ्ख्या गत शैक्षिक सत्रमा ३४ हजार ३ सय ६८ रहेको थियो। कुल विद्यालयमध्ये सामुदायिक विद्यालय ७४.१ प्रतिशत, संस्थागत विद्यालय २२.० प्रतिशत र परम्परागत/धार्मिक विद्यालय ३.९ प्रतिशत रहेका छन् ।

तालिका ११(ञ): विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण

प्रकार	सामुदायिक (परम्परागत सहित)	सामुदायिक मात्र	संस्थागत	जम्मा	परम्परागत/धार्मिक
आधारभूत तह (कक्षा १-५)	१५८०२	१४६५२	१८१५	१७६१७	११५०
आधारभूत तह (कक्षा १-८)	४९७२	४८२१	१७९५	६७६७	१५१
माध्यमिक तह (कक्षा १-१०)	३५३३	३४७४	३१३९	६६७२	५९
माध्यमिक तह (कक्षा १-१२)	३६८३	३६५९	११३७	४८२०	२४
जम्मा	**२७९९०**	**२६६०६**	**७८८६**	**३५८७६**	**१३८४**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.४० कुल सामुदायिक विद्यालयमध्ये एक सयभन्दा कम विद्यार्थी भएका विद्यालय ५७.० प्रतिशत रहेका छन् भने २ हजारभन्दा बढी विद्यार्थी भएका विद्यालय ०.४ प्रतिशत रहेका छन्। सहरी क्षेत्रमा बढ्दै गएको बसाइसराइ र जन्मदरमा आएको कमीले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको छ।

तालिका ११(ट): विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयको सङ्ख्या
(शैक्षिक सत्र २०८०)

विद्यार्थी सङ्ख्या	विद्यालय सङ्ख्या
१०० भन्दा कम	१५९६५
१०० देखि ५०० सम्म	९७०४
५०१ देखि १००० सम्म	१६३६
१००१ देखि १५०० सम्म	४४९
१५०१ देखि २००० सम्म	१३६
२००० भन्दा बढी	१००
जम्मा	**२७९९०**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

शिक्षक विवरण र अनुपात

११.४१ आधारभूत तहमा कार्यरत महिला शिक्षकको सङ्ख्या माध्यमिक तहको तुलनामा उच्च रहेको छ। शैक्षिक सत्र २०८० मा सबै प्रकारका विद्यालयमा कार्यरत २ लाख ८६ हजार ८८ शिक्षकमध्ये ४२.२ प्रतिशत महिला र ५७.८ प्रतिशत पुरूष रहेका छन्। आधारभूत तहमा पुरूष शिक्षक ५१.० प्रतिशत र महिला शिक्षक ४९.० प्रतिशत रहेकोमा माध्यमिक तहमा पुरूष शिक्षक ८२.० प्रतिशत र महिला शिक्षक १८.० प्रतिशत रहेका छन्।

तालिका ११(ठ): सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०८०

तह	सामुदायिक विद्यालय		संस्थागत विद्यालय		धार्मिक विद्यालय		कुल जम्मा		
	महिला	पुरूष	महिला	पुरूष	महिला	पुरूष	महिला	पुरूष	जम्मा
आधारभूत (१—८)	६६९१८	८८६१८	४१५२१	२२१९१	९११	२८२०	१०९३५०	११३६२९	२२२९७९
माध्यमिक (९—१२)	५६२७	२९८६४	५६६९	२१५७१	८३	२९५	११३७९	५१७३०	६३१०९
जम्मा	**७२५४५**	**११८४८२**	**४७१९०**	**४३७६२**	**९९४**	**३११५**	**१२०७२९**	**१६५३५९**	**२८६०८८**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

नोटः शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको सङ्ख्या गणना नगरिएको।

सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

११.४२ शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा विद्यालय-विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५) मा ८५.२, आधारभूत तह (कक्षा ६-८) मा १०९.०, माध्यमिक तह (कक्षा ९-१०) मा १०९.७ र माध्यमिक तह (कक्षा ११-१२) मा १३९.८ रहेको छ। त्यसैगरी, स्वीकृत दरबन्दीका आधारमा विद्यार्थी अनुपात माध्यमिक तह (कक्षा ११-१२) मा सबैभन्दा बढी २६८.५ र आधारभूत तह (कक्षा १-५) मा सबैभन्दा कम २९.६ रहेको छ।

तालिका ११(ड): तहगत विद्यालय विद्यार्थी र शिक्षक अनुपात

तह	प्रति विद्यालय विद्यार्थी सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात (स्वीकृत दरबन्दीका आधारमा मात्र)
आधारभूत तह (कक्षा १-५)	८५.२	२९.६
आधारभूत तह (कक्षा ६-८)	१०९.०	८१.४
माध्यमिक तह (कक्षा ९-१०)	१०९.७	६१.६
माध्यमिक तह (कक्षा ११-१२)	१३९.८	२६८.५

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.४३ शैक्षिक सत्र २०८० मा सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा १-१२) मा अध्ययनरत कुल विद्यार्थीमध्ये छात्र ५१.५ प्रतिशत र छात्रा ४८.५ प्रतिशत रहेका छन्।

११.४४ सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षकमध्ये लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (कक्षा १-५) मा सबैभन्दा बढी १.२ रहेको छ भने माध्यमिक तह (कक्षा ११-१२) मा सबैभन्दा कम ०.२ रहेको छ।

चार्ट ११(छ): विद्यालयमा कार्यरत शिक्षकको लैङ्गिक समता सूचकाङ्क

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

विद्यार्थी विवरण

११.४५ शैक्षिक सत्र २०८० मा आधारभूत तह (कक्षा १-५) मा ४९.३ प्रतिशत, आधारभूत तह (कक्षा ६-८) मा २५.९ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१०) मा १४.६ प्रतिशत र माध्यमिक तह (कक्षा ११-१२) मा १०.२ प्रतिशत विद्यार्थी अध्ययरत छन्। यस वर्ष भर्ना भएका कुल विद्यार्थीमध्ये छात्रा ४८.५ प्रतिशत र छात्र प्रतिशत ५१.५ रहेका छन्।

तालिका ११(ढ): विगत पाँच वर्षको तहगत विद्यार्थी सङ्ख्या

तह\शैक्षिक सत्र	२०७६	२०७७	२०७८	२०७९	२०८०
आधारभूत तह (कक्षा १-५)	३५४३८६२	३५१८९५०	३५४८६३६	३६१०६०३	३५१९२१४
आधारभूत तह (कक्षा ६-८)	१७७५१४२	१८१६७७६	१७७७३४४	१८२७४३३	१८५२४९३
माध्यमिक तह (कक्षा ९-१०)	१०४०९७६	१०६४८१५	१०७९३५२	१०६३२८५	१०४५०९२
माध्यमिक तह (कक्षा ११-१२)	६६१६४२	६८०२२१	६१७५५९	७३५९५३	७२६४६३
जम्मा	**७०२३६९८**	**७०८२८३९**	**७०२४९६९**	**७२३९३५३**	**७१४३२६२**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

मञ्जुषा बक्स ११(क): सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण

पछिल्लो समय विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तरमा वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ। सामुदायिक विद्यालयमध्ये रूपन्देही जिल्लास्थित कालिका मानवज्ञान माध्यमिक विद्यालयमा सबैभन्दा बढी ८,०५३ विद्यार्थी अध्ययनरत रहेका छन्।

तालिका ११(ण): सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेका पन्ध्र सामुदायिक विद्यालयको विवरण

प्रदेश	जिल्ला	स्थानीय तह	विद्यालयको नाम	विद्यार्थी सङ्ख्या
लुम्बिनी	रूपन्देही	बुटवल उमनपा	कालिका मानवज्ञान मावि	८०५३
मधेस	धनुषा	विदेह नपा	जनता नमूना मावि	५७८९
लुम्बिनी	रूपन्देही	तिलोत्तमा नपा	शान्ति नमूना मावि	५२८३
लुम्बिनी	रूपन्देही	बुटवल उमनपा	कान्ति मावि	५१७३
लुम्बिनी	रूपन्देही	बुटवल उमनपा	नवीन औद्योगिक कदरबहादुर रिता मावि	४६५८
बागमती	काठमाडौं	काठमाडौं मनपा	ज्ञानोदय मावि	४६१३
बागमती	काठमाडौं	काठमाडौं मनपा	विश्वनिकेतन मावि	४४३५
मधेस	पर्सा	विरगञ्ज मनपा	त्रिजुद्ध महावीर रघुवीर राम मावि	४४१६
कोशी	मोरङ	सुन्दरहरैंचा नपा	सुकुना मावि	४०९६
लुम्बिनी	दाङ	घोराही उमनपा	पद्मोदय पब्लिक मावि	४०३६
बागमती	भक्तपुर	भक्तपुर नपा	बागीश्वरी मावि	३९५०
लुम्बिनी	कपिलवस्तु	शिवराज नपा	नेपाल आदर्श मावि	३६१९
बागमती	चितवन	भरतपुर मनपा	नारायणी नमूना मावि	३६१४
मधेस	धनुषा	जनकपुरधाम उमनपा	सङ्कटमोचन देवशरण रामरति मावि	३५८४
कोशी	झापा	मेचीनगर नपा	धुलाबारी मावि	३५८०

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

माध्यमिक शिक्षा परीक्षामा कम्तिमा १०० भन्दा बढी विद्यार्थी सहभागी गराई ३० प्रतिशतभन्दा बढी विद्याथीले औसत स्तरीकृत अङ्क (जिपिए) ३.२ वा सोभन्दा माथि प्राप्त गर्ने सामुदायिक विद्यालय १५ रहेका छन्।

तालिका ११(त): ३० प्रतिशत भन्दा बढी विद्यार्थीले जिपिए ३.२ र सोभन्दा माथि हासिल गरेका सामुदायिक विद्यालय

विद्यालयको नाम र ठेगाना	जम्मा विद्यार्थी	औसत स्तरीकृत अङ्क ३.२ र सोभन्दा माथि हासिल गर्ने विद्यार्थीको प्रतिशत
पोखरीया मावि, विराटनगर, मोरङ्ग	३६०	७४.४४
जनता मावि, पिपरा, कपिलवस्तु	२८९	६२.२८
मावि गरूडा, बैरिया, रौतहट	१८८	६१.१७
सरस्वती मावि, दिक्तेल, खोटाङ्ग	१७५	६१.१४
जुद्ध मावि, गौर, रौतहट	४४१	५२.८३
गुरू जजुर मावि, रक्षाचौर, दाङ्ग	२३८	५२.५२
सरस्वती मावि, पिपरा, भलोहिया, रौतहट	२४८	४७.९८
नारायणी नमूना मावि, भरतपुर, चितवन	३७४	४५.४५
श्री अमरसिंह मावि, रामघाट, कास्की	२३२	४५.२५
बागिश्वरी मावि, तौलाछेँ टोल, भक्तपुर	२७६	४१.३०
ज्ञानोदय मावि, पुरानो कालिमाटी, काठमाडौं	३५५	४०.५६
आदर्श मावि, विराटनगर, मोरङ्ग	३७५	३९.४६
कालिका मानवज्ञान मावि, बुटवल, रूपन्देही	६२७	३७.३२
कान्ति मावि, बुटवल, रूपन्देही	३७०	३१.६२
शान्ति नमूना मावि, मणिग्राम, रूपन्देही	४६१	३०.८०

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

चार्ट ११(ज): शैक्षिक सत्र २०८० मा कुल विद्यार्थी भर्नामा तहगत लैङ्गिक समता सूचकाङ्क

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.४६ शैक्षिक सत्र २०८० मा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत कुल विद्यार्थीमध्ये माध्यमिक तह (११-१२) मा लैङ्गिक समता सूचकाङ्क सबैभन्दा बढी १.०२ रहेको छ भने आधारभूत तह (१-५) मा सबैभन्दा कम ०.९२ रहेको छ।

११.४७ माध्यमिक तह (९-१२) मा खुद भर्नादर बढ्दै गएको छ। शैक्षिक सत्र २०८० मा आधारभूत तहको खुद भर्नादर अघिल्लो वर्षभन्दा एक प्रतिशत विन्दुले कमी आएको छ भने माध्यमिक तहको खुद भर्नादर ०.५ प्रतिशत विन्दुले वृद्धि भएको छ।

चार्ट ११(झ): विगत ५ वर्षको खुद भर्नादर

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.४८ शैक्षिक सत्र २०८० मा ६९.९ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालय र ३०.१ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययरत छन्। कुल विद्यालयमध्ये ७८.० प्रतिशत सामुदायिक विद्यालय रहेका छन्।

चार्ट ११(ञ): विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत (शैक्षिक सत्र २०८०)

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.४९ शैक्षिक सत्र २०८० मा आधारभूत तह (कक्षा १-८) मा छात्राको कुल भर्नादर बढी भएतापनि माध्यमिक तह (कक्षा ९-१२) मा छात्रको कुल भर्नादर बढी रहेको छ।

तालिका ११(थ): शैक्षिक सत्र २०८० मा तहगत विद्यार्थी भर्नादर

विद्यालय तह	कुल भर्नादर			खुद भर्नादर		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
आधारभूत (कक्षा १-५)	१२४.३	१२५.२	१२४.८	९५.६	९७.७	९५.६
आधारभूत (कक्षा ६-८)	११९.४	११२.७	११६.१	९४.३	९४.५	९४.४
आधारभूत (कक्षा १-८)	१२१.९	११९.०	१२०.४	९५.०	९५.१	९५.१
माध्यमिक (कक्षा ९-१०)	९७.३	१००.१	९८.७	७५.७	७७.३	७६.५
माध्यमिक (कक्षा ११-१२)	-	-	-	-	-	-
माध्यमिक (कक्षा ९-१२)	६९.८	६९.९	६९.९	५५.८	५९.९	५७.९

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.५० शैक्षिक सत्र २०८० मा कक्षा ५ को टिकाउ दर गत वर्ष भन्दा ०.७ प्रतिशत विन्दुले घटेर ८८.४ प्रतिशतमा झरेको छ भने कक्षा ८ को टिकाउदर ०.४ प्रतिशत विन्दुले बढेर ८६.२ प्रतिशत पुगेको छ ।

चार्ट ११(ट): विगत ५ वर्षमा कक्षा ५ र कक्षा ८ को टिकाउ दर (प्रतिशतमा)

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

माध्यमिक शिक्षा परीक्षा (SEE)

११.५१ माध्यमिक शिक्षा परीक्षा, २०७९ मा सामेल भएका ४ लाख ८४ हजार ९ सय २४ परीक्षार्थीमध्ये जिपिए ०.८० देखि २.४० सम्म ल्याउने विद्यार्थी ४७.८ प्रतिशत र जिपिए २.४० देखि ४.०० सम्म ल्याउने विद्यार्थी ५२.२ प्रतिशत रहेका छन् ।

चार्ट ११(ठ): २०७९ को माध्यमिक शिक्षा परीक्षा (विद्यार्थी सङ्ख्या प्रतिशतमा)

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

११.५२ शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा कुल ३ लाख ७२ हजार ६ सय ३७ परीक्षार्थी सहभागी भएकामा ४९.१ प्रतिशत अवर्गीकृत वर्ग अर्थात पुनः परीक्षामा सामेल हुने वर्गमा परेका छन्। गत शैक्षिक सत्रको

नतिजामा यस्ता परीक्षार्थी ५३.६ प्रतिशत रहेका थिए। माध्यमिक शिक्षा परीक्षामा जस्तै यस वर्षको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सहभागी हुनेको सङ्ख्या केही कमी आएको छ।

तालिका ११(द): शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) विवरण

औसत स्तरीकृत अङ्क (GPA)	जम्मा	प्रतिशत
३.६१ देखि ४.० सम्म	६९७६	१.८७
३.२१ देखि ३.६० सम्म	३८९९९	१०.४७
२.८१ देखि ३.२० सम्म	६९१७४	१८.५६
२.४१ देखि २.८० सम्म	६३०७७	१६.९३
२.०१ देखि २.४० सम्म	११४३८	३.०७
१.६१ देखि २.० सम्म	४७	०.०१
अवर्गीकृत	१८२९२६	४९.०९
जम्मा	**३७२६३७**	**१००.००**

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा

११.५३ अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न हालसम्म ३३ विशेष विद्यालय र २३ एकीकृत विद्यालय सञ्चालनमा रहेका छन्। अपाङ्गता भएका बालबालिकाको लागि ३८० स्रोत कक्षाको व्यवस्था भएको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्करूपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ।

११.५४ अपाङ्गता भएका बालबालिकाले प्राप्त गर्ने छात्रवृत्तिको कारण उनीहरूको शिक्षाको अधिकारका साथसाथै व्यक्तिगत विकासमा समेत मद्दत पुगेको छ। शैक्षिक सत्र २०८० मा आधारभूत तथा माध्यमिक शिक्षातर्फ ५३ हजार ६ सय ८० अपाङ्गता भएका बालबालिकाले आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्राप्त गरेका छन्। गत आर्थिक वर्षमा ५३ हजार ६ सय ८० अपाङ्गता भएका बालबालिकाले आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्राप्त गरेका थिए।

शैक्षिक पूर्वाधार निर्माण

११.५५ हालसम्म २०७२ को भूकम्पबाट प्रभावित ३१ जिल्लाका ७,५३७ विद्यालयको पुनर्निर्माण कार्य सम्पन्न भएको छ भने ४० विद्यालय निर्माणाधीन अवस्थामा रहेका छन्।

पाठ्यक्रम, सिकाइ सामग्री उत्पादन र प्रसारण

११.५६ शैक्षिक सत्र २०८० देखि विद्यालय शिक्षाका सबै कक्षामा नयाँ पाठ्यक्रम लागू भएको छ। कक्षा ९ र १० का संस्कृत तर्फका इतिहास, पुराण, दर्शनशास्त्र र वास्तुशास्त्र विषयको पाठ्यक्रम तर्जुमा भएको छ। त्यसैगरी, कक्षा ९ र १० को मातृभाषातर्फ अवधी भाषा र कक्षा ११ र १२ को मदरसातर्फका हदिस शरीफ, कुरान शिक्षा र फिक्ह विषयको पाठ्यक्रम समेत तर्जुमा भएको छ।

११.५७ नयाँ पाठ्यक्रम कार्यान्वयनसँगै अक्षराङ्कन पद्धतिमा आधारित मूल्याङ्कनमा समसायमिक परिमार्जन समेत गरी ग्रेडिङका लागि कम्तिमा ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने व्यवस्था कार्यान्वयनमा आएको छ। यससँगै विद्यालयमा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार हुने अपेक्षा रहेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा

११.५८ उद्यमी युवालाई लक्षित गरी १४ आङ्गिक शिक्षालय मार्फत उद्यमशीलता र व्यावसायिक विकासका लागि इन्कुवेसन सेन्टर सञ्चालनमा रहेको छ। त्यसैगरी प्रयोगात्मक अभ्यासमार्फत वस्तु तथा सेवा उत्पादनमा अभिवृद्धिका लागि १४ आङ्गिक शिक्षालयमार्फत इन्टर्नको व्यवस्था भएको छ।

११.५९ शैक्षिक सत्र २०८० मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का ६५ आङ्गिक शिक्षालयमा प्रि-डिप्लोमा र डिप्लोमा तहमा ८ हजार ६ सय ४१ विद्यार्थी अध्ययनरत छन्। साथै, परिषद्बाट सम्बन्धन प्राप्त, सामुदायिक विद्यालय र साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन भएका १ हजार १ सय ७ शैक्षिक संस्थामा २७ हजार ३ सय २१ विद्यार्थी अध्ययनरत छन्।

विद्यालय दिवा खाजा कार्यक्रम

११.६० विद्यालय दिवा खाजा कार्यक्रमबाट शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका ३० लाख ९ हजार ६ सय ४० विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। गत शैक्षिक सत्रमा यस्तो सङ्ख्या ३१ लाख १३ हजार ६ सय ८४ रहेको थियो।

साक्षरता शिक्षा

११.६१ चालु आर्थिक वर्षको फागुनसम्म कपिलवस्तु जिल्ला साक्षर घोषणा भएको छ। यो समेत गरी २०८० फागुनसम्म साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६४ पुगेको छ। हालसम्म कोशी, गण्डकी र बागमती साक्षर प्रदेश घोषणा भएका छन्।

छात्रवृत्ति कार्यक्रम

११.६२ शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थीमध्ये ११ लाख ४३ हजार ६ सय ३१ विद्यार्थीले विभिन्न किसिमका छात्रवृत्ति प्राप्त गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म छात्रवृत्तिबापत रू.२ अर्ब ३६ करोड ७५ लाख ३९ हजार उपलब्ध गराइएको छ। जसबाट विद्यालयमा लक्षित वर्गको टिकाउ दर बढाउन सहयोग पुगेको छ।

विद्यालय शिक्षामा सूचना प्रविधि

११.६३ मुलुकभर सञ्चालित २७ हजार ९ सय ९० सामुदायिक विद्यालयमध्ये ५८.१ प्रतिशत विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा पूर्वाधार विस्तार भएको छ। गत शैक्षिक सत्रमा सूचना प्रविधि प्रयोगशाला भएका विद्यालय २५.१ प्रतिशत रहेका थिए। त्यसैगरी, वैकल्पिक स्रोत समेत विद्युत सेवा पुगेका विद्यालय ६९.६ प्रतिशत र ब्रोडब्यान्ड इन्टरनेट जडान भएका विद्यालय ४३.१ प्रतिशत पुगेका छन्।

उच्च शिक्षा

११.६४ आर्थिक वर्ष २०७९/८० मा विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा ८.४ प्रतिशतले बढेर ७ लाख ३९ हजार ९ सय ४१ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो सङ्ख्या २२.६ प्रतिशतले बढेर ६ लाख ८२ हजार ५ सय ८९ रहेको थियो।

११.६५ तथ्याङ्क उपलब्ध भएका ११ विश्वविद्यालय र ३ प्रतिष्ठानका ७ लाख ३९ हजार ९ सय ४१ विद्यार्थीमध्ये ७९.४ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालय र अन्यमा २१.८ प्रतिशत विद्यार्थी अध्ययनरत छन् ।

११.६६ विश्वविद्यालय अनुदान आयोगबाट २०८० फागुनसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्ने उच्च शिक्षाका शैक्षिक संस्थाको सङ्ख्या १०३ पुगेको छ। २०७९ फागुनसम्म यस्तो सङ्ख्या ८६ रहेको थियो।

वैदेशिक अध्ययन अनुमतिपत्र

११.६७ नेपालबाट विदेशमा उच्च शिक्षा अध्ययनको लागि जाने विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ बाहेक वर्सेनि वैदेशिक अध्ययन अनुमति लिने विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ।

तालिका ११(ध): वैदेशिक अध्ययन अनुमतिपत्र विवरण

आर्थिक वर्ष	सङ्ख्या
२०७१/७२	३०७९७
२०७२/७३	३७१४८
२०७३/७४	५०७९६
२०७४/७५	५८७५८
२०७५/७६	६३४१७
२०७६/७७	३३१९६
२०७७/७८	२८८८३
२०७८/७९	१०२५०४
२०७९/८०	११०२१७
२०८०/८१*	९०१६९

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८० *फागुनसम्म

११.६८ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म जारी भएका कुल ९० हजार १ सय ६९ वैदेशिक अध्ययन अनुमतिपत्रको सङ्ख्याका आधारमा १० प्रमुख गन्तव्य देशका लागि मात्र ९४.१ प्रतिशत वैदेशिक अध्ययन अनुमतिपत्र जारी भएको छ।

तालिका (न): वैदेशिक अध्ययन अनुमतिपत्रको आधारमा प्रमुख १० गन्तव्य मुलक

क्र.सं.	देश	प्रतिशत
१	जापान	३३.१
२	क्यानडा	१८.१
३	अष्ट्रेलिया	१४.४
४	संयुक्त अधिराज्य	१०.३
५	संयुक्त राज्य अमेरिका	७.५
६	दक्षिण कोरिया	४.९
७	भारत	१.९
८	युनाइटेड अरब इमिरेट्स	१.९
९	फ्रान्स	१.०
१०	डेनमार्क	१.०
११	अन्य	५.९
	जम्मा	**१००**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

मञ्जुषा बक्स ११(ख) : विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित मूल्य, मान्यता एवं सिद्धान्तका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र शैक्षिक संस्था एवं निकायको कार्यसम्पादन परीक्षण गरी प्राप्त नतिजा सार्वजनिकीकरण मार्फत शैक्षिक क्षेत्रका नीति निर्माण तथा कार्यान्वयनमा सम्बद्ध पक्षलाई सहयोग पुऱ्याउने उद्देश्यले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गरिँदै आएको छ।

तालिका ११(प): हालसम्म भएका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको विवरण

परीक्षण	कक्षा	विषयहरू
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०११	८	नेपाली, सामाजिक अध्ययन र गणित
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१२	३ र ५	कक्षा ३: नेपाली र गणित, कक्षा ५: नेपाली
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१३	८	नेपाली, गणित र विज्ञान
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१५	३ र ५	कक्षा ३: नेपाली र गणित, कक्षा ५: नेपाली
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१७	८	नेपाली, गणित र विज्ञान
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१८	५	नेपाली र गणित
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१९	१०	नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०२०	८	नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी
पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण २०२०	३	नेपाली र गणित
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०२२	५	नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी
विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०२२	१०	नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, २०२० अनुसार कक्षा ८ मा अध्ययनरत विद्यार्थीमध्ये नेपाली, अङ्ग्रेजी, विज्ञान र गणित विषयमा क्रमशः ५८.८ प्रतिशत, ५१.५ प्रतिशत, ३७.७ प्रतिशत र ३२.१ प्रतिशत विद्यार्थी सक्षम रहेको देखाएको छ।

चार्ट ११(ड): विभिन्न विषयमा सिकाइ सक्षमता

नोटः सक्षमता तह ४, ५ र ६ मा पर्ने विद्यार्थी सक्षम र अन्य तहमा पर्ने विद्यार्थी असक्षम भन्ने बुझाउँछ।

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको उपलब्धि

सन् २०१७ देखि २०२२ सम्म सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट प्राविधिक एस.एल.सी तथा डिप्लोमा तहमा अध्ययनरत विद्यार्थीमध्ये गरिबी मापन सूचकाङ्क (पिएमटी) स्कोरको आधारमा छनौट भएका ६,४५७ विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्। विभिन्न ट्रेसर अध्ययनले देखाएअनुसार परियोजनाबाट तालिम लिएका धेरैजसो विद्यार्थी रोजगार र स्वरोजगारमा रहेका छन्। प्राविधिक एस.एल.सी.तर्फ ८७.५ प्रतिशत र कार्यस्थलमा आधारित १० महिने तालिमतर्फ ६८.६ प्रतिशत व्यक्ति रोजगारीमा रहेका छन्। सन् २०२३ मा गरिएको प्रभावकारिता अध्ययनले यो परियोजनाबाट तालिम प्राप्त विद्यार्थीमध्ये ७५ प्रतिशत विद्यार्थी स्वरोजगारमा रहेको देखाएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट गरिएको ट्रेसर अध्ययनले सीप परीक्षणमा उत्तीर्ण भएका प्रशिक्षार्थीको रोजगारीको दर कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा क्रमशः ७१.७ प्रतिशत, ६६.७ प्रतिशत, ७६.२ प्रतिशत, ६२.१ प्रतिशत, ७५.३ प्रतिशत, ३६.७ प्रतिशत र ६२.३ प्रतिशत रहेको देखाएको छ। सोही अध्ययनमा सीप परीक्षणमा उत्तीर्ण भएका प्रशिक्षार्थीको पेशागत रोजगारीको दर निर्माण, विद्युत, हस्पिटालिटी, कृषि, कम्प्युटर, अटोमोबाइल र मेकानिकलतर्फ क्रमशः ७५.५८ प्रतिशत, ७३.८७ प्रतिशत, ४३.८४ प्रतिशत, ३४.८२ प्रतिशत, ६७.२७ प्रतिशत, ७७.७८ प्रतिशत र ९९.३३ प्रतिशत रहेको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा विगत ५ वर्षमा सञ्चालन गरिएका विभिन्न तहका सीप परीक्षणमा परीक्षार्थीको उत्तीर्ण प्रतिशत तह चारमा सबैभन्दा बढी देखिएको छ भने सबैभन्दा कम उत्तीर्ण प्रतिशत तह तीनको रहेको छ ।

चार्ट ११(ढ):सीप परीक्षणतर्फको उत्तीर्ण प्रतिशत

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

विज्ञान तथा प्रविधि

११.६९ अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुने गरी रेडियोधर्मी पदार्थको मानव हितका लागि शान्तिपूर्ण प्रयोग गर्न रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७,

रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८ र विकिरण सुरक्षा निर्देशिका, २०८० जारी भएका छन्।

११.७० राष्ट्रिय विधि विज्ञान प्रयोगशाला अन्तर्गत ४ प्रादेशिक प्रयोगशाला स्थापना भएका छन्। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म १,१७१ केसका ३,९५२ नमूना परीक्षण भएको छ। आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ को फागुनसम्म ७,२८७ नमूना परीक्षण भएको थियो।

११.७१ अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) को प्राविधिक सहयोगमा रेडियोधर्मी पदार्थको उपयोग सम्बन्धमा वीर अस्पताल, राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क), त्रिभूवन विश्वविद्यालय लगायतका निकायमा २० परियोजना सञ्चालनमा रहेका छन्। यस्ता परियोजनाबाट क्यान्सरको निदान तथा उपचार, पशु स्वास्थ्य, युरेनियमको अन्वेषण, पूर्वाधारको गुणस्तर परीक्षण, उन्नत बीउबिजन, खाद्य सुरक्षा र अध्ययन अनुसन्धानको क्षेत्रमा ठोस उपलब्धि प्राप्त भएको छ।

खानेपानी तथा सरसफाइ

११.७२ राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८० कार्यान्वयनमा आएको छ। सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आधारभूत तथा सुरक्षित खानेपानीको पहुँचमा वृद्धि भएको छ। फलस्वरूप, २०८० फागुनसम्म आधारभूत खानेपानीको पहुँच ९६.७५ प्रतिशत जनसङ्ख्यामा पुगेको छ।

तालिका ११(फ): खानेपानी तथा सरसफाइको स्थिति (कुल लाभान्वित जनसङ्ख्याको प्रतिशत)

सूचक	२०७७	२०७८	२०७९	२०८०	२०८०*
आधारभूत खानेपानी सेवा	९१.०	९३.२१	९४.९३	९६.४४	९६.७५
आधारभूत सरसफाइ	१००.०	१००.०	१००.०	१००.०	९५.५*
उच्च मध्यमस्तरको खानेपानी	२३.०	२४.६५	२५.६९	२६.७५	२७.७६
प्रशोधनसहितको ढल प्रणाली	२.१	२.१	२.२८	२.३४	२.३४

स्रोतः खानेपानी मन्त्रालय, २०८० *राष्ट्रिय जनगणना, २०७८

११.७३ विभिन्न जिल्लामा सञ्चालनमा रहेका सहलगानी खानेपानी आयोजना, जलवायु अनुकुलित बृहत खानेपानी आयोजना, सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना र केन्द्रीय खानेपानी आयोजना अन्तर्गत १७ खानेपानी आयोजना सम्पन्न भएका छन्। यी लगायतका खानेपानी आयोजनाबाट चालु आर्थिक वर्षको फागुनसम्म थप ३ लाख २ हजार ७८ जनसङ्ख्यामा सुरक्षित खानेपानी सेवा पुगेको छ।

११.७४ खानेपानी संस्थानअन्तर्गत हालसम्म १ लाख ४९ हजार ३ सय ८६ धारा जडान भएको छ।

११.७५ मेलम्चीको पानी वितरणको लागि पहिलो चरणमा बिछ्याइएका १०१० किलोमिटर पाइपमध्ये ४८७ किलोमिटर पाइपलाइनको परीक्षण सम्पन्न भइ उपत्यकाका विभिन्न स्थानमा नयाँ पाइपलाइनबाट नियमितरूपमा पानी वितरण कार्य शुरू भएको छ। हालसम्म काठमाडौं उपत्यका भित्र ३४ हजार धारा जडान कार्य सम्पन्न भएको छ।

११.७६ मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरण अन्तर्गत खानेपानी वितरणको लागि ७ सय ९६ किलोमिटर पाइप विछ्याउने लक्ष्य रहेकोमा २०८० फागुनसम्म ६ सय ७० किलोमिटर पाइपलाइन विछ्याउने कार्य सम्पन्न भएको छ।

११.७७ चालु आर्थिक वर्षको प्रथम ८ महिनामा किर्तिपुर (६००० घनमिटर) र महाँकालचौर (८,००० घनमिटर) को पानीपोखरी निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौंको खानेपानी वितरण प्रणाली सुधारको लागि निर्माणाधिन स्काडा (SCADA) को ७० प्रतिशत कार्य सम्पन्न भएको छ।

११.७८ २०८० फागुनसम्म सूचना व्यवस्थापन प्रणालीमा ४५२ नगरपालिका/गाउँपालिकाका १८ हजार ७ सय ७९ खानेपानी प्रणालीको तथ्याङ्क सङ्कलन भएको छ। तथ्याङ्क सङ्कलनसँगै खानेपानी प्रणालीको संरचनागत अवस्था, खानेपानी पहुँचबाट वञ्चित रहेको समुदाय, सरसफाइको अवस्था, विद्यालयको खानेपानी तथा सरसफाइको अवस्थाको पहिचान भएको छ। यस अवधिसम्म करिब ८ लाख १८ हजार घरधुरीको निजी धाराको नक्साङ्कन सम्पन्न भएको छ ।

११.७९ वर्षातको पानी सङ्कलन सम्वन्धी कार्यक्रमबाट चालु आर्थिक वर्षमा काठमाडौं उपत्यका भित्रका थप १० स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान गरी करिब थप ३००० जनसङ्ख्यामा खानेपानीको सेवा पुगेको छ। काठमाडौं उपत्यकाभित्र २६५ सरकारी विद्यालय, ४६ सरकारी भवन र ८२ सार्वजनिक भवन गरी हालसम्म ३९३ स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान गरिएको छ ।

११.८० चालु आर्थिक वर्षको फागुनसम्म काठमाडौं उपत्यका भित्र रहेका करिव २० पुराना ढुङ्गेधारा, सार्वजनिक इनार, कुवा लगायतका सामूहिक पानीका स्रोतको संरक्षण कार्य सम्पन्न भएको छ। हालसम्म काठमाडौं उपत्यकाभित्रका १९५ ढुङ्गेधारा तथा पोखरीको संरक्षण गरिएको छ।

११.८१ आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०७९/८० सम्म काठमाडौं उपत्यकाका विभिन्न ३१ स्थानमा वाटर एटिएम जडान कार्य सम्पन्न भइ सञ्चालनमा आएका छन्।

ढल व्यवस्थापन

११.८२ तीन करोड चौबिस लाख लिटर प्रतिदिन क्षमता भएको गुह्येश्वरी ढल प्रशोधन केन्द्रको निर्माण सम्पन्न भएको छ। धोवीघाट (३७ MLD) ढल प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भइ टेस्टिङ र कमिशनिङ् (Testing and Commissioning) कार्य भइरहेको छ।

११.८३ ललितपुरको मूख्य क्षेत्र र पाटन दरबार क्षेत्रमा लगनखेलदेखि पाटन दरबार क्षेत्र हुँदै शंखमूल खण्डमा २.३९ किलोमिटर ढल निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौंको गोकर्ण क्षेत्रमा ६.२३ किलोमिटर ढल निर्माण कार्य शुरू भएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

महिला

११.८४ राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत २०८० फागुनसम्म विभिन्न दुर्गम तथा पहाडी क्षेत्रका ६६० गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या १०८ रहेको छ।कक

तालिका ११(ब): उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण (सङ्ख्या)

आर्थिक वर्ष	कोशी	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
२०७५/७६	५	३	३	१	१३	१	२६
२०७६/७७	१०	१२	५	२	३६	२२	८७
२०७७/७८	२८	२७	५	२	२८	१३	१०३
२०७८/७९	५५	२७	७	२	५८	२०	१६९
२०७९/८०	४४	२२	११	३	५४	३३	१६७
२०८०/८१*	४८	१२	३	२	२८	१५	१०८
जम्मा	**१९०**	**१०३**	**३४**	**१२**	**२१७**	**१०४**	**६६०**

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८० *फागुनसम्म

११.८५ चालु आर्थिक वर्षको फागुनसम्म १० जिल्लामा सञ्चालित अल्पकालीन पुनर्स्थापना केन्द्रबाट मानव बेचविखन तथा ओसारपसार र यौन तथा घरेलु हिंसामा परेका ४९७ पीडित तथा प्रभावित व्यक्तिको उद्धार, संरक्षण र पुनर्स्थापना भएको छ।

तालिका ११(भ): उद्धार, संरक्षण र पुनर्स्थापनाको विवरण

जिल्ला	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
चितवन	१६५	२४९	२७	१२	७	-
रूपन्देही	३०३	१४८	१३५	२५८	२१०	१३६
सिन्धुपाल्चोक	३३	३९	४३	२२	१७	१०
कैलाली	२९	-	-	३०	-	-
पर्सा	१७२	२१७	९४	२८१	२५८	१०७
बाँके	१२३	९४	३०	९६	७६	६३
काठमाडौं	२५	२५	१७	२	१०	३७
झापा	२३७	१५५	५८	१३९	१३६	१०१
कास्की	६०	५५	३३	२७	५४	२०
सुर्खेत	३२८	२६७	५८	८४	३०	२३
मन्त्रालय	२०२	११६	७८	१	१	-
जम्मा	**१६७७**	**१३६५**	**५७३**	**९५२**	**७९९**	**४९७**

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८० * फागुनसम्म

११.८६ आर्थिक वर्ष २०६४/६५ देखि नेपाल सरकारले लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गर्दै आएको छ। शुरूको आर्थिक वर्षमा लैङ्गिक उत्तरदायी बजेटको हिस्सा ११.३० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो हिस्सा ४२.१६ प्रतिशत पुगेको छ।

तालिका ११(म): नेपालमा लैङ्गिक उत्तरदायी बजेट (संघीय बजेट)

आर्थिक वर्ष	प्रतिशत	आर्थिक वर्ष	प्रतिशत
२०६४/६५	११.३०	२०७३/७४	२३.१०
२०६५/६६	१३.९४	२०७४/७५	३७.४२
२०६६/६७	१७.३०	२०७५/७६	३८.६५
२०६७/६८	१७.९४	२०७६/७७	३८.१७
२०६८/६९	१९.०५	२०७७/७८	३८.१६
२०६९/७०	२१.५१	२०७८/७९	३९.४९
२०७०/७१	२१.७५	२०७९/८०	४०.२५
२०७१/७२	२१.९३	२०८०/८१	४२.१६
२०७२/७३	२२.२७		

स्रोतः अर्थ मन्त्रालय, २०८०

ज्येष्ठ नागरिक

११.८७ चालु आर्थिक वर्षको फागुनसम्म ४८ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भइ सञ्चालनमा आएका छन्। यी समेत गरी २०८० फागुनसम्म २७३ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भइ सञ्चालनमा आएका छन्।

अपाङ्गता भएका नागरिक

११.८८ आवासीय पुनःस्थापना कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा बेवारिसे, सहारा विहिन र विपन्न पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति गरी ८८ जनाले सेवा लिइरहेका छन्। अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८० कार्यान्वयनमा आएको छ।

११.८९ नेपाल कुष्ठरोग निवारण संघ मार्फत २०८० फागुनसम्म १३३ व्यक्तिले आवासीय सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको फागुनसम्म कुष्ठरोग आरोग्य आश्रममा १३५ व्यक्तिले पालनपोषण र ६८ कुष्ठ रोग प्रभावित व्यक्तिले परिवारिक पुनर्मिलनको लागि वृत्ति भत्ता प्राप्त गरेका थिए।

बालबालिका

११.९० राष्ट्रिय बालबालिका नीति, २०८० स्वीकृत भएको छ। कानूनको विवादमा परेका १,१६५ बालबालिका ९ बाल सुधार गृहमा रहेका छन्। चालु आर्थिक वर्ष कानूनको विवादमा परेका १८ वर्ष माथिका १२० बालक व्यवस्थापन गर्ने क्षमताको बाल सुधार गृह बाँकेको नौवस्तामा स्थापना भएको छ।

११.९१ निजामती कर्मचारीका तीन महिनादेखि तीन वर्षसम्मका शिशुलाई कार्यालय समयमा हेरचाह गर्न सिंहदरबार परिसर र ललितपुरमा सञ्चालित दिवा शिशुस्याहार केन्द्रमा हालसम्म ४७८ शिशुले सेवा प्राप्त गरेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सेवा प्राप्त गर्ने शिशुको सङ्ख्या ८१ रहेको छ।

११.९२ चालु आर्थिक वर्षको फागुनसम्म ११० सडक बालबालिका (बालक ८९ र बालिका २१) को उद्धार गरिएको छ। यसैगरी, गत आर्थिक वर्षको असारसम्म अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका ४१७ बालबालिका मध्येबाट ५६ बालबालिकालाई परिवारमा पुनर्मिलन गराइएको छ। चालु आर्थिक वर्षमा ५२७ सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा केन्द्रमा व्यवस्थापन गरिएको छ।

११.९३ चालु आर्थिक वर्षको फागुनसम्म बेवारीस फेला परेका १८६ बालबालिकामध्ये ९६ बालबालिकालाई परिवारमा पुनर्मिलन गराइएको छ भने ९० बालबालिकालाई अस्थायी संरक्षणमा राखिएको छ। गत आर्थिक वर्षमा बेवारिस फेला परेका ३६२ बालबालिकामध्ये २११ बालबालिकालाई परिवारमा पुनर्मिलन गराइएको र १५१ बालबालिकालाई अस्थायी संरक्षणमा राखिएको थियो।

११.९४ चालु आर्थिक वर्षको फागुनसम्म बालबालिका बिरूद्धको हिंसा र जोखिममा परेका ६११ बालबालिका तत्काल उद्धार गरी आवश्यक राहत, संरक्षण, मनोविमर्श लगायतका सेवाहरू उपलब्ध गराइएको छ। हालसम्म ६,०९९ बालबालिकालाई आवश्यक राहत, संरक्षण, मनोविमर्श लगायतका सेवा उपलब्ध गराइएको छ ।

११.९५ २०८० फागुनसम्म ३०९ स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन भएका छन्। यस अवधिसम्म ३०३ स्थानीय तहमा बाल कल्याण अधिकारी तोकिएको छ। यसैगरी, २४६ स्थानीय तहमा बाल कोष स्थापना भएको छ। यस अवधिसम्म ३७३ स्थानीय तहबाट बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धनसम्बन्धी कार्यविधि तर्जुमा भएको छ।

युवा तथा खेलकुद

युवा

११.९६ युवा तथा साना व्यावसायिक स्वरोजगार कोष मार्फत चालु आर्थिक वर्षको फागुनसम्म रू.३९ करोड ३३ लाख कर्जा लगानी भइ ४,२२० युवा स्वरोजगार भएका छन्। यस कोषबाट भएको लगानीको प्रतिफलस्वरूप हालसम्म १ लाख ७ हजार ८ सय ३८ युवा स्वरोजगार भएका छन्। साथै, यसबाट अल्पकालीन र मौसमी रोजगारी समेत सिर्जना भएको छ। यस कोषबाट गत आर्थिक वर्षमा रू.१ अर्ब ४१ करोड ३४ लाख कर्जा लगानी भइ १२ हजार ३६ स्वरोजगार भएका थिए।

खेलकुद

११.९७ दक्षिण एशियाली, एशियाली र ओलम्पिक खेलकूदमा पदक प्राप्त गर्ने २५५ खेलाडीलाई आजीवन मासिक जीवन वृत्तिको व्यवस्था गरिएको छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको छ।

११.९८ सन् २०२३ को सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म चीनमा आयोजना भएको १९ औं एशियाली खेलकुद प्रतियोगितामा नेपालबाट २९ खेलमा २५३ खेलाडी सहभागी भएका थिए। सहभागीमध्ये करौंतेको व्यक्तिगत इभेन्टको महिलातर्फ एरिका गुरूङले १ रजत पदक प्राप्त गरेकी छन् भने कवड्डीमा महिला टिमले १ काँस्य पदक प्राप्त गरेको छ। चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रियस्तरका ४८ र अन्तर्राष्ट्रियस्तरका २४ खेलुकद प्रतियोगिता आयोजना सम्पन्न भएका छन्।

११.९९ खेलाडीको क्षमता अभिवृद्धिको लागि मनाङ्गको तिमाङमा हाइ अल्टिच्यूट ट्रेनिङ सेन्टर निर्माणका लागि विस्तृत परियोजना प्रतिवदेन तयार भएको छ। प्रत्येक प्रदेशमा एक एक रङ्गशाला निर्माण गर्ने कार्यक्रम अनुरूप धनगढी, सुर्खेत, नेपालगञ्ज र इटहरीमा

खेल मैदान निर्माणको कार्य सम्पन्न भएको छ। "एक स्थानीय तह-एक खेलग्राम" निर्माणका लागि १७१ पालिकामा खेलग्राम निर्माण कार्य भइरहेको छ।

व्यक्तिगत घटना दर्ता

११.१०० विदेशस्थित १५ नेपाली कुटनीतिक नियोगबाट व्यक्तिगत घटना (जन्म र मृत्यु) दर्ता कार्य शुरू भएको छ। हालसम्म अनलाईनमार्फत व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य गर्ने स्थानीय तहका वडाको सङ्ख्या ६,६९२ पुगेको छ। २०८० फागुनसम्म १५ लाख ९६ हजार ३ सय २० व्यक्तिगत घटना दर्ता भएका छन्। २०८० असारसम्म १६ लाख २६ हजार २ व्यक्तिगत घटना दर्ता भएका थिए।

११.१०१ अनलाईन घटना दर्ता प्रणालीमार्फत नेपाली नागरिकका १६ वर्षभन्दा कम उमेरका सन्तानलाई जन्म दर्ता गर्दाको बखत नै राष्ट्रिय परिचय नम्बरसहितको जन्मदर्ता प्रमाणपत्र जारी गर्ने कार्य शुरू भएको छ।

तालिका ११(य): पछिल्लो दशकको व्यक्तिगत घटना दर्ताको विवरण

वर्ष	जन्म	मृत्यु	विवाह	बसाइसराइ	सम्बन्ध विच्छेद	जम्मा
२०७०	५७३३९१	६१७५२	१६४९९४	४५२४८	३९४	८४५७७९
२०७१	८८०८१५	११४६०७	२२७१५२	१२१८६०	१३७५	१३४५८०९
२०७२	६००७९६	९४६९१	१५८७९५	६९८२७	१०६५	९२५१७४
२०७३	७२१३२६	११८०६०	१८४३२३	६८८६३	२२८३	१०९४८५५
२०७४	६६५९०९	६५८३५	२२०६६९	७५०९८	२७७६	१०३०२८७
२०७५	४०९३५४	९४६२०	१७९९५७	९४१५९	३९३५	७८२०२५
२०७६	९२५३२२	१७०६४३	२७३९६३	९२२९३	५८४६	१४६८०६७
२०७७	९७७३१९	२०४२७४	२६३३९३	१४७०५९	६६४४	१५९८६८९
२०७८	१३३७४५१	२९३८०६	४५९४९८	२०५७६९	१४२७९	२३१०८०३
२०७९	८५९४३६	२०६३२६	३४३९२८	१९६०४०	२०२७२	१६२६००२
२०८०*	९८६८७०	२०९८४१	२९५१८३	८३३०१	२११२५	१५९६३२०

स्रोतः गृह मन्त्रालय,२०८०

*बैशाख देखि फागुनसम्म

सामाजिक सुरक्षा कार्यक्रम

११.१०२ सामाजिक सुरक्षामा आबद्ध नागरिकको सङ्ख्या बढ्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सङ्ख्या ५.५ प्रतिशतले वृद्धि भइ ३८ लाख २ यस ७७ पुगेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ३७ लाख ६ हजार ३ सय २७ रहेको छ।

तालिका ११(र): सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*	मासिक दर रू.
जेष्ठ नागरिक ७० वर्ष	१३१४२०१	१३२२३१५	१६२७९२१	१६२२५१६	४०००
जेष्ठ नागरिक दलित ६० वर्ष	१८६०४७	१९१८४६	१५२८०१	१५८२६१	२६६०
जेष्ठ नागरिक एकल महिला ६० वर्ष	२८०६४८	२७६४९३	२१२६७०	१९८२७०	२६६०
जेष्ठ नागरिक क्षेत्र तोकीएको ६० वर्ष	२०२६२	२१०६८	१६६२२	१६८४४	२६६०
बिधवा महिला	३५०४३६	३६०५०२	३६११६१	३७६५५३	२६६०
पूर्ण अपाङ्गता भएका	५५०५९	६३३४३	६६२८१	६६४५२	३९९०
अति अशक्त अपाङ्गता भएका	१०५०५१	१२८२२३	१३८७१६	१४२१८५	२१२८
तोकिएको क्षेत्रका बालबालिका	६९९८५५	८०६२५७	७६१०९३	७६१०९३	५३२
दलित बालबालिका	४२१३४३	४१०१२०	३४१४६८	३४२१७६	५३२
लोपोन्मुख जाति	२२५४४	२२५३८	२२२०८	२२२४७	३९९०
जम्मा लाभग्राहीको सङ्ख्या	३४५५४४६	३६०२७०५	३८००२७७	३७०६३२७	
विनियोजन रकम (रू. करोडमा)	७०३८.५५	९८०२.४६	११०३९.३४	१०९७१.००	
निकासा खर्च (रू.करोडमा)	६८६५.२७	९६०५.९२	१०८३७.०२	५६४४.००	

स्रोतः गृह मन्त्रालय,२०८० * फागुनसम्म

नोटः आर्थिक वर्ष २०७८/७९ सम्म ७० वर्ष भएकोमा आर्थिक वर्ष २०७९/८० बाट ६८ वर्ष कायम भएको।

मञ्जुषा बक्स ११(ग) : सामाजिक सुरक्षामा भएको विनियोजन र खर्च विश्लेषण

१. सामाजिक सुरक्षातर्फको विनियोजन एवं खर्च सामान्यतः वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्ष सामाजिक सुरक्षातर्फ संघीय सरकारले रू.२ खर्ब ५८ अर्ब ७९ करोड १९ लाख विनियोजन गरेको छ। सामाजिक सुरक्षातर्फ संघीय सरकारले गरेको विनियोजन कुल बजेटको १४.७८ प्रतिशत, चालु वजेटको २२.६७ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको ४.५४ प्रतिशत रहेको छ। एक दशक अघि आर्थिक वर्ष २०७०/७१ मा यस्तो विनियोजन कुल बजेटको ८.१७ प्रतिशत, चालु बजेटको ११.९५ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको १.८९ प्रतिशत रहेको थियो।

चार्ट ११(ण) : चालु खर्चको अनुपातमा सामाजिक सुरक्षातर्फको खर्च स्थिति

(प्रतिशतमा)

स्रोतः बजेट वक्तव्य, अर्थ मन्त्रालय।

तालिका ११(ल) : सामाजिक सुरक्षातर्फको बजेट र खर्च स्थिति

आर्थिक वर्ष	सामाजिक सुरक्षा बजेटको हिस्सा (प्रतिशत)			सामाजिक सुरक्षा खर्चको हिस्सा (प्रतिशत)			
	कुल संघीय बजेट	संघीय चालु बजेट	जीडिपी	कुल संघीय खर्च	संघीय चालु खर्च	संघीय पुँजीगत खर्च	जीडिपि
२०७०/७१	८.१७	११.९५	१.८९	८.७३	१२.५१	५६.९२	१.७०
२०७१/७२	८.७९	१३.६१	२.२४	८.९१	१३.९६	५३.३२	१.९५
२०७२/७३	७.८८	१३.३३	२.४७	९.४५	१५.२८	४६.०४	२.१८
२०७३/७४	८.७१	१४.८१	२.९७	१०.४२	१६.८३	४१.८१	२.८४
२०७४/७५	८.०३	१२.७७	२.९७	९.१०	१४.२०	३६.५६	२.८६
२०७५/७६	८.६०	१३.३७	२.९३	१०.५०	१६.२८	४८.२९	३.०२
२०७६/७७	१०.२६	१६.४३	४.०४	१३.५०	१८.७९	७७.९०	३.७९
२०७७/७८	१२.८०	१९.८९	४.३४	१३.०८	१८.४९	६८.३९	३.६०
२०७८/७९	१५.४८	२३.७३	५.१२	१७.२०	२३.६१	१०४.२१	४.५७
२०७९/८०	१४.११	२१.३९	४.७३	१५.४०	२२.०८	९३.३१	४.०९
२०८०/८१	१४.७८	२२.६७	४.५४	-	-	-	-

स्रोतः वजेट वक्तव्य, अर्थ मन्त्रालय

नोटः **"कुल सामाजिक सुरक्षा"** अन्तर्गत **सामाजिक सुरक्षा भत्ता र अन्य सामाजिक सुरक्षा, सामाजिक सहायता** (छात्रवृत्ति, उद्दार, राहत र पुनर्स्थापना खर्च र औषधि खरिद खर्च) र **सेवा निवृत्त सुविधाहरू** (निवृत्ति भरण तथा अशक्त वृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार र मृत कर्मचारीको सुविधा तथा सहायता) समावेश गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची ११.२३ मा समावेश छ।

२. गत आर्थिक वर्ष सामाजिक सुरक्षातर्फ रू.२ खर्ब १८ अर्ब ९३ करोड ९५ लाख खर्च भएको थियो। यस्तो खर्च कुल संघीय खर्चको १५.४० प्रतिशत, चालु खर्चको २२.०८ प्रतिशत, पुँजीगत खर्चको ९३.३१ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको ४.०९ प्रतिशत रहेको थियो। एक दशक अघि आर्थिक वर्ष २०७०/७१ मा यस्तो खर्च कुल सरकारी खर्चको ८.७३ प्रतिशत, चालु बजेटको १२.५१ प्रतिशत, पुँजीगत खर्चको ५६.९२ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको १.७० प्रतिशत रहेको थियो। पछिल्ला वर्षमा सामाजिक सुरक्षामा भएको खर्च संघीय पुँजीगत खर्चको हाराहारी रहेको छ।

३. त्यसैगरी, आर्थिक वर्ष २०७०/७१ मा सामाजिक सुरक्षा बजेटमध्ये सामाजिक सुरक्षा भत्तातर्फ विनियोजित बजेटको हिस्सा ३०.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ५५.३ प्रतिशत पुगेको छ। त्यसैगरी, आर्थिक वर्ष २०७०/७१ मा सामाजिक सुरक्षा खर्चमध्ये सामाजिक सुरक्षा भत्तातर्फ भएको खर्चको हिस्सा २८.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ५३.३ प्रतिशत पुगेको छ।

४. आर्थिक वर्ष २०७०/७१ मा सामाजिक सुरक्षा भत्तातर्फ रू.१२ अर्ब ९९ करोड ५ लाख विनियोजन भएकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो विनियोजन रू.१ खर्ब ४२ अर्ब ९८ करोड ८९ लाख पुगेको छ। त्यसैगरी, आर्थिक वर्ष २०७०/७१ मा सामाजिक सुरक्षा भत्तातर्फ रू.१० अर्ब ९४ करोड ८२ लाख खर्च भएकोमा आर्थिक वर्ष २०७९/८० मा

यस्तो खर्च रू.१ खर्ब १६ अर्ब ६५ करोड ५४ लाख पुगेको छ। पछिल्लो दशकमा सामाजिक सुरक्षा भत्तातर्फ भएको खर्च १०.९ गुणाले वृद्धि भएको छ भने कुल सामाजिक सुरक्षा खर्चमा ५.८ गुणाले वृद्धि भएको छ।

५. पछिल्लो दशक सामाजिक सुरक्षा भत्तातर्फको विनियोजनमध्ये औसत ९८.१ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०७२/७३ देखि आर्थिक वर्ष २०७६/७७ सम्म सामाजिक सुरक्षा भत्तातर्फ विनियोजन भन्दा खर्च बढी भएको छ।

तालिका ११(व) : सामाजिक सुरक्षा खर्च वृद्धिको प्रवृत्ति

आर्थिक वर्ष	कुल संघीय खर्च	चालु खर्च	कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	सामाजिक सुरक्षा भत्ता	सामाजिक सुरक्षा खर्च
२०७०/७१	२१.३	२२.७	१४.५	२.१	२१.७
२०७१/७२	२२.२	११.८	८.६	१८.३	२४.८
२०७२/७३	१२.९	९.४	७.६	४६.९	१९.८
२०७३/७४	३९.५	३९.७	१८.०	९७.८	५३.८
२०७४/७५	२९.९	३४.४	१२.३	९.०	१३.४
२०७५/७६	२.१	२.८	११.७	९.२	१७.९
२०७६/७७	-१.७	९.५	०.८	५५.९	२६.३
२०७७/७८	९.७	७.९	११.९	११.६	६.२
२०७८/७९	९.५	१२.८	१३.४	४७.१	४४.०
२०७९/८०	८.५	३.९	८.४	१.८	-२.८
औसत वृद्धिदर	**१५.४**	**१५.५**	**१०.७**	**३०.०**	**२२.५**

स्रोतः वजेट वक्तव्य, अर्थ मन्त्रालय

६. सामाजिक सुरक्षा भत्तातर्फको खर्च उच्चदरमा वृद्धि हुँदै गएको छ। पछिल्लो दशक सामाजिक सुरक्षा र सामाजिक सुरक्षा भत्तातर्फको खर्चको वृद्धिदर कुल संघीय खर्च, चालु खर्च र कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) भन्दा उल्लेख्य बढी रहेको छ। यस अवधिमा कुल संघीय खर्चको औसत वृद्धिदर १५.४ प्रतिशत, चालु खर्चको औसत वृद्धिदर १५.५ प्रतिशत र कुल गाहस्थ्य उत्पादन (प्रचलित मूल्यमा) को वृद्धिदर १०.७ प्रतिशत रहेको छ। यस अवधिमा कुल सामाजिक सुरक्षातर्फको खर्चको वृद्धिदर वार्षिक औसत २२.५ प्रतिशत रहेकोमा कुल सामाजिक सुरक्षा भत्तातर्फको खर्चको वृद्धिदर वार्षिक औसत ३०.० प्रतिशत रहेको छ।

७. राष्ट्रिय जनगणना, २०६८ बमोजिम ६८ वर्ष माथिका जेष्ठ नागरिकको जनसङ्ख्या कुल जनसङ्ख्याको ३.७७ प्रतिशत रहेकोमा राष्ट्रिय जनगणना, २०७८ अनुसार यस्तो जनसङ्ख्या ५.२३ प्रतिशत पुगेको छ। यस्तो जनसङ्ख्याको वार्षिक वृद्धिदर ४.०५ प्रतिशत रहेको छ जुन कुल जनसङ्ख्याको वार्षिक वृद्धिदर ०.९२ भन्दा उच्च रहेको छ। नेपालको हालको जनसङ्ख्याको संरचना र प्रवृत्ति तथा औसत आयूमा हुँदै गएको वृद्धिलाई विश्लेषण गर्दा भविष्यमा यस्तो जनसङ्ख्या क्रमशः बढ्दै जाने देखिन्छ। फलस्वरूप, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सुरक्षामा हुने खर्च तुलनात्मकरूपमा उच्च दरमा बढ्दै जाने देखिन्छ।

तालिका ११(श) : सामाजिक सुरक्षा भत्ता लाभग्राही र खर्च प्रक्षेपण

खर्च (रू.करोडमा)/सङ्ख्या (हजारमा)

आर्थिक वर्ष	बालबालिका (०-५)			जेष्ठ नागरिक (६०-६७)			जेष्ठ नागरिक (६८+)			जम्मा खर्च
	जनसंख्या	लाभग्राही	कुल खर्च	जनसंख्या	लाभग्राही (दलित र कर्णाली)	कुल खर्च	जनसंख्या	लाभग्राही	कुल खर्च	
२०७९/८०	३२५६	११०३	७०४	१३२५	१६९	५४१	१३७४	१६२८	७८१४	९०५९
२०८०/८१	३२६४	११०३	७०४	१३७८	१७५	५५९	१४२२	१६२३	७७८८	९०५१
आगामी दशकको प्रक्षेपण										
२०८१/८२	३२६४	११३९	७२७	१४३९	२११	६७४	१४६८	१४६८	७०४६	८४४८
२०८२/८३	३२४७	११३३	७२३	१५०५	२२१	७०५	१५१५	१५१५	७२७२	८७०१
२०८३/८४	३२५९	११३७	७२६	१५६०	२२९	७३१	१५६५	१५६५	७५१२	८९६९
२०८४/८५	३२३३	११२८	७२०	१६१९	२३८	७५९	१६१४	१६१४	७७४७	९२२६
२०८५/८६	३१७९	११०९	७०८	१६७८	२४६	७८६	१६६५	१६६५	७९९२	९४८७
२०८६/८७	३११३	१०८६	६९४	१७३८	२५५	८१४	१७१७	१७१७	८२४२	९७५०
२०८७/८८	३०४७	१०६३	६७९	१७९९	२६४	८४३	१७७१	१७७१	८५०१	१००२३
२०८८/८९	२९७०	१०३७	६६२	१८५३	२७२	८६८	१८३९	१८३९	८८२७	१०३५७
२०८९/९०	२९०६	१०१४	६४७	१९०८	२८०	८९४	१९०६	१९०६	९१४९	१०६९०
२०९०/९१	२८५२	९९५	६३५	१९६३	२८८	९२०	१९७३	१९७३	९४७०	११०२६
२०९१/९२	२७९८	९७७	६२३	२०२०	२९७	९४७	२०४२	२०४२	९८०२	११३७२

स्रोतः गृह मन्त्रालय, २०८०

नोटः संयुक्त राष्ट्रसंघको जनसङ्ख्याको प्रक्षेपणमा आधारित भइ बालबालिका र जेष्ठनागरिकको जनसङ्ख्या, लाभग्राही र खर्च प्रक्षेपण गरिएको छ। हालको भत्तादरलाई यथावत राखी खर्च प्रक्षेपण गरिएको छ।

८. चालु आर्थिक वर्षमा बालबालिका, जेष्ठ नागरिका (६८+) र जेष्ठ नागरिक-दलित र कर्णाली (६०+) लाई सामाजिक सुरक्षा भत्ता बापत रू.९० अर्ब ५१ करोड खर्च हुने अनुमान रहेको छ। यस्तो खर्च एक दशकपछि आर्थिक वर्ष २०९१/९२ मा रू.१ खर्ब १३ अर्ब ७२ करोड पुग्ने प्रक्षेपण रहेको छ।

चार्ट ११(त) : सामाजिक सूरक्षा भत्ताको समुहगत मासिक भत्तादर

(रूपैंयामा)

स्रोतः गृह मन्त्रालय, २०८०

९. घट्दो प्रजनन दरसँग बालबालिकाको सङ्ख्या पनि क्रमशः घट्दै जाने प्रक्षेपण रहेको र सोही बमोजिम हालकै मासिक भत्तादर रू.५३२।- यथावत रहेमा आगामी वर्ष बाल अनुदानबापत दिईने भत्ता समेत घट्दै जाने प्रक्षेपण रहेको छ।

१०. पोषणयुक्त खानाको उपलब्धता, स्वास्थ्य पहुँच, स्वास्थ्यप्रति नागरिक चेतनामा अभिवृद्धि लगायतका कारण जेष्ठ नागरिकको सङ्ख्या उच्चदरले बढ्दै जाने प्रक्षेपण रहेको छ। यस्तो जनसङ्ख्या वृद्धि हुँदै गएसँगै आगामी वर्षमा जेष्ठ नागरिकलाई दिईने भत्ताबापतको खर्च (हालको मासिक भत्तादर जेष्ठ नागरिक ६८+ को रू.४०००।- र जेष्ठ नागरिक-कर्णाली र दलित ६०+ को रू.२६६०।- यथावत राख्ने अनुमानको आधारमा) समेत उच्च दरले बढ्दै जाने प्रक्षेपण रहेको छ।

चार्ट ११(थ) : बाल अनुदान र जेष्ठ नागरिक भत्ता खर्चको प्रक्षेपण (रू.करोडमा)

स्रोतः जनसङ्ख्या र भत्तादरको आधारमा खर्च प्रक्षेपण गरिएको।

११. बालबालिकालाई दिइदैं आएको अनुदानलाई थप विस्तार गर्दै मुलुकभरका सम्पूर्ण बालबालिकालाई सामाजिक सुरक्षाको दायराभित्र समेट्दै लैजानुपर्ने देखिन्छ। बालबालिकामा राज्यले गर्ने लगानीबाट भविष्यमा मुलुकलाई आवश्यक पर्ने मानव पुँजी निर्माणमा महत्त्वपूर्ण योगदान हुने हुँदा बाल अनुदानलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। साथै, बालबालिकाको न्यूनतम पोषण आवश्यकता परिपूर्ति हुने गरी बाल अनुदानबापत दिइदैं आएको भत्तादरमा पुनरावलोकन गर्दै जानु पर्ने देखिन्छ।

राष्ट्रिय परिचय पत्र कार्यक्रम

११.१०३ राष्ट्रिय परिचयपत्रको लागि देशभर ९७८ स्टेशनमार्फत नागरिकको विवरण सङ्कलन गर्ने कार्य भइरहेको छ। हालसम्म राष्ट्रिय परिचय पत्रको लागि कुल १ करोड ४१ लाख ७१ हजार १ सय १९ नागरिकको विवरण सङ्कलन भएकोमा १ लाख ३३ हजार २५ राष्ट्रिय परिचय पत्र वितरण गरिएको छ।

तालिका ११(ष): राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ताको अवस्था

विवरण	असार			फागुन	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७९/८०	२०८०/८१
नागरिकको विवरण सङ्कलन	३०५०२०९	८०७५०४६	१३१५४७४२	११४६९१८७	१४१७१११९
राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्ति	११७०००	३९८३०००	५००००००	३००००००	१२११७०००
राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड छपाई	११७०००	३६७०००	१६३००१४	११९२६१८	२८३५१६९
राष्ट्रिय परिचयपत्र वितरण	११७०००	११७०२५	१७३०६८	१३३०२५	३८१६४३

स्रोतः गृह मन्त्रालय, २०८०

१२. सुशासन, प्रशासन र परराष्ट्र

१२.१ सार्वजनिक निकायका काम कारवाहीलाई पारदर्शी, जवाफदेही र छिटो छरितो बनाउँदै सार्वजनिक सेवा सुविधामा जनताको पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक कानूनको निर्माण, संस्थागत व्यवस्था, कार्य संस्कृतिमा सुधार र सूचना प्रविधिको उपयोग हुँदै आएको छ। सम्पत्ति शुद्धीकरण निवारण र सोसँग सम्बन्धित आधारभूत कानूनी संरचना निर्माण भएका छन्। साथै, राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकता अनुसार त्यस्ता कानूनी र संस्थागत संरचनालाई सुदृढ बनाउन थप सुधारका कार्य अगाडि बढेका छन्।

१२.२ राष्ट्रिय हितको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न सक्रिय एवं प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने, अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि, प्रतिष्ठा र भूमिकालाई प्रभावकारी वनाउनेतर्फ परराष्ट्र नीति परिलक्षित रहेको छ।

१२.३ द्विपक्षीय एवं वहुपक्षीय कूटनीति, विधिमा आधारित विश्व व्यवस्था एवं क्षेत्रीय सहयोग प्रवर्द्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानूनी व्यक्तिको हकहित संरक्षण, सार्वजनिक कूटनीति र ट्र्याक टू कूटनीति जस्ता विषयलाई प्राथमिकतामा राखी परराष्ट्र नीति तथा कूटनीति सञ्चालन गरिएको छ।

सुशासन

१२.४ सार्वजनिक निकायबाट हुने खरिद कार्यलाई थप पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन विद्युतीय खरिद निर्देशिका, २०८० कार्यान्वयनमा आएको छ। सार्वजनिक खरिदमा संलग्न भई कानूनबमोजिम जिम्मेवारी बहन नगर्ने वा गैरकानूनी हानी नोक्सानी पुऱ्याउने विभिन्न १६२ व्यक्ति/फर्म/संस्था/कम्पनी कालोसूचीमा परेका छन्।

१२.५ स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली कार्यान्वयनमा रहेको छ। गत आर्थिक वर्ष ७४९ स्थानीय तहले संस्थागत क्षमता स्वमूल्याङ्कन सम्पन्न गरेका थिए।

१२.६ स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने कार्य थालनी भएको छ। गत आर्थिक वर्ष ६२४ स्थानीय तहले वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य सम्पन्न गरेका थिए।

१२.७ चालु आर्थिक वर्षको फागुनसम्म हेलो सरकारमा दर्ता भएका १२ हजार ८८ उजुरीमध्ये ४८.१ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४६.७ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए।

१२.८ गत आर्थिक वर्ष राष्ट्रिय गौरवका आयोजना तथा प्राथमिकता प्राप्त ६८ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ४१ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न भएको छ।

१२.९ मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) कार्यान्वयन कार्यायोजना (२०७८-२०८२) गत आर्थिक वर्षदेखि कार्यान्वयनमा आएको छ। यसबाट मुलुकमा मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा कानूनको दायित्वपूरा गर्न नेपाल प्रतिवद्ध रहेको सन्देश प्रवाह भएको छ।

१२.१० सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट चालु आर्थिक वर्षको फागुनसम्म ६१० उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्ष ६६७ उजुरी फछ्र्यौट भएका थिए।

१२.११ गत आर्थिक वर्षदेखि स्थानीय तहको न्यायिक समितिका लागि विवाद निरूपणसम्बन्धी प्रशिक्षण सामग्री तथा निर्देशिका, २०७९ तयार भई कार्यान्वयनमा आएको छ।

१२.१२ चालु आर्थिक वर्षको फागुनसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका २६ हजार ३७० उजुरीमध्ये ५३.२ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ४९.७ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए। चालु आर्थिक वर्षको फागुनसम्म आयोगबाट विशेष अदालतमा ११६ मुद्दा दायर भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा १०२ मुद्दा दायर भएका थिए।

तालिका १२(क): उजुरी विवरण

आर्थिक वर्ष	प्राप्त उजुरी सङ्ख्या	उजुरी फछ्र्यौट		मुद्दा दायर
		सङ्ख्या	प्रतिशत	
२०७६/७७	२५१५२	१६९५२	६७.४	४४१
२०७७/७८	२२६२५	१४५३२	६४.२३	११४
२०७८/७९	२४३३१	१७१६९	७०.५६	१३१
२०७९/८०	२८०६७	१८७९९	६६.९८	१६२
२०८०/८१*	२६३७०	१४०१०	५३.१५	११६

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८० * फागुनसम्म

१२.१३ पछिल्लो तीन वर्षको प्रदेशगत उजुरीको आधारमा मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न सरकारी/सार्वजनिक निकाय विरूद्ध बढी तथा गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका यस्ता निकाय विरूद्ध कम उजुरी परेका छन्।

तालिका १२(ख): प्रदेशगत आधारमा उजुरी विवरण (प्रतिशतमा)

प्रदेश	२०७७/७८	२०७८/७९	२०७९/८०
कोशी	१२.५४	११.६१	११.०२
मधेस	२४.५६	२४.२५	२२.८१
बागमती	२२.५९	२४.१३	२६.६४
गण्डकी	७.१६	७.६२	७.९०
लुम्बिनी	१३.७२	१४.०१	१२.७५
कर्णाली	७.९८	८.१८	९.४५
सुदूरपश्चिम	११.४५	१०.२०	९.४४
नेपाल	**१००**	**१००**	**१००**

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८०

१२.१४ तीन तहमध्ये स्थानीय तहका निकाय विरूद्ध बढी उजुरी परेको छ। त्यसपछि, संघ र प्रदेश सरकारका निकाय विरूद्ध उजुरी परेका छन्। यद्यपि, बागमती प्रदेश भित्र भने संघका निकाय विरूद्ध सबैभन्दा बढी उजुरी परेका छन्। साथै, मधेस प्रदेशका स्थानीय तह विरूद्ध सबैभन्दा बढी उजुरी परेका छन्।

तालिका १२(ग): तीन तहको सरकारका निकाय विरूद्धको उजुरी विवरण (प्रतिशतमा)

प्रदेश	२०७७/७८			२०७८/७९			२०७९/८०		
	संघ	प्रदेश	स्थानीय तह	संघ	प्रदेश	स्थानीय तह	संघ	प्रदेश	स्थानीय तह
कोशी	२९.१	१४.४	५६.५	३४.९	११.६	५३.५	२९.५	१२.७	५७.९
मधेस	३८.६	५.१	५६.३	३१.६	७.६	६०.८	२६.९	९.०	६४.१
बागमती	६९.६	५.३	२५.२	७१.२	५.३	२३.५	६५.८	८.१	२६.१
गण्डकी	३५.९	१२.९	५१.२	३४.४	१३.२	५२.३	२९.६	१६.४	५४.०
लुम्बिनी	३२.१	१६.९	५१	३६.८	१२.३	५०.९	२८.५	१४.८	५६.७
कर्णाली	२६	२१.५	५२.४	२७.०	२१.८	५१.२	१४.२	२०.०	६५.७
सुदूरपश्चिम	१५.९	२९.२	५४.९	२०.५	२९.३	५०.२	१५.५	२३.५	६१.०
नेपाल	**३९.७**	**१२.६**	**४७.७**	**४१.०**	**१२.०**	**४७.१**	**३५.७**	**१२.९**	**५१.४**

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८०

१२.१५ गत आर्थिक वर्ष प्रदेशस्थित सङ्घीय निकाय विरूद्ध परेका उजुरीको हिस्सा तुलनात्मकरूपमा सबै प्रदेशमा घटेको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रादेशिक निकायको बाहेक अन्य प्रदेशका प्रादेशिक निकायको उजुरी बढेको छ। साथै, स्थानीय तहका सार्वजनिक निकाय विरूद्ध उजुरीको हिस्सा बढेको छ।

१२.१६ पछिल्लो तीन आर्थिक वर्षको उजुरीको आधारमा स्थानीय तहसहित सङ्घीय मामिलासम्बन्धी उजुरी क्रमशः वृद्धि हुँदै गएको छ। गत आर्थिक वर्ष एक तिहाई भन्दा बढी उजुरी यस क्षेत्रसँग सम्बन्धित थिए।

तालिका १२(घ): क्षेत्रगत/निकायगत उजुरीको विवरण

उजुरीका क्षेत्र	उजुरी प्रतिशत		
	२०७७/७८	२०७८/७९	२०७९/८०
सङ्घीय मामिला (स्थानीय तहसमेत)	३२.७२	३३.१४	३५.९५
शिक्षा (स्थानीय तहसमेत)	१५.६१	१५.३१	१४.५५
भूमि प्रशासन	९.०९	७.७१	६.०९
वन तथा वातावरण	५.०१	४.६२	४.१४
स्वास्थ्य तथा जनसङ्ख्या	३.९३	३.९९	३.१२
गृह प्रशासन	३.४७	३.७५	३.५८
भौतिक पूर्वाधार तथा यातायात	३.७६	३.८८	४.१०
ऊर्जा, जलस्रोत तथा सिंचाइ	३.०९	३.०९	२.५८
अर्थ	२.०९	१.९६	१.८९
अन्य *	२१.२३	२२.५६	२४.०२
जम्मा	**१००**	**१००**	**१००**

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८०

*यस अन्तर्गत नक्कली शैक्षिक प्रमाणपत्र, गैरकानूनी सम्पत्ति आर्जनलगायतका उजुरीका क्षेत्रहरू समावेश गरिएको छ।

प्रशासन

१२.१७ गत आर्थिक वर्ष २१ मन्त्रालयको व्यवस्थापन परीक्षण सम्पन्न भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म ४ सङ्घीय निकायले व्यवस्थापन परीक्षणको स्वमूल्याङ्कन गरेका छन्। त्यसैगरी, १२ निकायको सेवाग्राही सन्तुष्टी सर्वेक्षण कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म संघका विभिन्न निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई सेवा, समूह र श्रेणीका १,८२२ दरबन्दी घट्न गई ५१ हजार ५ सय ६० दरबन्दी कायम भएको छ।

तालिका १२(ङ): हालसम्मको सेवागत सङ्घीय दरवन्दी विवरण (सङ्ख्यामा)

क्र.सं.	सेवा	२०८० असारसम्म	२०८० फागुनसम्म
१.	नेपाल आर्थिक योजना तथा तथ्याङ्क	३२८	३२८
२.	नेपाल इन्जिनियरिङ्ग	९८९९	९९७६
३.	नेपाल कृषि	११९७	१२००
४.	नेपाल न्याय	५३१४	५३२१
५.	नेपाल परराष्ट्र	३५८	३५८
६.	नेपाल प्रशासन	२६९७७	२५०२०

क्र.सं.	सेवा	२०८० असारसम्म	२०८० फागुनसम्म
७.	नेपाल लेखापरीक्षण	५३४	५३४
८.	नेपाल वन	१९५०	१९५१
९.	नेपाल विविध	२७४५	२८०२
१०.	नेपाल शिक्षा	१०२५	१०२५
११.	व्यवस्थापिका संसद	३८२	३८२
१२.	नेपाल स्वास्थ्य	२६६३	२६६३
	कुल जम्मा	**५३३७२**	**५१५६०**

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८०

१२.१८ सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८० फागुनसम्म २८.५ प्रतिशत पुगेको छ। नेपाल स्वास्थ्य सेवामा महिलाको सङ्ख्या सबैभन्दा बढी रहेको छ। यस सेवामा कार्यरतमध्ये ४९.७ प्रतिशत महिला रहेका छन्। संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता ८.५ प्रतिशत रहेको छ।

तालिका १२(च): सेवाको आधारमा पुरूष/महिला निजामती कर्मचारी विवरण*

सेवा	सङ्ख्यामा			प्रतिशतमा		सेवागत प्रतिशत
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	
नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा	३२७	५४	३८१	८५.८	१४.२	०.४
नेपाल कृषि सेवा	२८६५	७८५	३६५०	७८.५	२१.५	४.३
नेपाल प्रशासन सेवा	२३६९१	५१३७	२८८२८	८२.२	१७.८	३४.०
नेपाल वन सेवा	३९७८	६०५	४५८३	८६.८	१३.२	५.४
नेपाल शिक्षा सेवा	१४९५	४९८	१९९३	७५.०	२५.०	२.४
नेपाल स्वास्थ्य सेवा	१२५९६	१२४५७	२५०५३	५०.३	४९.७	२९.७
नेपाल विविध सेवा	२२५३	१५५६	३८०९	५९.१	४०.९	४.५
नेपाल ईन्जिनियरिङ्ग सेवा	९१७४	१७३४	१०९०८	८४.१	१५.९	१२.९
नेपाल न्याय सेवा	३४४६	१०५९	४५०५	७६.५	२३.५	५.३
नेपाल परराष्ट्र सेवा	२११	६४	२७५	७६.७	२३.३	०.३
नेपाल लेखा परीक्षण सेवा	३५८	८६	४४४	८०.६	१९.४	०.५
सङ्घीय संसद सेवा	१८८	५८	२४६	७६.४	२३.६	०.३
जम्मा	**६०५८२**	**२४०९३**	**८४६७५**	**७१.५**	**२८.५**	**१००**
संवैधानिक पदाधिकारी	३०३	२८	३३१	९१.५	८.५	
कुल सङ्ख्या	**६०८८२**	**२४१२१**	**८५००६**	**७२.४**	**२७.६**	

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८०

*संघमा कार्यरत र समायोजन भई प्रदेश तथा स्थानीय तहमा कार्यरत समेत।

१२.१९ लोक सेवा आयोगबाट २०६४ सालदेखि तोकिएको समावेशी समूहका उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति हुँदै आएको छ। यसअनुरूप, गत

आर्थिक वर्ष समावेशी समूहबाट १,४६० व्यक्ति निजामती सेवामा प्रवेश गरेका थिए।

तालिका १२(छ): समावेशी तथा खुला विज्ञापनबाट सिफारिश भएका उम्मेदवार

आर्थिक वर्ष	समावेशी विज्ञापनबाट सिफारिश (सङ्ख्यामा)							खुला विज्ञापनबाट सिफारिश	खुला/समावेशी अनुपात
	महिला	आ.ज.	मधेशी	दलित	अपाङ्ग	पि.क्षे.	जम्मा		
२०६४/६५	३६६	२४५	१८३	८४	३३	१७	९२८	२२२८	१:०.४२
२०६५/६६	११७	९४	९१	३६	१५	१२	३६५	८४०	१:०.४३
२०६६/६७	४९५	३६८	३१९	१४२	६४	४३	१४३१	२०८०	१:०.६९
२०६७/६८	४७१	३७१	३००	१०५	५९	४३	१३४९	२४८७	१:०.५४
२०६८/६९	३५२	२८०	२१२	९९	४०	३०	१०१३	१८०५	१:०.५६
२०६९/७०	३७२	३१८	२५४	१०६	५१	३५	११३६	१७०७	१:०.६७
२०७०/७१	६२६	५०९	३८४	१७३	९१	७१	१८५४	२७६७	१:०.६७
२०७१/७२	६३९	५४७	४५४	१६८	९५	७६	१९७९	२७८३	१:०.७१
२०७२/७३	७९७	६२९	५०३	२१३	१०१	९५	२३३८	३३००	१:०.७१
२०७३/७४	१३८३	१०२६	९०१	३८५	१८९	१४२	४०२६	५२७३	१:०.७६
२०७४/७५	१०८८	८५८	७११	२९२	१६३	१३२	३२४४	४००७	१:०.८१
२०७५/७६	६२५	५०९	४०९	१६८	९५	७७	१८८३	२३९४	१:०.७९
२०७६/७७	३९	२६	२४	७	३	४	१०३	१३०	१:०.७९
२०७७/७८	९	६	२	१	२	०	२०	२८	१:०.७१
२०७८/७९	३८०	२८८	१९१	७४	५३	३७	१०२३	१४३३	१:०.७१
२०७९/८०	५००	४०१	३१०	१३३	५८	५८	१४६०	१९३५	१:०.७५
जम्मा	**८२५९**	**६४७५**	**५२४८**	**२१८६**	**१११२**	**८७२**	**२४१५२**	**३५१९७**	**१:०.६८**

स्रोतः लोक सेवा आयोग त्रिसठ्ठीऔं प्रतिवेदन, २०८०

नोटः आन्तरिक प्रतियोगितात्मक विज्ञापनतर्फको सिफारिश सङ्ख्या समावेश गरिएको छैन।

शान्ति, सुरक्षा र विपद् व्यवस्थापन

१२.२० २०८० फागुनसम्म नेपाल प्रहरीतर्फ ७६ हजार ७ सय ६ जनशक्ति र सशस्त्र प्रहरी बल नेपालतर्फ ३५ हजार ५ सय ७९ जनशक्ति कार्यरत रहेका छन्। समुदायमा प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत स्थानीय र विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन भई ३३ लाख ९१ हजार ७ सय ५६ जना लाभान्वित भएका छन्।

१२.२१ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कारागार भित्र अनौपचारिकरूपमा लघु उद्यममा संलग्न कैदीबन्दीको सङ्ख्या ८ हजार पुगेको छ। यसले कैदीबन्दीको आय आर्जनमा सघाउ पुऱ्याउनका साथै उत्पादित वस्तुको निकासी समेत हुने गरेको छ।

१२.२२ विदेशस्थित कूटनीतिक नियोगबाट जारी हुने हस्तलिखित भिसालाई प्रतिस्थापन गरी विद्युतीय यात्रा अनुमति (ETA) सञ्चालनमा आएको छ।

१२.२३ गत आर्थिक वर्ष बाढीबाट बढी प्रभावित हुने विभिन्न १३ नगरपालिकाका जोखिमयुक्त ३४ स्थानमा पूर्व सङ्केत प्रणाली (siren system) जडान गरिएको थियो।

१२.२४ गत आर्थिक वर्ष विपद् व्यवस्थापनमा समुदायको सहभागिता अभिवृद्धि गर्न स्वयंसेवकको पहिचान तथा परिचालनलाई सहजीकरण गर्न स्वयंसेवक व्यवस्थापन सूचना प्रणाली (VMIS) प्रणाली विकास गरिएको थियो। यस प्रणालीमा हालसम्म १ लाख ४ सय ५६ स्वयंसेवक आवद्ध छन्।

१२.२५ अध्यागमन विभागबाट जारी हुने भिषामध्ये पर्यटक भिषाको अंश ९५.० प्रतिशतभन्दा बढी रहँदै आएको छ। सन् २०२३ मा जारी भएका ७ लाख ६ हजार ९ सय ७७ भिषामध्ये पर्यटक भिषा ९६.५ प्रतिशत रहेकोमा सन् २०२४ को अप्रिलसम्म जारी ३ लाख ३ हजार ८ सय ७६ भिषामा यस्तो भिषाको अंश ९७.३ प्रतिशत रहेको छ।

परराष्ट्र र कूटनीति

१२.२६ चालु आर्थिक वर्षको फागुनसम्म नेपालका विदेशस्थित ३० राजदूतावास, ३ स्थायी नियोग र ७ महावाणिज्य दूतावास समेत ४० नेपाली नियोग रहेका छन्। विभिन्न मुलुकमा ५५ अवैतनिक महावाणिज्य दूत समेत रहेका छन्।

१२.२७ २०८० असारसम्म कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १८१ रहेको थियो। २०२४ अप्रिल १ मा अफ्रिकी मुलुक टोङ्गासँग कूटनीतिक सम्बन्ध स्थापना भई द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या २०८० फागुनसम्म १८२ पुगेको छ।

१२.२८ गत आर्थिक वर्ष १४ लाख ३५ हजार ६ सय ९९ थान विद्युतीय राहदानी जारी भएका थिए। चालु आर्थिक वर्षको फागुनसम्म ९ लाख ८० हजार ६ सय ४१ थान विद्युतीय राहदानी जारी भएका छन्।

तालिका १२(ज): विगत पाँच वर्षमा वितरण भएको राहदानीसम्बन्धी विवरण

आर्थिक वर्ष	साधारण राहदानी			औपचारिक राहदानी		कूटनीतिक राहदानी		जम्मा
	महिला	पुरूष	अन्य	महिला	पुरूष	महिला	पुरूष	
यन्त्रवाचक राहदानी (MRP)								
२०७४/७५	१४८१३९	३८१३१८	-	२१४	१२२४	२१४	४०२	५३१५११
२०७५/७६	१५४१२९	३५८९०३	-	१९३	१०४२	२८०	४६१	५१५००८
२०७६/७७	१२३४६९	२७३५८०	-	१६१	१०९९	१८३	२६०	३९८७५२
२०७७/७८	९३२८४	२५४८५७	-	४९	५५४	१६६	१८२	३४९०९२
२०७८/७९	९२५४८	२६०५८६	-	९५	६७२	८८	१८८	३५४१७७
विद्युतीय राहदानी (*) र यन्त्रवाचक राहदानी (#)								
२०७८/७९*	१२०१०९	२९९४३८	-	४१	३१७	३०	३९	४१९९७४
२०७९/८०#	१६४९	५९५५	-	१८	१९६	१	१	७८२०
२०७९/८०*	४२००४३	१०११३५६	५	४८३	३२१७	२३६	३५९	१४३५६९९
२०८०/८१#	७७	१३०	-	-	-	-	-	२०७
२०८०/८१*	२९०१७१	६८४०३८	६	६९७	५२८३	१६२	२८४	९८०६४१

स्रोतः परराष्ट्र मन्त्रालय, २०८०

सम्पत्ति शुद्धीकरण निवारण र राजस्व चुहावट

१२.२९ वित्तीय कार्य कार्यदल (FATF) को अन्तर्राष्ट्रिय मान्यता र मापदण्डबमोजिम एसिया प्यासिफिक समूह (APG) ले सन् २०२२-२३ मा सम्पन्न गरेको नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन प्रतिवेदन सेप्टेम्बर, २०२३ मा सार्वजनिक भएको छ। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सम्बद्ध ऐनहरू संशोधन भई लागु भएका छन्। यस क्षेत्रमा नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाइएको छ।

१२.३० पछिल्ला वर्षमा वित्तीय जानकारी इकाइमा शंकास्पद कारोबारसम्बन्धी प्रतिवेदन गर्ने कार्य बढ्दै गएको छ। गत आर्थिक वर्ष ५,९३५ शंकास्पद कारोबार प्रतिवेदन भएकोमा १,२१६ प्रतिवेदनको विश्लेषण भएको छ, जसमध्ये ७११ प्रतिवेदन अभिलेखीकरण गरिएको थियो भने ५०५ प्रतिवेदन अनुसन्धान/अनुगमनका लागि अनुसन्धानकारी/नियामक निकायमा पठाइएको थियो।

१२.३१ चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय जानकारी इकाइमा ३,८६९ शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएको छ। यस अवधिमा ९७५ प्रतिवेदन विश्लेषण गरिएकोमा ४०८ अभिलेखीकरण र ५६७ प्रतिवेदन अनुसन्धान/अनुगमनका लागि अनुसन्धानकारी/नियामक निकायमा सम्प्रेषण गरिएको छ।

तालिका १२(झ): वित्तीय जानकारी इकाइमा प्राप्त भएका प्रतिवेदनको स्थिति

विवरण	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
प्रतिवेदन प्राप्त	१३५१	१०९०	१५३३	२७८०	५९३५	३८६९
विश्लेषण भएको	६७७	७९०	६४०	१०६८	१२१६	९७५
अभिलेखीकरण गरिएको	४७०	४५७	४४८	६५९	७११	४०८
अनुसन्धान/अनुगमनका लागि सम्बन्धित निकायमा पठाइएको	२०४	३३३	१९२	४०९	५०५	५६७

स्रोतः वित्तीय जानकारी इकाइ, २०८० *फागुनसम्म

१२.३२ चालु आर्थिक वर्षको फागुनसम्म सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी ५१७ उजुरी दर्ता भएकोमा आवश्यक कार्यवाहीका सम्बन्धित निकायमा पठाइएका उजुरीको सङ्ख्या १३ रहेको छ। साथै, यस अवधिमा २४ प्रतिवादी उपर रू.१ अर्ब ४२ करोड ६५ लाख बिगो कायम गर्ने गरी विशेष अदालतमा ५ मुद्दा दायर भएको छ।

१२.३३ गत आर्थिक वर्ष ९७८ सूचक संस्था goAML System मा आवद्ध भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १,४८१ सूचक संस्था आवद्ध भएका छन्। सूचना आदानप्रदानको लागि कानूनकार्यान्वयन गर्ने निकाय समेत goAML System मा आवद्ध भएका छन्।

१२.३४ राजस्व अनुसन्धान विभागबाट चालु आर्थिक वर्षको फागुनसम्म राजस्व चुहावटसम्बन्धी १,७३४ उजुरी दर्ता भएकोमा २५ उजुरी उपर विस्तृत अनुसन्धान भई रू.१ अर्ब ६२ करोड बराबरको विगो कायम गरी मुद्दा दायर भएको छ। विदेशी मुद्रा अपचलन तर्फ यस अवधिमा ११४ उजुरी प्राप्त भएकोमा ५५ उजुरी उपर विस्तृत अनुसन्धान भई रू.१ अर्ब ६३ करोड विगो कायम गरी मुद्दा दायर भएको छ।

१३. प्रदेश तथा स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति

१३.१ वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन र व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहमा यससम्बन्धी नीति, कानून र संरचनाको विकास हुँदै गएको छ। वित्तीय हस्तान्तरणको सुनिश्चितता र प्रदेश तथा स्थानीय तहको आन्तरिक स्रोत परिचालनमा भने अपेक्षित सुधार हुन सकेको छैन। संघीय एकाइबीचको साझा अधिकारलाई क्रियाकलाप तहमा विभाजन गर्ने कार्य अझैपनि चुनौतीपूर्ण छ।

१३.२ प्रादेशिक खर्चमा वृद्धि हुँदै गएको छ। कुल प्रादेशिक खर्चमा पुँजीगत खर्च वृद्धि हुँदै गएपनि खर्च क्षमतामा सुधार हुन नसकेकोले विनियोजित पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन सकेको छैन। गत आर्थिक वर्षसम्म सबै प्रदेशको सञ्चितकोष बचतमा रहेको देखिन्छ।

आर्थिक वृद्धि

१३.३ आर्थिक वर्ष २०८०/८१ मा प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन रु.५७ खर्व ४ अर्व ८४ करोड मध्ये बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.४ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.३ प्रतिशत रहने अनुमान छ।

चार्ट १३(क): राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ * अनुमानित

१३.४ चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा बढ्ने अनुमान छ। कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम बाहेक अन्य प्रदेशको आर्थिक वृद्धिदर

राष्ट्रिय औसत ३.८७ प्रतिशत भन्दा माथि रहने अनुमान छ। विगत ६ वर्षमा औसत आर्थिक वृद्धिदर कर्णाली प्रदेशको सबैभन्दा बढी ४.२ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम २.८ प्रतिशत रहेको छ।

चार्ट १३(ख): प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ * अनुमानित

१३.५ चालु आर्थिक वर्षमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान मधेश प्रदेशमा सबैभन्दा बढी ३५.३ प्रतिशत रहेको र बागमती प्रदेशमा सबैभन्दा कम १२.० प्रतिशत रहेको छ। त्यसैगरी, उद्योग क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा बढी १६.८ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम १०.६ प्रतिशत रहेको छ। सेवा क्षेत्रको योगदान बागमती प्रदेशमा सबैभन्दा बढी ७७.४ प्रतिशत र कोशी प्रदेशमा सबैभन्दा कम ५०.९ प्रतिशत रहेको छ।

चार्ट १३(ग): प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना*

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *आर्थिक वर्ष २०८०/८१ को अनुमानित

१३.६ राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम रहेको छ।

चार्ट १३(घ): कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

१३.७ उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम रहेको छ।

चार्ट १३(ङ): उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा (प्रतिशतमा)

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

१३.८ आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा बढी २,४८४ अमेरिकी डलर र मधेश प्रदेशको सबैभन्दा न्यून ८९२ अमेरिकी डलर रहने अनुमान छ। बागमती र गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसत १,४३४ अमेरिकी डलर भन्दा माथि रहने अनुमान छ भने अन्य प्रदेशको राष्ट्रिय औसत भन्दा न्यून रहने अनुमान छ।

चार्ट १३(च): चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन

(अमेरिकी डलरमा)

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

तालिका १३(क): प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक

परिसूचक	नेपाल	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
प्रशासनिक र जनसाँख्यिक स्थिति[१]								
स्थानीय तहको सङ्ख्या	७५३	१३७	१३६	११९	८५	१०९	७९	८८
जनसङ्ख्या (प्रतिशतमा)	१००	१७.०	२१.१	२१.०	८.३	१७.७	५.८	९.१
क्षेत्रफल (प्रतिशतमा)	१००	१७.६	६.६	१३.८	१५.३	११.८	२१.६	१३.३
आर्थिक तथा सामाजिक क्षेत्र								
आर्थिक वृद्धिदर (प्रतिशतमा)[१]	३.८७	३.५	३.८	४.०	४.६	४.१	३.४	३.४
गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा)[१]		१५.८	१३.१	३६.४	९.१	१४.३	४.३	७.१
प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)[१]	१४३४	१३३६	८९२	२४८४	१५५७	११५९	१०६६	१११११
लघु, घरेलु तथा साना[२] उद्योगको सङ्ख्या (हजारमा)	५८९.९	८१.४	८६.१	१७३.९	६६.०	९७.८	३६.४	४८.२
कम्पनी दर्ता[३] (हजारमा)	३३८. ९	२४.२	२२.०	२३३.७	१८.४	२२.७	४.२	६.८
जलविद्युत उत्पादन (मेगावाट)[४]	३०६०	५७७	२५	११९६	९३३	५८	१६	१७१
वन क्षेत्र (प्रतिशतमा)[५]	१००	१८.८	३.९	१८.७	१२.८	१६.२	१३.५	१६.१
विद्यालय सङ्ख्या[७]	३५८७६	६९६२	४८०६	६८३७	४०४४	५८००	३२३३	४१४९
वित्तीय क्षेत्र [८]								
बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या [८]	११५९४	१८६२	१७७८	३०४५	१४००	२१९२	४६९	८४८
प्रतिशाखा जनसङ्ख्या	२५१५	२६६५	३४३९	२००९	१७६२	२३३७	३६००	३१७८
बीमकको शाखा सङ्ख्या[९]	२९३२	४७७	३७२	८३०	३४३	४९१	१५४	२६५
प्रदेशगत खर्च (रू.करोडमा)[१०]	-	३०७६	२६८७	४६८६	२३६१	३०२४	२२२७	२४०६
प्रदेशगत राजस्व (रू.करोडमा)[१०]	-	१२४८	१३३८	२५९४	१०२७	१३२१	७५१	९२१
प्रदेश सञ्चित कोषको मौज्दात (२०८० असार)(रू.करोडमा)[१०]	-	५२०	१५५२	२६१६	२९३	२५२	७५३	४५६

स्रोतः १. राष्ट्रिय तथ्याङ्क कार्यालय २०८१ २.उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० ४.ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८० ५. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०८० ६. स्थानीय पूर्वाधार विभाग, २०८०, ७.शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, २०८० ८. नेपाल राष्ट्र बैङ्क, २०८०, ९. नेपाल वीमा प्राधिकरण, २०८०, १०.महालेखा नियन्त्रक कार्यलय, २०८० (खर्च र राजस्वको तथ्याङ्क आर्थिक वर्ष २०७९/८० को वार्षिक तथ्याङ्कमा आधारित)

प्रदेशगत सार्वजनिक वित्तको आकार

१३.९ आर्थिक वर्ष २०७९/८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको खर्च र राजस्वको अनुपात सबैभन्दा बढी क्रमशः ९.७२ प्रतिशत र ३.२८ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन तुलनात्मक रूपमा सबैभन्दा कम रहेको कारण यस्तो अनुपात उच्च रहन गएको हो।

चार्ट १३(छ): प्रदेशगत खर्च र राजस्व स्थिति (प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८० र राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

प्रदेश र स्थानीय तहमा वित्तीय स्रोतको उपयोग

१३.१० गत आर्थिक वर्षमा कुल प्रादेशिक खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ९.१७ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ४ अर्ब ६८ करोड पुगेको थियो। गत आर्थिक वर्षमा प्रादेशिक खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः ३९.० प्रतिशत, ६०.७ प्रतिशत र ०.३ प्रतिशत रहेको थियो।

१३.११ प्रदेश सरकारको कुल खर्चमा पुँजीगत खर्चको हिस्सा बढ्दै गएको छ। पछिल्ला चार वर्षमा प्रदेश सरकारको पुँजीगत खर्च करिब ५५.० प्रतिशत भन्दा माथि छ। आर्थिक वर्ष २०७४/७५ मा कुल खर्चको ४२.२७ प्रतिशत पुँजीगत खर्च भएकोमा यस्तो हिस्सा क्रमशः बढ्दै गई आर्थिक वर्ष २०७९/८० मा ६०.७ प्रतिशत पुगेको छ।

चार्ट १३(ज): स्थानीय तहको खर्च संरचना (प्रदेश सरकारको कुल खर्चको प्रतिशतमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

१३.१२ गत आर्थिक वर्षमा कुल प्रादेशिक खर्चमध्ये पुँजीगत खर्चको हिस्सा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ६५.७ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ५७.३८ प्रतिशत रहेको छ। प्रदेशगत खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०७९/८० मा गण्डकी र कर्णाली प्रदेशमा घटेको छ भने अन्य प्रदेशमा बढेको छ।

तालिका १३(ख): प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति (रू. करोडमा)

विवरण	२०७७/७८		२०७८/७९		२०७९/८०	
	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश	कुल खर्च	पुँजीगत खर्चको अंश
कोशी	२७९५.१	५६.८	२९९६.६	५६.२	३०७५.७८	५८.८९
मधेश	२२५४.६	६१.७	२२२६	५३.६	२६८६.९९	६०.२९
बागमती	३५५९.५	५६.२	३७९९.५	५५.३	४६८६.२०	६०.३५
गण्डकी	२५६२.३	६८.७	२२०४.४	६५.६	२३६१.४९	६४.६३
लुम्बिनी	३२१०.३	५७.६	३००५.५	५७.९	३०२४.४२	५८.६४
कर्णाली	२२०४.२	६१.६	२४२८.२	६२.१	२२२६.६९	५७.३८
सुदूरपश्चिम	२२९६.८	५४.९	२०८७.७	५७.२	२४०६.३१	६५.७२
जम्मा	**१८८८३**	**५९.३**	**१८७४८**	**५८.०**	**२०४६७.८६**	**६०.६७**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

१३.१३ आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७९/८० सम्म औसत प्रादेशिक पुँजीगत खर्च ५५.३ प्रतिशत रहेको छ। यस अवधिमा गण्डकी प्रदेशको औषत पुँजीगत खर्च सबैभन्दा बढी ६४.२ प्रतिशत र सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम ५३.० प्रतिशत रहेको छ।

१३.१४ चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रादेशिक खर्च गत आर्थिक वर्षको सोही अवधिको रू.७५ अर्ब ४० करोडको तुलनामा ५.५ प्रतिशतले बढेर रू.७९ अर्ब ५३ करोड पुगेको छ। कुल खर्चमध्ये चालु खर्च र पुँजीगत खर्चको अनुपात क्रमशः ५०.७ प्रतिशत र ४९.३ प्रतिशत रहेको छ।

१३.१५ चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रादेशिक खर्चमध्ये सबैभन्दा बढी खर्चभार बागमती प्रदेशको ०.२६ र सबैभन्दा कम मधेश प्रदेशको ०.०८ रहेको छ।

तालिका १३(ग): प्रदेश सरकारको खर्च अवस्था *(रू.करोडमा)

प्रदेश	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	कुल खर्च	खर्च भार
कोशी	७३३.५७	५६९.८९	०.००	१३०३.४६	०.१६
मधेश	३६१.४१	२५३.७३	०.००	६१५.१४	०.०८
बागमती	९९६.५५	१०३७.४०	०.००	२०३३.९५	०.२६
गण्डकी	४४९.३३	५४९.६०	०.००	९९८.९३	०.१३
लुम्बिनी	५९८.८२	७२७.२१	०.००	१३२६.०३	०.१७
कर्णाली	४७०.७५	३४०.०३	०.००	८१०.७८	०.१०
सुदूरपश्चिम	४२३.९५	४४०.५७	०.००	८६४.५२	०.११
जम्मा	**४०३४.३८**	**३९१८.४२**	**०.००**	**७९५२.८०**	**१.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८० * फागुनसम्म

१३.१६ गत आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारबाट विनियोजित प्रादेशिक बजेटको २४.७ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च २३.८ प्रतिशत छ। प्रदेशगतरूपमा कोशी प्रदेशमा बजेटको ३०.३ प्रतिशत र मधेश प्रदेशमा १२.७ प्रतिशत खर्च भएको छ। लुम्बिनी प्रदेशबाहेक अन्य प्रदेशमा विनियोजित पुँजीगत बजेटको एक चौथाई पनि खर्च भएको छैन।

तालिका १३(घ): प्रदेश सरकारको खर्च अवस्था (विनियोजित प्रादेशिक बजेटको प्रतिशत)

प्रदेश	चालु खर्च		पुँजीगत खर्च		वित्तीय व्यवस्था		कुल खर्च	
	२०७९/८०	२०८०/८१	२०७९/८०	२०८०/८१	२०७९/८०	२०८०/८१	२०७९/८०	२०८०/८१
कोशी	४१.७	४०.१	२८.३	२२.२	०	०	३३.९	३०.२
मधेश	१७.४	१६.७	१६.४	९	०	०	१६.९	१२.७
बागमती	३४.४	३३.२	१७.३	२२	३०	०	२४.१	२६.६
गण्डकी	३१.३	३०.३	२२.१	२२.४	०	०	२५.१	२५.१
लुम्बिनी	३५.३	२९.८	२४.५	२५	०	०	२९.१	२७
कर्णाली	२६.९	२८.८	१६.८	१२.६	०	०	२०.९	१९.३
सुदूरपश्चिम	३१.८	३०.५	१९.५	१९.९	०	०	२३.५	२४
जम्मा	**३१.२**	**३०**	**२०.४**	**१९.५**	**२१.४**	**०**	**२४.७**	**२३.८**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

१३.१७ २०८० असारमसान्तमा सबै प्रदेशको सञ्चित कोष बचतमा रही प्रादेशिक सञ्चित कोष रू.६४ अर्ब ४२ करोड बचतमा रहेको छ। २०७९ असारमसान्तमा प्रादेशिक सञ्चित कोष रू.७९ अर्ब १९ करोड बचतमा रहेको थियो। प्रादेशिक सञ्चित कोषमध्ये बागमतीको सञ्चित कोषको बचत सबैभन्दा बढी र गण्डकीको सञ्चितकोषको बचत सबैभन्दा कम रहेको छ।

तालिका १३(ङ): आर्थिक वर्ष २०७९/८० मा प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानीको विवरण (रू. करोडमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
राजस्व, अनुदान र अन्य प्राप्ति	२८७९	२७९८	४०९७	२२२१	२७५०	२१२०	२११६	१८९८०
राजस्व	१२४८	१३३८	२५९४	१०२७	१३२१	७५१	९२१	९२०१
कर	११३८	१२२१	२१०३	९०६	११७६	७३२	८७९	८१५५
अन्य राजस्व	१११	११७	४९१	१२२	१४५	१९	४२	१०४६
अनुदान (नेपाल सरकार)	१५८२	१३७३	१३५७	११७७	१३४५	१३५३	११७७	९३६५
बेरूजु तथा अन्य प्राप्ति	४८	८७	१४६	१७	८४	१६	१७	४१४
वित्तीय व्यवस्थाबाट प्राप्ति	०	०	११	०	०	०	०	११
यस वर्षको खुद प्राप्ति (१+२)	२८७९	२७९८	४१०८	२२२१	२७५०	२१२०	२११६	१८९९१
भुक्तानी	३०७६	२६८७	४६८६	२३६१	३०२४	२२२७	२४०६	२०४६८
समायोजन	०	०	०	०	०	०	०	०
यस वर्षको भुक्तानी (४+५)	३०७६	२६८७	४६८६	२३६१	३०२४	२२२७	२४०६	२०४६८
यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	-१९७	१११	-५७८	-१४०	-२७५	-१०७	-२९१	-१४७७
आर्थिक वर्षको सुरूवातको मौज्दात	७१६	१४४२	३१९४	४३३	५२७	८६०	७४७	७९१९
आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**५२०**	**१५५२**	**२६१६**	**२९३**	**२५२**	**७५३**	**४५६**	**६४४२**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

१३.१८ गत आर्थिक वर्षमा स्थानीय तहको कुल खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रू.४ खर्ब ५३ अर्ब ८१ करोड पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च रू.४ खर्ब २४ अर्ब १७ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ६२.७ प्रतिशत, ३७.२ प्रतिशत र ०.१ प्रतिशत रहेको थियो।

चार्ट १३(झ): स्थानीय तहको खर्च संरचना (स्थानीय तहको खर्चको प्रतिशतमा)

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

नोटः वित्तीय व्यवस्थातर्फको खर्च ज्यादै न्यून भएकोले चालु खर्चमा समावेश गरिएको छ।

१३.१९ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.६ प्रतिशतले बढेर रू. २ खर्ब ४३ अर्ब ८१ करोड पुगेको छ। कुल खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको अंश क्रमशः ७४.६ प्रतिशत, २५.४ प्रतिशत र ०.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७१.२ प्रतिशत, २८.७ प्रतिशत र ०.१ प्रतिशत रहेको थियो।

तालिका १३(च): स्थानीय तहको खर्च अवस्था (रू. करोडमा)

स्थानीय तह भएका प्रदेश	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	कुल खर्च	खर्च भार
कोशी	३३१३.४७	११०३.३२	६.४०	४४२३.१९	०.१८
मधेश	२६९४.५७	७०९.७७	०.२५	३४०४.५९	०.१४
बागमती	३८२५.६९	२०९१.०१	६.७६	५९२३.४६	०.२४
गण्डकी	२०५३.२०	७०७.६४	०.३०	२७६१.१३	०.११
लुम्बिनी	३११४.४५	८४६.४०	२.०८	३९६२.९४	०.१६
कर्णाली	१२२८.०८	२८९.३४	०.००	१५१७.४२	०.०६
सुदूरपश्चिम	१९५१.२३	४३७.१०	०.००	२३८८.३३	०.१०
जम्मा	**१८१८०.६९**	**६१८४.५८**	**१५.८०**	**२४३८१.०७**	**१.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

१३.२० चालु आर्थिक वर्षको फागुनसम्म कुल खर्चमध्ये बागमती प्रदेशमा रहेका स्थानीय तहको खर्च भार सबैभन्दा बढी ०.२४ रहेको छ भने सबैभन्दा कम खर्च भार कर्णाली प्रदेशमा रहेका स्थानीय तहको ०.०६ रहेको छ।

वित्तीय पहुँच

१३.२१ बैङ्क तथा वित्तीय संस्थाको शाखा ११ हजार ५ सय ९४ मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ३ हजार ४५ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४६९ रहेका छन्।

१३.२२ २०८० फागुनमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्त समेत) का आधारमा प्रति शाखा औसत जनसङ्ख्या २,५१५ पुगेको छ। यस्तो जनसङ्ख्या २०७९ फागुनमा २,५१० रहेको थियो। प्रदेशगत रूपमा प्रति शाखा जनसङ्ख्या मधेश प्रदेशमा सबैभन्दा बढी र बागमती प्रदेशमा सबैभन्दा कम रहेको छ।

तालिका १३(छ): प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा (२०८० फागुनमसान्त)

प्रदेश	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	लघुवित्त	जम्मा	अशं (प्रतिशत)	जनसङ्ख्या (प्रति शाखा)
कोशी	७६१	१९५	३६	८७०	१८६२	१६.१	२६६५
मधेश	५८४	८४	५१	१०५९	१७७८	१५.३	३४३९
बागमती	१८३३	३३५	१०८	७६९	३०४५	२६.३	२००९
गण्डकी	५९४	१९१	३७	५७८	१४००	१२.१	१७६२
लुम्बिनी	७३५	२५७	४७	११५३	२१९२	१८.९	२३३७
कर्णाली	२०८	२१	३	२३७	४६९	४.०	३६००
सुदूरपश्चिम	३२६	५२	६	४६४	८४८	७.३	३१७८
जम्मा	**५०४१**	**११३५**	**२८८**	**५१३०**	**११५९४**	**१००.०**	**२५१५**

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०

बीमा

१३.२३ गत आर्थिक वर्षको फागुनसम्म ३,२१५ रहेको बीमक (जीवन, निर्जीवन र लघु बीमक) को कुल शाखा सङ्ख्या चालु आर्थिक वर्षको फागुनसम्म ८.८ प्रतिशतले घटेर २,९३२ छ। प्रदेशगतरूपमा बागमती प्रदेशमा जीवन र निर्जीवन बीमकको शाखा सङ्ख्याको हिस्सा सबैभन्दा बढी क्रमशः २६.९ प्रतिशत र ३१.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम क्रमशः ५.९ प्रतिशत र ४.१ प्रतिशत रहेको छ।

चार्ट १३(ञ): बीमकको प्रदेशगत शाखा सङ्ख्या

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८०

१३.२४ बीमकको कुल शाखा २,९३२ मध्ये २०८० को फागुनसम्म बागमती प्रदेशमा सबैभन्दा बढी ८३० र कर्णाली प्रदेशमा सबैभन्दा कम १५४ रहेको छ।

तालिका १३(ज): प्रदेशगत जीवन, निर्जीवन बीमकहरू शाखा सङ्ख्याको विवरण

प्रदेश	जीवन बीमा			निर्जीवन बीमा			लघुबीमक	जम्मा		
	२०७८	२०७९	२०८०	२०७८	२०७९	२०८०	२०८०	२०७८	२०७९	२०८०
कोशी	३७६	३५९	२९८	१६५	१६१	१६२	१७	५४१	५२०	४७७
मधेश	३२१	३११	२२६	१२७	१२३	१२९	१७	४४८	४३४	३७२
बागमती	५९७	५७३	४८१	३१३	३११	३२१	२८	९१०	८८४	८३०
गण्डकी	२३१	२२५	१९६	१३७	१३४	१३७	१०	३६८	३५९	३४३
लुम्बिनी	३६५	३५४	२९९	१७६	१७३	१७२	२०	५४१	५२७	४९१
कर्णाली	१४५	१४१	१०६	४६	४२	४२	६	१९१	१८३	१५४
सुदूरपश्चिम	२५७	२४३	१८३	७३	६५	७२	१०	३३०	३०८	२६५
जम्मा	**२२९२**	**२२०६**	**१७८९**	**१०३७**	**१००९**	**१०३५**	**१०८**	**३३२९**	**३२१५**	**२९३२**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८० *फागुनसम्म

१३.२५ चालु आर्थिक वर्षको फागुनसम्ममा सङ्कलन भएको बीमा प्रिमियम रकम रू.१ खर्ब २४ अर्ब ८६ मध्ये बागमती प्रदेशभित्र रहेका बीमकले सङ्कलन गरेको प्रिमियम सबैभन्दा बढी ४९.० प्रतिशत र कर्णाली प्रदेशभित्र रहेका बीमकले सङ्कलन गरेको प्रिमियम सबैभन्दा कम २.५ प्रतिशत रहेको छ। सक्रिय जीवन बीमालेख सङ्ख्या मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ७१.६ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा १.५ प्रतिशत रहेको छ। त्यसैगरी, निर्जीवन बीमातर्फ समेत बागमती प्रदेशमा सबैभन्दा बढी ४४.१ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम १.९ प्रतिशत रहेको छ।

तालिका १३(झ): बीमालेख र बीमाशुल्क संकलनको प्रदेशगत विवरण

*(बीमाशुल्क रू. करोडमा र हिस्सा प्रतिशतमा)

प्रदेश	जीवन			निर्जीवन				
	सक्रिय बीमालेख सङ्ख्या	बीमाशुल्क	बीमाशुल्क हिस्सा	जारी बीमालेख सङ्ख्या	बीमाशुल्क	बीमाशुल्क आर्जनको हिस्सा	बीमाशुल्क	बीमाशुल्क हिस्सा
कोशी	११४००११	११९२.७	१२.१	२४६६६९	२३२.५	८.९	१४२५.२	११.४
मधेश	५६७३२४	८७५.१	८.९	१९६४९३	१७५.१	६.७	१०५०.२	८.४
बागमती	९८८८५६६	४३८१.६	४४.४	८६४४५४	१७२५.२	६५.७	६१०६.८	४८.९
गण्डकी	५४८४९२	१००५.३	१०.२	२०३५५६	१४८.४	५.७	११५३.८	९.२
लुम्बिनी	९६९६०२	१५४०.१	१५.६	३११९८२	२४०.३	९.१	१७८०.३	१४.३
कर्णाली	१८४२६२	२७१.६	२.८	३६९७९	३६.१	१.४	३०७.७	२.५
सुदूरपश्चिम	५०८९९२	५९२.८	६.०	१०१८९१	६९.२	२.६	६६२.०	५.३
जम्मा	**१३८०७२४९**	**९८५९.१**	**१००.०**	**१९६२०२४**	**२६२६.८**	**१००.०**	**१२४८५.९**	**१००.०**

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८० * फागुनसम्म

उद्योग क्षेत्र

१३.२६ २०८० फागुनसम्म अद्यावधिक भएका लघु, घरेलु तथा साना उद्योगमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २९.५ प्रतिशत र कर्णालीमा सबैभन्दा कम ६.२ प्रतिशत रहेका छन्। यस्ता उद्योगमध्ये लघु उद्योग ४१ हजार ९ सय ८२ (७.१ प्रतिशत), घरेलु उद्योग २३ हजार ६ सय २५ (४.० प्रतिशत) र साना उद्योग ५ लाख २४ हजार २ सय ४७ (८८.९ प्रतिशत) रहेका छन्।

तालिका १३(ञ): लगत कट्टा गरी अद्यावधिक गरिएको लघु, घरेलु तथा साना उद्योग सङ्ख्या*

प्रदेश	उद्योग	हिस्सा
कोशी	८१४३९	१३.८
मधेश	८६०८९	१४.६
बागमती	१७३८६२	२९.५
गण्डकी	६६०३३	११.२
लुम्बिनी	९७७९०	१६.६
कर्णाली	३६४१३	६.२
सुदूरपश्चिम	४८२२८	८.२
नेपाल	**५८९८५४**	**१००.०**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८० *२०८० असारसम्म

१३.२७ २०८० असारसम्म दर्ता कायम भएका कुल ५ लाख ८९ हजार ८ सय ५४ उद्योगमध्ये सेवामूलकमा सबैभन्दा बढी १ लाख ९८ हजार २ सय ३१ (३३.६ प्रतिशत) र खनिज क्षेत्रमा सबैभन्दा कम ४८६ (०.१ प्रतिशत) छन्।

१३.२८ गत आर्थिक वर्षमा लघु, घरेलु तथा साना उद्योगमा रु.८२ अर्ब ९० करोड लगानी स्वीकृत भएको छ। यस अवधिको कुल स्वीकृत लगानीमध्ये बागमतीमा २४.७ प्रतिशत र कर्णालीमा ४.५८ प्रतिशत रहेको छ।

तालिका १३(ट): प्रदेशगत लघु, घरेलु तथा साना उद्योगहरूको कुल लगानी तथा रोजगार विवरण

प्रदेश	लघु, घरेलु तथा साना उद्योगको दर्ता सङ्ख्या	कुल लगानी (रू. करोडमा)	प्रस्तावित रोजगारी (जना)
कोशी	५५३७	१५२१.९१	१५३४१
मधेश	७१५२	२०५१.२७	३२४८४
बागमती	७२६८	१९४९.६२	३४७९४
गण्डकी	३६६७	८६०.९९	११४६७
लुम्बिनी	५१४१	११४१.५५	१७८४९
कर्णाली	३६३०	३७९.५८	१६०४०
सुदूरपश्चिम	४४४७	३८५.१३	१५४३३
नेपाल	**३७१४२**	**८२९०.०६**	**१४३४०८**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

१३.२९ आर्थिक वर्ष २०७८/७९ मा देशभर कुल ६५,०६९ लघु, घरेलु तथा साना उद्योगहरू दर्ता भएकोमा २०७९/८० मा यस्तो सङ्ख्यामा ४३.० प्रतिशतले कमि आई ३७,१४२ मात्र नयाँ उद्योग दर्ता भएका थिए। गण्डकी प्रदेशमा यस्तो दर्तामा ५४.२ प्रतिशतले कमी आएको थियो।

तालिका १३(ठ) : लघु घरेलु तथा साना उद्योगको नयाँ दर्ता विवरण

प्रदेश	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
कोशी	५९७४	६५५४	१४५२७	९९०३	५५३७
मधेश	७४६४	६४४२	१२६२६	१२९९०	७१५२
बागमती	१७१७५	१२९९८	१५२६८	११३९५	७२६८
गण्डकी	५९९६	६३७३	११४४२	८००४	३६६७
लुम्बिनी	८८८६	७७४३	१३६७७	१०६८८	५१४१
कर्णाली	३२२२	३५९५	६३०१	५९२७	३६३०
सुदूरपश्चिम	३९१२	५१४९	९५४५	६१६२	४७४७
नेपाल	**५२६२९**	**४८८५४**	**८३३८६**	**६५०६९**	**३७१४२**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

१३.३० गत आर्थिक वर्षमा लघु, घरेलु तथा साना उद्योग दर्ता बागमतीमा सबैभन्दा बढी ७,२६८ (१९.६ प्रतिशत) र कर्णाली प्रदेशमा सबैभन्दा कम ३,६३० (९.८ प्रतिशत) रहेको छ।

१३.३१ चालु आर्थिक वर्षको फागुनसम्म थप भएका १६,५९० कम्पनीमध्ये बागमती प्रदेशमा मात्र दुई तिहाइ थप भएका छन्।

तालिका १३(ङ): फागुनसम्मको प्रदेशगत नयाँ तथा जम्मा कम्पनी दर्ताको विवरण

प्रदेश	२०८० असारसम्म	२०८० फागुनसम्म	जम्मा
कोशी	२३०८६	११२९	२४२१५
मधेश	२०३४३	१६५८	२२००१
बागमती	२२२७४७	१०९९५	२३३७४२
गण्डकी	१७५१९	८६३	१८३८२
लुम्बिनी	२१४१०	१२६९	२२६७९
कर्णाली	३९८१	२६७	४२४८
सुदूरपश्चिम	६३९४	४०५	६७९९
प्रदेश नखुलेको	६७९९	४	६८०३
नेपाल	**३२२२७९**	**१६५९०**	**३३८८६९**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

पेट्रोलियम पदार्थ

१३.३२ पेट्रोलियम पदार्थको भण्डारण क्षमता आर्थिक वर्ष २०७९/८० मा १६.३ प्रतिशतले वृद्धि भई ७९,९९० किलोलिटर पुगेको छ। पेट्रोलियम पदार्थको उक्त मौज्दात क्षमता सरदरमा १३ दिन बराबरको माग धान्न पर्याप्त छ। मधेश प्रदेशमा सबैभन्दा बढी १६ दिनको माग धान्न सक्ने र कर्णाली प्रदेशमा सबैभन्दा कम १ दिनको माग धान्न सक्ने मौज्दात क्षमता रहेको छ।

तालिका १३(ढ): प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता

प्रदेश	प्रादेशिक भण्डारण क्षमता (कि.लि.)				जम्मा	भण्डारण क्षमता (दिन)
	पेट्रोल	डिजेल	मट्टितेल	एटिएफ		
कोशी	५६०	७११०	७१०	३८५	**८७६५**	८
मधेश	३४६०	१९९८०	८३०	१३०	**२४४००**	१६
बागमती	६०७०	८४००	७६०	७१६०	**२२३९०**	१३
गण्डकी	१११०	१२२८०	०	१५७	**१३५४७**	४२
लुम्बिनी	१५५३	५४४३	२८०	८३८	**८११४**	८
कर्णाली	०	०	४५	८२	**१२७**	१
सुदूरपश्चिम	८७९	१६३५	७०	६३	**२६४७**	९
जम्मा	**१३६३२**	**५४८४८**	**२६९५**	**८८१५**	**७९९९०**	**१३**

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

१३.३३ २०८० फागुनसम्म ग्यास उद्योगीको सङ्ख्या ६४ पुगेको छ जसमध्ये बागमती प्रदेशमा २८ ग्यास उद्योग सञ्चालनमा रहेकोमा कर्णाली प्रदेशमा कुनै पनि ग्यास

उद्योग सञ्चालनमा छैन। २०७९ फागुनमा ग्यास उद्योगको कुल भण्डारण क्षमता ९,११७ मेट्रिक टन रहेकोमा २०८० फागुनमा ९,९३१ मेट्रिक टन पुगेको छ। यसबाट करिब ७ दिनको माग धान्न सक्ने अवस्था छ। कुल भण्डारण क्षमताको ४८.० प्रतिशत बागमती प्रदेशमा रहेको छ।

चार्ट १३(ट): प्रदेशगत ग्यास उद्योगीको सङ्ख्या र सोको भण्डारण क्षमता (मे. टन)

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८०

नोटः भित्री वृत्तले ग्यास उद्योगको सङ्ख्या र बाहिरी वृत्तले भण्डारण क्षमता जनाउँछ।

ऊर्जामा पहुँच

१३.३४ २०८० फागुनसम्म कुल जनसङ्ख्यामध्ये ९७.७ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ। कोशी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा विद्युत पहुँच राष्ट्रिय औसतभन्दा न्यून रहेको छ।

तालिका १३(ण): राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा)

प्रदेश	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
कोशी	८६.३	८२.४३	९६.९५	९७.०	९५.३
मधेश	८७.२५	९९.०५	९९.६६	१००.०	१००.०
बागमती	९५.८३	९४.४४	९५.९१	९६.०	९९.५
गण्डकी	८७.४८	९२.७९	९५.६८	९८.०	९९.३
लुम्बिनी	८९.०७	९१	९४.९१	९५.०	९८.३
कर्णाली	२७.७४	३४.७५	४३.८७	४४.०	६८.५
सुदूरपश्चिम	६७.३३	६४.६९	७१.०७	७३.०	८३.५
नेपाल (वैकल्पिक ऊर्जासहित)	**९०.०**	**९३.०**	**९४.०**	**९५.०**	९७.७

स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८० *फागुनसम्म

१३.३५ प्रदेशगतरूपमा २०८० फागुनसम्म बागमतीमा सबैभन्दा बढी १,१९६ मेगावाट उत्पादन क्षमताका आयोजना र कर्णालीमा सबैभन्दा कम १६ मेगावाट उत्पादन क्षमताका आयोजना सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म थप भएको २९९ मेगावाटमध्ये गण्डकी प्रदेशमा १०२ मेगावाट, कोशी प्रदेशमा ८८ मेगावाट, सुदूरपश्चिममा ५१ मेगावाट, बागमतीमा ४७ मेगावाट र लुम्बिनीमा ११ मेगावाट विद्युत उत्पादन भएको छ।

तालिका १३(त): प्रदेशगत विद्युत उत्पादन क्षमता (मेगावाटमा)
(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

प्रदेश	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
कोशी	२३८	२८०	३४५	४८९	५७७
मधेश	०	१३	२१	२५	२५
बागमती	४५६	४७२	१०४६	११४९	११९६
गण्डकी	५११	५२९	५९५	८३१	९३३
लुम्बिनी	२२	३१	३१	४७	५८
कर्णाली	११	११	११	१६	१६
सुदूरपश्चिम	५२	५२	५८	१२०	१७१
जम्मा	**१२९०**	**१३८८**	**२१०७**	**२६७७**	**२९७६**

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८० * फागुनसम्म

सडक पहुँच

१३.३६ २०८० फागुनसम्म २१ स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुगेको छैन। सडक पहुँच पुगेको तर सडक पक्की हुन बाँकी स्थानीय तहको सङ्ख्या २०० छ। मधेश र लुम्बिनी प्रदेशका सबै स्थानीय तहको केन्द्रसम्म सडक पहुँच विस्तार भएको छ। कर्णाली प्रदेशका ७८ स्थानीय तहमध्ये १० स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुग्न सकेको छैन। यस प्रदेशको ४६ स्थानीय तहको केन्द्रसम्म पक्की सडकको पहुँच पुगेको छ।

तालिका १३(थ) : स्थानीयतहको केन्द्रसम्म सडक पहुँच अवस्था

प्रदेश	स्थानीय तह	केन्द्रसम्म सडक पहुँच नपुगेको		केन्द्रसम्म सडक पुगेको तर पक्की हुन बाँकी सडक		जम्मा सडकको लम्बाई
		स्थानीय तह	सडकको लम्बाई	स्थानीय तह	सडकको लम्बाई	
	सङ्ख्या		कि.मी.	सङ्ख्या	कि.मी.	
कोशी	१३७	२	४०	५४	१,०७९	१,११९
मधेश	१३६	०	०	२५	१३९	१३९
बागमती	११९	१	१३	३२	५०९	५२२
गण्डकी	८७	२	६१	११	१८७	२४८
लुम्बिनी	१०९	०	०	३०	२५३	२५३
कर्णाली	७८	१०	२४७	२२	२९७	५४४
सुदूरपश्चिम	८७	६	८६	२६	४७२	५५८
जम्मा	**७५३**	**२१**	**४४७**	**२००**	**२,९३६**	**३,३८३**

स्रोतः सहरी विकास मन्त्रालय, २०८०

वन

१३.३७ नेपालको कुल वन क्षेत्रमध्ये कोशी प्रदेशमा सबैभन्दा बढी र मधेश प्रदेशमा सबैभन्दा कम रहेको छ। प्रदेशगत भू-भागमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी र मधेश प्रदेशमा सबैभन्दा कम वन क्षेत्र रहेको छ।

तालिका १३(द): प्रदेशगत वन क्षेत्रको स्थिति

प्रदेश	प्रदेशको क्षेत्रफल (हेक्टर)	वन क्षेत्र (हेक्टर)	नेपालको कुल भू-भागमा प्रदेशगत वनक्षेत्र (प्रतिशत)	नेपालको कुल वनक्षेत्रमा प्रदेशगत वनक्षेत्र (प्रतिशत)	प्रदेशगत भू-भागमा वनक्षेत्र (प्रतिशत)
कोशी	२६०५२६०	११५७९०५	७.८३	१८.८	४४.४४
मधेश	९५८९३०	२३७६३६	१.६२	३.९	२४.७८
वाग्मती	२०२८४२८	११५४६८५	७.७९	१८.७	५६.९३
गण्डकी	२१९६०६२	७८७८६५	५.३३	१२.८	३५.८८
लुम्बिनी	१९३०४४५	९९६९४१	६.७५	१६.२	५१.६४
कर्णाली	३०६४८२१	८३७०१६	५.६६	१३.५	२७.३१
सुदूरपश्चिम	२००९०६९	९८९२६८	६.७१	१६.१	४९.२४
नेपाल	१४७९३०१५	६१६६७६६	४१.६९	१००.०	

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८०

नोटः बुट्यान तथा झाडी बाहेकको वन क्षेत्रमात्र समावेश गरिएको।

१३.३८ मधेश प्रदेशका ८४, कोशीका १३ र लुम्बिनीका ९ गरी १०६ स्थानीय तहमा वन क्षेत्र रहेको छैन। गाउँपालिकाको तुलनामा नगरपालिकामा वन क्षेत्र बढी

रहेको छ। प्रदेशगतरूपमा कर्णाली प्रदेश भित्रका पालिकामा वन क्षेत्र सबैभन्दा बढी र मधेश प्रदेश भित्रका पालिकामा सबैभन्दा कम रहेको छ।

१३.३९ नगरपालिका मध्ये सुदूरपश्चिम प्रदेशका नगरपालिकामा सबैभन्दा वढी र गण्डकी प्रदेशका नगरपालिकामा सबैभन्दा कम वन क्षेत्र रहेको छ। उपमहानगरपालिका मध्ये लुम्बिनी प्रदेशका उपमहानगरपालिकामा सबैभन्दा वढी वन क्षेत्र रहेको छ। महानगरपालिका मध्ये पोखरा महानगरपालिकामा सबैभन्दा वढी वनक्षेत्र रहेको छ।

तालिका १३ (ध): स्थानीय तह अनुसार वनक्षेत्र

पालिका/प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
गाउँपालिका	१८.१	०.४	१७.१	१४.६	१३.२	१९.७	१६.९	१००.०
नगरपालिका	१८.४	८.७	१२.४	८.६	१४.२	१८.४	१९.२	१००.०
उपमहानगरपालिका	१४.६	१७.९	१२.७	०.०	४६.१	-	८.८	१००.०
महानगरपालिका	०	४.१	४३.२	५२.७	-	-	-	१००.०
जम्मा	**१८.०**	**३.२**	**१५.८**	**१२.८**	**१३.९**	**१८.९**	**१७.४**	**१००.०**

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८०

शिक्षा

१३.४० शैक्षिक सत्र २०८० मा ३५ हजार ८ सय ७६ विद्यालयमध्ये कोशी प्रदेशमा सबैभन्दा बढी १९.४ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.० प्रतिशत विद्यालय रहेका छन्। यसैगरी, बागमती प्रदेशमा विद्यालयको सङ्ख्या १९.१ प्रतिशत, लुम्बिनीमा १६.२ प्रतिशत, मधेशमा १३.४ प्रतिशत, सुदूरपश्चिममा ११.७ प्रतिशत र गण्डकीमा ११.३ प्रतिशत रहेको छ।

तालिका १३(न): प्रदेशअनुसार विभिन्न तहका विद्यालयको विवरण

प्रदेश/तह	आधारभूत तह कक्षा (१-५)		आधारभूत तह कक्षा (१-८)		माध्यमिक तह कक्षा (९-१०)		माध्यमिक तह कक्षा (११-१२)	
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत
कोशी	३०६७	३५६	१००७	४०५	६५३	६२०	६३२	२२२
मधेश	२१०१	४०९	६२९	४०३	३५५	३४५	४२४	१४०
बागमती	२५०६	२८३	७८८	२१०	६९७	११८७	७५२	४१४
गण्डकी	१९२३	१३४	५२४	११५	४६७	२७०	४९३	११८
लुम्बिनी	२५४१	३१२	८२५	३२९	५५५	४७२	६१०	१५६
कर्णाली	१७८५	१०३	५२४	७१	३४९	५७	३२५	१९
सुदूरपश्चिम	१८७९	२१८	६७५	२६२	४५७	१८८	४४७	६८
जम्मा	**१५८०२**	**१८१५**	**४९७२**	**१७९५**	**३५३३**	**३१३९**	**३६८३**	**११३७**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

१३.४१ सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत शिक्षक समेत गरी कुल १ लाख ५३ हजार २ सय ७५ शिक्षक मध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २०.० प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ७.७ प्रतिशत कार्यरत छन्।

तालिका १३(प): सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण

तह/प्रदेश		कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
आधारभूत तह (६-८)	स्थायी	१४२५८	८७३२	१४०५७	११५१४	१०७८६	५२९६	६४१५	७१०५८
	अस्थायी	२३९९	८१८	१७३५	१३०४	१४५९	६९८	६९३	९१०६
	राहत	३४८०	३४७२	४०७९	१५३५	३६८४	२१९६	३४२५	२१८७१
आधारभूत तह (६-८)	स्थायी	३००६	१७४८	२९०८	२३४८	२११७	९१०	१३०२	१४३३९
	अस्थायी	६०१	१३२	३३७	३६९	२१५	१२०	१३९	१९१३
	राहत	१७८२	७५२	२२७४	१०८८	१५०५	८३८	१३७०	९६०९
माध्यमिक तह (९-१०)	स्थायी	२२४३	१५४८	२५२९	२०५२	१८३४	५९८	९३०	११७३४
	अस्थायी	२८४	६३	२६६	१६७	९१	८९	८२	१०४२
	राहत	१२९४	५६७	१४६५	८७९	१००१	५४७	९९१	६७४४
माध्यमिक तह (११-१२)	स्थायी	०	०	०	०	०	०	०	०
	अस्थायी	२५५	२२९	४२३	२५७	२५२	१९८	३०४	१९१८
	राहत	५९५	२७८	६५७	६०३	६०६	३८८	८१४	३९४१
कुल जम्मा	**स्थायी**	**१९५०७**	**१२०२८**	**१९४९४**	**१५९१४**	**१४७३७**	**६८०४**	**८६४७**	**९७१३१**
	अस्थायी	**३५३९**	**१२४२**	**२७६१**	**२०९७**	**२०१७**	**११०५**	**१२१८**	**१३९७९**
	राहत	**७१५१**	**५०६९**	**८४७५**	**४१०५**	**६७९६**	**३९६९**	**६६००**	**४२१६५**
	जम्मा	**३०१९७**	**१८३३९**	**३०७३०**	**२२११६**	**२३५५०**	**११८७८**	**१६४६५**	**१५३२७५**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८०

१३.४२ शैक्षिक सत्र २०८० मा कक्षा १ देखि १२ सम्मका कुल विद्यार्थी ७१ लाख ४३ हजार ३ सय मध्ये प्रदेशगतरूपमा मधेश प्रदेशमा सबैभन्दा र कर्णाली प्रदेशमा सबैभन्दा कम विद्यार्थी रहेका छन्।

तालिका १३(फ): प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण (हजारमा)

तह\प्रदेश		कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
आधारभूत तह (१-५)	छात्रा	२५६.०	४३४.३	२८३.१	११२.०	३१०.४	१२०.०	१७४.४	१६९०.१
	छात्र	२७६.९	४५३.८	३२४.८	१२९.०	३४१.०	१२१.८	१८१.८	१८२९.१
	जम्मा	५३२.९	८८८.०	६०७.९	२४१.०	६५१.४	२४१.८	३५६.२	३५१९.२
आधारभूत तह (६-८)	छात्रा	१४२.५	१९१.४	१६९.७	६७.६	१५५.८	६६.९	१०१.६	८९५.६
	छात्र	१४९.८	१९८.६	१९१.५	७६.०	१७१.३	६६.७	१०३.१	९५६.९
	जम्मा	२९२.३	३९०.१	३६१.२	१४३.५	३२७.१	१३३.५	२०४.८	१८५२.५
आधारभूत तह (१-८)	छात्रा	३९८.५	६२५.७	४५२.८	१७९.५	४६६.२	१८६.८	२७६.१	२५८५.७
	छात्र	४२६.७	६५२.४	५१६.४	२०४.९	५१२.३	१८८.५	२८४.९	२७८६.०
	जम्मा	८२५.२	१२७८.१	९६९.२	३८४.५	९७८.४	३७५.३	५६१.०	५३७१.७
माध्यमिक तह (९-१०)	छात्रा	८४.२	९६.३	१०२.८	४२.७	८८.६	३९.२	५८.१	५१२.०
	छात्र	८४.९	१०६.३	१०९.६	४४.८	९०.९	३८.८	५७.७	५३३.१
	जम्मा	१६९.२	२०२.६	२१२.४	८७.५	१७९.६	७८.१	११५.८	१०४५.१
माध्यमिक तह (११-१२)	छात्रा	६२.४	४३.६	९२.८	३२.२	६७.१	३०.१	३९.१	३६७.३
	छात्र	५८.२	४४.१	१००.०	३१.०	६३.२	२७.७	३५.०	३५९.२
	जम्मा	१२०.५	८७.७	१९२.८	६३.३	१३०.३	५७.८	७४.१	७२६.५
माध्यमिक तह (९-१२)	छात्रा	१४६.६	१३९.९	१९५.५	७५.०	१५५.७	६९.३	९७.२	८७९.३
	छात्र	१४३.१	१५०.५	२०९.७	७५.८	१५४.१	६६.५	९२.७	८९२.३
	जम्मा	२८९.७	२९०.४	४०५.२	१५०.८	३०९.९	१३५.८	१८९.९	१७७१.६
कुल	**छात्रा**	**५४५.२**	**७६५.६**	**६४८.३**	**२५४.५**	**६२१.९**	**२५६.१**	**३७३.३**	**३४६४.९**
	छात्र	**५६९.८**	**८०२.८**	**७२६.०**	**२८०.७**	**६६६.४**	**२५५.०**	**३७७.६**	**३६७८.३**
	जम्मा	**१११४.९**	**१५६८.५**	**१३७४.३**	**५३५.३**	**१२८८.३**	**५११.१**	**७५०.९**	**७१४३.३**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

१३.४३ शैक्षिक सत्र २०८० मा कक्षा १ देखि १२ सम्मका कुल ७१ लाख ४३ हजार ३ सय विद्यार्थीमध्ये ६९.९ प्रतिशत सामुदायिक विद्यालयमा र संस्थागत विद्यालयमा ३०.१ प्रतिशत अध्ययनरत रहेका छन्। प्रदेशगत रूपमा कर्णाली प्रदेशका कुल विद्यार्थीमध्ये ९०.३ प्रतिशत सामुदायिक विद्यालयमा अध्ययनरत छन्। यसैगरी, बागमती प्रदेशका ५०.३ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन्।

चार्ट १३(ठ): प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण (प्रतिशतमा)

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८०

१३.४४ प्रदेशगतरूपमा शैक्षिक सत्र २०८० मा सबै तहको खुद विद्यार्थी भर्नादर बागमती र कर्णालीमा राष्ट्रिय औसतभन्दा बढी रहेको छ भने मधेसमा सबैभन्दा कम रहेको छ।

तालिका १३(ब): प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर (प्रतिशतमा)

प्रदेश	कक्षा १-५	कक्षा ६-८	कक्षा १-८	कक्षा ९-१०	कक्षा ११-१२	कक्षा ९-१२
कोशी	९५.६	९४.८	९५.३	७५.९	३६.९	५६.२
मधेस	९५.४	९२.९	९४.६	७५.७	२६	५१.३
बागमती	९६.१	९५.६	९५.९	७६.६	४६.९	६१.२
गण्डकी	९५.४	९४.६	९५.१	७७.१	४०.६	५८.८
लुम्बिनी	९५.५	९४.३	९५.१	७५.७	३५.९	५५.२
कर्णाली	९५.९	९४.६	९५.४	७७.७	४१.५	५९.५
सुदूरपश्चिम	९५.७	९४.४	९५.२	७८.१	३५.८	५७.२
नेपाल	**९५.६**	**९४.४**	**९५.१**	**७६.५**	**३७.१**	**५७.९**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८०

१३.४५ शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कुल ४ लाख ८४ हजार ९ सय २४ विद्यार्थी सहभागी भएका थिए। राष्ट्रियस्तरमा जि.पि.ए. २.०० देखि २.४० प्राप्त गर्ने विद्यार्थी सङ्ख्या सबैभन्दा बढी २१.१ प्रतिशत रहेका छन्। जिपिए ३.६० देखि ४.०० प्राप्त गर्ने कुल विद्यार्थीमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ११.६३ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ०.६४ प्रतिशत रहेका छन् ।

तालिका १३(भ): माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०७९ को नतिजा विवरण

(जम्मा सहभागीको प्रतिशतमा)

प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
GPA 0.80 T0 < 1.20	०.३३	०.३३	०.११	०.२०	०.८४	०.३२	१.१३	०.५
GPA 1.20 To < 1.60	६.२२	९.०६	२.५१	४.८५	१२.३१	६.५९	१५.७४	८.०
GPA 1.60 To < 2.00	१८.०५	१८.१४	९.१६	१६.८५	२२.२०	२२.३०	२७.३३	१८.२
GPA 2.00 To < 2.40	२२.३२	२०.२७	१६.११	२२.८०	२०.४०	२९.३६	२३.६१	२१.१
GPA 2.40 To < 2.80	१९.०२	१८.४८	१८.४९	२१.२४	१६.५२	२२.०५	१५.५९	१८.४
GPA 2.80 To < 3.20	१६.११	१५.६०	१९.६५	१६.८८	१२.९४	१०.७१	८.१०	१४.९
GPA 3.20 To < 3.60	११.५४	११.३१	२०.५३	११.६१	८.७०	३.८५	३.५५	११.४
GPA 3.60 To <= 4.00	३.६१	२.९१	११.६३	४.१४	३.४९	०.६४	०.७५	४.६
NA	२.७८	३.९०	१.८०	१.४४	२.६०	४.१८	४.१९	२.९
जम्मा सहभागी	**७९६७६**	**८०००५**	**१०१६७६**	**४३३२९**	**८५५३३**	**३८५७८**	**५६१२७**	**४८४९२४**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

स्वास्थ्य क्षेत्र

१३.४६ चालु आर्थिक वर्षको फागुनसम्म मुलुकभर विभिन्न व्यक्तिले अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी जम्मा १४ लाख ११ हजार पटक स्वास्थ्य सेवा लिएकोमा बहिरङ्ग सेवाको अंश मात्र ९५.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिसम्म बहिरङ्ग सेवाको अंश ९२.५ प्रतिशत रहेको थियो।

तालिका १३(म): अस्पताल सुविधा लिएको प्रदेशगत विवरण (पटक हजारमा)

प्रदेश	२०७८/७९			२०७९/८०			२०८०/८१*		
	अन्तरंग	बहिरङ्ग	आकस्मिक	अन्तरंग	बहिरङ्ग	आकस्मिक	अन्तरंग	बहिरङ्ग	आकस्मिक
कोशी	४५५	८२०१	५८९	२८७	९१७३	३३८	१२२	७०५१	२४६
मधेश	१०५	५१३०	२२७	११०	६४८३	१६८	१४	४८९६	११८
बागमती	४६८	१३९५०	१२०२	३८९	१६८७८	७९४	१५४	१२४८२	५७६
गण्डकी	११२	४२२०	२७१	९१	४९०३	१९०	३३	३६२५	१३८
लुम्बिनी	२२९	७९२३	३७२	२०१	८९७१	२६७	३२	६४२७	१९१
कर्णाली	५५	२६१५	८५	४८	३००२	५९	५	२०७१	४७
सुदूरपश्चिम	६१	३७७८	१९३	६१	४४७०	१३०	२६	३०३६	९५
जम्मा	**१४८६**	**४५८१७**	**२९३९**	**११८७**	**५३८८०**	**१९४८**	**३८५**	**३९५८८**	**१४११**

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० * फागुनसम्म

१४. जलवायु परिवर्तन

१४.१ जलवायु परिर्वतनको कारण विश्वव्यापीरूपमा तापक्रम बढ्दै गएको छ। Intergovernmental Panel on Climate Change (IPCC) को मूल्याङ्कन प्रतिवेदनअनुसार पृथ्वीको औसत तापक्रम सन् १८५०-१९०० को तुलनामा १.१ डिग्री सेल्सियसले बढेको छ। बढ्दो तापक्रमका कारण मानव समुदाय र पारिस्थितिकीय प्रणाली बीचको सन्तुलन कायम गर्ने चुनौति बढेको छ।

१४.२ मानव सिर्जित क्रियाकलापका कारण जलवायु परिवर्तनजन्य विपद् बढ्दै गएका छन्। उच्च तापक्रम, वेमौसमी वर्षा र अति वर्षा तथा सुख्खापन जस्ता कारणबाट उत्पादन र उत्पादकत्वमा ह्रास आई रोजगारी, आय र मानिसको जीविकोपार्जनमा गहिरो प्रभाव परेको छ। जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालन गर्न विश्वव्यापी साझेदारी तथा सहकार्य अनिवार्य रहेको छ।

१४.३ जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि, क्योटो प्रोटोकल, पेरिस सम्झौता लगायतका संरचना कार्यरत छन्। हरेक मुलुकले जलवायु परिवर्तनको असरलाई कम गर्ने गरी नीति/कानून तर्जुमा गरी कार्यान्वयन गर्दै आएका छन्। नेपाल पनि यस्ता सन्धी सम्झौताको पक्ष राष्ट्र भई जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका क्षेत्रमा काम गर्दै आइरहेको छ।

१४.४ नेपाल भू-बनोट र भौगर्भिक विशिष्टताका कारण परिवर्तनको उच्च जोखिममा रहेको छ। जलवायु परिवर्तनले हुने तापक्रम वृद्धिको असर हिमाली क्षेत्रमा बढी परेको छ। यसबाट हिउँ पग्लने, नयाँ हिमताल बन्ने, विद्यमान हिमतालको आकार ठूलो हुने र हिमताल फुटी बाढी आउने जोखिम समेत बढेको छ। त्यसैगरी, जलवायु परिवर्तनबाट तापक्रममा वृद्धि, वर्षाको मात्रा र स्वरूपमा परिर्वतन, नियमित रूपमा हुने अस्वभाविक मौसमी घटना बढ्दै जाने जस्ता असर देखापरेका छन्।

१४.५ सन् २०२३ मा इसिमोडले गरेको अध्ययनअनुसार हिन्दकुश हिमालय क्षेत्रका हिमनदीको पिण्ड ६५ प्रतिशतले घटेको छ। उक्त अध्ययन प्रतिवेदनले यस क्षेत्रको मुख्य नदी बेसीनमा हिउँ पग्लेर सन् २०५० तिर पानीको मात्रा र नदीमा वहाव उच्चतममा पुग्ने अनुमान गरेको छ। जलवायु परिवर्तनका कारण तीव्र गतिमा हिउँ पग्लने र तत्काल नदीमा पानीको मात्रा वृद्धि हुने भएपनि दीर्घकालमा पानीको मात्रा (आयतन) घट्ने अनुमान छ।

१४.६ जर्मनवाच नामक अन्तर्राष्ट्रिय संस्थाले सन् २०२१ मा गरेको दीर्घकालीन जलवायु जोखिम सूचकाङ्क (२०००-२०१९) को अध्ययनअनुसार नेपाल जलवायु परिवर्तनका दृष्टिकोणबाट उच्च जोखिम भएका मुलुकमध्ये १०औं स्थानमा पर्दछ। जलवायु परिवर्तनजन्य विपद्बाट नेपालले वर्सेनी मानवीय तथा आर्थिक नोक्सानी व्यहोर्दै आएको छ। जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालन गर्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था हुँदै आएका छन्।

हरितगृह ग्यास उत्सर्जन

१४.७ विश्वको हरितगृह ग्यास उत्सर्जन सन् १९९० मा ३२ अर्ब ६६ करोड मेट्रिक टन रहेकोमा सन् २०२० मा यस्तो उत्सर्जन ४७ अर्ब ५१ करोड मेट्रिक टन पुगेको थियो। सन् १९९० देखि २०२० सम्मको अवधिमा विश्वको हरितगृह ग्यास उत्सर्जन वार्षिक औसत १.२७ प्रतिशतले वृद्धि भएको छ। सन् २०१९ को तुलनामा सन् २०२० मा ४.७ प्रतिशतले विश्वको हरितगृह ग्यास कम उत्सर्जन भएको छ।

चार्ट १४(क): विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति

स्रोतः जलवायु परिवर्तन तथ्याङ्क एक्सप्लोर, २०२४

१४.८ क्लाइमेट वाच (Climate Watch) को तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने देशमा चीन, अमेरिका, भारत, युरोपियन युनियनका मुलुक, इन्डोनेसिया, रूस, ब्राजिल, जापान, इरान, र क्यानाडा रहेका छन्। विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा सबैभन्दा बढी अंश चीनको २५.८८ प्रतिशत र संयुक्त राज्य अमेरिकाको ११.१३ प्रतिशत रहेको छ। प्रमुख दश

हरितगृह ग्यास उत्सर्जन गर्ने देशमध्ये क्यानडाको अंश सबैभन्दा कम १.५४ प्रतिशत रहेको छ।

तालिका १४(क): विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने दश मुलुक

(वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)

देश/वर्ष	२०१५	२०१६	२०१७	२०१८	२०१९	२०२०
चीन	१११०८.९	१११५१.३	११३८५.५	११८२१.६६	१२०५५	१२२९५.६२
अमेरिका	५६६५.२१	५७४३.८५	५६८९.६१	५८९२.३७	५७७१	५२८९.१३
भारत	३००३.०७	३०७६.४८	३२१५.०७	३३६०.५६	३३६४	३१६६.९५
ईयु@	३०१९.४९	३३६४.७७	३३७९.३८	३२९५.५३	३१५०	२९५७.३६
इन्डोनिसिया	२०६७.७५	१४३४.४६	१४४७.२२	१६९२.३६	१९६०	१४७५.८३
रूस	१६०२.८१	१७३३.९१	१७६९.६९	१८६८.१५	१९२५	१७९९.९८
ब्राजिल	१३६६.८९	१४५५.८६	१४७५.८२	१४३४.५१	१४५२	१४६९.६४
जापान	१२२०.७३	१२२९.८२	१२१४.५९	११७२.३२	११३४	१०६२.७८
इरान	८४४.१४	८८१.०५	९१२.७७	९२५.५८	८९३.८	८४४.७१
क्यानाडा	८४१.२२	७४०.६७	७५७.३८	७७६.५	७७४.३	७३१.५४

स्रोतः जलवायु परिवर्तन तथ्याङ्क एक्सप्लोर, २०२४ @ईयु भन्नाले युरोपियन युनियनका मुलकहरू बुझिन्छ।

१४.९ नेपालले उत्सर्जन गरेको हरितगृह ग्यास पछिल्ला वर्षमा बढ्दै गएको छ। नेपालले उत्सर्जन गरेको हरितगृह ग्यास सन् २००० देखि सन् २००८ सम्म घटेको भएपनि त्यसपछिका वर्षमा बढेको छ। सन् नब्बेको दशकमा औषत २ करोड १८ लाख मेट्रिक टन हरितगृह ग्यास उत्सर्जन हुने गरेकोमा पछिल्लो दशक (सन् २०११-२०२०) मा यस्तो ग्यास उत्सर्जन ४ करोड २७ लाख मेट्रिक टन पुगेको छ। यद्यपि, नेपालको खुद हरितग्यास उत्सर्जन घट्दै गएको छ।

चार्ट १४(ख): नेपाल र विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति

स्रोतः जलवायु परिवर्तन तथ्याङ्क एक्सप्लोर, २०२४

१४.१० कुल उत्सर्जनमा कृषि क्षेत्रबाट हुने उत्सर्जन सबैभन्दा बढी रहेको छ। सन् १९९० मा यस क्षेत्रबाट हुने हरित गृह ग्यास उत्सर्जन ८९.२४ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा क्रमशः कम हुँदै सन् २०२० मा ५३.७२ प्रतिशतमा झरेको छ। यसैगरी, ऊर्जा र औद्योगिक क्षेत्रबाट हुने उत्सर्जन बढ्दै गएको छ।

चार्ट १४(ग): क्षेत्रगत हरित ग्यास उत्सर्जन (प्रतिशतमा)

स्रोतः जलवायु वाच, २०२४

जलवायु परिवर्तनसम्बन्धी गतिविधि

१४.११ संघीयस्तरमा वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्, अन्तर-मन्त्रालय जलवायु परिवर्तन समन्वय समिति तथा प्रदेशस्तरमा प्रादेशिक जलवायु परिवर्तन समन्वय समिति स्थापना भई सरकारी निकायको कार्यात्मक समन्वयलाई सहज बनाउने कार्य भइरहेको छ।

१४.१२ संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रको जलवायु परिवर्तनसम्बन्धी २८ औं सम्मेलन सन् २०२३ को December मा दुबईमा सम्पन्न भएको छ। सो सम्मेलनमा नेपालमा जलवायु परिवर्तनले पारेको असर र प्रभावका बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न समानान्तर कार्यक्रम सञ्चालन भएका थिए।

१४.१३ पेरिस सम्झौतामा उल्लिखित अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू कार्यान्वयनका लागि राष्ट्रिय हानि तथा नोक्सानीको ढाँचा, तेस्रो राष्ट्रिय सञ्चारप्रतिवेदन, नौ प्रमुख जलवायु संवेदनशील क्षेत्रहरूको पहिचान, संकटासन्नता र जोखिम मूल्याङ्कन तथा अनुकूलन विकल्पहरूको पहिचानसम्बन्धी कार्य भएका छन्।

१४.१४ स्थानीय तहले वार्षिक बजेटको ८० प्रतिशत विनियोजनमा जलवायु वित्तीय विनियोजन खुलाउनु पर्ने प्रावधान रहेको छ। खुद-शून्य हरित गृह ग्याँस

उत्सर्जनको लागि दीर्घकालिन रणनीति कार्यान्वयनमा आएको छ। राष्ट्रिय निर्धारित योगदानको लागि कार्यान्वयन योजना २०२३, राष्ट्रिय अनुकूलन योजना, जलवायु वित्तीय रणनीति र कार्य योजना जस्ता दस्तावेज तथा रणनीति कार्यान्वयनमा रहेका छन्।

१४.१५ बाढी, पहिरो, हिमआँधी लगायत जलवायुजन्य प्रकोपका कारण नेपालको पर्यटन क्षेत्रमा वार्षिक करिब रू.२५ अर्बको क्षति हुने गरेको अनुमान छ। संकटासन्नता तथा जोखिम विश्लेषण प्रतिवेदन, २०२१अनुसार करीब ९० प्रतिशत बालीनालीको नोक्सानी जलवायु परिवर्तनजन्य घट्नाका कारण हुने गरेको छ। साथै, यस्ता कारणले गर्दा कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १०-३० प्रतिशतसम्म ह्रास आएको छ।

१४.१६ जलवायु परिवर्तनका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न प्रत्यक्ष लाभ पुग्ने बजेटको हिस्सा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल बजेटको ५.२१ प्रतिशत बजेट जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि विनियोजन भएकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो अनुपात बढेर ५.९६ प्रतिशत पुगेको छ।

तालिका १४(ख): वार्षिक बजेटमा जलवायु परिवर्तन बजेटको अनुपात

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१*
प्रत्यक्ष लाभ	५.२१	५.३१	५.७१	५.९०	५.९६
अप्रत्यक्ष लाभ	२५.०५	२७.११	२७.६६	२८.०८	२९.९०
तटस्थ	६९.७४	६७.५३	६६.६४	६६.०२	६४.१४

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८० *फागुनसम्म

१४.१७ जलवायु परिवर्तन, जैविक विविधता व्यवस्थापन र हरित अर्थतन्त्र निर्माणका लागि २६३ स्थानीय तहमा स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनमा आएका छन्। साथै, दश स्थानीय तहमा पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन तथा न्यूनीकरण कार्यक्रम सञ्चालनमा रहेका छन्। यसैगरी, देशभरका २९ सामुदायिक विद्यालयमा जलवायु परिवर्तनसम्बन्धी विषयमा जानकारी गराउन स्थानीय पाठ्यक्रम तयार गरी लागू भएको छ।

१४.१८ लुम्बिनी र कर्णाली प्रदेशका ३० पालिकाका २०० वडामा सञ्चालित पहाडी साना किसानका लागि अनुकूलन आयोजनाबाट २०८० असारसम्म ९१ हजार जलवायु संकटासन्न घरधुरी लाभान्वित भएका थिए।

१४.१९ कर्णाली प्रदेशका स्थानीय तहमा जलवायु अनुकूलनका क्रियाकलाप सञ्चालन गर्न कार्यान्वयन गरिएको जलवायु परिवर्तन सहयोग कार्यक्रमबाट हालसम्म ३९ स्थानमा सिँचाइ कुलो निर्माण भई ५२९ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। यस अवधिमा ४२ स्थानीय तहमा खानेपानी, सिँचाई, पहिरो तथा बाढी नियन्त्रण र विपद् नियन्त्रण लगायतका १८३ सामुदायिक पूर्वाधार विकाससम्बन्धी कार्य सञ्चालनमा रहेका छन्।

१४.२० बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशका ३ जिल्लाका १० स्थानीय तहमा पारस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत १३८ हेक्टर वन क्षेत्रमा वृक्षारोपण र संरक्षण गरिएको छ। ६५.९ हेक्टर चरन क्षेत्र सुधार र १ लाख ३४ हजार ६ सय १६ विरूवा उत्पादन भएको छ।त्यसैगरी, ११७ हेक्टरमा गह्रा सुधार भएको छ भने ८८ फिल्टरिङ डयाम निर्माण भएका छन्। साथै, २१ संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन र २४ सामुदायिक वन कार्ययोजना पुनरावलोकन भएको छ। यस कार्यक्रमबाट हालसम्म १० हजार ७ सय ४५ जना प्रत्यक्ष लाभान्वित भएका छन्।

१४.२१ जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना कार्यान्वयनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा २८० स्थानमा पानी मुहानको संरक्षण र ३१ (Catchment) पोखरी निर्माण भएको थियो। त्यसैगरी, १५ कि.मि. समुच्च खाडल (Contour trench), १२ पानी पोखरी, ३०० हेक्टर क्षेत्रफलमा संरक्षण खेती र १२१ हेक्टर क्षेत्रफलमा सुख्खा सहन सक्ने गैर-काठ वन विरूवा वृक्षारोपण कार्य सम्पन्न भएका थिए। यस्ता कार्यक्रमबाट २०८० असारसम्म ५२ हजार ५ सय ९९ जना लाभान्वित भएका थिए।

१४.२२ गत आर्थिक वर्षमा २४१ स्थानीय अनुकूलन/जलवायु उत्थानशील विकास योजना कार्यान्वयनमा रहेकामा चालु आर्थिक वर्षको फागुनसम्म यस्ता २५८ योजना कार्यान्वयनमा रहेका छन्।

१४.२३ चालु आर्थिक वर्षको फागुनसम्म ३६ आयोजनाको वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन स्वीकृत भएको छ। साथै, २२ परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण तथा कार्यसूची स्वीकृत भएको छ।

१५. दीर्घकालीन विकास लक्ष्य

१५.१ बहुआयामिकरूपमा नागरिकको समग्र जीवनस्तरमा आउने सामाजिक वैधता सहितको अर्थपूर्ण, मापनयोग्य र दिगो सकारात्मक परिवर्तन नै विकास हो। विगतमा विश्वव्यापी रूपमा विकास सम्वन्धी विभिन्न अवधारणा अस्तित्वमा रहेकोमा हाल अधिकारमा आधारित विकास अवधारणाले मान्यता प्राप्त गरेको छ। फलस्वरूप विश्वका अधिकांश राष्ट्र यस अवधारणालाई आत्मसात गर्दै हरित, समावेशी र दीगो आर्थिक सामाजिक विकासको चरणमा प्रवेश गरेका छन्।

१५.२ नेपाल सन् १९७१देखि हालसम्म अतिकम विकसित राष्ट्रको सूचीमा रहँदै आएको छ। उक्त सूचीबाट स्तरोन्नतिका लागि तेह्रौं योजनादेखि प्रयास हुँदै आएको थियो। अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि तय गरिएका तीन मापदण्डमध्ये मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कको मापदण्ड पूरा गरेकाले नेपाल यस अघि नै स्तरोन्नतिको लागि योग्य भएको छ। साथै, प्रति व्यक्ति आयसम्बन्धी तेस्रो मापदण्ड पनि निर्धारित सीमा नजिक पुगेको छ।

१५.३ पर्यावरण, वातावरण र मानवको सन्तुलित, समावेशी र दिगो विकासबाट अन्तरपुस्ता समन्याय कायम गर्न नेपालले दिगो, समावेशी तथा हरित विकासमा जोड दिदै आएको छ। दिगो विकास लक्ष्य हासिल गर्न राष्ट्रिय विकास प्रक्रियामा यस अभियानलाई प्राथमिकताका साथ अघि बढाइएको छ। सघं, प्रदेश र स्थानीय तहका आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरिएको छ। यसका साथै दिगो विकास लक्ष्य हासिल गर्नका लागि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था समेत गरिएको छ।

१५.४ संयुक्त राष्ट्रसंघले सन् २०२३ मा प्रकाशन गरेको दिगो विकास प्रगतिको अध्ययन प्रतिवेदनले उक्त अध्ययनमा समाविष्ट १६६ मुलुकमध्ये नेपाल ६६.५ प्रतिशत अङ्क सहित ९९औं स्थानमा रहेको छ। तथापि, पूर्वी तथा दक्षिण एशियाली मुलुकको औसत अङ्क ६७.२ भन्दा नेपालको प्राप्ताङ्क केही कम रहेको छ। अन्तर्राष्ट्रिय स्पिल ओभर सूचकाङ्कमा शुन्यलाई सबैभन्दा कमजोर तथा १०० लाई सबैभन्दा उत्तम मानिने गरेकोमा नेपालको अङ्क ९८.२ रहेको छ।

विकासशील मुलुकमा स्तरोन्नति

१५.५ नेपालले विकासशील मुलुकमा स्तरोन्नतिका लागी विगतदेखिनै प्रयास गर्दै आएको छ। स्तरोन्नति पश्चात अन्तराष्ट्रियस्तरमा मुलुकको प्रतिष्ठा वृद्धि हुने तथा वैदेशिक लगानीमा आकर्षण समेत वृद्धि भइ मुलुकको आर्थिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पर्ने अपेक्षा राखिएको छ। तथापि, यसबाट नेपालले अन्तराष्ट्रिय बजारमा अति कम विकसित राष्ट्रकारूपमा प्राप्त गर्ने सहुलियतमा प्रतिकूल प्रभाव पर्न सक्नेदेखिन्छ। कोभिड-१९ महामारीलगायतका कारणलाई दृष्टिगत गरी नेपालले माग गरेअनुरूप संयुक्त राष्ट्रसंघले पछिल्लो पटक सन् २०२१ नोभेम्वरमा पाँच वर्षको तयारी अवधि (ग्रेस पिरियड) प्रदान गरेको छ। यस अनुरूप सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील मुलुकमा स्तरोन्नति हुनेछ।

तालिका १५ (क): विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था

स्तरोन्नतिका सूचक	सीमा (थ्रेसहोल्ड)	नेपालको अवस्था
प्रतिव्यक्ति आय (अमेरिकी डलर)*	**१३०६**	**१३००**
मानव सम्पत्ति सूचकाङ्क	**६६ भन्दा वढी**	**७६.३**
पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	-	२७.३
पाँच वर्षमुनीका बालबालिकामा (दुव्लोपन प्रतिशत)	-	२६.७
मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	-	१७४
निम्न माध्यामिक तहको सफलता दर (प्रतिशत)	-	७१.२
प्रौढ साक्षरतादर (प्रतिशत)	-	६७.९
निम्न माध्यामिक तहको कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क	-	१.१
आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क	**३२ भन्दा कम**	**२०.७**
कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र मत्स्यको अंश (प्रतिशत)	-	२५.२
दूरगमता र भूपरिवेष्ठितता सूचकाङ्क	-	५०.६
वस्तु व्यापार सघनता (सूचकाङ्क)	-	७.५
वस्तु तथा सेवा निर्यातमा अस्थिरता (सूचकाङ्क)	-	५.०
सुख्खा क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत)	-	०.७
कृषि उत्पादनमा अस्थिरता (सूचकाङ्क)	-	२.३
विपदबाट प्रभावित व्यक्तिहरू (प्रतिशत)		३.०३

स्रोतः संयुक्त राष्ट्रसंघ, २०२४

नोटः आर्थिक वर्ष २०८०/८१ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४५६ अमेरिकी डलर रहेको प्रारम्भिक अनुमान छ। यद्यपि, संयुक्त राष्ट्रसंघले प्रतिव्यक्ति आय गणना गर्ने विधि फरक भएकोले माथिको तालिकामा राखिएको प्रतिव्यक्ति आयमा केही फरक पर्न सक्नेछ।

*प्रतिव्यक्ति आय नवनिर्धारित सीमाको दोब्बर अर्थात २,४४४ अमेरिकी डलर पुगेमा आयमा मात्र आधारित रहेर पनि अतिकम विकसित मुलुककोस्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने प्रावधान रहेको छ।

१५.६ विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा सोको प्रभाव अर्थतन्त्रका विभिन्न क्षेत्रमा पर्न सक्नेदेखिन्छ। अति कम विकसित मुलुकका रूपमा नेपालले निकासी व्यापारमा प्राप्त गर्दै आएको सुविधामा कटौती हुन सक्ने हुँदा निकासी बढाउन थप प्रयास गर्नुपर्ने हुन्छ। यसबाट अर्थतन्त्रका अन्य क्षेत्रमा समेत अग्र-पृष्ठ सहसम्वन्धमा प्रतिकूल प्रभाव परी उल्टो गुणक प्रभाव (reverse multiplier effect) समेत पर्न सक्ने सम्भावनालाई मध्यनजर गरी स्तरोन्नति पछिका रणनीति तयार गर्नुपर्नेछ।

१५.७ विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा सिर्जना हुने चुनौतीलाई सम्बोधन गर्ने गरी व्यापार विविधिकरण र आन्तरिक क्षमता अभिवृद्धि गर्नेतर्फ सहज संक्रमणकालीन रणनीति अवलम्बन गर्नु आवश्यक छ। निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र उत्पादनका साधनको दक्षता अभिवृद्धिमा जोड दिनका लागि राष्ट्रिय योजना आयोगले स्मुथ ट्रान्जिसन स्ट्राटेजी तयार गरेको छ।

दिगो विकास लक्ष्य

१५.८ विश्वव्यापी प्रतिवद्धतामा समावेश भइ नेपालले दिगो विकास लक्ष्य हासिल गर्न सन् २०१५देखि नै प्रयास गर्दै आएको छ। दिगो विकास लक्ष्यको मार्गचित्र तयार गरी चौधौं योजनादेखि लक्ष्यलाई विकास प्रक्रियामा आन्तरिकीकरण गर्दै आएको छ।

१५.९ दिगो विकास लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत परिचालन र समन्वयको व्यवस्थासहित आवश्यक लगानीको अनुमान र वित्तीय रणनीति तयार भएको छ। दिगो विकास लक्ष्य सूचक समेटिएको अनुगमनको खाका समेत तयार भएको छ। दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न र विश्वस्तरमा गरिएका प्रतिवद्धता पूरा गर्ने कार्यमा सहजीकरण गर्न उच्चस्तरिय समिति सहित अन्य विषयगत समिति क्रियाशिल रहेका छन्।

१५.१० दिगो विकास लक्ष्य र गन्तव्यका सूचक अद्यावधिक र परिमार्जन गर्ने कार्य सम्पन्न भएको छ। दिगो विकास लक्ष्यका सूचकको प्रभावकारी अनुगमन गर्नका लागि विश्वव्यापी तथा नेपालले थप गरेका सूचकको परिमार्जित खाका तयार भएको छ।

१५.११ दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक पर्ने खर्च आवश्यकता सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट "दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति" को दोस्रो संस्करण तयार भएको छ। दिगो विकास लक्ष्य कार्यान्वयन गर्न निजी तथा सार्वजनिक लगानीका थप स्रोतको पहिचान गर्दै विद्यमान स्रोत साधन परिचालनलाई समेत प्रभावकारी बनाउँदै लैजानुपर्नेछ।

दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा

१५.१२ समग्रमा दिगो विकास लक्ष्यको प्राप्तिमा नेपालले सकारात्मक उपलब्धि हासिल गरेको छ। सन् २०२२ को लक्ष्यमा औसत उपलब्धि ५८.० प्रतिशत, सन् २०३० सम्मको लक्ष्यमा औसत उपलब्धि ४१.४ प्रतिशत र सन् २०३० मा हासिल हुनसक्ने उपलब्धि लक्ष्यको ६०.० प्रतिशत रहेको छ।

तालिका १५(ख): दिगो विकास लक्ष्यको उपलब्धि

लक्ष्य नं.	लक्ष्यहरू	भारित औसत उपलब्धि (प्रतिशत)		सन् २०३० मा अनुमानित उपलब्धि (प्रतिशतमा)
		२०२२ को लक्ष्य	२०३० सम्मको लक्ष्य	
१	गरिबीको अन्त्य	७८.१	५५.४	७८.६
२	शुन्य भोकमरी	६८.३	४५.०	७१.५
३	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	४८.५	४१.४	५६.८
४	गुणस्तरीय शिक्षा	६६.१	४३.९	७१.१
५	लैङ्गिक समानता	५७.८	३८.२	५८.१
६	स्वच्छ पानी र सरसफाइ	६३.५	३६.३	५७.८
७	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	६३.५	३९.५	७०.१
८	मर्यादित काम र आर्थिक वृद्धि	२६.२	१४.२	२९.०
९	उधोग प्रवर्द्धन र पूर्वाधार	४१.०	३०.४	४२.०
१०	असमानतालाई न्यूनीकरण	६४.२	४१.०	६५.७
११	सहरहरू र समुदायहरूको दिगोपना	९७.२	७६.१	८९.०
१२	उपभोग र उत्पादनमा जिम्मेवारीपना	४३.१	३३.३	४३.१
१३	जलवायुसम्वन्धी कार्य	५५.३	४३.४	५३.९
१४	जलमुनिको जीवन र स्रोत	-	-	-
१५	भूसतहको जीवन	६९.३	५९.९	६७.५
१६	शान्ति, न्याय र सबल संस्थाहरू	५५.९	३५.०	५४.५
१७	विश्वव्यापी साझेदारी	४०.१	२५.०	४३.४
समग्र प्रगति		**५८. ०**	**४१.४**	**६०.०**

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.१३ दिगो विकास लक्ष्य कार्यान्वयनको आधा भन्दा बढी समय व्यतित भइसक्दा मिश्रित नतिजा हासिल भएको छ।

१५.१४ लक्ष्य-१ अन्तर्गत गरिबी घटाउने रहेको छ। यस लक्ष्य अन्तर्गत नेपालले हासिल गरेको उपलब्धि सहानीय रहेको छ। सन् २०२२ को मध्यावधि समीक्षा अवधिसम्म आइपुग्दा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घट्दै गएको र बहुआयामिक गरिबीमा समेत सुधार भएको छ। गरिबी घट्दै जानुमा रोजगारी तथा गरिबी निवारण लक्षित कार्यक्रम र विपन्न वर्गका लागि प्रोत्साहन र शिक्षा तथा सीप अभिवृद्धिका कार्यक्रम प्रमुख रहेका छन्।

तालिका १५(ग): गरिबीको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति	कैफियत
गरिवीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत)	३६.०	८.०	२२.९	१५.०	२०.२७*
बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत)	४४.२	१०	२८.२	१७.४	
विपदबाट ज्यान गुमाउनेको सङ्ख्या (प्रतिवर्ष)	८८९१	१००	२६८	३२०	
सामाजिक सुरक्षामा भएको खर्च (कुल बजेटको प्रतिशत)	११.०	१५.०	१२.९	१४.८	
वित्तीय पँहुच पुगेको घरपरिवार (प्रतिशत)	४०	८०.०	५८.७	६१.९	

स्रोतः राष्ट्रिय योजना आयोग, २०८० *नेपाल जीवनस्तर सर्वेक्षण, २०२३ अनुसार २०.२७ प्रतिशत रहेको।

१५.१५ लक्ष्य-२ अन्तर्गत भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने तथा दिगो कृषि प्रवर्द्धन गर्ने रहेको छ। यस अन्तर्गत पाँच वर्ष मुनिका बालबालिकाको पुड्कोपन सन् २०२२ मा २४.८ प्रतिशतमा झरेको छ। कम तौल भएका बालबालिकाको सङ्ख्या १९.० प्रतिशत र उचाइअनुसार कम तौल भएका बालबालिकाको सङ्ख्या ७.७ प्रतिशतमा झरेको छ। प्रतिव्यक्ति खाद्यान्न उत्पादन सन् २०२२ मा ३८१ किलोग्राम पुगेको छ। ग्लोबल फुड सेक्युरिटी इन्डेक्स (स्कोर) ५६.९ प्रतिशत पुगेको छ। तथापि, यस अवधिमा कृषि क्षेत्रमा सरकारी खर्च भने आधार वर्षको भन्दा केही न्यून छ।

तालिका १५(घ): भोकमरीको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका (प्रतिशत)	३०.१	९.०	१८.०	१९.०
पुड्कोपना भएका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत)	३६	१५	२८.६	२४.८
उचाइअनुसार कम तौल हुने पाँच वर्षमुनिका बालबालिका (प्रतिशत)	११.३	४.०	७.०	७.७
रक्त अल्पता भएका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत)	४६.०	१०.०	२८.०	४३.०
रक्त अल्पता भएका प्रजनन उमेर समूहका महिला (प्रतिशत)	३५	१०	२४	३४
प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.)	३२०	५३०	४१८	३८१
जमिनको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर)	३२७८	७०१८	४६४६	४०२२
कृषि क्षेत्रमा भएको सरकारी खर्च (कुल बजेटको प्रतिशत)	३.३	४.०	३.३४	२.४१
ग्लोबल फुड सेक्युरिटी इन्डेक्स (स्कोर)	४२.८	९०	६६	५६.९
खाद्यान्न उपभोक्ता मूल्य सूचकाङ्क	११४	२०८	१४४	१६०.७

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.१६ लक्ष्य-३ अन्तर्गत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने रहेको छ। यस लक्ष्य अन्तर्गत मिश्रित उपलब्धि हासिल भएको छ। मातृ मृत्युदर घट्दै गएको छ। दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिनेको सङ्ख्या बढ्दो छ। क्षयरोग, मलेरिया लगायतका सङ्क्रामक रोगको नियन्त्रणमा चुनौतीदेखिएको छ। साथै, बढ्दो आत्महत्या दर घटाउने, गर्भनिरोधक साधनको प्रयोग बढाउने र अत्यावश्यक स्वास्थ्य सेवा सहजरूपमा उपलब्ध गराउने चुनौती रहेको छ।

तालिका १५(ङ): सबैका लगि स्वास्थ्यमा पहुँचको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
मातृ मृत्युदर (प्रति एकलाख जीवित जन्ममा)	२५८	७०	११६	१५१
पाँच वर्ष मुनिका बाल मृत्युदर	३८	२०	२७	३३
नवजात शिशु मृत्युदर	२३	१२	१६	२१
आत्महत्याबाट हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा)	१६.५	४.७	९.७	२३.४
सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा)	१९.८६	४.९६	८.९४	९.४
आधुनिक साधनद्धारा परिवार नियोजनसम्बन्धी आवश्यकता पूरा भएका महिला अनुपात (प्रजनन उमेर समूह)	६६	८०	७४	५५.१
परिवार नियोजनका आधुनिक साधन / विधि प्रयोग दर (प्रजनन उमेर समूहको प्रतिशतमा)	४७	६०	५३	४३
कुल प्रजनन दर (प्रति महिला)	२.३	२.१	२.१	२.१

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.१७ बाल मृत्युदर र नवजात शिशु मृत्युदर उल्लेख्यरूपमा घटेको छ। सन् २०१५ मा प्रतिहजार जीवित जन्ममा पाँच वर्ष मुनिको बाल मृत्युदर र नवजात शिशु मृत्युदरमा क्रमशः ३८ र २३ रहेकोमा त्यस्तो मृत्युदरमा केही सुधार भइ सन् २०२३ मा क्रमशः ३३ र २१ मा झरेको छ। पाँच वर्षमुनिका बालबालिकामा हुने मृत्युमध्ये करिब ६४ प्रतिशत बच्चाको मृत्यु जन्मेको एक महिनाभित्र हुने गरेको छ।

चार्ट १५(क): पाँच वर्ष मुनिका बाल तथा नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्ममा)

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८०

१५.१८ लक्ष्य-४ अन्तर्गत समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्द्धन गर्ने रहेको छ। यस अन्तर्गत महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। आधारभूत र माध्यमिक तहको खुद भर्नादरमा सुधार हुँदै गएको छ। युवा साक्षरता दर उल्लेख्यरूपमा बढेको छ।

तालिका १५(च): सबैका लागि गुणस्तरीय शिक्षाका प्रमुख सूचकको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
अपेक्षित विद्यालय अध्ययन वर्ष	१२७.०			१२.६
औसत विद्यालय अध्ययन वर्ष	४७.०			४.५
खुद भर्नादर (प्राथमिक तह-कक्षा १देखि ५ सम्म)	९६.६	९९.५	९९.०	९७.१
प्रथामिक तह उतीर्ण दर (प्राथमिक तह-कक्षा १देखि ५ सम्म)	८०.६	९५.०	९३.१	७७.१
खुद भर्नादर (आधारभूत तह-कक्षा १देखि ८ सम्म)	७६.६	९५	९२	८५.७
कुल भर्नादर (माध्यामिक तह ९-१२ सम्म)	५६.७	९९.०	९०.०	८३.०
युवा साक्षरता दर — १५देखि २४ वर्ष (प्रतिशत)	८८.६	९९.०	९५.०	९३.८

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.१९ लक्ष्य-५ अन्तर्गत लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीलाई सशक्त बनाउने रहेको छ। कानून तथा नीति निर्माणतहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ। निजी क्षेत्रको निर्णायक तहमा महिलाको प्रतिनिधित्वमा सुधार भएको छ। महिला उद्यमीको सङ्ख्या बढ्दै गएको छ। एक तिहाइ महिलाले सम्पत्ति माथिको स्वामित्व प्राप्त गरेका छन्। पुरूषको तुलनामा महिलाको श्रम सहभागिता दर न्यून छ। महिला र बालबालिका विरूद्ध हुने हिंसा कम गर्ने सम्बन्धमा थप प्रयासको खाँचो छ।

तालिका १५(छ): लैङ्गिक समानता, सशक्तीकरण, यौन हिंसा र मानव बेचबिखनको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
महिला र पुरूषको ज्यालादरको अनुपात	०.६२	**०.९२**	**०.८**	**०.६६**
लैङ्गिक असमानता सूचकाङ्क	०.४९	०.०५	०.२९	०.४५२
लैङ्गिक सशक्तीकरण मापन (सूचकाङ्क)	०.५७	०.६९	०.६३	०.६२
जीवनकालमा शरीरिक/यौन हिंसामा पर्ने ५देखि ४९ वर्ष उमेर समूहका महिला (प्रतिशत)	२६.	६.५	१३.९	१२.२
संघीय संसदमा महिला प्रतिनिधित्व (प्रतिशत)	२९.५	४०	३४.४	३३.५
प्रदेश संसदमा महिला प्रतिनिधित्व (प्रतिशत)	-	४०	३४.४	३६.३६
स्थानीय तहमा महिला प्रतिनिधित्व (प्रतिशत)	-	४२	४१	४१
निजामती सेवाको नीतिगत तहमा रहेको महिला प्रतिनिधित्व	११	३३	२१.३	१३.६

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.२० लक्ष्य-६ अन्तर्गत स्वच्छ पानी र सरसफाइको पहुँच बढाउनेसम्बन्धी रहेको छ। यस लक्ष्य अन्तर्गत हासिल भएको उपलब्धि सन्तोषजनक छ। २०८० फागुनसम्म आधारभूत खानेपानीको पहुँच पुगेको जनसङ्ख्या ९६.४ प्रतिशत र उच्च मध्यमस्तरको खानेपानीको पहुँच पुगेको जनसङ्ख्या २५.८१ प्रतिशत पुगेको छ। आधारभूतस्तरको सरसफाइमा शतप्रतिशत जनसङ्ख्याको पहुँच पुगेको छ। प्रशोधनसहितको ढल प्रणालीमा पहुँच पुगेको जनसङ्ख्या अझैपनि न्यून छ।

तालिका १५(ज) : स्वच्छ खानेपानी तथा सरसफाइको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
आधारभूतस्तरको खानेपानीमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	८७.०	९९.०	९२.६	९६.४
उच्च-मध्यमस्तरको खानेपानी सेवामा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	१५.०	९०.०	६८.४	२५.८१
आधारभूतस्तरको सरसफाइ सुविधामा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	८२.०	९९.०	८९.९	१००*
प्रशोधन सहितको ढल प्रणालीमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	<१.०	५०.०	-	२.२८*

स्रोतः राष्ट्रिय योजना आयोग/*खानेपानी मन्त्रालय, २०८०

१५.२१ लक्ष्य-७ अन्तर्गत सबैका लागि किफायती, भरपर्दो, दिगो, र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने रहेको छ। यस अन्तर्गत सस्तो र स्वच्छ ऊर्जाका सूचकको उपलब्धि सामान्य रहेको छ। विद्युत उत्पादन बढेको छ। जलविद्युत र नवीकरणीय ऊर्जामा जनसङ्ख्याको पहुँच बढेको छ। परम्परागत इन्धन र पेट्रोलियम पदार्थको प्रयोग अझै पनि उच्च छ।

तालिका १५(झ): किफायती र स्वच्छ ऊर्जाको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
विद्युतको पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत)	७४	९९	८५.७	९५
प्रतिव्यक्ति विद्युत खपत (युनिट)	८०	१५००	५४२	३८०
जलविद्युतको जडित क्षमता (मेगावाट)	७८२	१५०००	५४१७	२७६७

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.२२ लक्ष्य-८ अन्तर्गत पूर्ण र उत्पादक रोजगारी, समावेशी तथा दिगो आर्थिक वृद्धि र सबैका लागि मर्यादित कामलाई प्रवर्द्धन गर्ने रहेको छ। प्रतिव्यक्ति आयमा वृद्धि हुँदै गएको छ। कृषि क्षेत्रमा अनौपचारिक रोजगारी उच्च रहेको छ भने बालश्रमको स्थितिमा भएको सुधार न्यून छ।

तालिका १५(ञ): मर्यादित काम र आर्थिक वृद्धिको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
वास्तविक कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर (प्रति रोजगार व्यक्तिको तुलनामा)	१.६	१०	५.५	४.५
बेरोजगारी दर (प्रतिशत)	१२.०	८.०	१०	११.४
पर्यटक आगमन (दशलाख)	०.८	३.०	१.९	०.६
प्रति पर्यटक प्रति दिन औसत खर्च (अमेरिकी डलर)	७०.०	१००	६५	४०.५
प्रति पर्यटक औसत बसाई (दिन)	१३.२	१७.०	१५.५	१३.१
जीवन बीमामा आवद्ध जनसङ्ख्या (प्रतिशतमा)	५.०	२५.०	१४.३	१९.०
वाणिज्य बैंकहरूको शाखा सङ्ख्या (प्रति लाख वयस्क जनसङ्ख्या)	१८.०	३६.०	२६.०	१६.०

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.२३ लक्ष्य-९ अन्तर्गत उत्थानशील पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकरणलाई प्रवर्द्धन गर्ने, आर्थिक वृद्धि र दिगो विकासका लागि नवप्रवर्तनलाई प्रोत्साहन गर्ने रहेको छ। यस अन्तर्गत उत्पादन क्षेत्रमा रोजगारीका अवसर र विज्ञान तथा प्रविधिमा विद्यार्थी भर्नामा उत्साहजनक नतिजा हासिल भएको छ। सडक पहुँचमा विस्तार भएको छ। गुणस्तरीय पूर्वाधार, अनुसन्धान र विकासमा थप जोड दिनुपर्नेछ।

तालिका १५(ट): उद्योग, नवप्रवर्तन र पूर्वाधारको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
द्वितीयक क्षेत्रको हिस्सा (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	१५	२५	१९.७	१२.९*
अनुसन्धान र विकासमा हुने खर्च (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	०.३	१.५	०.८६	०.३
सडक घनत्व (कि.मी./वर्ग कि.मी.)	०.५५	१.५	१.३५	०.६३
कालोपत्रे सडक घनत्व (कि.मी./वर्ग कि.मी.)	०.०१	०.२५	०.१२	०.१२
मोबाइल सञ्जाल पुगेको जनसङ्ख्या (प्रतिशतमा)	९४.५	१००.०	९७.१	९३.०
कुल रोजगारीमा उत्पादनशील क्षेत्रको रोजगारीको हिस्सा (प्रतिशतमा)	६.६	१५.०	९.६	१५.१

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.२४ लक्ष्य-१० अन्तर्गत आय असमानता, उपभोग र तल्लो ४० प्रतिशत जनसङ्ख्याको आम्दानी र विश्वव्यापी प्रतिस्पर्धात्मक सूचकाङ्कलाई सम्बोधन गर्ने रहेको छ। आय असमानतामा अपेक्षित सुधार हुन सकेको छैन। आम्दानीमा तल्लो ४० प्रतिशत र माथिल्लो १० प्रतिशतको हिस्सा करिब स्थिर छ। विश्व प्रतिस्पर्धी सूचकाङ्क र व्यवसाय सहजीकरण सूचकाङ्कमा केही सुधार भएको छ।

तालिका १५(ठ): असमानताको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA अनुपात)	१.३	१.०	१.१६	१.३४
उपभोगमा आधारित असमानता (गिनी गुणाङ्कले मापन गरे अनुसार)	०.३३	०.१६	०.२५	०.३०
आय असमानता (गिनी गुणाङ्कले मापन गरे अनुसार)	०.४६	०.२३	०.३५	०.३१
उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा	१८.७	२३.४	२१.२	२५.७
सामाजिक सशक्तीकरण सूचकाङ्क	०.४१	०.७	०.५४	०.५
राजनीतिक सशक्तीकरण सूचकाङ्क	०.६५	०.८५	०.७४	०.७१
आर्थिक सशक्तीकरण सूचकाङ्क	०.३४	०.७	०.५१	०.४५
विश्व प्रतिस्पर्धात्मक सूचक	३.९	६.०	४.९	५.१

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.२५ लक्ष्य-११ अन्तर्गत समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बस्ती सिर्जना गर्ने रहेको छ। यस अन्तर्गत सुरक्षित घरमा बसोबास गर्ने परिवारको अनुपातमा उल्लेख्य वृद्धि भएको छ। फुसको छानामुनि बस्ने सहरी घरपरिवारको अनुपातमा अपेक्षित सुधार हुन सकेको छैन।

तालिका १५(ड): दिगो सहर र समुदायको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
योजनाबद्ध नयाँ सहरहरूको सङ्ख्या	१०	६०	३३	५४
सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार (प्रतिशत)	२९.८	६०	४३.९	५४
फुसको छानामुनी बस्नेको घरपरिवार (प्रतिशत)	१९	५	१२.५	३.९
फुसको छानामुनि बस्ने सहरी घरपरिवार (प्रतिशत) को अंश	३.६	०.०	३.९	२.८

स्रोतः राष्ट्रिय योजना आयोग, २०८०

१५.२६ लक्ष्य-१२ अन्तर्गत दिगो अभ्यास प्रवर्द्धन गर्ने, फोहोर घटाउने र उत्पादन तथा उपभोगको वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने रहेको छ। यस अन्तर्गत ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग, कृषि उत्पादनमा खाद्यान्न बालीको हिस्सा र

माटोमा भएको जैविक पदार्थको मात्रासम्बन्धी उपलब्धि सन् २०२२ को लक्ष्यभन्दा बढी रहेको छ।

तालिका १५(ढ): जिम्मेवारीपूर्ण उपभोग र उत्पादनको अवस्था

प्रमुख सूचक	वेसलाइन	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
कुल ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग (प्रतिशत)	१२.५	१५.०	१३.७	२७.१
प्रतिव्यक्ति काठको प्रयोग (क्युबिक मिटर)	०.११	०.०५	०.०८	०.५
